# बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन
# (आर्थिक वर्ष २०८२/८३)


कर्णाली प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत



२०८२, माघ

# मन्तव्य

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २३ बमोजिम आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। मूल्याङ्कन प्रतिवेदनमा समीक्षा अवधिमा बजेट तथा कार्यक्रमको कार्यान्वयन, वित्तीय हस्तान्तरण कार्यान्वयन स्थिति तथा राजस्व सङ्कलनको अवस्थाका साथै बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या र चुनौतीहरू तथा आगामी दिनमा गर्नुपर्ने सुधारका कार्यहरूसहित समेटिएको छ।।

कर्णाली प्रदेशको सन्तुलित र तीव्र आर्थिक विकास गरी समृद्ध कर्णाली निर्माण गर्ने उद्देश्यका साथ बजेटको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहका साथै निजी क्षेत्र र अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने गरी चालु आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण भएको थियो। अर्धवार्षिक अवधिमा बजेटमा उल्लिखित कार्यक्रमहरूमध्ये बजेटको ठुलो हिस्सा विनियोजन भएका मन्त्रालयमा प्राविधिक जनशक्तिको अभाव, कर्णाली प्रदेशको कठिन भौगोलिक अवस्था, जेन जी आन्दोलन तथा सो पश्चात सृजित अनिश्चितता र बजेट खर्चको लागि कार्यविधि तथा मापदण्डहरू निर्माण र स्वीकृति प्राप्त गर्नुपर्ने कारणले बजेट कार्यान्वयन तोकिएको लक्ष्य बमोजिम हुन सकेको छैन। आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनमा सुधार आई लक्षित प्रगति हासिल हुने अपेक्षा गरेको छु ।

समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना छनोटका लागि अनलाईनमा आधारित सफ्टवेयर कार्यान्वयनमा रहेको छ।त्यस्तै कर्णाली प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणाली मार्फत बेरुजुको सम्परीक्षण र अभिलेख व्यवस्थापनको कार्य भइरहेको छ। आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत भइ कार्यान्वयनमा रहेको छ।सबै मन्त्रालय तथा निकायको वित्तीय जोखिम मूल्याङ्कन गरी पहिचान भएका जोखिम न्यूनिकरणका लागि कार्ययोजना निर्माण गर्ने कार्य चालु आ.व. बाट सुरु भएको छ। यस प्रकारको सुधारबाट प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन तथा विनियोजन कुशलता अभिवृद्धिसँगै प्रभावकारी तथा कार्यान्वयनयोग्य बजेट निर्माण हुने तथा वित्तीय अनुशासनमा सुधार आउने विश्वास लिएको छु। यस प्रदेशको बजेट प्रणालीको संस्थागत विकासको लागि मन्त्रालय निरन्तर प्रयासरत रहेको छ। यसबाट बजेट प्रणाली थप व्यवस्थित, वस्तुपरक, पारदर्शी, कार्यान्वयनयोग्य र नतिजामुखी हुने विश्वास गरेको छु। आर्थिक वर्षको बाँकी अवधिको लागि कार्ययोजना तयार गरी बजेट तथा कार्यक्रमको कार्यान्वयनमा कटिबद्ध भइ लाग्न सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछु ।

अन्त्यमा, यो प्रतिवेदन तयारीका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराई सहयोग पु-याउनु हुने सबै मन्त्रालय, निकाय र प्रतिवेदन तयारीको कार्यमा संलग्न हुनुहुने यस मन्त्रालयका सबै कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

राजीव बिक्रम शाह

मन्त्री

आर्थिक मामिला तथा योजना मन्त्रालय

# मन्तव्य

आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधिको समष्टितग आर्थिक परिसूचक, राजस्व परिचालन, खर्च व्यवस्थापनको अवस्था र आगामी समयमा बजेट तथा कार्यक्रमको कार्यान्वयनको लागि अवलम्बन गर्नुपर्ने रणनीति समेत समावेश गरी प्रदेश सरकारको अर्धवार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ।

यस प्रतिवेदनमा चालु आर्थिक वर्षमा प्रदेशका सबै मन्त्रालय र निकायहरूको विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था र हालसम्मका उपलब्धिहरूको बारेमा संक्षिप्त चर्चा गरिएको छ। आर्थिक वर्षको पहिलो ६ महिनाको प्रगति विवरणलाई विश्लेषण गर्दा आगामी दिनका प्रयासहरू थप घनिभूत गर्नुपर्ने देखिएको छ। सबै विषय मन्त्रालय र निकायहरूको मन्त्रालयस्तरीय समीक्षा, माननीय मुख्यमन्त्रीज्यू तथा विभागीय मन्त्रीज्यूहरूको समुपस्थितिमा समय-समयमा भएका छलफल र सो क्रममा प्राप्त सुझावहरूको आधारमा सबै निकायहरूको बाँकी अवधि कार्यसम्पादन प्रभावकारी हुने अपेक्षा गरेको छु।

अन्त्यमा, बजेटको अर्धवार्षिक समीक्षाले यस सम्बन्धी सूचना र तथ्याङ्कको आधारमा अध्ययन अनुसन्धान र जानकारी राख्न चाहने सबैको लागि यो प्रतिवेदन अत्यन्तै उपयोगी हुने विश्वास लिएको छु। यो प्रतिवेदन तयार गर्न आवश्यक सूचना एवम् तथ्याङ्क उपलब्ध गराई सहयोग गर्ने सबै विषयगत मन्त्रालय र निकाय तथा प्रतिवेदन तयारीमा संलग्न यस मन्त्रालयका सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

लीला प्रसाद शर्मा
प्रदेश सचिव

# विषयसूची

कार्यकारी सारांश ........ १

**परिच्छेद-१ः बजेट खर्च र स्रोत परिचालनको विश्लेषण ........ २-७**

**परिच्छेद-२ः क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण** ........ ८-११०

२.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ ८

२.२ आर्थिक मामिला तथा योजना मन्त्रालय ........ १८

२.३ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय ........ २२

२.४ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय ........ ३९

२.५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........ ४८

२.६ उद्योग, पर्यटन, वन तथा वातावरण ........ ५९

२.७ सामाजिक विकास मन्त्रालय ........ ७१

२.८ प्रदेश सभा सचिवालय ........ ९८

२.९ प्रदेश लोक सेवा आयोग ........ १००

२.१० मुख्य न्यायाधिवक्ताको कार्यालय ........ १०३

२.११ कर्णाली प्रदेश योजना आयोग ........ १०६

**परिच्छेद-३ः स्थानिय तहमा वित्तीय हस्तान्तरण ........ १११-११४**

**परिच्छेद-४ः कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने प्रयासहरु ........ ११५-१२०**

४.१ तत्काल गर्नुपर्ने कार्य ........ ११५

४.२ दीर्घकालमा गर्नुपर्ने कार्य ........ ११६

**अनुसूचीहरु ........** १२१

# कार्यकारी सारांश

१. कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ का सिद्धान्त, उद्देश्य, प्राथामिकता र प्रमुख नीति बमोजिम आर्थिक बर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमको कार्यान्वयनको ६ महिना पुरा भएको छ। जेन जी आन्दोलन र तत्पश्चातको अनिश्चितताका बाबजुद बजेट कार्यान्वयन क्रमशः हुँदै गएको छ।

२. चालू आर्थिक वर्षको कूल विनियोजन रु ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजारमध्ये पहिलो ६ महिनाको अवधिमा रु. ४ अर्व ३८ करोड १४ लाख ५२ हजार अर्थात १३.२८ % खर्च भएको छ।

३. समीक्षा अवधिमा कूल खर्च मध्ये चालू तर्फ रु. २ अर्व ९२ करोड ५४ लाख ११ हजार र पूँजीगत तर्फ रु. १ अर्व ४५ करोड ६० लाख ४२ हजार खर्च भएको छ। जुन विनियोजित रकमको क्रमशः २३.५९ प्रतिशत र ७.२९ प्रतिशत हुन आउँछ।

४. आन्तरिक राजस्व तर्फ चालू आर्थिक वर्षमा कूल राजस्व ९३ करोड ५५ लाख प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु. ३० करोड ६५ लाख प्राप्त भएको छ। जुन वार्षिक अनुमानको ३२.७६ प्रतिशत हुन्छ।

५. चालू आर्थिक वर्षमा संघीय सरकारबाट सशर्त, समानीकरण, समपुरक र विशेष अनुदानमा कूल रु. १६ अर्ब ५ करोड ९४ लाख वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु. ६ अर्व ४५ करोड १० लाख अर्थात ४०.२ प्रतिशत प्राप्त भएको छ।

६. चालू आर्थिक वर्षमा प्रदेश सरकारबाट स्थानीय तहलाई समानीकरण, सशर्त, समपुरक र विशेष अनुदानमा कूल रु. ४ अर्व ५९ करोड ९८ लाख ४१ हजार वित्तीय हस्तान्तरण गरिने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु. १ अर्ब १३ करोड ५ लाख ५६ हजार अर्थात २४.५७ प्रतिशत हस्तान्तरण भएको छ।

७. चालू आर्थिक बर्षमा संघीय सरकारबाट राजस्व बाँडफाँटबाट रु १० अर्ब २ करोड ७३ लाख प्राप्त हुने अनुमान रहेकोमा समीक्षा अविधमा रु. ४ अर्ब २९ करोड १४ लाख अर्थात ४१.८ प्रतिशत प्राप्त भएको छ।

# परिच्छेद- एक

# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## १.१ समष्टिगत खर्चको स्थिति

कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्षका क्षेत्रगत नीति र कार्यक्रमहरूको कार्यान्वयनका लागि पुँजीगत तर्फ रु. १९ अर्ब ९८ करोड २७ लाख १३ हजार (६०.५५ प्रतिशत) र चालु तर्फ रु. १२ अर्ब ३९ करोड ८९ लाख ४२ हजार (३७.५७ प्रतिशत) र वित्तीय व्यवस्थापन तर्फ रु. ४ अर्ब ८३ करोड ३५ लाख ८१ हजार अर्थात (१.८६) प्रतिशत) बजेट तर्जुमा गरिएको थियो।

तालिका - आ.व. २०८१/८२ र २०८२/८३ को बजेट विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक स्थिति

(रु. हजारमा)

| शिर्षक | आ.व. २०८१/८२ | | | आ.व. २०८२/८३ | | |
|---|---|---|---|---|---|---|
| | विनीयोजन | खर्च | खर्च प्रतिशत | विनीयोजन | खर्च | खर्च प्रतिशत |
| **चालु** | १२,३७,४०,२८ | ३,०८,५३,०३ | २४.८६ | १२,३९,८९,४२ | २,९२,५४,११ | २३.५९ |
| **पुंजीगत** | १८,७८,६०,१३ | १,६६,९३,६० | ८.९ | १९,९८,२७,१३ | १,४५,६०,४२ | ७.२९ |
| **वित्तीय** | २५,००,०० | ० | ० | ६१,५०,०० | ० | ० |
| **जम्मा** | ३१,४१,००,४१ | ४७५४६६३ | १५.१४ | ३२,९९,६६,५५ | ४,३८,१४,५२ | १३.२८ |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश ।*

चालु आ.व. मा कुल विनियोजन मध्ये समीक्षा अवधिमा चालुतर्फ रु. २ अर्ब ९२ करोड ५४ लाख ११ हजार अर्थात २३.५९ प्रतिशत र पुंजीगत तर्फ रु. १ अर्ब ४५ करोड ६० लाख ४२ हजार अर्थात ७.२९ प्रतिशत खर्च भएको छ।

आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा कुल विनियोजन मध्ये समीक्षा अवधिमा चालुतर्फ रु. ३ अर्ब ८ करोड ५३ लाख ३ हजार अर्थात २४.८६ प्रतिशत र पुँजीगत तर्फ रु. १ अर्ब ६६ करोड ९३ लाख ६० हजार अर्थात ८.९ प्रतिशत खर्च भएको थियो।

कर्णाली प्रदेश सरकारको बजेटको ठूलो अंश विनियोजन हुने विषयगत मन्त्रालयहरुले समयमा नै आयोजनाहरुको बोलपत्र आह्वान लगायतका खरिद कार्य गर्न नसक्दा कारण अपेक्षित बजेट खर्च हुन सकेन। जेन जेड आन्दोलन र सो पश्चात सृजित अनिश्चितताका साथै अधिकांश कार्यक्रमहरु कार्यविधि तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नु पर्ने, बढी लागतका आयोजनाहरुको बहुवर्षीय स्वीकृति प्रदान र अन्य प्रकृयागत ढिलाईको कारण न्यून खर्च भएको छ। स्थानीय तहमा पुँजीगत कार्यको लागि हस्तान्तरण हुने रकम समेत चालु खर्चमा लेखाङ्कन हुने भएकोले समेत पुँजीगत खर्चको अंश कम देखिएको छ। उल्लेखित कारणहरुले गर्दा गत आर्थिक वर्षभन्दा यस वर्षको समीक्षा अवधिमा चालु र पुँजीगत खर्चको रकम र प्रतिशतमा कमी आएको छ।

समीक्षा अवधिमा भएको खर्चलाई शिर्षकगत अनुसूची-१, सेवा र कार्यक्रमगत अनुसूची-२ र स्रोतगत अनुसूची-३ मा उल्लेख गरिएकोछ।

## १.२ मन्त्रालय/निकायगत खर्चको स्थिती

तालिका: बिषयगत मन्त्रालय/निकायको आ.व. २०८२/८३ को विनियोजन र पौष मसान्तसम्मको खर्चको अवस्था (रु. हजारमा)

| क्र. स. | मन्त्रालय/निकाय | बजेट | | | | खर्च | | | | खर्च प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा |
| १ | प्रदेश व्यवस्थापिका | १३४७८७ | ९९३३ | ० | १४४७२० | ३९०६६ | ८८८ | ० | ३९९५४ | २९ | ८.९४ | | २७.६१ |
| २ | प्रदेश लोक सेवा आयोग | ८११०४ | ८५९० | ० | ८९६९४ | २५५९३ | १४४ | ० | २५७३७ | ३१.६ | १.६८ | | २८.६९ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७२०० | ५०० | ० | १७७०० | ६९३७ | १८० | ० | ७११७ | ४०.३ | ३५.९ | | ४०.२१ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४३९७७४ | १११२७१ | ० | ५५१०४६ | ६७८८१ | ७४०७ | ० | ७५२८८ | १५.४ | ६.६६ | | १३.६६ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १८७५५५ | १३७९० | ० | २०१३४५ | ५४९४३ | ६४५३ | ० | ६१३९६ | २९.३ | ४६.८ | | ३०.४९ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९९७६६७ | १४३०३३१ | ० | २४२७९९८ | ३१२५११ | ४९८९६ | ० | ३६२४०७ | ३१.३ | ३.४९ | | १४.९३ |
| ७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २७४५६५ | ३५५५७९३ | ० | ३८३०३५८ | ९८८०८ | १९२९७३ | ० | २९१७८१ | ३६ | ५.४३ | | ७.६२ |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १९२९४७१ | ६४१६२९ | ० | २५७११०० | २१४७९० | २०९८१ | ० | २३५७७१ | ११.१ | ३.२७ | | ९.१७ |
| ९ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १२५९९७ | ३४७७ | ० | १२९४७४ | १८७५१ | २१६८ | ० | २०९१८ | १४.९ | ६२.३ | | १६.१६ |
| १० | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | २८०६२४ | १०७३१४८३ | ० | ११०१२१०७ | ९४८४४ | ९८७६३९ | ० | १०८२४८३ | ३३.८ | ९.२ | | ९.८३ |
| ११ | सामाजिक विकास मन्त्रालय | २९९२३७३ | २७८३३१६ | ० | ५७७५६८९ | ८५६७४४ | १८६८४७ | ० | १०४३५९१ | २८.६ | ६.७१ | | १८.०७ |
| १२ | कर्णाली प्रदेश योजना आयोग | ३७१३३ | ६६५० | ० | ४३७८३ | ११११०९ | ४६६ | ० | ११५७५ | २९.९ | ७.०१ | | २६.४४ |
| १३ | अर्थ - वित्तीय व्यवस्था | ० | ० | ६१५००० | ६१५००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | अर्थ - विविध | ३००००० | ६८६७९९ | ० | ९८६७९९ | ० | ० | ० | ० | ० | ० | | ० |
| १५ | स्थानीय तह | ४५९९८४१ | ० | ० | ४५९९८४१ | ११२३४३४ | ० | ० | ११२३४३४ | २४.४ | ० | ० | २४.४२ |
| कुल जम्मा | | १२३९८०९२ | १९९८३५६३ | ६१५००० | ३२९९६६५५ | २९२५४११ | १४५६०४२ | ० | ४३८१४५२ | २३.६ | ७.२९ | ० | १३.२८ |

**१.३ लक्ष्य अनुसार खर्च हुन नसक्नुको कारणहरुः**

१. आयोजना छनोट प्रणाली वस्तुगत तथा वैज्ञानिक हुन नसक्नु।

२. आयोजना कार्यान्वयन गर्ने स्थानमा स्थानीय समुदायबिच नै विवाद सिर्जना हुनु।

३. परियोजना मूल्याङ्कन प्रभावका साथै वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार नभइ आयोजनाको ठेक्का गरी सम्झौता गर्ने र कार्य प्रारम्भ गर्दा अवरोध सिर्जना हुनु।

४. बजेटको ठुलो अंश रहेका विशेषगरी प्राविधिक जनशक्ति हुने मन्त्रालयहरूमा दरबन्दी अनुसार कर्मचारी पदपुर्ति हुन नसक्नु।

५. संघ, प्रदेश तथा स्थानीय तहबिचमा समन्वयको कमीले दोहोरोपना हुने र कार्यान्वयन गर्न जटिलता उत्पन्न हुनु।

६. वास्तविक आवश्यकताका आधारमा आयोजना छनोट नहुने र छनोट भएका आयोजनाहरूमा सानो-सानो बजेट छर्ने प्रवृतिले कार्यान्वयनमा समस्या भएको जसले गर्दा योजनाहरू लामो समयसम्म क्रमागत आयोजनाको रूपमा रहिरहनु।

७. स्पष्ट कार्यविधिको अभाव तथा अन्तर मन्त्रालय समन्वयको अभावले गर्दा बजेट कार्यान्वयनमा समस्या हुनु।

८. गुणस्तर परीक्षण प्रयोगशाला नहुँदा जोखिम मोलेर निर्माणाधीन आयोजनाहरूको मूल्याङ्कन गर्नुपर्ने अवस्था रहनु।

९. बहुवर्षीय आयोजनाहरूमा स्रोत सुनिश्चितता गरेको रकमलाई भन्दा नयाँ आयोजनाहरूमा रकम विनियोजन गर्ने प्रवृत्ति रहनु।

१०. खरिद प्रकृया लामो तथा झन्झटिलो हुनु। भौगोलिक अवस्थिति, निर्माण सामग्रीको आपूर्ति सहज नहुनु।

११. निर्माण व्यवसायीहरूले समयमै काम नगर्ने प्रवृत्ति हावी हुनु।

१२. बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्ड तयारीको कार्यले बढी समय खर्चिनु परेको र सोही बमोजिम अवण्डा रकमको समयमा बाँडफाँट हुन नसकेकोले खर्च न्यून हुनु।

१३. पुँजीगत प्रकृतिका निर्माण सम्बन्धी आयोजनाहरूको समयमै ठेक्का र खरिद सम्झौता प्रचलित कानुन बमोजिम हुन नसकेको कारण आयोजना कार्यान्वयन हुन नसक्नु।

१४. बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा योजनाबद्ध रूपमा प्राथमिकता प्राप्त कार्यक्रमहरू छनोट नभइ विभिन्न स-साना कार्यक्रमहरूमा बजेट विनियोजन हुने प्रवृत्तिले तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्नु।

१५. मातहत कार्यालयहरूबाट कार्यान्वयन हुने कार्यक्रमहरूको बजेट विषयगत मन्त्रालयमा राख्ने र ढिलो विनियोजन गर्ने प्रवृत्तिले गर्दा समयमै बजेट कार्यान्वयनमा जान नसक्नु।

१६. कतिपय आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार नगरी बजेट विनियोजन भएको कारण समयमै बोलपत्र आव्हान लगायतका कार्यहरू हुन नसक्नु ।

१७. आयोजनाको लागत बढी हुने तर विनियोजन न्यून भएका कतिपय आयोजनालाई बहुवर्षीय वा स्रोत सुनिश्चितताको लागि विषयगत मन्त्रालयहरूले स्वीकृति प्राप्तिको लागि समयमा कर्णाली प्रदेश योजना आयोगमा प्रस्ताव नगर्ने र प्रक्रियागत कारणले ढिलाई हुने कारण बजेट खर्च हुन नसक्नु।

१८. स्थानीय तहबाट कार्यान्वयन हुने ससर्त अनुदानका कार्यक्रमहरू स्थानीय तहको समन्वयमा छनोट नभएको कारण कार्यान्वयनमा स्थानीय तहहरूको अपनत्व न्यून भइ अपेक्षित रूपमा वित्तीय तथा भौतिक प्रगति हुन नसक्नु।

१९. बजेट कार्यान्वयनको क्रममा अन्तरनिकाय साझेदारी, समन्वय र सहकार्यमा कमी हुँदा बजेट तथा कार्यक्रममा दोहोरोपना हुनुको साथै समयमा कार्यान्वयन वा अन्तरविरोधको समस्या हुनु।

२१. बजेट कार्यान्वयनको क्रममा अन्तरनिकाय साझेदारी, समन्वय र सहकार्यमा कमी हुँदा बजेट तथा कार्यक्रममा दोहोरोपना हुनुको साथै समयमा कार्यान्वयन वा अन्तरविरोधको समस्या हुनु।

## १.४ आर्थिक वर्ष २०८२/८३ को प्रदेश सरकारको आयको लक्ष्य र अर्धबार्षिक प्राप्तिको तुलनात्मक विवरणः

| क्र.सं. | आय विवरण | आ.व. २०८२/८३ को लक्ष्य | पौष मसान्त सम्मको प्राप्ति | प्राप्तिको प्रतिशत |
|---|---|---|---|---|
| १. | हस्तान्तरणबाट प्राप्त हुने अनुदान | १६ अर्ब ५करोड ९४ लाख | ६ अर्ब ४५करोड १० लाख | ४०.२ |
| २. | बाँडफाँडबाट प्राप्त हुने राजस्व | १० अर्ब २ करोड ७३ लाख | ४ अर्ब २९करोड १४ लाख | ४१.८ |
| ३. | बाँडफाँडबाट प्राप्त हुने रोयल्टी | ३ करोड १८ लाख | ० | ० |
| ४. | प्रदेशको विविध आय+ आन्तरिक आय | ६ अर्ब ६३ करोड २३ लाख | ८ अर्ब १४ करोड ६६ लाख | १२२.८ |
| **जम्मा** | | ३२ अर्ब ९९ करोड ६६ लाख | १८ अर्ब ८८ करोड ९२ लाख | ५७.२४% |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश ।*

चालु आ.व. को सरकारको आयको लक्ष्य र समीक्षा अवधिमा भएको वास्तविक प्राप्तीलाई अघिल्लो आ.व. को सोही अवधिसँग तुलना गरी विस्तृत रुपमा अनुसूची-४ मा राखिएको छ।

## १.५ आर्थिक वर्ष २०८२/८३ को राजस्वको अर्धबार्षिक प्राप्तिको विवरण (बाँडफाँट भई प्राप्त हुने समेत):

| क्र.सं. | राजस्व शिर्षक | अर्धबार्षिक प्राप्ती |
|---|---|---|
| १ | ११३१५-बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | ५६४५५०७४.९ |
| २ | ११४११-बाँडफाड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ३१६७२९३००९ |
| ३ | ११४२१-बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क | ११२४१९३२८० |
| ४ | ११४५१-सवारी साधन कर ( साना सवारी ) | २०८००० |
| ५ | ११४५२-बस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने अन्य कर | १८७९९ |
| ६ | ११४५६-बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ७९९२१८३१ |
| ७ | ११४७१-बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ६९९९.०८ |
| ८ | ११४७२-बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर | ५४० |
| ९ | ११६११-व्यवसायले भुक्तानी गर्ने | ७५२८५० |
| १४ | १४१२९-अन्य निकायबाट प्राप्त लाभांश | १२००० |

| | | |
|---|---|---|
| १५ | १४१५१-सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०९००३६.६ |
| १६ | १४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ४५८९९४२.४४ |
| १७ | १४१५९-अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ९२९२१.९९ |
| १८ | १४२११-कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ४५३९१४ |
| १९ | १४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | १००० |
| २० | १४२१३-अन्य विक्रीबाट प्राप्त रकम | ३३३२७ |
| २१ | १४२१९-अन्यसेवा शुल्क तथा विक्री | ११००० |
| २२ | १४२२३-शिक्षा क्षेत्रको आम्दानी | २१२४७० |
| २३ | १४२२४-परीक्षा शुल्क | २६१००० |
| २४ | १४२२५-यातायातक्षेत्रको आम्दानी | ५५३५१९२ |
| २५ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | १९५४६७३० |
| २६ | १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३१३४८७० |
| २७ | १४२५४-रेडियो/ एफ.एम. सञ्चालन दस्तुर | ४२८९२० |
| २८ | १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | ११०००० |
| २९ | १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | २२८०५०१० |
| ३० | १४२६४-वन क्षेत्रको अन्य आय | २६२२८५११.७६ |
| ३१ | १४३११-न्यायिकदण्ड, जरिवाना र जफत | १११२५ |
| ३२ | १४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत | ३४४०८९१७.४८ |
| ३३ | १४३१३-धरौटी सदरस्याहा | १२०४२५१.६६ |
| ३४ | १४५११-बीमा दावी प्राप्ति | २७००००० |
| ३५ | १४५२९-अन्य राजस्व | ६८९५० |
| ३६ | १५१११-बेरूजू | १९०५०५४३.८२ |
| ३७ | १५११२-निकासा फिर्ता | ८४५३२८३.३३ |
| ३८ | १५११३-अनुदान फिर्ता | १७८६२३०१.९४ |
| ३९ | ३३३४१-सवारीसाधन कर | १३६१४९७४६ |
| ४० | ३३३६१-वन क्षेत्रको रोयल्टी | ३५१३३३५६.६४ |
| | | ४७६८४३९७०४ |

*स्रोत : RMIS प्रतिवेदन*

## १.६ आ.व. २०८२/८३ मा बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रदान गरिएको विवरण:

| मन्त्रालय/कार्यालयको नाम | बहुवर्षीय आयोजनाको संख्या | चालु आ.व.मा विनियोजित रकम | आ.व. २०८३/८४ को लागि सहमति | आ.व. २०८४/८५को लागि सहमति | कुल जम्मा सहमती |
|---|---|---|---|---|---|
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ८५ | १ अर्ब २५करोड ९५ लाख | २ अर्ब ३० करोड १३ लाख ६३ | १ अर्ब १७ करोड ९३ लाख ८१ | ३ अर्ब ४८ करोड ०७ लाख ४४ |
| जलस्रोत तथा उर्जा विकास मन्त्रालय | २ | ५ करोड १० लाख | १० करोड ६३ लाख | ० | १० करोड ६३ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | १करोड १५ लाख | २ करोड | १ करोड ४५ लाख | ३ करोड ४५ लाख |
| भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ३ | ८ करोड ८१ लाख ५० हजार | ९ करोड ५० लाख | ५ करोड ३० लाख ६० हजार | १४ करोड ८० लाख ६० हजार |
| **कुल जम्मा** | **९१** | **१ अर्ब ४१ करोड १ लाख ५० हजार** | **२ अर्ब ५२ करोड २६ लाख ६३ हजार** | **१ अर्ब २४ करोड ६९ लाख ४१ हजार** | **३ अर्ब ७६ करोड ९६ लाख ४ हजार** |

# परिच्छेद-दुई
# क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

## २.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### १. पृष्ठभूमिः

नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको रुपमा कार्य गर्दै आएको छ। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो।

यस कार्यालयको प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरु बीच समन्वय, निर्देशन र सुपरीवेक्षण, अन्तर-सरकार समन्वय लगायतका कार्यजिम्मेवारी रहेको छ।

### २. दीर्घकालीन सोंचः

स्वच्छ, सक्षम, जवाफदेही र सुशासनयुक्त प्रशासन र शासन।

### ३. ध्येयः

प्रदेश शासकीय र प्रशासकीय सक्षमता तथा जवाफदेहीता मार्फत सार्वजनिक सेवामा प्रभावकारिता ल्याउने।

### ४. रणनीतिक उद्देश्यहरुः

- प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरुलाई तथ्यपरक एवं नतिजामूलक बनाउनु,
- प्रदेश सरकारका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु,
- प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,
- सदाचारिता प्रवर्द्धन, प्रभावकारी कानूनी व्यवस्था एवं शून्य सहनशीलता मार्फत भ्रष्टाचार नियन्त्रण गर्नु,
- प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,
- विकास निर्माण कार्यलाई समन्वयात्मक रुपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारिता मार्फत नतिजामूलक बनाउनु।

### ५. कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम अनुसार रहेका छन्--

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्वन्धी
- प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

- प्रदेश सरकारको कार्य सम्पादन नियमावली तर्जुमा र कार्यान्वयन
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन
- प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्वोधन
- मानवअधिकारको संरक्षण र प्रवर्द्धन
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसंगको सम्पर्क र समन्वय
- संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन
- अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्वन्ध
- प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन
- निर्वाचन कार्यमा सहयोग र समन्वय
- प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन
- प्रदेशस्तरका सरकारी नियकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण
- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसंगको सम्पर्क एवं समन्वय
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्वन्धी कानून तर्जुमा

२०८२ मंसिर १ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार साविकमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सम्पादन गर्दै आइरहेको कार्य समेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्पादन गर्दै आइरहेकोछ।

## ६. विनियोजन र खर्चको विवरण

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण

(रु. हजारमा)

| बजेट शिर्षक | आ.व.२०८२/०८३ | | | आ.व.२०८१/०८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | ४३९७७४ | ६७८८१ | १५.४ | २९२७५२ | ४३६५५ | १५.५८ |
| पुजीगत | १११२७१ | ७४०७ | ६.६६ | ८८५३८ | ४५६०६ | ४.१३ |
| **जम्मा** | **५५१०४६** | **७५२८८** | **१३.६६** | **३८१२९०** | **४९२६१** | **१२.९२** |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

तालिकाः बजेट उपशिर्षकगत खर्चको विवरण

| बजेट उपशीर्षक | विनियोजित बजेट (रु हजारमा) | | | पौष मसान्तसम्मको खर्चको अवस्था (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | खर्च प्रतिशत |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (३०१०००११) | २४८८६५ | ७३४०१ | ३२२२६६ | ४७०३९ | २०१५ | ४९०५४ | १४.४५ |
| मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम (३०१००१०२) | १५०० | ० | १५०० | १८० | ० | १८० | १२ |
| प्रदेश कर्मचारी अभिलेखालय (३०१००९०३) | १०६७३ | ९३३ | ११६०६ | २८६६ | ० | २६६६ | २२.९७ |
| कर्णाली प्रदेश प्रतिष्ठान (३०१६१९०१) | १४७३७ | ३०९३८ | ४५६७५ | २०९७ | ४५८७ | ६७८५ | १४.८६ |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(३०१९११२१) | १६४००० | ६००० | १७०००० | १७८८० | १२०२ | १९०८३ | ११.२३ |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

तालिकाः मन्त्रालय तथा मातहतका कार्यालयको सालवसाली आयोजना कार्यान्वयनको अवस्था

| सालवसाली कार्यान्वयन गर्नुपर्ने आयोजना संख्या | हालसम्म कार्यान्वयनमा गएका आयोजना संख्या | कार्यान्वयन हुन बाँकी आयोजना संख्या | कार्यान्वयन हुन नसकी समर्पण गर्न सकिने आयोजना संख्या | समर्पण गर्न सकिने रकम (रु. हजारमा) |
|---|---|---|---|---|
| १२ वटा प्रहरी भवन र १ पोखरी | १ सम्झौता भई कार्यान्वयनमा गएको<br>३ सम्झौता हुन बाँकी<br>४ भवन मूल्याङ्कनको अन्तिम चरणमा रहेका<br>१ गृह र अर्थको सहमतिका लागि पठाएको<br>१ वटाको लागत अनुमान तयार भई Bid Doc तयारी | २ | ४ | २५०० प्रहरी भवन<br>२०५० प्रहरी भवन<br>९०० पुरस्कार<br>१३०० सवारी साधन<br>कूल ६७ लाख |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

### ७. आ. व. २०८२/०८३ को पौष सम्म सम्पादन भएका प्रमुख कार्यहरुः

- मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२ को मापदण्ड अनुसारका आयोजनाहरु कार्यान्वयन गर्न स्थानीय तहमा बजेट हस्तान्तरण गरिएको।
- मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अनलाइन प्रणालीलाई सहज रुपमा आयोजना माग र प्रतिवेदन प्राप्त गर्न सकिने गरी मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम अद्यावधिक गरी सञ्चालन मा रहेको।
- आर्थिक वर्ष २०८१/२०८२ को वार्षिक समीक्षा कार्यक्रममा भएको १० बुँदे प्रतिवद्धता पत्र तथा मिति २०८२/०३/२५ मा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय कार्यान्वयनको प्रगतिबारे छलफल कार्यक्रम मिति २०८२/०६/२३ गते सम्पन्न भएको।
- चालु आर्थिक वर्ष २०८२/२०८३ को बजेट तथा कार्यक्रमको हालसम्मको प्रगति र कार्यान्वयनमा देखा परेका समस्या सम्बन्धमा छलफल कार्यक्रम मिति २०८२/०७/१५ गते सम्पन्न भएको।
- कर्णाली प्रदेश सरकारले विगतका वर्षमा गरेका महत्वपुर्ण काम, योजना र दृष्टिकोण समेटेर कर्णाली प्रदेश डायरी कार्यक्रम संकलन, उत्पादन र प्रशारण गर्नको लागि सार्वजनिक सेवा प्रसारण नेपाल, एन टि.भि कोहलपुरसँग मिति २०८२/०९/०९ मा सम्झौता सम्पन्न भएको।
- कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को व्यवस्था बमोजिम मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको छ।
- RHVAP को प्रदेश कार्यालय सुर्खेत र जिल्ला कार्यालय जाजरकोट का लागि BID Document र Specification तयार गरी प्रदान गरिएको,
- कर्णाली प्रदेशका  विभिन्न जिल्लाहरुमा (सुर्खेत, दैलेख र सल्यान) ई-हाजिरी जडान र अभिमुखीकरण कार्य सम्पन्न भएको,
- एकीकृत वेवासाइट प्रणाली अभिमुखीकरण(दैलेख, मुगु, कालिकोट र डोल्पा) सम्पन्न भएको।

- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमा एकिकृत कार्यालय व्यवस्थापन प्रणाली लागु गर्नका लागि सूचना प्रविधि विभागसँग सहजीरकण र समन्वय गरिएको।
- मिति २०८२।०९।१६ देखि १८ गते सम्म कार्यालयले सञ्चालनमा ल्याएका विभिन्न प्रणालीहरुको अभिमुखीकरण कार्यक्रम अन्तरगर्त सल्यान जिल्लास्थित प्रदेश कार्यालयहरुमा ई हजिरी जडान, एकीकृत वेवसाइट र हाम्रा कुरा हाम्रा मुख्यमन्त्री गुनासो पोर्टलको बारेमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
- नियमित रुपमा स्वत प्रकाशन गरिएको।
- रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष र खस भाषामा समाचार उत्पादन र प्रसारणको लागि सम्झौता भई कार्यक्रम सञ्चालनमा रहेको।
- ७ जना पत्रकारहरुलाई तीन लाख राशिको पत्रकारिता पुरस्कार वितरण गरिएको।
- लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणको लागि सूचना प्रकाशन भई ११३ वटा सञ्चार माध्यमको निवेदन प्राप्त भएको।
- एफ.एम्. रेडियोको प्रसारण क्षमता बृद्धि गरी ईजाजतपत्र जारी गरेको।
- मानवीय सहायता तथा विपद उद्धार(HADR) पोखरी निर्माणको लागि बोलपत्र आह्वान भइ मुल्याङ्कन, सम्झौता गरि कार्यदेश दिई काम सुरु भइरहेको।
- विपद् जोखिम न्यूनिकरण र पूर्व तयारी सम्बन्धी हाते पुस्तकको ड्राफ्ट तयार भएको।
- विपद् शाहसिक पुरस्कार सम्बन्धी कार्यविधि संशोधन प्रस्ताव तयार भएको ।
- आपत्कालिन खोज उद्दार तथा राहतसँग सम्बन्धित सामग्री खरिद तथा वितरणको लागत अनुमान तयारीको चरणमा रहेको।
- प्रादेशिक आपतकालिन गोदाम घर सम्बन्धी कार्यविधिको प्रस्ताव पेश गरिएको ।
- प्रिफ्याव भवन सुर्खेत र जाजरकोट जिल्लाका ३ स्थानमा प्रहरी चौकी भवन निर्माणका लागि मुल्याङ्कन भई आशयको सुचना समेत प्रकाशित भएको।
- अस्थायी प्रहरी चौकि भवन निर्माण खुलालु कालिकोट (६ कोठे प्रिफ्याब), अस्थायी प्रहरी चौकि भवन निर्माण हुलाकडाँडाँ दैलेख (६ कोठे प्रिफ्याब), अस्थायी प्रहरी भवन निर्माण मुसीकोट रुकुम पश्चिम (६ कोठे प्रिफ्याब), चौरपानी प्रहरीचौकी भवन निर्माण बागचौर सल्यान (६ कोठे प्रिफ्याब) को मूल्याङ्कनको चरणमा पुगेको,
- द्वन्द प्रभावितका लागी उपचार कार्यक्रम अन्तर्गत प्रदेश अस्पतालसंग सम्झौता गरि रु १५ लाख रकम अख्तियारि दिईएको।साथै अहेव पदमा करारमा कार्यरत गोपाल के.सी को असार मसान्त सम्मको लागि छ महिनाको म्याद थप गरिएको ।
- सहिद स्मृति भत्ता २१३१ जनाको ७५ स्थानीय तहमा र जीवन निर्वाह भत्ता १९१५ जनाको ७१ स्थानीय तहमा ६ महिनाको अख्तियारी दिईएको ।
- जुनिचाँदे ५ जाजरकोटको ईलाका प्रहरी कार्यालय भवन निर्माण कार्य जग्गा प्राप्ति नभएकाले ठेक्का रद्द गरिएको।
- कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र,सुर्खेत(प्रदेश प्रहरी कार्यालय हाताभित्र संरचना निर्माण) को लागत अनुमान तयार भईसकेको ।
- प्रदेश सुरक्षा गोष्ठि २०८२ सम्पन्न भएको ।
- ईलाका प्रहरी कार्यालय राकम कर्णाली दैलेख (अधुरो भवन) निर्माणको लागि गृह मन्त्रालयमा सहमतिको लागि पठाईएको ।
- संविधान दिवस कार्यक्रम संचालन गरिएको
- मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत कानूनका विद्यार्थीका लागि स्थानीय तहसँगको सहकार्यमा कानूनी सहजकर्ताको रुपमा परिचालन कार्यक्रम संचालन गरिएको

- प्रदेश लोकसेवा आयोगबाट प्रदेशमा नियुक्त विभिन्न तहका कर्मचारीको आ.व. २०८१/०८२ मा सिटरोल दर्ता गरिएको
- प्रदेश लोकसेवा आयोगबाट स्थानीय तहमा नियुक्त विभिन्न तहका कर्मचारीको आ.व. २०८१/०८२ मा सिटरोल गरिएको
- प्रदेश पदाधिकारी/सचिवालय/स्थायी/करार/अस्थायी/अन्य कर्मचारीको सम्पत्ती विवरण अभिलेख राखिएको
- स्थानीय जनप्रतिनिधि/स्थायी/करार/अस्थायी/ज्यालादारी/राहत कर्मचारीको सम्पत्ती विवरण अभिलेख राखिएको

## ८. नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनको अवस्था

मन्त्रालयसंग सम्बन्धित नीति तथा कार्यक्रममा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरुः

| बुदाँ नं | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति |
|---|---|---|
| ९७ | मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न मानव अधिकार र कानूनी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तहमा कानून तर्जुमा तथा न्यायिक समितिलाई सक्षम र सबल बनाउन समन्वय र सहजीकरण गरिनेछ । मध्यपश्चिम विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत कानूनका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरी स्थानीय तहसँगको सहकार्यमा कानूनी सहजकर्ताको रूपमा परिचालन गरिनेछ। | कानूनी सचेतना कार्यक्रम सञ्चालन भएको, |
| ९८ | लागू औषध दुर्व्यसन, आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि शिक्षण संस्था तथा समुदायमा सकारात्मक सोच तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशमा सञ्चालनमा रहेका सुधार गृहको व्यवस्थापनको लागि सहयोग गर्ने नीति लिइनेछ । कारागारमा रहेका कैदीबन्दीलाई लक्षित गरी समयसापेक्ष सिपमूलक कार्यक्रम तथा मनोसामाजिक परामर्श, खेलकुद, सङ्गीत, ध्यान, योग जस्ता कार्यक्रम सञ्चालन गरिनेछ । | जिल्ला प्रहरी कार्यालयमार्फत सचेतनाको कार्यक्रम सञ्चालन गर्ने गरी समन्वय भएको छ। |
| ९९ | कर्णाली आमसञ्चार तथा सूचना प्रविधि विधेयक यसै अधिवेशनमा पेस गरिनेछ । आमसञ्चार र पत्रकारिता विषयमा छात्रवृत्ति, पुरस्कार र क्षमता अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। लोक कल्याणकारी विज्ञापनलाई थप व्यवस्थित गरिनेछ। प्रदेश सरकारका निकायबाट प्रकाशन गरिने विज्ञापन तथा सूचनामा प्रदेशमा सञ्चालित सञ्चार माध्यमलाई प्राथमिकता दिने नीति लिइनेछ । | आमसञ्चार विधेयक दर्ता भएको छ। छात्रवृत्ति वितरण भएको छ। लोककल्याणकारी विज्ञापनको सूचना प्रकाशन गरी छनोटको चरणमा रहेको |

| | | |
|---|---|---|
| १०० | डिजिटल कर्णालीको अवधारणालाई मूर्त रूप दिन मध्यपश्चिम विश्वविद्यालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान समेतको सहकार्यमा डिजिटल कर्णाली फ्रेमवर्क निर्माण गरिनेछ । निजी तथा सार्वजनिक क्षेत्रमा सूचना प्रविधिमा आधारित उद्यम व्यवसाय र सेवा प्रवाहको उपयोगलाई बढावा दिन जेन्जी पुस्तालाई प्राथमिकता सहित आवश्यक सहयोग र सहुलियत प्रदान गरिनेछ। स्थानीय तहमा परीक्षणको रुपमा एकीकृत मौलिक डिजिटल ठेगाना प्रणाली लागू गर्न प्रोत्साहन गरिनेछ । | MU सँग सहकार्य भइरहेको छ। |
| १०१ | गैरसरकारी संस्थालाई प्रादेशिक प्राथमिकताका क्षेत्रमा परिचालन, नियमन, अभिलेख र व्यवस्थापन गर्न गैरसरकारी संस्था सम्बन्धी विधेयक प्रदेश सभाको यसै अधिवेशनमा पेस गरिनेछ । प्रदेशमा क्रियाशील विकास साझेदार तथा गैरसरकारी संघसंस्थाहरूलाई प्रदेशको योजना तथा नीतिसँग आबद्ध गर्दै प्रदेशका प्राथमिकताका क्षेत्रमा परिचालन गरिनेछ । | मस्यौदामा छलफल भएको |
| १०२ | प्रदेशभित्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सुरक्षित कर्णाली प्रदेश अभियान सञ्चालन गरिनेछ । प्रदेशभित्र डिजिटल प्रविधिमैत्री सडक सुरक्षा कार्यक्रमलाई राजमार्गका मुख्य स्थानमा केन्द्रित गरी विस्तार गरिनेछ । बढ्दो साइवर अपराध न्यूनीकरण गर्न साइबर सुरक्षा विशेष कार्यक्रम सञ्चालन गरिनेछ । सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन सङ्घसँगको सहकार्यमा प्रभावकारी नियमन गरिनेछ । | जिल्ला प्रहरी कार्यालयसँग समन्वय भइरहेको छ। |
| १०३ | प्रादेशिक विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयार गरिनेछ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सेन्डाइ कार्यढाँचा बमोजिम विपद्जन्य घटनाबाट हुने मृत्यु, विपद्बाट प्रभावित जनसङ्ख्या, प्रदेश अर्थतन्त्रमा हुने क्षति, संवेदनशील पूर्वाधारमा हुन सक्ने क्षतिलाई उल्लेख्य रूपमा घटाइनेछ । | आगलागीजन्य विपद्बाट हुने क्षति न्यून गर्न HADR पोखरी निर्माण अघि बढाइएको<br>भूकम्प सुरक्षा दिवस<br>टेबल टक सिमुलेसन<br>मानवीय सुरक्षा सम्बन्धी कार्यशाला |
| १०४ | विपद् व्यवस्थापनका कार्यमा तहगत सरकार, निजी क्षेत्र, प्रदेशमा क्रियाशील विकास साझेदार तथा सामाजिक संघसंस्था लगायत सरोकारवालासँगको साझेदारीलाई प्रभावकारी बनाइनेछ । जिल्ला तथा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई सहयोग गरिनेछ । विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्ने व्यक्ति तथा संस्थालाई पुरस्कृत गरिनेछ । | पुरस्कार सम्बन्धी कार्यविधि संशोधनको मस्यौदा तर्जुमा गरिएको छ। |

| | | |
|---|---|---|
| १०५ | सशस्त्र सङ्घर्ष, जनआन्दोलन र कर्णाली प्रदेश प्राप्तिको आन्दोलनको क्रममा सहिद, बेपत्ता परिवार, घाइते र अपाङ्गता भएका व्यक्तिको लागि उपलब्ध गराउँदै आएको सहिद स्मृती भत्ता र जीवन निर्वाह भत्तालाई लाभग्राहीको जीवनस्तरमा सुधार ल्याउने गरी उद्यमशीलतासँग आवद्ध गर्दै घाइते तथा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचार र संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । | प्रदेश अस्पतालबाट उपचारका कार्य भइरहेको। स्थानीय तहमा ६ महिनाको लागि अख्तियारी दिइएको छ। |
| १०६ | उच्चस्तरीय संगठन तथा व्यवस्थापन सर्वेक्षण सुझाव समितिको सिफारिसको आधारमा समान प्रकृतिका संरचना एक आपसमा गाभ्ने, औचित्यपूर्ण नदेखिएका संरचना खारेज गर्ने लगायत प्रशासनिक पुनर्संरचना गरी चुस्त र उपयुक्त आकारमा रूपान्तरण गरिनेछ। | आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई मुख्यमन्त्री कार्यालयमा गाभिएको र KPTA को O & M |
| १०७ | स्थानीयस्तरको माग र आवश्यकता अनुरुप मुख्यमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय पूर्वाधार विकासको अतिरिक्त सिप तथा उद्यम विकासका कार्यक्रम मार्फत रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गर्ने गरी पुनर्संरचना गर्दै आगामी आर्थिक वर्ष "मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम" का रूपमा निरन्तरता दिइनेछ । | कर्णाली मुख्यमन्त्री रोजगार कार्यक्रमको रूपमा रूपान्तरण गरी स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको |
| १०८ | प्रदेश सरकारको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक नीति, कानून तर्जुमा र समसामयिक संशोधन गरिनेछ। प्रदेश सरकारका नीति तथा निर्णय पारदर्शी, सहभागितामूलक र तथ्यमा आधारित बनाइनेछ। | कार्यविभाजन नियमावली संशोधन स्वीकृत भएको। त्रैमासिक रुपमा स्वत प्रकाशन |
| १०९ | सहभागितामूलक सेवा सुशासनलाई टेवा अभियानलाई साकार पार्न प्रदेश सरकारबाट प्रवाह गरिने सेवामा नागरिकहरूको सक्रिय सहभागितालाई प्राथमिकता दिइनेछ । सेवाग्राही लाइनमा हैन अनलाइनमा भन्ने ध्येयका साथ सार्वजनिक सेवालाई प्रभावकारी बनाउन फेसलेस सेवा विस्तार गरिनेछ। | यातायात कार्यालयमा सुरूवात गर्ने गरी तयारी भएको छ। |
| ११० | सुरक्षित कार्यवातावरण सार्वजनिक सेवामा समर्पण अभियानसँगै कार्यस्थलमा कर्मचारीले सुरक्षित महसुस गर्ने वातावरण तयार गरिनेछ। सरुवा प्रणालीलाई वैज्ञानिक, अनुमानयोग्य र सबै भौगोलिक क्षेत्रको अनुभव हासिल हुने गरी व्यवस्थित गर्न कर्णाली प्रदेश कर्मचारी अभिलेखालयलाई सफ्टवेयरमा आधारित प्रविधिमैत्री बनाई बढुवा, पुरस्कार लगायतका वृत्ति विकासका विविध पक्षसँग आवद्ध गरिनेछ । प्रदेश निजामती सेवामा नवप्रवेशी कर्मचारीका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश सेवामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ। | सरूवा मापदण्ड तयार गरिएको। नवप्रवेशी कर्मचारीका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिएको। |

| | | |
|---|---|---|
| १११ | कर्णाली प्रदेश सरकारलाई विकास निर्माण, वित्त व्यवस्थापन, सार्वजनिक प्रशासन लगायतका क्षेत्रमा उपयोगी सुझाव र सल्लाह प्रदान गर्न क्षेत्रगत विज्ञ समूह बनाइनेछ। प्रदेशस्तरीय बौद्धिक सम्वादका लागि मुख्यमन्त्री नीति सम्वाद कार्यक्रम सुरूवात गरिनेछ। कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई स्रोत साधन सम्पन्न बनाइनेछ। | KPTA को संगठन संरचना स्वीकृत गरिएको र आवश्यक बजेट व्यवस्थापन |
| ११२ | सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी सोको नियमित अनुगमन र प्रतिवेदन गर्नुपर्ने प्रणालीको विकास गरिनेछ। प्रदेश सरकार मातहतका निकायहरूको व्यवस्थापन परीक्षणलाई थप प्रभावकारी बनाइनेछ। विकास निर्माण तथा अन्य सरकारी कामकारबाहीको नागरिकबाट परीक्षण तथा मूल्याङ्कन गर्ने उपयुक्त संयन्त्र मार्फत सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गरिनेछ। | कार्यसम्पादन सम्झौता गरिएको |
| ११३ | सेवा प्रवाह र विकास निर्माणमा जनगुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन हेल्लो मुख्यमन्त्री हटलाइन सेवालाई थप व्यवस्थित गर्दै शीघ्र सुनुवाईको व्यवस्था मिलाइनेछ । डिजिटल सुझाव प्रणाली मार्फत जनगुनासो द्रुत समाधान प्रणालीको विकास गरिनेछ। | हटलाइन कक्षलाई सुचारू गरिएको छ |
| ११४ | लुम्बिनी प्रदेश सरकारसँग भएको साझा सहमति कार्यान्वयनलाई प्राथमिकतामा राखी प्रदेशका साझा सरोकारका विषयमा आपसी समन्वय, सहकार्य र साझेदारी गर्ने नीति अन्य छिमेकी प्रदेश सरकारसँग समेत विस्तार गरिनेछ। | लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिवज्यूको उपस्थितिमा समीक्षा कार्यक्रम सम्पन्न गरिएको। |
| ११५ | तीन तहका सरकारबिच सहकार्य, सहअस्तित्व र समन्वयलाई सुदृढ गर्न कर्णाली प्रदेश समन्वय परिषद्, कर्णाली विकास परिषद् लगायतका संरचनालाई थप सक्रिय बनाइनेछ। प्रदेश सभा सदस्यहरूको विधायिकी लगायतका क्षमता विकास गरिनेछ। | स्थानीय तहका पदाधिकारीसँग समानान्तर छलफल कार्यक्रम सम्पन्न गरिएको छ। |
| ११६ | प्रदेशको नीति तथा कार्यक्रम, बजेट र आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न प्रविधिमा आधारित कर्णाली अनुगमन प्रणाली सञ्चालनमा ल्याइनेछ। पुँजीगत खर्च गर्ने निकायको क्षमता विश्लेषण गरी आवश्यक प्रशिक्षण मार्फत पुँजीगत खर्च क्षमता बढाउने नीति लिइनेछ। | सचिव वैठकमा पूँजीगत खर्च वृद्धि गर्ने सम्बन्धमा छलफल गरिएको।ठेक्का समयमा सम्पन्न गर्न पटक पटकका वैठकबाट निर्णय गरी पत्राचार गरिएको |

## ९. मन्त्रालयसंग सम्बन्धित समस्या र समधानका उपायहरुः

| समस्या | समाधानका उपाय |
|---|---|
| पूर्वाधार निर्माणका कार्यक्रम कार्यान्वयन गर्न चुनौतिपूर्ण छ। | पूर्वाधार विकास निर्देशनालय सहयोग लिइ कार्यसम्पादन गरिएको र आगामी वर्षमा पूर्वाधारमा कार्यका लागि सम्बन्धित मन्त्रालयमै बजेट विनियोजन हुने व्यवस्था मिलाउनु पर्ने |
| PLGSP कार्यक्रम अन्तर्गतको कार्यक्रम कार्यान्वयनका लागि न्यून कर्मचारी तथा अस्थायी दरबन्दी सिर्जना नहुनु (मलेपले बेरूजु कायम गरेको) | अस्थायी दरबन्दी सिर्जना गर्ने |

## २.२ आर्थिक मामिला तथा योजना मन्त्रालय

**१. पृष्ठभूमिः**

२०७४ माघ २४ गते प्रदेश सरकारको स्थापना सँगै आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको मुख्य जिम्मेवारी आर्थिक मामिला र योजना गरी दुईवटा प्रमुख विषयहरु रहेका छन्। यसै सन्दर्भमा वार्षिक बजेट तर्जुमा गर्ने, आर्थिक नीति तथा सोको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने, आर्थिक तथा वित्तीय अनुशासन कायम राख्दै सार्वजनिक खर्चलाई प्रभावकारी बनाउने र स्रोत परिचालन भरपर्दो र दिगो बनाउने उद्देश्य केन्द्रित रहि मन्त्रालयले कार्य सम्पादन गर्दै आएको छ।

संघीयताको अभ्यासको प्रारम्भिक चरणमा नयाँ-नयाँ सिकाई तथा अनुभव, नीतिगत कानूनी अन्यौल, समन्वयको उपयुक्त संयन्त्रको अभाव र जनशक्तिको अभाव लगायतका समस्याहरुसँग जुध्दै प्रदेश स्थापनाको तीन वर्षको छोटो अवधिमा नै कानूनी र संरचनात्मक ठोस आधारहरु खडा भएका छन्। आगामी दिनमा नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा आफ्नै मौलिक विशेषता तथा नागरिकको अपेक्षा बमोजिम "समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" को दीर्घकालीन सोच बमोजिम प्रदेशको समृद्धि र सन्तुलित विकासमा मन्त्रालयले महत्वपूर्ण भूमिका निर्वाह गर्ने मन्त्रालयको रणनीति छ।

**२. दीर्घकालीन सोचः**

समृद्ध कर्णाली सुखारी कर्णालीबासीको सपना साकार पार्ने।

**३. ध्येयः**

प्रदेशको सर्वाङ्गीण विकासको लागि आर्थिक नीति तथा योजना तर्जुमा गरी आवश्यक साधन स्रोतको व्यवस्था सहित वित्तीय अनुशासन कायम गर्दै प्रदेशवासीको समृद्धिको चाहना पूरा गर्ने।

**४. रणनीतिक उद्देश्यहरुः**

- सार्वजनिक पूँजीगत खर्च बिस्तार गर्ने,
- आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउने,
- अनुदान तथा सहायताको उच्चतम् सदुपयोग गर्ने,
- वित्तीय अनुशासन कायम गर्ने,
- सम्भावित आर्थिक क्षेत्रको पहिचान र परिचालन गर्ने ,
- विकासको लागि निजी क्षेत्र लगायतको लगानी आकर्षण गर्ने,
- सहकार्य र समन्वयलाई प्रभावकारी बनाउने।

**५. कार्यक्षेत्रः**

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम अनुसार रहेका छन्-

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन।
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लागत तथा असुल उपर।
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन।

- राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग।
- प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान।
- संघीय नीति अनुरुप सह-वित्तीयकरण।
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन।
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन।
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन।
- प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी।
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन।
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण।
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि तथा आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन।
- संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण।
- राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- संघसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य।
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य।
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन।
- प्रदेश स्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन।
- आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

## ६. विनियोजन र खर्चको विवरण

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण

(रु. हजारमा)

| बजेट शिर्षक | आ.ब.२०८२/०८३ | | | आ.ब.२०८१/०८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | १८७५५५ | ५४९४३ | २९.३ | १६२२०६ | ५२८१८ | ३२.५६ |
| पुजीगत | १३७९० | ६४५३ | ४६.८ | १३१४९ | ९२२७ | ७०.१७ |
| जम्मा | २०१३४५ | ६१३६९ | ३०.४९ | १७५३५५ | ६२०४५ | ३५.३८ |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ७. आ. व. २०८२/०८३ को पौष सम्म सम्पादन भएका प्रमुख कार्यहरुः

- बजेट कार्यान्वयनको लागि मार्गदर्शनसहितको खर्च गर्ने अख्तियारी तथा बजेट कार्यान्वयन कार्यतालिका विषयगत मन्त्रालयलाई पठाइएको,

- समपुरक, ससर्त र विशेष अनुदान सम्बन्धी कार्यविधि संसोधन गरिएको।
- कर्णाली प्रदेश खर्च मापदण्ड,२०८२ तर्जुमा गरिएको।
- हुम्ला र सल्यान बाहेकका जिल्लामा ससर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना छनोट सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको।
- आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रमको एकीकृत मूल्याङ्कन प्रतिवेदन तयार पारिएको।
- मन्त्रालय तथा प्रदेशसरकारका अन्य केन्द्रिय निकायको वित्तिय जोखिम मुल्याङ्कन प्रतिवेदन तयार भएको।
- प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयबाट मातहतका प्रदेश सरकार अन्तर्गतका निकायहरुको आन्तरिक लेखा परिक्षण गरिएको।
- आगामी आ.व. को स्रोतको अनुमान गरी अर्थ मन्त्रालयमा पठाइएको।
- मन्त्रालय/निकाय र स्थानीय तहको माग अनुसार कार्यक्रम संशोधन र रकमान्तर गरिएको।

## ८. नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनको अवस्था

मन्त्रालयसंग सम्बन्धित नीति तथा कार्यक्रममा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरु:

| बुँदा नं. | नीति तथा कार्यक्रमको बेहोरा | पौष मसान्तसम्मको प्रगति |
|---|---|---|
| ६ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझाव तथा वित्तीय संघीयताको मर्म अनुरुप वित्तीय स्वायत्तता प्रदान गर्न वित्तीय समानीकरण,समपुरक र विशेष अनुदानलाई सन्तुलित तथा समन्यायिक हुने गरी वृद्धि गरिनेछ। ससर्त अनुदानलाई स्थानीय तहको सहभागिता, आवश्यकता र कार्य क्षमता अनुरुप क्रमशः घटाउदै लगिनेछ । | -आ.व. २०८२/८३ को बजेट तर्जुमा गर्दा स्थानीय तहमा हस्तान्तर हुने वित्तीय समानीकरण अनुदानको हिस्सा ८० करोडबाट ९५ करोड मा पुर्याई रु. १५ करोडले वृद्धि गरिएको।<br>-समपूरक तथा विशेष अनुदानलाई सन्तुलित र समन्यायिक बनाईएको।<br>-ससर्त अनुदानमा स्थानीय तहको सहभागिता सुनिश्चित गराईएको। |
| ७ | प्रदेशको कराधिकार क्षेत्रको संरक्षण र करको दायरा विस्तार गरी सम्भाव्य सबै करदातालाई कर प्रणालीमा आवद्ध गरी कर तिर्ने संस्कृतिको विकास गरिनेछ। प्रदेशको कर सम्बन्धी एक र साझा अधिकार विषयका नीति तथा कानून तर्जुमा कार्यान्वय र नियमन गरिनेछ। | आर्थिक ऐनमा करका दायरा विस्तार गरिएको तथा गत आ.व. को यही अवधिको तुलनामा ७ करोड बढी आन्तरिक राजस्व सङ्कलन भएको। |
| ८ | प्रदेशको राजस्व परिचालन अभिवृद्धिमा सहयोग पुग्ने र सामाजिक न्यायमा टेवा पुग्ने गरी सरकारी खर्चलाई निर्देशित गरिनेछ। कर चुहावट तथा छलीका सम्भाव्य क्षेत्र पहिचान गरी नियन्त्रणको उपयुक्त विधि र संयन्त्रको प्रभावकारीता बढाई आन्तरिक राजस्व परिचालन अभिवृद्धि गरिनेछ। | चालु खर्चमा अधिकतम मितव्ययीताको नीति लिईएको।<br>-आन्तरिक राजस्व परिचालन अभिवृद्धि गर्न आर्थिक ऐनमा यस सम्बन्धी प्रावधान समावेश गरिएको । |

| | | |
|---|---|---|
| ९ | वित्तीय अनुशासन र वित्तीय व्यवस्थालाई थप व्यवस्थित र सुदृढ गर्न आर्थिक प्रशासन सम्बन्धी आवश्यक कानून, कार्यविधि र मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ। आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखा परीक्षण प्रणालीलाई थप सुदृढ गरी बेरुजु न्यूनीकरण तथा वित्तीय अनुशासन कायम गरिनेछ।बेरुजु फछ्र्यौटलाई कार्यसम्पादनसँग आवद्ध गर्दै हरेक मन्त्रालयमा कार्यशाला आयोजना तथा निकायको बेरुजु फर्छ्यौट कार्य योजना बनाई कार्यान्वयन गरिनेछ। | बेरुजु विश्लेषण गरी फछ्र्यौट सम्बन्धी कार्यमा प्रभावकारीता ल्याउन कार्यदल गठन गरिएको।<br>-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गर्न समिति गठन भई कार्य सुरुवात गरिएको।<br>- पछिल्लो अवस्थाको लगत संकलन गर्न पत्राचार गरिएको। |

**९. आ.व. को बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरुः**

- आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रमको तयारी गर्ने।
- कर्णाली प्रदेश सरकारको बजेटका उद्देश्य, नीति, सिद्धान्त तथा प्राथमिकताहरु निर्धारण गर्ने।
- मन्त्रालयगत अर्ध वार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने।
- मध्यमकालीन खर्च संरचना तयार गर्ने।
- कर्णाली प्रदेशको आर्थिक सर्वेक्षण तयार गर्ने।
- राजस्व परामर्श समितिको प्रतिवेदन तयार गरी माननीय मन्त्रीज्यू समक्ष पेश गर्ने।
- बजेट वक्तव्य लेखनको तयारी गर्ने।
- विनियोजन विधेयक तथा आर्थिक विधेयकको तयारी गर्ने।
- बहुवर्षीय दायित्वको व्यवस्थापन गरी बहुवर्षीय आयोजना वस्तुपरक बनाउने।
- बेरुजुको लगत तयार गरी सम्परीक्षण तथा फछ्र्यौटको कार्ययोजना बनाइ सोही बमोजिम कार्यान्वयन गर्ने।
- लक्ष्य बमोजिम चौमासिक रुपमा बजेट खर्च गर्ने पद्धति शुरुआत गर्ने।
- विनियोजन कुशलता कायम गर्ने।
- बजेट तर्जुमा दिग्दर्शन तयार गर्ने।
- बजेट कार्य सञ्चालन निर्देशिका तयार गर्ने।

## २.३ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

### १. पृष्ठभूमिः

नेपालको संविधान लागू हुनुपूर्व भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास मन्त्रालय र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुँदै आएका कार्यक्रमहरू संविधान लागु भएपछि संघ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुनुपर्ने संवैधानिक व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रदेशस्तरका परिवहन, लोकमार्ग, प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन यस मन्त्रालय अन्तर्गत रहेको छ। साथै संघ र प्रदेशको साझा अधिकारको सूची, संघ, प्रदेश र स्थानीयतहको साझा अधिकार सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेशसरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधित २०७८ समेत) मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ। उक्त नियमावली अनुसार प्रदेशस्तरको प्रदेश लोकमार्ग तथा यातायात, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, शहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत—संभार लगायतका विषयको आवश्यक नीति, कानून, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी कार्य यस मन्त्रालयद्वारा सम्पादित हुने छ। यिनै भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत—सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुन्छन्।

### २. दीर्घकालीन सोचः

- सडक पूर्वाधार र यातायातको विकासमार्फत प्रदेशमा रहेका बस्तीमा पहुँच अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने।
- प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित शहरीकरणमार्फत दिगो आर्थिक सामाजिक समृद्धि हुने।
- सुरक्षित र सुविधायुक्त एकीकृत आवास तथा बस्ती विकासमार्फत दिगो विकास गर्ने।

### ३. ध्येयः

- सडक सञ्जालको सन्तुलित विकास तथा बिस्तार गरी कनेक्टिभिटी वृद्धि गर्ने। वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास एवं विस्तार, भरपर्दो यातायात व्यवस्था र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक क्रियाकलाप बिस्तार गर्ने।
- संघ र प्रदेशहरू, प्रदेश र प्रदेशहरू, प्रदेश र स्थानीयतहहरू बिचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धिमार्फत सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध बिस्तार गर्नु।
- सडक पूर्वाधारको उचित मर्मत—संभार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने।
- यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउने।
- विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रूपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित शहर निर्माण गर्ने।
- शहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा बिस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र शहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने।
- सबै आय वर्गका जनताको निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, आधारभूत सुविधा सम्पन्न आवास निर्माण गर्ने।
- भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ सुलभ र किफायती भवनहरूको निर्माण गर्ने।

- एकीकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत—सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानूनी संरचनाको सुधार गर्ने।

**४. रणनीतिक उद्देश्यहरू:**

- प्रदेश राजधानीबाट स्थानीय सरकारका केन्द्रहरू, स्थानीय तहका केन्द्रबाट वडा केन्द्रहरू र बस्तीहरूसम्म साविक सडक सञ्जालको स्तरोन्नति र नयाँ सडकको निर्माण तथा बिस्तार गरी कृषि, उद्योग तथा व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य र अन्य सरकारी तथा गैर सरकारी क्षेत्रबाट उपलब्ध हुने सेवामा पहुँच अभिवृद्धि गर्ने।
- सडक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित बाह्रै महिना सञ्चालन र भरपर्दो यातायात सुविधा बिस्तार गर्ने।
- आयोजनाको मर्मत—सम्भार, पुनर्स्थापना तथा सेवास्तर अभिवृद्धि गरि दिगो सेवा उपलब्ध गर्ने। संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने।
- दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने। सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने। विद्यमान शहरको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गर्ने।
- सुरक्षित र सुविधा सम्पन्न आवास निर्माण गर्ने गरी एकीकृत बस्ती विकास गरी भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई निरुत्साहित गर्ने।

**५. कार्यक्षेत्र:**

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधन २०७८) बमोजिम मन्त्रालयले सम्पादन गर्नु पर्ने कार्यहरू देहायानुसार रहेका छन् :

- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन।
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण।
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन।
- वातावरणमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन।
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्वन्धी योजना निर्माण र कार्यान्वयन।
- रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन।
- प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा निर्माण, स्तरोन्नती, मर्मत सम्भार, तथ्यांङ्क व्यवस्थापन, सडक प्रविधि सम्वन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन।
- प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन मर्मत सम्भार र आवास तथा भनव सम्वन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन।
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन।
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन।

- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण।
- सुरक्षित बसोबास र जग्गा एकीकरण सम्वन्धी नीति तर्जुमा र कार्यान्वयन।
- प्रदेशस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको गुणस्तर, सेवा शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन।
- खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रर्वद्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलव्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता।

**६. संचालित कार्यक्रमहरू:**

यस मन्त्रालयको कार्यक्षेत्रमा पर्ने कार्यक्रमहरू मन्त्रालय मातहत एक वटा पूर्वाधार विकास निर्देशनालय, र नौ वटा पूर्वाधार विकास कार्यालयहरू र तिन वटा यातायात व्यवस्था/सेवा कार्यालयहरूबाट कार्यान्वयन भैरहेका छन।

## ६. अर्धवार्षिक वित्तिय र भौतिक प्रगति विवरण

### ६.१ कुल विनियोजन र अर्धबार्षिक खर्चको अवस्था

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण

(रु. हजारमा)

| बजेट शिर्षक | आ.व २०८२/८३ | | | आ.व २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| **चालु** | २८,०६,२४ | ९,४८,४४ | ३३.८० | २८,८७,१५ | १०,०४,७३ | ३४.९८ |
| **पुजीगत** | १०,७३,१४,८३ | ९८,७६,३९ | ९.० | १०,१७,८२,२४ | १,०३,९०,६२ | १०.०२ |
| **जम्मा** | ११,०१,२१,०७ | १,०८,२४,८३ | ९.८३ | १०,४६,५४,३९ | ११,१,९३,१५ | १०.७० |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यलय, कर्णाली प्रदेश।*

### ६.२ राजस्व परिचालनको अवस्था

तालिकाः आ.व.२०८१/८२ र २०८२/८३ को पौष मसान्तसम्म संकलित राजस्वको विवरण

| क्र.सं. | राजस्व शिर्षक | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|---|
| १ | सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | २०८,००० | ८०,००० |
| २ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १८,७९९ | २९,८०३ |
| ३ | यातायात क्षेत्रको आम्दानी | ५,५३५,१९२ | ५,२०९,९२३ |
| ४ | अन्य प्रशासनिक सेवा शुल्क | ८,१५०,९१० | ५,४४८,७२४ |
| ५ | चालक अनुमतिपत्र सवारी दर्ता किताव सम्बन्धी | २२,८०५,०१० | २५,४०९,१९९ |
| ६ | प्रशासनिक दण्ड जरीवाना | २८,१५०,७३९ | २५,९०९,२३७ |
| ७ | अन्य राजस्व | ६,००० | ३०,००० |
| ८ | बेरुजु | ५,६२७,५२८.०९ | १,०१२,०५९.९१ |
| ९ | सवारी साधन कर | १३६,१४९,७४६ | १३०,९९८,९३० |
|  | जम्मा | **२०६,६५१,९२४.०९** | **१९४,१२७,८७५.९१** |

*स्रोतः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय।*

### ६.३ बहुवर्षिय आयोजनाको प्रगति

तालिकाः मन्त्रालय अन्तर्गतका बहुबर्षिय आयोजनाको आ.व. २०८२/८३ पौष मसान्तसम्मको वित्तीय प्रगती विवरण

| क्र.सं. | आयोजनाको नाम | सम्झौता रकम रु.(भ्याट समेत) | ठेक्का अवधि | हालसम्मको खर्च(मु.अ.कर समेत) | दायित्व रकम रु. |
|---|---|---|---|---|---|
| **ग्रामिण सडक सञ्जाल सुधार आयोजना(RCIP-AF),आयोजना कार्यान्वयन इकाई, सुर्खेत** | | | | | |
| १ | मोर्ख-चँखिला-बडावन-सानाखोला-जुनि सडक | ५०१२०७ | २०८०।१२।२७ | ३०८५५१ | १६०९२३ |
| २ | दशरथपुर-डाँडागाईऊ-जितेजुवा-ढाडखेत-मटेला-धरमखोला | ३८९१३५ | २०८०।१२।२७ | २०८१३६ | १६७७५३ |
| ३ | चौरझारी-चौका वैरा-गिठाँटि-मुसिकोट-सल्ले सडक | ६६०४१२.२६ | २०८०।१२।२५ | ४२३६७४ | १८५२५९ |
| **प्रादेशिक तथा स्थानिय सडक सुधार आयोजना (PLRIP)प्रादेशिक आयोजना व्यवस्थापन इकाई** | | | | | |
| १ | गल्फागाड श्रीनगर सडक स्तरोन्नति कार्य अदानचुली गा.पा.हुम्ला | २८१७३४ | २०८४।०३।२१ | ० | २४५७३४ |
| २ | डुगेंश्वर-डाँडापराजुल स्तरिन्नती कार्य दैलेख सडक | २८१२७६ | २०८३।१२।१७ | १३८६१० | ११७९९१ |

| | | | | | |
|---|---|---|---|---|---|
| **सडक निर्माण तर्फ** | | | | | |
| १ | दैलेख सदरमुकाम देखि नौमुले गा . पा . १ देखि ४ हुदै जुनी जाजरकोट जिल्ला जोड्ने सडक | १९९४१७ | २०८३।१।२५ | ५७१५३ | १०७०६४ |
| २ | माथिल्लो डुगेश्वोर दुल्लु बेउली कालिकोट सडक | १५५८२५ | २०८२।१०।३० | ९१४६३ | ५३२४२ |
| ३ | कोप्ची कट्टी बेस्तडा रुम चौराठा देउली दैलेख सडक | ३०३०३४ | २०८३०१।०४ | ७७२६९ | १९९९३१ |
| ४ | ताराघाट खैरिगैरा गैडाबाज रानीबन टाकुरी काँशीकाँध सडक | १६१४८९ | २०८३।०५।०९ | ६३७६८ | ८७८२९ |
| ५ | सान्ताडा मेहलतोली पातिहाल्ना जाजरकोट सडक | २८०७८० | २०८३।०३।३० | १४०२५२ | १६११५३ |
| ६ | श्रीस्थान- डाडीमाडी- चामुण्डा राकम सडक (ग्राभेल/ खण्ड स्मिथ सडक) | १३०६८८ | २०८३।०५।०९ | ५०६४७ | ७०६६३ |
| ७ | सांगेतडा-ब्रिन्दासैनी -चामुण्डा बाटो निर्माण | ९०४०७ | २०८३।०१।३० | ३७१८९ | ३९०४३ |
| ८ | माथिल्लो डुगेश्वोर-दुल्लु बेउली कालिकोट सडक खण्डको दह वडाडाँडा देखि बैक बजार सम्मको सडक ५ कि.मि. | ३०६५८ | २०८२।०९।१५ | ३०४९३ | १४२० |
| **सडक पुल** | | | | | |
| १ | रबट छामघाट खोला पक्कि पुल | ३२५०७ | २०८३।०१।३० | १७१२४ | १२३८३ |
| २ | ताराघाट खोला, महाबु गा.पा दैलेख | ३६२७६.० | २०८३।०३।१४ | ३७८०२ | २८२ |
| ३ | चिन्याथापा खोला आर सी सी पुल, आठविस न.पा, दैलेख | २९९५७.० | २०८३।११।२१ | १९६९३ | ६२३७ |
| ४ | मछियायिना खोला पुल, चामुण्डाविन्द्रासैनी न.पा, दैलेख | १८३३९.० | २०८३।१०।२५ | १३०३० | ४६६३ |
| **झोलुङ्गे पुल** | | | | | |
| १ | तिपेडी खोला झो.पु महाबु गा.पा २,३ | ३७३३.९ | २०८३।०३।३० | १४६९.१ | २२६४.८ |
| २ | नाइका टाकुरा झो.पु डुङ्गेश्वर गा.पा ३ | ४७४९.४ | २०८३।०३।३१ | ८४२.४ | ३९०७.० |
| ३ | चामुण्डा २ लहरे देखि ठाटिकाधँ ३ सुइया जोड्ने झो.पु | ४०७९.१ | २०८३।०३।३२ | १६५०.९ | २४२८.२ |
| ४ | त्रिबेणी दोवान झो.पु निर्माण नारायण ९ भवानी दैलेख | ४७१४.१ | २०८३।०३।३३ | १७४०.६ | २९७३.५ |
| ५ | लयाँटा विरिया झुझ झोपु आठविस नपा १ | ६४२०.३ | २०८३।०३।३४ | २४३६.४ | ३९८३.९ |
| ६ | छेपाडी बाट पूर्छा झोपु आठबिस न.पा ९ | ४८२३.९ | २०८३।०३।३५ | १८३०.५ | २९९३.४ |
| ७ | स्याउले गडाज्युला झोपु भैरवी ४ | ५०५०.५ | २०८३।०३।३६ | १९५४.१ | ३०९६.४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | भकभके पानी जुकानेपानी झोपु निर्माण योजना आठबिस न.पा ९ दैलेख | ४०६७.८ | २०८३।०३।३७ | १३८९.५ | २६७८.३ |
| **भवन निर्माण तर्फ** | | | | | |
| १ | महाबु अस्पताल भवन निर्माण , महाबु गा.पा, दैलेख | ४४६१७ | २०८३।०३।३० | ३६८५५ | ७७६२ |
| **सडक तर्फ** | | | | | |
| १ | चीसापानी नदुवा राडी मूसिकोट सडक निर्माण | ३३४८८९.८७ | २०८२।११।१७ | २५८०१२.९९ | ५६९२६.४२१६४ |
| २ | देवस्थल कैनकाडा चौरजहारी डोल्पा सडक निर्माण | ३५२४२१.१९ | २०८३।०१।१२ | २५५१९९.५१ | ७९८२१.६८ |
| ३ | रिम्ना पेदी गाराघाट पीपल सडक रुकुम पश्चिम | ४१३७९.५५ | २०८४।०१।३० | २५५३८.८१ | ८७८४.७४ |
| **सडक पुल निर्माण तर्फ** | | | | | |
| १ | छेरावगर पक्कीपुल निर्माण | ४९०९६.२६ | २०८३।०१।२८ | १५९३२.५१ | ३०३६३.७५ |
| २ | तिल्चाखोला मोटरेवल पुल, वाफिकोट ३ | ८२२११.४४ | २०८४।०१।३० | १९२९२.८८ | ४८९१८.५६ |
| <u>**पूर्वाधार विकास कार्यालय,मुगु**</u> | | | | | |
| **सडक तर्फ** | | | | | |
| १ | दोमुख तारापानी गमगढी नाक्चे लाग्ने सडक | १००६९०.६ | २०८२।०९।२९ | ७२९५६.४ | १५४३४.२ |
| २ | ताल्चा रारा सडक कालोपत्रे छायानाथ रारा न.पा | ५०३९४. | २०८३।०९।०४ | ४३००.० | ४१७९४.० |
| **सडक पुल तर्फ** | | | | | |
| १ | झुगला बेली ब्रिज वा मोटरेबल पुल | १६४९०९.३ | २०८३-०३-२० | ५२७५४.३ | १०५१५५.० |
| २ | दोमुख पक्की पुल | १५९३७३.९४ | २/३०/२०८३ | ०.० | १५९३७३.९ |
| ३ | नेहरघाट बेलिब्रिज सोरु ५ | ४९४९३.८२ | २०८३-०१-२० | १८२६०.० | २२२३४.८ |
| ४ | ढुगेधारा बेलीब्रिज | ३८५५६.८ | २०८३-०७-३० | ३४१०.० | ३१७३६.८ |
| **झोलुङ्गे पुल** | | | | | |
| १ | चाटेटवगर झो.प.रारा छायाँनाथ न.पा. | १३९६१.२३ | २०८३-०३-२० | ५५८४.४९ | ८३७६.७४ |
| **सडक तर्फ** | | | | | |
| १ | बालुवा संग्रही कुपिण्डे खलङ्गा सडक | १८१८३७.०० | १०/२८/२०८२ | १४३३३९.०८ | ३८४९७.९२ |
| २ | सोलावाङ रिम सडक स्तरोन्नति | ९२४२२.७८ | १०/३०/२०८२ | ७९५६२.३२ | १७२०८.९६ |
| **सडक पुल तर्फ** | | | | | |
| १ | बागचौर - पातीहाल्न सडक जगारखोला पूल | ३६२५८.८४ | २०८२-०३-०९ | १२१९७.६८ | १७७११.१६ |
| २ | डिमुरेखोला पक्की पुल | ३२७१८ | २०८२/०३/१५ | ३१०५०.०० | १६६८.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| **झोलुङ्गे पुल** | | | | | |
| १ | गहरा स्कुल -गैरीकटेरी जोड्ने झो.पु. (बालुवा संग्रहि खोला ) ब.कु.न.पा. | १००४२.०९ | २०८३-०३-१५ | ०.०० | १००४२.०९ |
| २ | घुईयाबारी गंगटे जोड्ने झो.पू कालिमाटी ०७ सल्यान | ८५०८.९ | २०८३-०३-१६ | ०.०० | ७७०८.९० |
| ३ | खारखोला ठाकुरसम्म (सारदा नदी) झो.पु. कालिमाटी ०४ | ९६५९.०७ | २०८३-०३-१७ | ०.०० | ९६५९.०७ |
| ४ | चुकेपाखा मानडाँडा भलाखर्क ब कु न पा ६ | ५३२५.९१ | २०८३-०३-१८ | ०.०० | ५३२५.९१ |
| **सडक तर्फ** | | | | | |
| १ | कालीकोट सेरी पान्तडी पाझघाट जुम्ला सडक (बहुवर्षिय योजना समेत) | ४५६०७.०० | २०८२।१२।३० | १७८४७.१७ | १९७५९.८३ |
| २ | कालीकोट सेरी पान्तडी पाझघाट जुम्ला सडक (बहुवर्षिय योजना समेत) | २२५५६७.०० | २०८३/२/२६ | १९६६३०.९४ | २८६५८.५७ |
| ३ | वारातु सियाला रेगिंल रोड | २८७९७.७९ | २०८२/१२/३० | ७४७०.१४ | १६९८१.६५ |
| ४ | सान्नीघाट देखी सिप्खाना सडक योजना | २५००५६.०० | २०८३।३।१ | ११३०७७.९० | १०३८७८.१० |
| **सडक पुल तर्फ** | | | | | |
| १ | दाम्रीगाड पक्की पुल पलाता ९ | २९९४७.०० | २०८२।१२।३० | ११२४६.४७ | १४११६.५३ |
| २ | जारकोट पक्की पुल | १३२६३९.०० | २०८३/२/२६ | २६८३७.३४ | ९५१३१.६६ |
| ३ | भर्तागाड रिगि खोला पूल निर्माण कार्य | ४२१८७.०० | २०८२/१२/३० | २८५९६.५२ | ९६२०.४८ |
| ४ | फुगाड पक्कि पुल निर्माण, कालीकोट | ३४५१७.०२ | २०८३।३।१ | ६०७८.०० | २२३६१.०२ |
| **झोलुङ्गे पुल** | | | | | |
| १ | रास्केकोट झो.पुल सान्नी त्रिवेणी १ र खाडाचक्र १ | २५५८.२१ | २०८२/६/३० | २६५१.१४ | ०.०० |
| २ | उखाडी झो.पु पलाता ८, कालिकोट | ३००१.३४ | २०८२/६/१५ | २८५२.२७ | ०.०० |
| ३ | बड्डाखोला झो पु निर्माण नरहरीनाथ ६ | २७२०.६५ | २०८२/६/१५ | २६२८.३४ | ०.०० |
| ४ | मुलखोला झो.पु. पचालझरना -५, कालीकोट | ५१०७.०० | २०८३/२/२९ | १५९०.०० | ३५१७.०० |
| ५ | खाडाचक्र ८ मा दलित टोलको छायाँढुंगी खोलामा झो.पु. निर्माण योजना | ४१२९.०० | २०८३/२/२९ | १२०१.०० | २९२८.०० |
| ६ | डोग्रेखोलाको तारे ढुंगामा झो.पु निर्माण रास्कोट -३, कालीकोट | ३२७०.०० | २०८३/२/२९ | १०९३.०० | २१७७.०० |
| **सडक तर्फ** | | | | | |
| १ | त्रिवेणी,नर्कु सर्मी,भालुलेक,जुम्ला सडक | १३८५९२.०० | २०८२/०४/२१ | १०१७९८.६३ | ८०९३.३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | दुनै सरस्वती मन्दिर देखी तिप्ला गांउ हुदै थरगांउ — कांडाताली सम्म | ४९५९३.०० | २०८३/०३/१५ | ३७९६.८० | ३८०९६.२० |
| ३ | पातीहाल्ना परिलारह आखेखोला हुँदै शे-फोक्सुण्डो सडक शे-फोक्सुण्डो गा.पा.डोल्पा | ५००४०.०० | २०८२/०८/३० | ११६४४.६५ | २९६९५.३५ |
| ४ | जिउ खोर खोला देखि सु हुदै रंग गाउँ सडक,त्रिपुरासुन्दरी न.पा.डोल्पा | ४४५९०.४६ | २०८३/०३/१८ | २०९२९.८८ | २३६६०.५९ |
| ५ | त्रिपुराकोट बगर वडा नं.७ कार्यालय-छल हुदै मौरेलेख सम्म सडक स्तर उन्नति | १५८५०६.०२ | २०८४/०३/१५ | २७६००.०० | १०३३०६.०२ |
| ६ | लाग्ना लाहरा माझाफाल दुर्गाउ तालि सडक स्तर उन्नति कार्य  ठुलिभेरी -०५ र ०६ | ३५९२५.१९ | २०८४/०१/३० | १५५८४.३४ | १६८०८.३३ |
| सडक पुल तर्फ | | | | | |
| १ | दुनै कालिका मन्दिर देखि जिल्ला अस्पताल जोड्ने बेलिब्रिज निर्माण,ठुलिभेरी -०३ | ४१७७०.५९ | २०८३/०३/१५ | ३९२०६.८४ | ०.०० |
| २ | चिलाखेरा बेलिब्रिज ,जगदुल्ला गा.पा. | २४६३९.८६९६२ | २०८३/०३/१५ | ६८५७.१८ | १४८८५.५७ |
| सडक तर्फ | | | | | |
| १ | छेडा थालह सनाखोला चांदे जुम्ला सडक,जुनिचादे  (सनाखोला चांदे जुम्ला सडक खण्डको ३० कि.मि ) | १५५२५१.४५ | २०८२/०४/२१ | ४१४१.७८ | १५११०९.६७ |
| २ | कालिमाटी-खाल्चौर-नेटिलेक सडक खण्डको सक्ला खारी बयाले लिम्सा सडक | ९१२६७.४५ | | ६५३४७.५९ | २५९१९.८६ |
| सडक पुल तर्फ | | | | | |
| १ | बारेकोट ८ सागुतरा र नलगाड ५ सिर्के जोड्ने मोटरेबल पुल बहुबर्षिय | ३०९८८.२४७ | | ०.०० | ०.०० |
| २ | खुर्पाखोला पक्की पुल | ४२६९८.०३३ | २०८३.०३.२० | १४३३६.२२ | २७१६१.८१ |
| ३ | कल्यान पक्की पुल | २४८७८.०२३ | २०८२.०६.३१ | १२५९७.८६ | १२२८०.१६ |
| ४ | साल्मा खोला पुल | ४८८०१.५२ | | १४१४२.२७ | ३४६५९.२५ |
| ५ | भैसेडी पक्कि पूल, बारेकोट | | | | |
| ६ | लामातडा वेलिब्रिज पुल निर्माण छेडागाड-६ र जुँनिचादे ५ | ३६८०४.४७८ | | ९८१३.१२ | २३७९१.३५ |
| ७ | छेडागाड मनाघाट वेलिब्रिज छेडागाड नगरपालिका १ र १२ जाजरकोट | २०१८९.८६८ | २०८३/०३/१५ | १६१९३.५९ | ३९९६.२८ |
| सडक तर्फ | | | | | |
| १ | खार्पुनाथ— चुवाखोला देखी टापु लेख सडक योजना | २००८१६.२८ | २०८३/०३/३० | १७९०५१.०० | २१७६५.२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सर्केगाड-मारघारे-खार्पुनाथ-सिमकोट सडक | १५५८३१.९६ | २०८३/०३/२९ | ८१०३५.०० | ४९७९६.९६ |
| ३ | यांगर गेरुंग पनि देखि मुचु तुम्कोट सडक हुम्ला | ४००१२. | २०८४/०१/०४ | ०.०० | ३६३१२.०० |
| **सडक पुल तर्फ** | | | | | |
| १ | लालिबगर औलाथली मोटोरेबल पुल | १६१३६४ | २०८४/०२/११ | ०.०० | १४८८६४.०० |
| २ | याँचु बजार(पालिका केन्द्र) देखि तुमलिक मोटरेवल पुल,खार्पूनाथ गा.पा. हुम्ला सडक पुल | १९४०४९.२५ | २०८४/०२/११ | ०.०० | १६५०४९.२५ |
| **पुर्वाधार विकास कार्यालय, जुम्ला** | | | | | |
| **सडक निर्माण तर्फ** | | | | | |
| १ | जुम्ला एरपोर्ट ,उर्थु, खालि न्याउरीघाट, वुलवुले मुगु सडक | ३४२०८२.६८ | ०२/१५/२०८२ | २४३६२३.९२१ | ७४५९० |
| २ | जुम्ला दानसाधु (चुत्रा(काइगाउ(डोल्पा सडक | १७०१५१.०० | ०७/१९/२०८२ | १५२८६७.९८८ | ० |
| **सडक पुल तर्फ** | | | | | |
| १ | लुम पुल | ५६४०४.७९९ | ०३/२०/२०८३ | २२७०१.१९३ | २७३००.०८ |
| २ | न्याउरीगाड पक्कि पुल (हिमा नदि) | ५५४८६.२४८ | ०३/२०/२०८३ | २५०५१.२ | २३६३३.९५ |
| ३ | अमगाडा वेली ब्रिज | ३६०२४.२३ | ०२/२०/२०८४ | ६५६०.८ | २६६१७.९४ |
| ४ | मोफ्ला लारदह पुल निर्माण हिमा ३ | ३५२६६.५७ | ०२/२०/२०८४ | ६३९४ | २५९७४.०३ |
| | | | | | |
| **पुर्वाधार विकास निर्देशनालय, सुर्खेत** | | | | | |
| **सडक निर्माण तर्फ** | | | | | |
| १ | बड्डीचौर बिम्रेनी बाबियाचौर विद्यापुर सडक निर्माण | ४२४७६१ | ०८३।०२।१५ | ११९२८१.३६५ | २०६२७६ |
| २ | रानीघाट तेलपानी भुरीगाउँ सडक | १३०२६९ | ०८२।१०।२२ | ११४३८.१५५ | ९२३०३ |
| ३ | सुर्खेत, धरमपोखरा, अवलचिङ, ढांडखेत, रानीवास, रहकूल, बादासाल , छिञ्चु जाजरकोट जोड्ने सडक | २१६४६० | ०८२।०३।१५ | २१५४२०.१०७ | -२०८२ |
| ४ | मंगलगढी कांक्रेविहार सडक योजना | १२७६१५ | ०८२।०९।१२ | १२४७३७.७३३ | ११८४४ |
| ५ | कुइने जामु बाबियाचौर भक्तरी जगलघाट सडक | १०९२२४ | २०८२/६/१२ | ८८७१०.२१५ | १९७८२ |
| | कुइने जामु बाबियाचौर भक्तरी जगलघाट सडक | १४७९१२ | ०८२/९/३० | ११४८२०.१४ | १८१०० |
| ६ | धरमपोखरा पातिकाल्ना ठाँटीवजार मौलोहाले चिप्लाकाँध खनेटा सडक स्तरोन्नती तथा निर्माण सुर्खेत | २६८७६ | ०८२।०२।१५ | २५७५२.९७२ | -२२९६ |
| ७ | लखरपाटा खाम्बागाडे मुरसुरी जामु सुनागाढा सडक पंचपुरी | ५१०३८ | ०८३।०४।१४ | ८३३३.५१६ | १७०३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | मूलपानी-फलाँटे-रानिघाट सडक स्तरोन्नती वीरेन्द्रनगर २ र ३ सुर्खेत | १८५२२४ | ०८३।०९।३० | | १२१९५० |
| ९ | छेडा- गढी लेखगाउँ-श्रीचौर कल्याण काँध सडक निर्माण | ७९८८० | ०८३।०३।१५ | | ३८०८० |
| १० | जहरे लेकझिङ्गनी सडक निर्माण, भेरीगंगा नपा ९,६,५ | ३०५८४ | ०८२।०९।३० | | -२९७१ |
| **सडक पुल तर्फ** | | | | | |
| १ | शान्तीनगर बुलबुले टोल जोड्ने सडक पुल वी न पा १० | ११०६७ | ०८२।०३।१५ | ८८०७.७६५ | १२६० |
| २ | मिलनचोक देखि पर्सेनी सडक अन्तर्गत पर्सेनी खोलामा कल्भर्ट निर्माण वि.न.पा ०९ | १२१४६ | ०८२।०२।१५ | ४८५५.८७४ | ४७९० |
| ३ | गणेशचोक खारखोली पुल निर्माण | १५३६९ | ०८२।१२।१५ | ४९५७ | ४३३४ |
| ४ | कैलाशटोल करेखोला वडा कार्यालय जोड्ने देवस्थान टोल सुकौरा खोला पक्की पुल | १२३५७ | ०८२।१२।१२ | ४८७९.६५५ | ५३०९ |
| ५ | तिखाकुना खोला पक्की पुल | ५१३३६ | ०८४।०२।३० | १५१८०.२५४ | २२४३६ |
| ६ | तल्लो करेली पक्की पुल निर्माण भेरीगंगा १३ | १८७७५ | ०८३।०१।३० | ४८०८.६९४ | ३९६६ |
| **झोलुङ्गे पुल** | | | | | |
| १ | गोपीतरा खोलामा झोलुँगे पुल, वि.न.पा. १६ | ११७४ | ०८२।१०।१० | १७९७.४ | -६२३ |
| २ | कालपानी खोला (जरायपानी र रातापानी जोड्ने)झोलुङ्गे पुल निर्माण भेरीगंगा २ सुर्खेत | २३१० | ०८२।१०।१३ | २२३८.४ | ७२ |
| ३ | शिवशक्ति धाम चिउरीखेत झोलुङ्गे पुल निर्माण पंचपुरी २ सुर्खेत | १९८५ | ०८२।१०।२० | १७६५.८ | २१९ |
| ४ | भेरी लाग्ने ट्रस पुल चौकुने ७, सुर्खेत | ७५३ | ०८२।१०।१३ | १५४५.४ | -७९२ |
| **भवन निर्माण तर्फ** | | | | | |
| १ | कृष्ण प्रसाद भट्टराई स्मृति प्रतिष्ठान भवन निर्माण | ७६४४५ | ०८२।११।३० | ४७७१५ | -५२२१५ |

*स्रोतः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय*

### ६.४ चालु आ.व. मा भौतिक पूर्वाधार सम्बन्धि आयोजनाहरूको कार्यान्वयन अवस्था

| मन्त्रालय/कार्यालयको नाम | २०८२ पौष मसान्त सम्मको सालबसाली आयोजना कार्यान्वयन सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्नुपर्ने आयोजना संख्या | कार्यान्वयनमा गएका आयोजना संख्या | कार्यान्वयन हुन बाँकी आयोजना संख्या | समर्पण गर्न सकिने आयोजना संख्या | समर्पण गर्न सकिने रकम (रु. हजारमा) |
| पूर्वाधार विकास निर्देशनालय, सुर्खेत | ९५ | ७० | २५ | १६ | १४०८०० |
| ग्रामिण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन ईकाई(RCIP) | १ | ० | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रादेशिक तथा स्थानिय सडक सुधार कार्यक्रम, प्रादेशिक आयोजना व्यवस्थापन इकाई(PPMU), सुर्खेत | ० | ० | ० | ० | |
| पूर्वाधार विकास कार्यालय, जाजरकोट | ५२ | ४४ | ८ | ९ | ३२५०० |
| पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिम | ४९ | २५ | २४ | १० | ६३००० |
| पूर्वाधार विकास कार्यालय, कालिकोट | २२ | २२ | ० | ० | |
| पूर्वाधार विकास कार्यालय, डोल्पा | ५७ | ३७ | २० | २ | २६५०० |
| पूर्वाधार विकास कार्यालय, जुम्ला | ४१ | २५ | १६ | ३ | १३५०० |
| पूर्वाधार विकास कार्यालय, दैलेख | ७२ | ६१ | ११ | १० | ७१५०० |
| पूर्वाधार विकास कार्यालय, सल्यान | ३५ | ३३ | २ | २ | १३५०० |
| पूर्वाधार विकास कार्यालय, मुगु | १८ | १२ | ६ | ५ | ४९००० |
| पूर्वाधार विकास कार्यालय, हुम्ला | ३२ | १५ | १७ | ० | |

*स्रोतः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय*

## ७. बेरुजुको विवरणः

तालिकाः मन्त्रालय र मातहतका निकायहरुको बेरूजुको अवस्था (२०८२ पौष मसान्त सम्म)

**(रकम रू हजारमा)**

| हालसम्मको जम्मा | कुल असुल गर्नुपर्ने बेरुजु | असुल भएको बेरुजु | असुल गर्न बाकी बेरुजु |
|---|---|---|---|
| २५७५७०० | २१११२० | २०८५८ | १९०२६१.५३ |

*स्रोतः भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय*

## ८. नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनको अवस्था

८.१ मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रममा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरुः

| बुँदा नं | नीति तथा कार्यक्रममा उल्लेख भएको बिषय | कार्यान्वयनको अवस्था/उपलब्धि |
|---|---|---|
| २८ | प्रदेश लोकमार्ग तथा मार्गहरुको प्राथमिकीकरण सहित प्रादेशिक सडक गुरुयोजना तयार गरिने | प्रादेशिक सडकगुरुयोजना स्वीकृत भएको। |
| २८ | सङ्घीय सरकारको सहयोग र समन्वयमा कर्णाली प्रदेशको रणनीतिक महत्वको रूपमा रहेका कर्णाली राजमार्गको स्तरोन्नति तथा कर्णाली र भेरी करिडोर सडक आयोजनालाई तदारुकताका साथ निर्माण गर्ने | कर्णाली प्रदेश सरकारबाट अनुरोध भई संघीय सरकारको निकायबाट कार्यान्वयन भैरहेको । |
| २९ | नयाँ सडक निर्माण गर्ने, परिपाटीलाई निरुत्साहित गर्दै सडक पूर्वाधारको स्तरोन्नति र सडक निर्माण गर्दा जलपुनर्भरण प्रणाली समावेश गर्ने | नियमित तथा आकस्मिक सडक मर्मत मापदण्ड तर्जुमा भएको। उक्त कार्यका लागि सम्बन्धित पूर्वाधार कार्यालयहरुमा बजेट विनियोजन भएको । |

| | | |
|---|---|---|
| २९ | सडक सञ्जालमा नजोडिएका स्थानीय तहका केन्द्रलाई राष्ट्रिय तथा प्रादेशिक सडक सञ्जालसँग जोड्ने | प्रादेशिक सडक गुरुयोजना स्वीकृत भएको । कालिकोट जिल्लाको महाबु जोडने सडकको बोलपत्र आव्हान भएको। अन्यको हकमा बोलपत्र तयारीको चरणमा रहेको। |
| २९ | सडकको आकस्मिक तथा नियमित मर्मत सम्भार गर्न आवश्यक एक्साभेटर, रोलर, ट्रिपर लगायतका हेभी इक्युपमेन्ट र पूर्वाधार एम्बुलेन्सको व्यवस्था | प्राथमिकतामा रहेको र आगामी आर्थिक वर्षमा कार्यान्वयनमा रहेको। |
| ३० | भौतिक पूर्वाधार लगायत प्रदेशको प्राथमिकताका क्षेत्रमा सार्वजनिक निजी साझेदारी मोडेललाई प्रोत्साहन | कर्णाली प्रदेश सार्वजनिक नीजि साझेदारी नियमावली, २०७८ तर्जुमा भएको । प्रदेश सरकारबाट लगानी सम्मेलन गर्ने घोषणा भएको । |
| ३१ | भूकम्प प्रभावित जिल्लाका स्थानीय तहमा सीप विकास तथा पुनर्निर्माण | जाजरकोट, सल्यान र रुकुम-पश्चिममा भुकम्पबाट क्षतिग्रस्त विद्यालय र स्वास्थ्य चौकिहरुको पुननिर्माण कार्य सञ्चालनमा रहेको । |
| ३२ | नेपाल सरकारबाट संकटग्रस्त क्षेत्र घोषणा भएका बस्तीलाई स्थानीय तहको समन्वयमा सुरक्षित स्थानमा स्थानान्तरण गरीसुरक्षित एवम् व्यवस्थित बस्ती विकास | संकटग्रस्त वस्ती व्यवस्थापन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० तर्जुमा भएको। |
| ३३ | वीरेन्द्रनगर, सुर्खेतलाई स्वच्छ, सुन्दर र व्यवस्थित शहरको रुपमा विकास गर्न प्रदेश राजधानी विकास कार्यक्रम र एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माण | एकिकृत प्रशासकिय भवनको बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको । |
| ३४ | सडक सुरक्षा, ट्राफिक व्यवस्थापन र सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक मादपण्ड तथा रणनीति तर्जुमा गरी कार्यान्वयन | कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८१ तर्जुमा भएको । नियमावली तर्जुमाको चरणमा रहेको । सडक सुरक्षा कार्यक्रम कार्यान्वयनमा रहेको छ । |
| ३५ | प्रदेशमा नै सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) छपाई तथा वितरण  तथा सवारी चालक प्रशिक्षण केन्द्रहरुको नियमनलाई व्यवस्थित गर्न आवश्यक मापदण्ड | छपाई तथा मुद्रण सम्बन्धि अधिकार संघीय सरकारको रहेको हुँदा स्मार्ट कार्ड छपाई मुद्रण विभागबाट छपाई भैरहेको । |

**८.२ मन्त्रालयसँग सम्बन्धित बजेट वक्तब्यमा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरु:**

| बुँदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको बिषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ८४ | लोकमार्ग तथा अन्य मार्गहरूको प्राथमिकीकरण सहित प्रादेशिक सडक गुरुयोजना तयार गरी  सडकहरूको प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन | प्रादेशिक सडक गुरुयोजना स्वीकृत भएको । |
| ८५ | अन्तरप्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखी निर्माण कार्य अगाडी बढाइनेछ। यस अन्तर्गतका | अन्तरप्रदेश जोड्ने सडक अन्तर्गतका मुलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडक, कालीकोट- |

| | | |
|---|---|---|
| | मुलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडक, कालीकोट-लालु-लैफु-कोटवाडा-राष्कोट-रामारोशन सडक, रारा-सेरी-सुकाढिक-धुराचौर-बाजुरा सडक र सल्यान खलङ्गा-कालिमाटी-घुईयावारी-काप्रेचौर-खर्कवार-कोहलपुर सडक निर्माण तथा स्तरोन्नति गरिने | लालु-लैफु-कोटवाडा-राष्कोट-रामारोशन सडक, रारा-सेरी-सुकाढिक-धुराचौर-बाजुरा सडक र सल्यान खलङ्गा-कालिमाटी-घुईयावारी-काप्रेचौर-खर्कवार-कोहलपुर सडक निर्माणाधिन अवस्था रहेको । |
| ८६ | विश्व बैङ्कको सहयोगमा सञ्चालन हुने प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत प्रादेशिक सडक सञ्जालको स्तरोन्नति कार्यका लागि प्रथम चरणको रूपमा डुङ्गेश्वर-डाँडापराजुल सडक डुङ्गेश्वर दैलेख र गल्फागाड-थाडाँकटे अदानचुली हुम्ला सडक स्तरोन्नति | कार्यान्वयन भैरहेको । |
| ८७ | कर्णाली प्रदेशभित्रका हालसम्म पनि सडक सञ्जालसँग जोडिन बाँकी रहेका स्थानीय तहहरूको केन्द्र जोड्ने सडक निर्माण | कालिकोट जिल्लाको महाबु जोडने सडकको बोलपत्र आव्हान भएको । अन्यको हकमा बोलपत्र तयारीको चरणमा रहेको । |
| ८८ | एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित ग्रामीण सडक सञ्जाल आयोजना अन्तर्गत खरिद प्रकृया सम्पन्न भइ निर्माण कार्य सुरू हुन लागेका मोर्क-चड्खिला-बडावन-सानाखोला सडक जाजरकोट, दशरथपुर डाँडागाउँ-जितेजुवा-ढाडखेत-मटेला-धरमपोखरा सडक सुर्खेत, चौरजहारी-नार्जी-खोलागाँउ-चौथा-वैरागीठाँटी-मुसिकोट सल्ले सडक निर्माण | कार्यान्वयनमा रहेको । चालु आ.व.मा सम्पन्न हुने। |
| ८९ | स्थानीय तहको केन्द्रदेखि मौजुदा मुख्य सडक सञ्जाल वा जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण | निर्माणाधिन अवस्थामा रहेको । |
| ९४ | अन्तर जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण कार्यलाई उच्च प्राथमिकता | निर्माणाधिन अवस्थामा रहेको । |
| ९५ | सडक सञ्जाललाई सबै नागरिकको सहज पहुँच पुर्‍याउन स्थानीय तहको केन्द्रदेखि बडा केन्द्रसम्म जोड्ने सडक निर्माण | निर्माणाधिन अवस्थामा रहेको । |
| ९६ | राष्ट्रिय गौरव र कर्णाली प्रदेशको रणनीतिक महत्वको रुपमा रहेको कर्णाली राजमार्गको स्तरोन्नती तथा कर्णाली र भेरी कोरिडोर सडक आयोजनालाई तदारुकताका साथ कार्यान्वयन गर्न सङ्घ सरकारसँग आवश्यक समन्वय | कर्णाली प्रदेश सरकारबाट अनुरोध भई संघीय सरकारको निकायबाट कार्यान्वयन भैरहेको । |
| ९७ | कर्णाली प्रदेशमा हुन गइरहेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई मध्यनजर गरी रङ्गशाला आसपासका सडकहरू कालोपत्रे गर्ने कार्य | समयमानै निर्माण सम्पन्न भैसकेको । |
| ९८ | वर्षेनी वर्षातको समयमा डुबानबाट समस्याग्रस्त सुर्खेत विमानस्थल वरपरका क्षेत्रको डुबान समस्या समाधान गर्न बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन हुने गरी सुर्खेत विमानस्थल ढल व्यवस्थापन र सडक स्तरोन्नति | निर्माण सम्पन्न भैसकेको । |

| | | |
|---|---|---|
| ९९ | पूर्वाधार निर्माण कार्यको गुणस्तर अभिवृद्धि गर्न प्रदेश राजधानी वीरेन्द्रनगरमा पूर्वाधार विकास निर्देशनालय अन्तर्गत रहने गरी सुविधा सम्पन्न गुणस्तर परीक्षण प्रयोगशाला निर्माण | पूर्वाधार निर्माण कार्यको गुणस्तर अभिवृद्धि गर्न पूर्वाधार निर्देशनालय, सुर्खेतमा प्रादेशिकस्तरको र पूर्वाधार विकास कार्यालयहरुमा आधारभुतस्तरको प्रयोगशाला स्थापना भई सञ्चालनमा रहेको छ । |
| १०० | वहुवर्षीय तथा स्रोत सुनिश्चितता भइ कार्यान्वयनमा रहेका तथा दायित्व सृजना भएका आयोजनाहरू तोकिएको समयभित्र सम्पन्न गर्ने | समयमानै सम्पन्न गर्ने कार्यालाई प्राथमिकता दिईएको र सो अनुरुपको पहल भएको । |
| १०१ | कार्यान्वयन भइरहेका प्रदेशस्तरीय सडकहरूमा आवश्यकता अनुसार सडक पुल निर्माणलाई प्राथमिकता | कार्यान्वयन भैरहेको । |
| १०२ | प्रदेश राजधानी बीरेन्द्रनगर लगायतका शहरहरूका सडकहरूमा सडक सुरक्षाको लागि आवश्यक सडक सङ्केत, मुख्य मुख्य चोकहरूमा ट्राफिक सङ्केत राख्ने | कार्यान्वयन भैरहेको । |
| १०३ | भौगोलिक रूपले विकट र दुर्गम स्थानहरूका जनताको सेवा पहुँचमा सहजता एवम् सुधार गर्न झोलुङ्गे पुलको महत्वपूर्ण भूमिका रहेको सन्दर्भलाई मध्यनजर गर्दै सङ्घ र स्थानीय तहसँगको सहकार्य गरी आधा घण्टाको हिँडाई दुरी भित्र पहुँच सुविधा पुर्‍याउने गरी झोलुङ्गे पुल निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउन ९० बटा थप झोलुङ्गे पुल निर्माण गरिने | यस आर्थिक वर्षमा ४४ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको । |
| १०४ | सुर्खेत र रुकुम पश्चिम जिल्लामा सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा सञ्चालनका लागि ट्रायल सेन्टर निर्माण गर्न तथा जुम्ला जिल्लामा रहेको ट्रायल सेन्टर मर्मत र प्रदेशमा नै सवारी चालक अनुमतिपत्र छपाई तथा बितरण | रुकुम -पश्चिममा ट्रायल सेन्टर तयार भएको । सुर्खेतमा कार्यान्वयनको चरणमा रहेको । सवारी चालक अनुमति पत्र छपाई मुद्रण विभागबाट भैरहेको। |
| १०६ | भुकम्प प्रभावित जिल्लाहरू जाजरकोट र रुकुम पश्चिमका सरकारी भवनहरूको मर्मत सम्भार कार्य | जाजरकोट, सल्यान र रुकुम-पश्चिममा भुकम्पबाट क्षतिग्रस्त विद्यालय र स्वास्थ्य चौकिहरुको पुननिर्माण कार्य सञ्चालनमा रहेको । |
| १०७ | सङ्घ तथा प्रदेश सरकारको सह-लगानीमा मानसरोबर तथा कैलाश प्रवेशद्वारको रूपमा हुम्लाको सदरमुकाम सिमकोटलाई विकास गरी पर्यटन प्रवर्द्धन गर्न खार्पु-सिमकोट (मानसरोवर प्रवेशद्वार। नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रम सिमकोट हुम्ला र डोल्पाको शे-फोक्सुण्डो ताल किनारमा रहेको प्राचीन बस्ती रिड्मोलाई बौद्ध कला र संस्कृतिको अनुपम बस्तीको रूपमा रूपान्तरण गरी प्राकृतिक तथा धार्मिक पर्यटन केन्द्रको रूपमा विकास गर्ने | निर्माण कार्य भैरहेको । |
| १०८ | कर्णाली प्रदेशभित्रका विपन्न बादी, गाइने, राउटे, बोटे, राजी, दलित, मुसलमान तथा लोपोन्मुख र अति | जनता आवास तथा विपन्नको घर निर्माण कार्यक्रम सञ्चालनमा रहेको । |

| | | |
|---|---|---|
| | सीमान्तकृत जाती वा समुदाय एवम् अन्य जाती वा समुदायका विपन्न वर्गलाई आवासको व्यवस्था गर्ने | |
| १०९ | सङ्घीय सरकारको सहकार्यमा दलित, विपन्न र सीमान्तकृत तथा अल्पसंख्यक समुदायको आवास निर्माणमा सहयोग गर्न सञ्चालित जनता आवास कार्यक्रम संचालन | कार्यान्वयनमा भैरहेको । |
| ११० | प्रदेश राजधानी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बीरेन्द्रनगर सुर्खेतलाई स्वच्छ सुन्दर र व्यवस्थित शहरको रुपमा विकास र प्रदेश सरकारका मन्त्रालयहरूलाई एकीकृत स्थानमा स्थानान्तरण गर्न प्रदेश महत्वको आयोजनाको रूपमा एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माण | एकिकृत प्रशासकिय भवनको बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको । |
| १११ | भवनसँग सम्बन्धित कानुन तथा भवन संहिता निर्माण गरी कार्यान्वयन | तर्जुमाको चरणमा रहेको |
| ११२ | छरिएर रहेको एवम् जोखिमयुक्त बस्तीलाई मध्यनजर गरी एकीकृत तथा सुरक्षित बस्ती विकास कार्यक्रम लाई निरन्तरता | निरन्तरता दिईएको । |
| ११३ | गत वर्ष कार्तिक महिनामा जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लाका क्षतिग्रस्त स्वास्थ्य तथा शिक्षण संस्था लगायतका पूर्वाधार संरचनाहरूको पुनर्निर्माण ,ब्यूल्ड व्याक बेटर (बिबिबि) को मूल मान्यतामा रही यस्ता भवन संरचनाहरू निर्माण गरिने, यसका लागि भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले सम्बत् २०८१ साल भदौ महिनाभित्रै स्पष्ट कार्ययोजना तथा कार्यविधि निर्माण गरी दोस्रो त्रैमासदेखि निर्माण कार्य प्रारम्भ गरिने | जाजरकोट, सल्यान र रुकुम-पश्चिममा भुकम्पबाट क्षतिग्रस्त विद्यालय र स्वास्थ्य चौकिहरुको पुनर्निर्माण कार्य सञ्चालनमा रहेको । |

**९. मन्त्रालय र मातहतका निकायबाट चालु आ.व. को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका प्रमूख कार्यहरू र सो बाट हासिल भएका मुख्य उपलब्धिहरुः**

**९.१ आ.व. को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका प्रमूख कार्यहरू**

- केही कार्यविधि तथा नियमावलीहरूको तर्जूमा
- कम प्रगति भएका ठेक्कासँग सम्बन्धित निर्माण व्यवसायीहरूको बैठक आयोजना गरी निर्माण कार्यलाई गति दिन माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा प्रतिवद्धता
- ४०९ वटा नयाँ आयोजनाहरूको ठेक्का व्यवस्थापन कार्य
- मासिक रूपमा भर्चुअल प्रगति समीक्षा कार्यक्रम
- सुधारका लागि अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषण कार्य

**९.२ आ.व २०८२/८३ को अर्धबार्षिक अवधिमा बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धिहरुः**

- बहुवर्षीय तथा क्रमागत आयोजनाहरूबाट १६.६१ किमी पक्की सडक, ४५.६ किमि ग्राभेल सडक तथा ८३.८३ किमी कच्ची सडक, १८ वटा झोलुङ्गे पुल, ६ वटा सडकपुल एवम् ४५ वटा आवास इकाई निर्माण सम्पन्न।
- यातायात क्षेत्रबाट २०.६६ करोड राजस्व सङ्कलन, ९३६ स्मार्ट सवारी चालक वितरण, ५५६ चारपाङ्ग्रे तथा २१९७ दुईपाङ्ग्रे सवारी साधन दर्ता आदि

## १०. चालु आ.व. को बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरुः

- कर्णाली प्रदेश यातायात व्यवस्थापन नियमावली स्वीकृति र कार्यान्वनयन
- कर्णाली प्रदेश लोकमार्ग विधेयक स्वीकृति
- थप ११३ किमी पक्की सडक निर्माण, २४ वटा झोलुङ्गे पुल तथा २२ वटा सडकपुल निर्माण एवम् २५० वटा आवास इकाई निर्माण गर्ने
- थप १६.३९ करोड राजस्व सङ्कलन, ६४०० स्मार्ट सवारी चालक वितरण आदि

## ११. बजेट कार्यान्वयनको क्रममा देखिएका समस्या तथा चुनौतीहरु

| क्र.सं. | मुख्य मुख्य समस्याहरु | समाधानका लागि गरिएका पहलहरु |
|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको प्रक्रिया पूरा नगरी खरिद प्रक्रियामा गएका आयोजनाहरूको कारण निर्माण कार्यमा व्यवधान हुनु । मन्त्रालयमा वातावरण सम्बन्धी विज्ञ कर्मचारीको अभावका कारण वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिमा ढिलाइ हुनु | सीमित जनशक्तिका बाबजुद पनि वन तथा वातावरण मन्त्रालय सँगसमन्वय गरि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति गरी खरिद कार्य अगाडि बढाउने कार्य भइरहेको छ। |
| २ | संगठन संरचना वैज्ञानिक हुन नसक्नु, कार्यचापको तुलनामा प्राविधिक दरबन्दी अत्यन्त न्यून हुनु, दरबन्दी रिक्त हुनु | करार र मष्टरोलबाट कहिहद सम्म कार्यसम्पादनमा सहजता भएता पनि पछिल्लो दिनमा चुनौति थपिएको। संगठन र व्यवस्थापनमा लागि छलफल शुरु गरिएको |
| ३ | प्रदेश सरकारबाट निर्माण भएका सडकहरूको संख्या बर्सेनी बढ्दै गएको तर सो को तुलनामा मर्मत संभारमा प्रयाप्त बजेट विनियोजन नहुँदा र आफ्नो साधन नहुँदा बाढी पहिरोको कारण बाटो अबरुद्ध भएको खण्डमा तत्काल बाटो खुलाई यातायात सुचारु गर्न कठिनाइ भइरहेको। निर्माण कार्यको गुणस्तर कायम राख्न समस्या | सुर्खेतमा ल्याबको स्थापना गरी काम सुरु गरिएको, अन्यत्र पनि ल्याब स्थापना गर्न प्रस्ताब गरिएको। सबै पूर्वाधार कार्यालयहरूमा कम्तीमा एक जना ल्याब टेक्निसियनको दरबन्दी राख्न सुझाब दिइएको तर दरवन्दी स्वीकृत नहुदा कार्यमा जटिलता रहेको। दिगो, भरपर्दो र सुरक्षित सडक निर्माणका लागि Road Maintenance Guideline तयार गरि आर्थिक मामिला तथा अर्थ मन्त्रालयमा पठाईएको । |
| ४ | शहरी क्षेत्रमा खानेपानी, बिजुली, टेलिफोन लगायतका पोल तथा पाइपहरू स्थानान्तरण गर्न ढिलाइ हुँदा निर्माण कार्यमा समस्या भएको | सम्वन्धित निकायसँग निरन्तर समन्वय गरि कार्य गरिदै आएको |
| ५ | आयोजनाको कार्यान्वयनमा जग्गाप्राप्ती तथा घरटहरा हटाउन नसक्दा विवादको सामना गर्नुपरेको, काममा ढिलाइ भएको | स्थानीय प्रशासन, पालिका तथा जनप्रतिनिधिहरूसँग समस्या समाधानका लागि पटक पटक अनुरोध गरिएको। बैदेशिक सहयोगबाट सञ्चालित आयोजनामा |

| | | |
|---|---|---|
| | | संघीय सरकारलाई जानकारी गराईएको। जाजरकोट, रुकुम, दैलेख र हुम्लामा कार्यान्यिवन भैरहेका PLRIP, RCIP-AF Project मा समस्या भएको |
| ६ | निर्माण व्यवसायीहरूले कामको सम्झौता गर्ने तर काम नगर्ने प्रवृत्तिले गर्दा काममा प्रगति कम हुने, आयोजनाहरू रुग्ण हुँदै जाने | निर्माण व्यवसायीलाई पटक पटक पत्राचार गरिएको, टेलिफोनबाट समेत ताकेता गरिएको, मन्त्रालयमा मा. मुख्यमन्त्रीज्यूको, मन्त्रीज्यूको समुपस्थितिमा १० वटै जिल्लाका रुग्ण आयोजनासँग सम्बन्धित निर्माण व्यवसायीहरुसँग अन्तर्क्रिया पटक पटक गरिएको । |
| ७ | हुम्ला, मुगु, कालिकोट, डोल्पा लगायतका कतिपय जिल्लामा कडा चट्टान फोर्नको लागि ब्लास्टिङ गर्नुपर्ने तर यसका लागि विष्फोटक पदार्थ खरिद, ढुवानी, भण्डारण र प्रयोगमा हुने झंझटिलो व्यवस्थाले काममा अत्यन्त असर पर्ने | हाल नेपाली सेनालाई सहयोगका लागि अनुरोध गरी कार्य भईरहेको। कार्य सरलीकरणका लागि सम्बन्धित निकायमा बारम्बार अनुरोध गरिएको |
| ८ | लामो समयदेखि सुर्खेतमा सवारी लाईसेन्स परिक्षा अगाडी वढ्न नसकेको । | हाल सवारी लाईसेन्स परिक्षा सुचारु भैरहेको । |

## १२. सुधार गर्नुपर्ने क्षेत्रहरु

- पूर्व तयारी भएका आयोजनाहरू मात्र छनोट गरी योजना बैंकमा प्रविष्टि तथा वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने कार्य
- बहुवर्षीय तथा स्रोत सुनिश्चितता भएका आयोजनाहरूमा प्रयाप्त बजेट विनियोजन गरेर मात्र नयाँ आयोजनाहरूमा बजेट विनियोजन गर्नुपर्ने कुरा
- आवधिक तथा नियमित मर्मतका लागि प्रयाप्त बजेट विनियोजन तथा कार्यान्वयनका कुरा
- अन्तर मन्त्रालय समन्वय तथा सहजिकरण

## २.४ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

### १. पृष्ठभूमीः

कर्णाली तिला र भेरी नदीमा गरिएको सम्भाव्यता अध्ययन अनुसार जलविद्युत उत्पादन क्षमता करिब १८ हजार मेघावाट रहे तापनि कर्णाली प्रदेशबाट हालसमम्म ११ मेघावाट जलविद्युत मात्र राष्ट्रिय ग्रीडमा आवद्ध छ। जलविद्युत सेवाको पहुँच प्रदेशको २८ प्रतिशत जनतामा मात्र पुगेको छ। अतः प्रदेशको सबै घरधुरीमा विद्युत सेवाको पहुँच पुऱ्याउन, कृषि, उद्योग र सेवा क्षेत्रमा बढ्दै गएको मागलाई सम्बोधन गर्न एवम् विद्युतमा आत्मनिर्भर भई निर्यात समेत गर्न प्रदेशको अपार जलविद्युत क्षमतालाई सदुपयोग गर्न आवश्यक छ। वैकल्पिक र नवीकरणीय ऊर्जाको क्षेत्रमा भएको नवप्रवर्तन र प्रगतिबाट प्रदेशले फाइदा लिन सकिने देखिएको छ। हाल प्रदेशको कुल ऊर्जा खपतमा वैकल्पिक ऊर्जाको योगदान ३९.५ प्रतिशत रहेको छ। वैकल्पिक ऊर्जाको उपयोगबाट छरिएर रहेका गाउँ बस्तीहरुलाई उज्यालो पार्नुका साथै नागरिकहरुको ऊर्जाको आवश्यकता सुपथ र सुलभ रुपमा पूरा गर्न सकिन्छ। प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विकास गरी प्रदेशको ऊर्जाको आवश्यकतालाई पुरा गर्नेछ।

कर्णाली प्रदेशको खेतीयोग्य जमीनको १५.५ प्रतिशतमा मात्र वर्षैभरी सिंचाई सुविधा उपलब्ध छ। हिमाली र उच्च पहाडी भूभाग बढि भएको यस प्रदेशमा केही न्यून मात्रामा भएपनि भित्री मधेश रहेको यस प्रदेशमा परम्परागत सतह सिंचाईबाट जम्मा ३० हजार ३९६ हेक्टर जमीनमा मात्र परम्परागत सिंचाई सेवा उपलब्ध हुन सक्ने देखिन्छ भने थप ६९ हजार ५९७ हेक्टर जमीनमा लिफ्ट सिंचाई प्रणालीको मर्मत-सम्भार गराउनु पर्ने देखिन्छ। हालका दिनमा परम्परागत सिंचाई प्रणालीको मर्मत सम्भार तथा नयाँ प्रविधिमा आधारित सिंचाई प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको बिस्तार हुँदै आइरहेको छ। योजना अवधिमा सिंचाई हुन बाँकी खेती भइरहेको तथा खेतीयोग्य जमिनलाई हिमाली क्षेत्रको हिउँ संकलन पोखरी, पहाडी भूमिगत जलस्रोतको उपयोग तथा सबै स्थानमा वर्षातको पानी संकलन पोखरी, मूलको पानी संकलन पोखरी जस्ता वैकल्पिक उपायहरु मार्फत सिंचाई सेवा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्नेतर्फ प्रयास केन्द्रित रहनेछ।

मानव जीवनको लागि अत्यावश्यक सेवामा पर्ने खानेपानी तथा सरसफाई सेवा मध्ये हालसम्म यस प्रदेशमा आधारभूत खानेपानी सुविधामा ८६.२ प्रतिशत जनसंख्याको पहुँच पुगिसकेको छ। कर्णाली प्रदेशका सबै जिल्ला खुला दिसामुक्त घोषणा भई आधारभूत सरसफाई सुविधाको उपयोग गरिरहेका छन्। नागरिकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको सेवाहरु सुनिश्चित गर्नको लागि खानेपानी तथा सरसफाई सुविधा दिगो, भरपर्दो, सर्वसुलभ हुन जरुरी छ। यसरी दिगो र भरपर्दो आधारभूत खानेपानी सरसफाई सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्यका साथै दिगो विकास लक्ष्य हासिल गर्न यस प्रदेशले धेरै प्रयास गर्नुपर्ने देखिन्छ।

### २. दीर्घकालीन सोच

- जलविद्युतको उत्पादन तथा उपयोगबाट समृद्धि।
- वैकल्पिक ऊर्जा विकास मार्फत ऊर्जामा पहुँच बिस्तार।
- दिगो सिंचाई व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धि।
- स्वच्छ,सुलभ र सुरक्षित खानेपानी,सफा सुग्घर वातावरण।

### ३. लक्ष्यः

- जलविद्युतको विकास गरी तीव्र आर्थिक विकास गर्ने।
- वैकल्पिक ऊर्जाको उत्पादन बढाई स्वच्छ ऊर्जामा पहुँच सुनिश्चित गर्ने।

- कृषियोग्य भूमिमा बाह्रैमास सिँचाई सुविधा उपलब्ध गराउने।
- आधारभूत खानेपानी र सरसफाई सेवा सबै नागरिकहरुलाई उपलब्ध गराउने।

**४. रणनीतिक उद्देश्यहरुः**

- जलविद्युतको उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु,
- न्यून कार्वन उत्सर्जन गरी वातावरण संरक्षण तथा दिगो विकासमा टेवा पुर्‍याउनु,
- परम्परागत तथा आधुनिक सिँचाई प्रविधिको उपायोग गरी अधिकतम् कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराउनु।
- सवैका लागि आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बस्तीहरुलाई सफा सुग्घर बनाई पूर्ण सरसफाई तर्फ अग्रसर बनाउनु।

**५. रणनीतिहरुः**

- संघसँगको समन्वयमा ठूला जलविद्युत आयोजनाहरु निर्माणका लागि आवश्यक पर्ने नीति नियम निर्माण गरी लगानी जुटाउन पहल गर्ने।
- विद्युत उत्पादनलाई राष्ट्रिय प्रसारण ग्रीडमा प्रवाह गर्न प्रसारण लाइनहरु निर्माण गर्ने।
- प्रदेश सरकारको अगुवाइमा प्रदेशस्तरीय जलविद्युत आयोजनाहरु सञ्चालन गर्ने।
- वैकल्पिक ऊर्जाको विकास र बहुउपयोग वृद्धि गर्ने।
- स्थानीयवासीमा वैकल्पिक ऊर्जाको विकास र प्रयोगको लागि क्षमता अभिवृद्धि गर्ने।
- सिँचाई विकासको नीति तथा गुरुयोजना तयार गर्ने।
- सिँचाइमा नयाँ प्रविधिको प्रयोग गर्ने।
- सिँचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्ने।
- आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने।
- सामुदायिक सहभागितामा सरसफाइलाई अभियानका रुपमा सञ्चालन गर्ने।
- मौजुदा खानेपानी सेवालाई स्तरवृद्धि गरी क्रमिक रुपमा मध्यम तथा उच्च स्तरको बनाउदै लैजाने।

**६. कार्यक्षेत्र**

- प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाई, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन र खानेपानी तथा सरसफाई सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन संचालन, मर्मत सम्भार, समन्वय र नियमन गर्ने।
- प्रदेशस्तरमा ऊर्जा विद्युत खानेपानी तथा सिँचाई सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन गर्ने।
- ऊर्जा, विद्युत, सिँचाई खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन गर्ने।
- राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, संचालन, संभार र व्यवस्थापन गर्ने।
- प्रदेश भित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा कार्यान्वयन, अनुगमन र संचालनमा समन्वय गर्ने।

- प्रदेश भित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र संचालनमा समन्वय गर्ने।
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन गर्ने।
- मौसम र जलमापन संचार सञ्जालन र व्यवस्थापन गर्ने।
- जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन गर्ने।

## ७. अर्धवार्षिक वित्तिय र भौतिक प्रगति विवरण

### ७.१ कुल विनियोजन र अर्धबार्षिक खर्चको अवस्था

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण

(रु. हजारमा)

| शिर्षक | आ.व. २०८२/८३ | | | आ.व. २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | २७४५६५ | ९८८०८ | ३६ | २५९४१३ | ८२६७७ | ३१.८७ |
| पुजीगत | ३५५५७९३ | १९२९७३ | ५.४३ | २६०९००३ | १४८२१३ | ५.६८ |
| जम्मा | ३८३०३५८.०० | २९१७८१ | ७.६२ | २८६८४१६ | २३०८९० | ८.०५ |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

### ७.२ बहुवर्षिय आयोजनाको प्रगति

तालिकाः मन्त्रालय अन्तर्गतका बहुबर्षिय आयोजनाको आ.व. २०८२/८३ पौष मसान्तसम्मको वित्तीय प्रगती विवरण

| बहुवर्षीय आयोजनाको नाम | सम्झौता रकम | हालसम्म भुक्तानी रकम | भुक्तानी बाँकी दायित्व | ठेक्का अवधि/समय | कैफियत |
|---|---|---|---|---|---|
| खानेपानी, सिँचाई तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेत | | | | | |
| कार्यालय भवन तथा आवास सुधार कार्यक्रम खानेपानी, सिंचाई तथा उर्जा विकास निर्देशनालय, सुर्खेत | १,१६,८६,८५० | ६९२०९३६ | ४७६५९१४ | ०३/१५/२०८२ | |
| सोमैचे भ्यागुते सिंचाई योजना, पंचपुरी न.पा | १०३३९३५९ | १०२०९९४३ | - | २०८२/०२/१८ | ठेक्का सम्पन्न |
| राक्से सिंचाई योजना, सिम्ता गा.पा.-२, सुर्खेत | १४६६१७२३ | १४८७३५०३ | - | २०८२/०६/१५ | ठेक्का सम्पन्न |
| डंगखोला भुड़ेभावर सिंचाई योजना, चौकुने गा.पा.-०४ | १५६४६६३६ | ५६५०५५८ | ९९९६०७७ | २०८२/११/३० | |
| घोक्रेनी सिंचाई योजना, वीरेन्द्रनगर न.पा.-०९ | | | | | |
| तिलपुर सिंचाई योजना, वीरेन्द्रनगर न.पा.-०९ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| लखरपाटा खानेपानी आयोजना, वराहताल गा.पा.०७ | १८३२९०५५ | १७५८०४२५ | ७४८६३० | २०८२/११/३० | |
| घागसे लिफ्ट सिंचाई योजना, लेकबेंसी न.प.-९, | | | | | |
| निकाश खोला नदि नियन्त्रण, वीरेन्द्रनगर न.पा. २ र ९, | ३९३०७९८३ | ३५९०१०९२ | ३४०६८९० | २०८२/०९/२५ | |
| **खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, सल्यान** | | | | | |
| धारापानी लिफ्ट खानेपानी योजना, बागचौर ५ | १३२०२७७५ | ८८४९५२० | ४३५३२५५ | २०८२/०९/२५ | |
| **खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, दैलेख** | | | | | |
| भाब्र खरिगैरा दबडा सिंचाई योजना महाबू-१, दैलेख | ६३४१३२९ | ३७५०६७७ | २५९०६५२ | २०८३/०२/३० | ८०% प्रगती भएको |
| ठुलाखोला गैरीगाउँ सिचाई योजना ठाटिकाँध-४ दैलेख | २६२८०००० | २६२८०००० | ० | - | ठेक्का सम्पन्न |
| **खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, कालिकोट** | | | | | |
| रास्कोट वृहत खानेपानी प्रशोधन केन्द्र रास्कोट न पा | १५९८१८०० | ५३७४२७६ | १०६०७५२४ | २०८३/०३/१५ | |
| भेरेखोला देखि घट्टेखोला सिचाइ योजना नरहरीनाथ गा पा ९ | १५४५३६६८ | ११३०९१३६ | ४१४४५३२ | २०८२/१०/३० | |
| **खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, जुम्ला** | | | | | |
| उठिलिया एरेनी सिंचाई योजना चन्दननाथ नपा ९ र तातोपानी गापा ५ | ५१२२२००० | ४०५००००० | १०७२२००० | २०८३/०२/२८ | |
| खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, मुगु | | | | | |
| कालै गाउँ खानेपानी योजना सोरु गा पा ९ | - | - | - | - | सम्झौता नभएको |
| बडाभिर थुमबाडा बामगाउँ खानेपानी योजना, छायानाथ रारा न पा १४, | - | - | - | - | सम्झौता नभएको |
| **खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, जाजरकोट** | | | | | |
| कार्यालय भवन निर्माण कार्य | २८५१७१७६ | ५७१४५९ | २७९४५७१७ | २०८३/०३/३० | ठेक्काको दायित्व |
| ओखता मुलपानी काडाँ लिफ्ट खानेपानी योजना, छेडागाड १२ | २१५१०४३४ | ९१२००३५ | १२३९०३९८ | २०८३/०२/१९ | ठेक्काको दायित्व |
| भालमारे सिमेनि हुदै जिम्तला खानेपानी योजना,कुषे-८, | ४२४४३२१ | २७९५२०८ | १४४९११३ | २०८३/०१/२८ | ठेक्काको दायित्व |

| | | | | | |
|---|---|---|---|---|---|
| नौफेरी सिचाई योजना, बारेकोट-२ र ३, जाजरकोट (Phase 1) | २९३३२२५० | २९३३२२५० | ० | - | ठेक्का सम्पन्न |
| दुई पिपल देखि सिलडी लोहा वडाखेत सम्म सिचाई योजना सिवालय न.पा. ८, जाजरकोट | ६७९४३८० | ६७९४३८० | ० | - | ठेक्का सम्पन्न |
| कुलिबाँध देखि काकिगाउँ खानेपानी योजना, जुनिचादे गा.पा. १ जाजरकोट | ३२८३१२० | ३२८३१२० | ० | - | ठेक्का सम्पन्न |
| फुलबारी देखि जनजाती टोल सम्म खानेपानी योजना, जुनिचादे-६, जाजरकोट | ६०११३३० | ६०११३३० | ० | - | ठेक्का सम्पन्न |
| **खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, डोल्पा** | | | | | |
| शान्तिटोल तटबन्धन ठुलिभेरी ३, डोल्पा | १०६००००० | ८०००००० | २६००००० | २०८२/०९/२९ | संचालन |
| घट्टे खोला सिंचाई योजना जगदुल्ला ४, छाचु, डोल्पा | ४७००००० | ४२००००० | 0 | २०८२/०७/३० | सम्पन्न |
| **खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय, हुम्ला** | | | | | |
| दहडिल देखि तोर्पा सिचाइ योजना सिमकोट-३, हुम्ला | २२६६९६४८ | २०४२८६२८ | २२४१०१९ | २०८३/०३/२० | कार्य सम्पन्न हुने अवस्थामा |
| तुम्च सिचाइ योजना सर्केगाड-१, हुम्ला | ३७२३१७५७ | २९९९७२७९ | ७२३४४७७ | २०८३/०६/३० | सम्पन्न |

*स्रोतः जलस्रोत तथा उर्जा विकास मन्त्रालय।*

## ६.३ चालु आ.व. मा भौतिक पूर्वाधार सम्बन्धि आयोजनाहरूको कार्यान्वयन अवस्था

| मन्त्रालय/कार्यालयको नाम | सालबसाली अयोजना सम्बन्धि विवरण | | | | |
|---|---|---|---|---|---|
| | सालबसाली कार्यान्वयन गर्नुपर्ने आयोजना संख्या | हालसम्म कार्यान्वयनमा गएका आयोजना संख्या | कार्यान्वयन हुन बाँकी आयोजना संख्या | कार्यान्वयन हुन नसकी समर्पण गर्न सकिने आयोजना संख्या | समर्पण गर्न सकिने रकम (रु. हजारमा) |
| **जलस्रोत तथा उर्जा विकास मन्त्रालय मातहतका कार्यालय सबै** | १३९२ | ८४६ | ५३७ | ०७ | ३९४०० |

*स्रोतः जलस्रोत तथा उर्जा विकास मन्त्रालय।*

## ७. नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनको अवस्था

७.१ मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रममा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरुः

| बुदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ९०. | प्रदेशको क्षेत्राधिकारभित्र पर्ने बिस मेगावाटसम्मको जलविद्युतको पूर्व सम्भाव्यता अध्ययन गरी सहलगानीमा निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको सहलगानीमा लघु जलविद्युत् आयोजना निर्माण गर्ने नीति लिइनेछ । | सहलागानी तथा लागत साझेदारी कार्यविधि सहमतीका लागि विभिन्न मन्त्रालयमा पठाइएको |
| ९१. | केन्द्रीय प्रसारण लाइन नपुगेका दुर्गम र ग्रामीण क्षेत्रमा लघु जलविद्युत् तथा वैकल्पिक ऊर्जामार्फत विद्युत् सेवा विस्तारलाई प्राथमिकता दिइनेछ। साथै, तहगत सरकार, निजी क्षेत्र र दातृ निकायको लागत साझेदारीमा प्रदेशका औद्योगिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य तथा सार्वजनिक क्षेत्रमा आवश्यक आधारभूत पूर्वाधार निर्माण गर्दै वैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रणालीको निर्माण, मर्मत र सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ। | सहलागानी तथा लागत साझेदारी कार्यविधि सहमतीका लागि विभिन्न मन्त्रालयमा पठाइएको |
| ९२. | परम्परागत मूल, ताल—तलैया र पोखरीको संरक्षण तथा विकासमार्फत कृषियोग्य भूमिमा वर्षभरि सिँचाइ सुविधा उपलब्ध गराइनेछ। तहगत सरकारको सहकार्यमा एक घर एक धारा अभियान विस्तार गर्दै प्रदेश जनता सिँचाइ र प्रदेश जनता तटबन्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ। | सिचाई तथा खानेपानी सम्बन्धि आयोजनाहरु निर्माण भैरहेको |
| ९३. | प्रदेश राजधानी संरक्षण आयोजना अन्तर्गत सुर्खेतको बुलबुले देखि निकास खोलासम्मको जलविहार सहितको बहुउद्देश्यीय परियोजना कार्यान्वयन गर्न बुलबुले काँक्रिविहार खण्डको निर्माण कार्य प्रारम्भ गरिनेछ। | ठेक्का प्रकिया अघि बढिसकेको |
| ९४. | सङ्घ, प्रदेश र स्थानीय तहको सहलगानीमा सञ्चालित खानेपानी आयोजनाहरूलाई तीव्रता दिइनेछ। साथै, खानेपानीको गुणस्तर सुधार गर्दै जलवायु उत्थानशील खानेपानी तथा सरसफाइ सेवाको विस्तार गरिनेछ। | काम भैरहेको |
| ९५. | जलसम्पदाको अधिकतम र एकीकृत उपयोगमार्फत प्रदेशको समृद्धि र औद्योगिक विकासलाई प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ। साथै, सम्भाव्यताका आधारमा नदी—खोलामा आवश्यक संरचना निर्माण गरी खेतीयोग्य जमिन र सिँचाइ पूर्वाधारको संरक्षण गरिनेछ। | काम भैरहेको |
| ९६. | खेतियोग्य जमिन/टार क्षेत्र पहिचान/प्रोफाइल तयार गरी सम्भाव्यतामा नयाँ प्रविधि-आधारित सिँचाई (लिफ्ट, ड्रिप, स्प्रिंकलर) कार्यक्रम सञ्चालन; लिफ्ट सिँचाईमा विद्युत महसुल सहुलियतका लागि पहल। | अध्ययनको लागि EOI निकाल्ने अन्तिम चरणमा रहेको |

**७.२ मन्त्रालयसँग सम्बन्धित बजेट वक्तब्यमा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरु**

| बुदा न. | बजेट वक्तब्यमा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ९१. | सबै नागरिकको सुरक्षित र स्वच्छ खानेपानी पहुँच सुनिश्चित गर्दै पानीका स्रोतको पहिचान र संरक्षणलाई निरन्तरता दिइनेछ। | मातहतका कार्यालयबाट काम भैरहेको |
| ९२. | सुरक्षित स्वच्छ पिउनेपानीका लागि खानेपानी प्रणाली सुधार, सुदृढीकरण र स्तरोन्नति गर्दै संघ र स्थानीय तहसँग सहकार्यमा एक घर एक धारा अभियान निरन्तर गरिनेछ। | मातहतका कार्यालयबाट काम भैरहेको |
| ९३. | संघ र स्थानीय तहको सहलगानीमा वीरेन्द्रनगरको भेरी लिफ्टिङ र शारदा नगरपालिकाको जखुरा लिफ्टिङ खानेपानी आयोजना निर्माण निरन्तर गर्न बजेट विनियोजन गरिएको छ। | भेरी लिफ्टिंग आयोजनाको काम भैरहेको |
| ९४. | दैलेख—सल्यानका बहुउद्देश्यीय र बृहत् खानेपानी आयोजनाको कार्यान्वयन निरन्तर राखी नयाँ लिफ्ट खानेपानी योजना अघि बढाउन बजेट विनियोजन गरिएको छ। | कम भैरहेको |
| ९५. | पुराना खानेपानी आयोजनाको मर्मत गरी नियमित सञ्चालन गर्दै पहुँचबाहिरका बस्तीमा सम्भाव्यता अध्ययनपछि प्राथमिकताका आधारमा आयोजना कार्यान्वयन गरिनेछ। | मातहतका कार्यालयबाट कम भैरहेको |
| ९६. | सल्यान, रुकुम पश्चिम र मुगुमा जलवायु-अनुकूल खानेपानी—सरसफाइ परियोजनाका लागि बजेट विनियोजन। | हालसम्म काम नभएको |
| १०१. | कृषियोग्य क्षेत्रमा प्राथमिकतामा उपयुक्त प्रविधिबाट सिँचाई विस्तार; वर्षभरि सिँचाईका लागि गहिरिएका नदी/खोलामा आयोजना पहिचान गरी सम्भाव्यतामा जस्ता थप संरचना निर्माण कार्यक्रम सञ्चालन। | निर्माण कार्य भैरहेको |
| १०२. | चौकुने गाउँपालिकामा खानेपानी—सिँचाइ—पर्यटनका लागि जमुल्यामूल ताल आयोजनामा बजेट विनियोजन। | निर्माण कार्य भैरहेको |
| १०३. | सुर्खेतमा बुलबुले—निकास खोला जलविहारसहित बहुउद्देश्यीय परियोजनाका लागि बजेट विनियोजन। | ठेक्का प्रक्रिया अघि बढिसकेको |
| १०४. | जलउत्पन्न प्रकोप नियन्त्रण गरी जोखिमयुक्त बस्तीहरु संरक्षणका लागि कर्णाली प्रदेश जनता तटबन्धन लगायतका कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन। | काम भैरहेको |
| १०५. | प्रदेशमा ठूला जलविद्युत् आयोजनाको लगानी पहिचान, कार्यान्वयन पहल र सरकारी—प्रदेश साझेदारी। | हालसम्म नभएको |
| १०६. | २० मेगावाटसम्मका जलविद्युत् अध्ययन, लघुजलविद्युत् मर्मत निरन्तरता र प्रदेश—स्थानीय—निजी सहलगानी नीति। | सहलागानी तथा लागत साझेदारी कार्यविधि सहमतीका लागि विभिन्न मन्त्रालयमा पठाइएको |

**८. मन्त्रालय र मातहतका निकायबाट चालु आ.व. को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका प्रमूख कार्यहरू र सो बाट हासिल भएका मुख्य उपलब्धिहरुः**

(क) निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, प्रदेश निजामति सेवा ऐन तथा नियमावली, २०८० बमोजिम स्थायी कर्मचारीहरुको प्रथम अर्धवार्षिक कार्यसम्पादन मुल्यांकन पेश गरिएको।

(ख) कर्णाली प्रदेश वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ बमोजिम जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतको आ.ब. २०८१/८२ वित्तिय जोखिम मूल्यांकन कार्य सम्पन्न गरी सम्बन्धित निकायमा पठाईएको।

(ग) मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली २०८२ निर्माण गरी मा. मन्त्रीज्युबाट स्वीकृत गराई लागु गरिएको।

(घ) मन्त्रालय मातहत निकायहरुलाई आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रमको अख्तियारी तथा मार्गदर्शन दिने र अन्य निकायबाट प्राप्त परिपत्र, निर्णय निर्देशन कार्यान्वयनको लागि पत्राचार गर्ने कार्य गरिएको।

(ङ) बजेट तर्जुमा सम्बन्धी आवश्यक तथ्याङ्क संकलन, अनुगमन निरिक्षण तथा सम्बन्धित जिल्ला कार्यालय तथा स्थानीय तहसँग छलफल अन्तरकृया तथा समन्वय गरी विगतका वर्षहरूको तुलनामा बजेट विनियोजन कुशलता थप प्रभावकारी बनाई मन्त्रीज्यूको नीतिगत मार्गदर्शन अन्तर्गत रही आ.ब.२०८२/०८३ को बजेट कार्यान्वयन भईरहेको।

(च) मन्त्रालय अन्तरगत १० कार्यालयहरूबाट भए गरेका कामकारबाहीको सम्बन्धमा कार्यालय प्रमुखको भौतिक उपस्थितीमा प्रथम चौमासिक प्रगति समिक्षा गोष्ठी सम्पन्न गरि सो समिक्षामा जिल्ला कार्यालयहरूबाट प्राप्त समस्याहरूको समाधान गरिएको।

(छ) मन्त्रालय मातहत निकायहरूबाट पेश हुन आए बमोजिम श्रोत सुनिश्चितता र बहुवर्षिय ठेक्का सहमतिको लागि सम्बन्धित निकायमा सिफारिस गरि पठाईएको।

(ज) केही जिल्ला कार्यालयहरूबाट भए गरेका कामकारबाहीहरूको स्थलगत निरिक्षण तथा सुपरिवेक्षण गरी राय सुझाव दिइएको ।

(झ) १० वटै जिल्ला कार्यालयहरूको प्रगति विवरण मासिक रुपमा अद्यावधिक गरी आवश्यक सल्लाह, सुझाव र समन्वय गर्ने काम गर्ने गरिएको।

(ञ) विपद व्यवस्थापन सम्वन्धि अन्य कार्यको लागि नियमित बैठक गरी Cluster member हरुलाई उच्च सतर्कतामा (High-alert) रहन निर्देशन गरीएको।

(ट) मन्त्रालय परिसरभित्र ल्यान्डस्केपिङ, बगैंचा निर्माण, पार्किङ लट निर्माण, पर्खाल निर्माण, मर्मत कार्य तथा मन्त्रालय, कार्यालय भवन एवं आवास भवन मर्मत, सुधार कार्य सम्बन्धी विद्युतिय बोलपत्र आव्हान गरिएको।

(ठ) यस मन्त्रालय तथा युनिसेफ नेपालको आयोजनामा ३५ जना सहभागीहरुलाई ५ दिने खानेपानी गुणस्तर सम्बन्धी श्रोत व्यक्ति प्रशिक्षण (TOT) तालिम संचालन गरिएको।

(ड) खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) अध्यावधिक गर्ने कार्य भईरहेको।

**९. चालु आ.व. को बाँकी अवधिमा सम्पादन गर्नुपर्ने कार्यहरु**

(क) खानेपानीसम्बन्धी नीति निर्माण गर्नुपर्ने।

(ख) बहुवर्षीय स्रोत सुनिश्चित भएका आयोजनाहरूको ठेक्का आह्वान गर्नुपर्ने।

(ग) सहलगानी लागत साझेदारीसम्बन्धी कार्यविधि स्वीकृत गराउनुपर्ने।

## १०. बजेट कार्यान्वयनको क्रममा देखिएका समस्या तथा चुनौतिहरु

| क्र.सं. | प्रमुख समस्या | समस्या विवरण |
|---|---|---|
| १ | भौगोलिक कठिनाइ | दुर्गम पहाडी/हिमाली भूगोल, सडक र यातायातको अभावले आयोजना कार्यान्वयन ढिलो |
| २ | प्राविधिक जनशक्तिको अभाव | जलविद्युत्, सिँचाइ, जलस्रोत व्यवस्थापनमा दक्ष इन्जिनियर/प्राविधिक कमी |
| ३ | बजेट अभाव र ढिलो निकासा | पर्याप्त बजेट नहुनु वा समयमै निकासा नहुनु । |
| ४ | आयोजना व्यवस्थापन कमजोर | योजना छनोट, अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुनु |
| ५ | संस्थागत समन्वयको कमी | संघ, प्रदेश, स्थानीय तहबीच समन्वय कम हुनु |
| ६ | स्थानीय स्वीकृति/सहभागिता कमी | स्थानीय समुदायको सहभागिता र स्वामित्व कमजोर |
| ७ | वातावरणीय तथा सामाजिक जोखिम | वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) ढिलो वा कमजोर |
| ८ | ठेक्का व्यवस्थापन समस्या | ठेकेदारको क्षमता कमजोर, ढिलासुस्ती |
| ९ | तथ्याङ्क र अध्ययनको अभाव | जलस्रोतसम्बन्धी भरपर्दो डेटा नहुनु |
| १० | नीतिगत अस्पष्टता | नीति, कानुन र कार्यविधि स्पष्ट नहुनु |

## ११. सुधार गर्नुपर्ने क्षेत्रहरु:

(क)स्थानीय प्रविधि प्रयोग, मौसमअनुसार कार्यतालिका, पूर्वाधार (सडक/पुल) सँग समन्वय,

(ख)प्रदेशस्तरमा करार/स्थायी भर्ना, क्षमता विकास तालिम, प्रोत्साहन प्याकेज,

(ग) अन्तरसरकारी समन्वय संयन्त्र, स्पष्ट कार्यविभाजन,

(घ) बेसलाइन अध्ययन, GIS/डेटाबेस विकास,

(ङ) प्रदेशअनुकूल नीति/ऐन संशोधन, स्पष्ट मार्गदर्शन तयार गर्ने।

## २.५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### १. पृष्ठभूमिः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। संविधान बमोजिम संघको एकल अधिकार अनुसूची ५ मा र साझा अधिकार अनुसूची ७ र ९ मा, प्रदेशको एकल अधिकार अनुसूची ६ मा र साझा अधिकार अनुसूची ७ र ९ मा तथा स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा र साझा अधिकार अनुसूची ९ मा उल्लेखित विषयमा निहित छ। संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णयानुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना भएको छ।

प्रदेशको कृषि, पशु विकास तथा खाद्य पोषण, गरिबी निवारण, सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, समन्वय र सहकार्य गर्ने मन्त्रालयका प्रमुख उद्देश्य रहेका छन्।

### २. दीर्घकालीन सोचः

प्रांगारिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै **समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**को प्रत्याभूति दिने।

### ३. ध्येयः

प्रांगारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यवसायिक, मर्यादित, वातावरणमैत्री र प्रतिस्पर्धी बनाई कृषकहरुको आय वृद्धि गर्ने।

### ४. रणनीतिक उद्देश्यहरूः

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान र टेवा पुर्‍याउने।
- तुलनात्मक लाभका कृषि उपज प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउने।
- रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरणमैत्री कृषिको प्रवर्द्धन गर्ने।

### ५. कार्यक्षेत्रहरूः

- कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- कृषि तथा पशुपन्छीजन्य रोग किरा एवं महामारी नियन्त्रण,
- कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन,
- कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,
- कृषि तथा पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,
- कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा विउ विजन एवं नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन,
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,

- कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवं विकास तथा प्रवर्द्धन, तथ्यांक प्रणालीको व्यवस्थापन र श्रोत संरक्षण,
- कृषि मल, बिउ, र विषादी आपूर्ति व्यवस्था र नियमन,
- कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण,
- कृषि उपजको न्यूनतम् समर्थन मूल्य कार्यान्वयन,
- कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,
- कृषि बजार पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा संचालन
- राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,
- सामुहिक खेती तथा करार खेतीको कार्यान्वयन र प्रवर्द्धन,
- चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
- कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र विक्री वितरणको अनुमति, अनुगमन र नियमन,
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप-जाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,
- निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन,
- जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गा धनी प्रमाण-पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नाप नक्सा र अभिलेखको व्यवस्थापन,
- नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना,
- क्रमवद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,
- भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा-चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन,
- गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय,
- गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिव घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण,
- सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,
- सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ-संस्थासँग समन्वय र सहकार्य,
- सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन,
- जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सोबाट प्राप्त लाभांशको समन्यायिक वितरण सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना तर्जुमा र नियमन।

## ६. अर्धवार्षिक वित्तिय र भौतिक प्रगति विवरण

### ६.१ कुल विनियोजन र अर्धबार्षिक खर्चको अवस्था

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| सि. नं. | शिर्षक | आ.व.२०८२/८३ | | | आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| १ | चालु | १,९२,९४,७१ | २१,४७,९० | ११.१३ | १,३७,२०,६६ | २४,७९,९७ | १८.०७ |
| २ | पुजीगत | ६४,१६,२९ | २०९८१ | ३.२७ | ४९,५१,५० | २,४३,१० | ४.९१ |
| जम्मा | | २,५७,११,०० | २३,५७,७१ | ९.१७ | १,८६,७२,१६ | २७,२३,०७ | १४.५८ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

### ६.२ बहुवर्षिय आयोजनाको प्रगति

तालिकाः मन्त्रालय अन्तर्गतका बहुबर्षिय आयोजनाको आ.व. २०८२/८३ पौष मसान्तसम्मको वित्तीय प्रगती विवरण (रु.हजारमा)

| क्र. स. | मन्त्रालय/ कार्यालय | बहुबर्षिय आयोजना सम्बन्धि विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बहुवर्षिय योजनाको नाम | सम्झौता रकम | हालसम्मको भुक्तानी रकम | भुक्तानी बाँकि दायित्व | ठेक्का अवधि | कैफियत |
| १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | तरल नाइट्रोजन प्लान्ट स्थापना | ५,८२,३३ | ८४,२१ | ४,९८,१२ | २०८२/०६/१३ | यस आ.व.मा सकिएको |
| २ | पशुपंन्छी विकास निर्देशनालय | प्रादेशिक रिफरल भेटेरिनरी अस्पताल | ० | ० | १२,९८,६५ | ठेक्का लाग्न बाँकी | यस आ.व. बाट सूरुवात |
| ३ | पशु अस्पताल तथा पशुसेवा कार्यालय, जाजरकोट | पशु अस्पताल तथा पशुसेवा कार्यालय भवन निर्माण | ० | ० | ५,००,०९ | ठेक्का लाग्न बाँकी | |
| ४ | पशु अस्पताल तथा पशुसेवा कार्यालय, कालिकोट | पशु अस्पताल तथा पशुसेवा कार्यालय भवन निर्माण | ० | ० | ५,६३,३६ | ठेक्का लाग्न बाँकी | |

*स्रोतः भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय*

६.३ **चालु आ.व.का भौतिक पूर्वाधार सम्बन्धि आयोजनाहरूको कार्यान्वयन अवस्था**

| सि.नं. | मन्त्रालय/कार्यालयको नाम | सालवसाली कार्यान्वयन गर्नुपर्ने आयोजना संख्या | हालसम्म कार्यान्वयनमा गएका आयोजना संख्या | कार्यान्वयन हुन बाँकी आयोजना संख्या |
|---|---|---|---|---|
| १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६५ | ३१ | ३४ |
| २ | एकिकृत कृषि प्रयोगशाला | ७९ | २८ | ५१ |
| ३ | कृषि तथा पशुपन्छी व्य.प्र.प्र.के. | ५९ | २१ | ३८ |
| ४ | सहकारी रजिष्टारको कार्यालय | १७ | ७ | १० |
| ५ | कृषि विकास निर्देशनालय र अन्तरगतका कार्यालय | ४६३ | २४५ | २१८ |
| ६ | पशुपंन्छी विकास निर्देशनालय र अन्तरगतका कार्यालय | १७० | ९१ | ७९ |
| ७ | उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP) | ३८ | ११ | २७ |
| ८ | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (NAFHA) | ३५ | १२ | २३ |
| **जम्मा** | | ९२६ | ४४६ | ४८० |

*स्रोतः भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय*

## ७. नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनको अवस्था

७.१ मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रममा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरुः

| बुदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था र उपलब्धिहरु |
|---|---|---|
| ११ | कर्णाली कृषि विकास रणनीति कार्यान्वयन गरी कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गर्दै प्रदेशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने तथा निर्यातमा प्रोत्साहन गर्ने | कृषि विकास रणनीति कार्यान्वयन अवस्थामा रहेको |
| १२ | पाँच हेक्टर भन्दा बढी जमिनमा कृषि व्यवसाय गर्ने व्यवसायीलाई कर्जामा व्याज अनुदान दिने ।दुई हेक्टर भन्दा बढी जमिनमा कृषि व्यवसाय र फलफूलखेती गर्ने सहकारी, फर्म, कम्पनी, कृषक समूहलाई लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था गर्ने। खाद्यान्न, तरकारी तथा फलफूलको उत्पादन र उत्पादकत्व वृद्धिको लागि कृषि उत्पादन क्षेत्र केन्द्रित कृषि फर्म र समुदायमा सिँचाइ प्रणाली निर्माण तथा मर्मत सम्भार कार्यक्रम सञ्चालन गर्ने। | व्याज अनुदान कार्यक्रम कार्यान्वयनमा रहको। सिँचाइ प्रणाली निर्माण तथा मर्मत सम्भार कार्यक्रम सञ्चालनमा रहेको। |

| | | |
|---|---|---|
| १३ | स्याउ, ओखर तथा सुन्तला विकास कार्यक्रमलाई विशेष कार्यक्रमको रूपमा सञ्चालन गरिनेछ । प्रदेशलाई स्याउ, ओखर, सुन्तलाजात, किवी, ड्रागन फ्रूट, आँप, लिची, केरा, लगायतका फलफूलमा दिगो, प्रतिस्पर्धी तथा आत्मनिर्भर बनाउन कम्तिमा तीन वर्षसम्म बिरुवा सङ्ख्याको आधारमा प्रोत्साहन उपलब्ध गराउने गरी एकगाउँ एक व्यावसायिक फलफूल बगैंचा कार्यक्रम सञ्चालन गरिनेछ । स्याउ खेतीको विस्तार तथा प्रवर्द्धन गर्न स्याउ विकास बोर्ड गठन गरिनेछ। | साविक कर्णालीका ५जिल्लामा स्याउ तथा अखोर विकास कार्यक्रम र तल्ला ५जिल्लामा सुन्तला जात बगैचा स्थापना तथा सुदृढिकरण कार्यक्रम सालबसाली संचालन हुदै आएको। स्याउ विकास बोर्ड गठन विधयेको मस्यौदा तयारी अवस्थामा । |
| १४ | प्रदेशको बहुआयामिक गरिबी न्यूनीकरण गर्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी सीमान्तकृत, भूमिहीन, गरिब, विपन्न लक्षित वर्गका परिवारको लागि खाद्य तथा पोषण सुरक्षा र जीविकोपार्जन विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । | गरिब तथा विपन्न लक्षितवर्ग विशेष कार्यक्रम साथै जिविको पार्जन उत्थान्शील कार्यक्रम सालबसाली लागु भएको |
| १५ | रैथाने तथा निर्यातयोग्य उच्च मूल्य कृषि वस्तुहरूको पहिचान झल्किने "मूल्यवान" लोगो कार्यक्रमलाई ब्रान्डिङ्ग, क्यूआरकोड, भौगोलिक सङ्केत प्रमाणपत्र, लेबलिङ तथा बजारीकरणमा प्रोत्साहित गरिनेछ। रैथाने बालीको संरक्षण र प्रवर्द्धनका लागि सामुदायिक बिउ बैङ्क र फिल्ड जिन बैङ्क तथा रैथाने बाली प्रशोधन मील स्थापना गरिनेछ । बालीको न्यूनतम समर्थन मूल्य तोकिनेछ । | कर्णाली प्रदेश भित्र २७ वटा उत्पादक तथा विक्रेतालाई मूल्यवान लोगोप्रदान गरिएको । रैथाने बालीको संरक्षण र प्रवर्द्धनका लागि सामुदायिक बिउ बैङ्कर फिल्ड जिन बैङ्क स्थापनाका कार्यक्रम संचालन भइरहेको साथै रैथाने बाली प्रशोधन मीलको DPR अध्ययनको अवस्थामा रहेको । |
| १६ | निर्माणाधीन तरल नाईट्रोजन उत्पादन प्लान्टको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।पशु अस्पताल तथा पशु सेवा कार्यालयहरूको डिस्पेन्सरी र प्रयोगशालाको स्तरोन्नति गरिनेछ। प्रदेश स्तरको प्रादेशिक रेफरल भेटेरिनरी अस्पताल निर्माण कार्यलाई दुईवर्षभित्र सम्पन्न गरिनेछ । | प्रदेशको राजधानी सुर्खेतमा प्रदेशमा प्रादेशिक रिफरल भेटेरिनरी अस्पताल निर्माणका लागि टेन्डर प्रक्रियामा रहेको ।तरल नाईट्रोजन प्लान्टस्थापना भइ संचालन हुने प्रक्रियामा रहेको |
| १७ | रासायनिक विषादीकोप्र योगलाई नियमन, न्यूनीकरण र निरुत्साहित गर्न सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा द्रुत विषादी अवशेषपरीक्षण प्रयोगशाला सञ्चालन गरिनेछ। कृषिको अध्ययन अनुसन्धानमा कृत्रिम बुद्धिमत्ता तथा कृषिमा डिजिटलाइजेसनका लागि डिजिटल एप लगायतका प्रविधि प्रयोग गरिनेछ । | रासायनिक विषादीको प्रयोगलाई नियमन, न्यूनीकरण र निरुत्साहित गर्न सल्यानको कपुरकोट र सुर्खेतको हरमा द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला सञ्चालनमा आउने प्रक्रियामा रहेको । |
| १८ | अर्गानिक कृषि अभियान अन्तर्गत गोठेमल, भर्मिकम्पोस्ट, दाना, जैविक मल, जैविकविषादीको उत्पादन र प्रयोगमा अनुदानको व्यवस्था मिलाउने। जैविक मल उत्पादन कारखाना स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने। कृषि जैविक विविधताको संरक्षण गरी एग्रो-इकोलोजिकल मोडेल भिलेज मार्फत एग्रो टुरिज्म प्रवर्द्धन गर्ने। | हरेक जिल्लामा प्राङ्गारिक मलमा५० प्रतिशत अनुदान सहयोग कार्यक्रम रहेको साथै गड्यौली मल र जैविक मल उत्पादनमा सहयोग कार्यक्रम संचालन भइरहेको ।कृषि जैविक विविधताको संरक्षणको लागि एग्रो-इकोलोजिकल मोडेल भिलेजको कार्यक्रम कार्यन्वयनको अवस्थामा रहेको । |

| | | |
|---|---|---|
| १९ | प्राकृतिक जलाशयमा हुने माछा संरक्षण र उपयोगबाट किसानको आयआर्जन अभिवृद्धि गर्न सामुदायिक जलचर संरक्षण र व्यवस्थापन नीति कार्यान्वयन गर्ने । कर्णाली प्रदेशलाई दुध र मासुमा आत्मनिर्भर बनाउन नश्ल सुधार गरी व्यावसायिक पशुपालन कार्यक्रम सञ्चालन गर्ने। | जलचर संरक्षण विधयक मस्यौदा तयारीकार्य सम्पन्न भएको। दुग्ध उत्पादनको लागि गाई-भैसी प्रवर्द्धन कार्यक्रम साथै मासु दुग्ध उत्पादनमा आत्मनिर्भरको लागि उन्नत जात को बोका राँगामा नश्ल सुधार कार्यक्रम। |
| २० | . "स्वस्थ माटो, स्वस्थ बाली, स्वस्थ जीवन" अभियान सहित व्यावसायिक कृषि पकेट क्षेत्रमा माटोको अवस्था सुधार अभियान सञ्चालन गर्ने। एकीकृत कृषि प्रयोगशालालाई अत्याधुनिक प्रयोगशालाको रुपमा विकास र स्तरोन्नति गर्ने। बागवानी विकास केन्द्र दार्मा र जुफाललाई अर्गानिक, पर्यावरणीय तथा उच्चपर्वतीय खेती प्रविधिको अनुसन्धान र परीक्षण केन्द्रको रुपमा विकास गर्ने । | प्रत्येक जिल्ला माटो सुधारका लागि चुन वितरण तथा प्रांगारिक मलमा अनुदान सहित करिब १७ वटा पाठशाला संचालन गरिएको, वास्तविक कृषिउपज आयत निर्यातको लागि हेर्रे र कपुरकोटमा तथ्यांक संकलनको व्यवस्थापन |
| २१ | चौंरी, च्याङ्ग्रा, बाख्रा, दुध, मह, अदुवा, बेसार लगायत कृषि वस्तुको उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गर्ने। हुम्ला र डोल्पामा चौंरी, दैलेखमा बाख्रा, जाजरकोटमा मौरी र सल्यानमा सुन्तलाजात फलफूल विकास फर्म केन्द्रको स्थापनाका लागि विस्तृत अध्ययन गर्ने। दैलेख, जाजरकोट र सल्यान लगायतका जिल्लाहरूमा सुन्तलाजात फलफूल बगैंचा र उच्च पहाडको स्याउ तथा ओखर बगैंचा सुदृढीकरणकार्यक्रम सञ्चालन गरी कृषि इन्टर्नको रूपमा कृषि प्राविधिकहरू खटाइने। | फार्म तथा केन्द्रको स्थापनाको स्थापना गरि OMN गरि कर्णाली प्रदेशको मुख्यमन्त्री तथामन्त्रिपरिषद्को कार्यालयमा पठाईएको |
| २२ | "व्यावसायिक र आत्मनिर्भर कृषिको आधार, कृषिस्रोत केन्द्रको विकास र विस्तार" भन्ने मूल उद्देश्यका साथ सहकारी तथा निजी क्षेत्रमा आलङ्कारिक बिरूवा तथा फलफूल नर्सरी, च्याउ, मौरी, बिउबिजन, भेडा, बाख्रा, च्याङ्ग्रा, चौंरी, गाई, भैंसी, कुखुरा, मत्स्य र घाँसेबालीको लागत सहभागितामा आधारित स्रोत केन्द्रको स्थापना गरी गुणस्तरीय नश्ल, बिउबिजन र बेर्ना को आपूर्ति सुनिश्चित गरी मोडेल सिकाई केन्द्रको रुपमा विकास गर्ने । | आलङ्कारिक बिरूवा तथा फलफूल नर्सरी, च्याउ, मौरी, बिउबिजन, भेडा, बाख्रा, च्याङ्ग्रा, चौंरी, गाई, भैंसी, कुखुरा, मत्स्य र घाँसेबालीको लागत सहभागितामा आधारित स्रोत केन्द्रको स्थापना कार्यक्रमकार्यन्वयनमा रहेको |
| २३ | कृषि क्षेत्रकोअनुदानलाई प्रभावकारी र पारदर्शी बनाउन डिजिटल प्रणालीको विकास गर्ने । नवीनतम् प्रविधिमा आधारित क्लोनल (टिस्युकल्चर, कटिङ्ग, लेयरिङ्ग, कलमी) प्रविधि विस्तार तथा मध्यपहाडमा हुने स्याउको जातीय परीक्षण कार्यक्रम सञ्चालन गर्ने। | अनुदानलाई प्रभावकारी र पारदर्शी बनाउन डिजिटल प्रणाली (सफ्टवेयर) संचालनका लागि प्रकृया अगि बढेको। नवीनतम् प्रविधिमा आधारित क्लोनल (टिस्युकल्चर, कटिङ्ग, लेयरिङ्ग, कलमी) प्रविधि विस्तार तथा मध्य पहाडमा हुने स्याउको जातीय परीक्षण कार्यक्रम कार्यान्वयनका लागि अघि बढेको |
| २४ | पोषणमैत्री कर्णालीप्रदेश निर्माणको लागि स्थानीय तह मार्फत बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनगर्ने। प्रदेशका सरकारी कार्यालय तथा विद्यालयहरूमा दिवा खाजा र खानामा रैथाने | बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत कार्यन्वयन रहेको |

| | | |
|---|---|---|
| | बालीमा आधारित खाद्य वस्तुको परिकार विविधीकरण गरी उपभोग गर्न प्रोत्साहन गर्ने। | |
| २५ | कर्णालीमा उत्पादनभएका फलफूल तथा तरकारीजन्य उत्पादनको भण्डारणको लागि आवश्यकताको आधारमा सङ्कलनकेन्द्र, सोलार कोल्ड रुम, रस्टिक स्टोर स्थापना गर्ने। कृषि उत्पादन बिक्रीको सुनिश्चितता र निर्मित कृषि संरचनाको उपयोगका लागि हप्ताको तीन बार जाऔं हाटबजार अभियान सञ्चालन गर्ने। | विगत आ.व. मा निर्माण सम्पन्न भएका COLDSTORE , संकलनकेन्द्र र नर्सरीहरुको स्तर उन्नति गरि निरन्तर संचालनमा रहेको |
| २६ | प्राकृतिक प्रकोप तथा महामारी रोगको कारण कृषि क्षेत्रमा हुने जोखिम न्यूनीकरणको लागि राहत कार्यक्रम, बाली तथा पशुपन्छी बीमा र मौसम पूर्वानुमान डिजिटल सूचना प्रणाली कार्यान्वयनमा ल्याउने। कृषि तथा पशुपन्छीका लागि एक स्थानीय तह एक बीमक कार्यक्रम सञ्चालन गर्ने। | विमा कार्यक्रम अनिवार्य नरहेको र किसानहरुले स्वइच्छाले विमा कार्यक्रममा भाग लिएको। प्राकृतिक प्रकोप तथा महामारीका लागि राहत कार्यक्रमका लागि बजेट विनियोजन भएको |
| २७ | सन् २०३० सम्म नेपालबाट उन्मुलन गरिने लक्ष्य राखेका खोरेत, पिपिआर र रेबिज लगायतका सङ्क्रामक रोग नियन्त्रणको लागि सर्भिलेन्स एवम् खोप अभियान सञ्चालन गर्ने। स्थानीय बाली र पशुपन्छीका जातलाई नेपाल कृषि अनुसन्धान परिषद्को समन्वयमा पञ्जीकृत गर्ने। | पशुपन्छीमा लाग्ने महामारी रोगहरूको नियन्त्रणको लागि खोरेत, लम्पी, PPR , रेबिज आदिको खोप लगाउने सालबसाली भइरहेको |

### ७.२ मन्त्रालयसँग सम्बन्धित बजेट वक्तब्यमा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरुः

| बुदा नं. | बजेट वक्तव्यमा उल्ले खभएको विषय | कार्यान्वयनको अवस्था र उपलब्धिहरु |
|---|---|---|
| २४ | कर्णाली कृषि विकास रणनीति कार्यान्वयन गर्दै कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, उत्पादन लागत न्यूनीकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी कृषिको व्यावसायीकरण गर्दै लैजाने। प्रदेशमा प्राङ्गारिक र व्यावसायिक कृषिउत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा जोड दिने। खेतीयोग्य बाँझो जमिनको उपयोग र कृषि पेसा प्रति युवाको आकर्षण बढाउन प्रोत्साहनको व्यवस्था। | कृषि विकास रणनीति कार्यान्वयन अवस्थामा रहेको |
| २५ | पाँच हेक्टरभन्दा बढी जमिनमा कृषि व्यवसाय गर्ने व्यवसायी, सहकारी, फर्म, कम्पनी र कृषक समूहलाई कर्जामा व्याज अनुदान र दुई हेक्टर भन्दा बढीजमिनमा कृषि व्यवसाय र फलफूल खेती गर्ने सहकारी, फर्म, कम्पनी कृषक समूहलाई लागत सहभागिताको आधारमा अनुदान दिने व्यवस्थालाई परिमार्जन गरी व्याज अनुदान कार्यक्रममा रू. १० करोड २२ लाख बजेट विनियोजन। फलफूल बिरुवा सङ्ख्याको आधारमा कम्तिमा तीन वर्षसम्म प्रोत्साहन उपलब्ध गराउने गरी 'एक | व्याज अनुदान कार्यक्रम कार्यान्वयनमा रहको। |

| | | |
|---|---|---|
| | गाउँ एक व्यावसायिक फलफूल बगैंचा" स्थापना कार्यक्रम सञ्चालन गर्ने। | |
| २६ | "व्यावसायिक कृषिको आधारः स्रोत केन्द्रको विकास र विस्तार" भन्ने सोचका साथ फलफूल नर्सरी, च्याउ, मौरी, बिउबिजन, भेडा, बाखा, च्याङ्ग्रा, चौरी, गाई, भैसी, कुखुरा स्रोत केन्द्रको स्थापना तथा विकास कार्यक्रम कार्यान्वयन गर्न रू. १५ करोड ३९ लाख बजेट विनियोजन। | सूचना प्रकाशन तथा विस्तार कर्यान्वायन अवस्था रहेको |
| २७ | गरिव, सीमान्तकृत, भूमिहीन, विपन्न, लक्षितवर्ग परिवारका लागि खाद्य तथा पोषण सुरक्षा र जीविकोपार्जन विशेष प्रोत्साहन कार्यक्रम लागि बजेट रू. ४ करोड १० लाख विनियोजन। | गरिब तथा विपन्न लक्षितवर्ग विशेष कार्यक्रम साथै जिविको पार्जन |
| २८ | रैथाने तथा निर्यातयोग्य उच्च मूल्य कृषि वस्तुहरूको पहिचान झल्किने "मूल्यवान" लोगो कार्यक्रमलाई ब्रान्डिङ्ग, क्यूआर कोड, भौगोलिक सङ्केत प्रमाणपत्र, लेबलिङ्ग तथा बजारीकरणमा प्रोत्साहन, रैथाने बाली प्रशोधन मिल स्थापना गर्ने। | कर्णाली प्रदेश भित्र २७ वटा उत्पादक तथा विक्रेतालाई मूल्यवान लोगो प्रदान गरिएको। रैथाने बाली प्रशोधन मीलको स्थापनाको लागि DPR भइ टेन्डर प्रकृया रहेको । |
| २९ | अर्गानि ककृषक पाठशाला सञ्चालन र प्रमाणीकरण कार्यक्रम सञ्चालन, गोठेमल, भर्मी कम्पोस्ट, दाना, जैविक मल, जैविक विषादी आदिको उत्पादन र प्रयोगमा प्रोत्साहन कार्यक्रम र एग्रो इकोलोजिकल मोडेल भिलेज स्थापना गरी कृषि पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ । अर्गानिक कृषि तथा रैथाने बाली तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रमको लागि रू. ६ करोड १८ लाख विनियोजन। | हरेक जिल्लामा प्राङ्गारिक मलमा ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम रहेको साथै गडचौली मल र जैविक मल उत्पादनमा सहयोग कार्यक्रम संचालन भइरहेको ।कृषि जैविक विविधताको संरक्षणको लागि एग्रो-इकोलोजिकल मोडेल भिलेजको कार्यक्रम कार्यन्वयनको अवस्थामा रहेको। |
| ३० | कर्णालीमा उत्पादन भइ प्रशस्त निर्यात सम्भावना रहेको स्याउ खेतीको विस्तार तथा प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमास्याउ विकास वोर्ड गठन गरिनेछ । हासोउन्मुख बगैचा सुदृढीकरण गर्दै स्याउ, ओखर र सुन्तला खेतीलाई विशेष कार्यक्रमको रुपमा सञ्चालन गर्न रू. १४ करोड विनियोजन। | साविक कर्णालीका ५ जिल्लामा स्याउ तथा अखोर विकास कार्यक्रम र तल्ला ५ जिल्लामा सुन्तला जात बगैचा स्थापना तथा सुदृढिकरण कार्यक्रम सालबसाली संचालन हुदै आएको। स्याउ विकास बोर्ड गठन विधयेको मस्यौदा तयारी अवस्थामा। |
| ३१ | साना कृषकहरूको कृषि प्रणालीलाई लाभकारी, समावेशी र पर्यावरणमैत्री बनाई दिगो खाद्यप्रणालीमा रुपान्तरण गर्न कृषि प्रविधि प्रवर्द्धन तथा खाद्य सुरक्षा कार्यकालागि रू. ९ करोड ३८ लाख विनियोजन । | कृषि प्रविधि प्रवर्द्धन तथा खाद्य सुरक्षा कार्यक्रम सालबसाली कार्यान्वियन भइरहेको |

| | | |
|---|---|---|
| ३२ | "फलफूल र कफीः व्यवसायिक उन्नति" भन्ने सोचलाई साकार पार्न फलफूल बालीको बगैंचा विस्तार गरी फलफूल तथा काष्ठफलको उत्पादन वृद्धि गर्दै मूल्य शृङ्खला प्रवर्द्धन मार्फत ग्रामीण रोजगारी सिर्जनागरी कृषकको आयस्तर वृद्धि गर्ने। व्यावसायिक फलफूल तथा रोड करिडोर केन्द्रित कफी खेती गर्न रू. २३ करोड ८६ लाख विनियोजन । | विभिन्न जिल्लामा फलफूल बाली र कफी खेती को क्षेत्र विस्तार कार्यक्रम कार्यान्वयन अवस्थामा रहेको |
| ३३ | कर्णाली प्रदेशलाई दुध र मासुमा आत्मनिर्भर बनाउन पशुपन्छी नश्ल सुधार तथा व्यावसायिक पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ। पशुपन्छीको स्वास्थ्य उपचार सेवालाई भरपर्दो तथा दिगो व्यवस्थापनको लागि प्रादेशिक रेफरल भेटेरिनरी अस्पतालको निर्माण गर्ने। तरल नाईट्रोजन उत्पादन प्लान्टको निर्माण कार्य सम्पन्न गरी पशुहरूको नश्ल सुधार मार्फत पशुजन्य उत्पादनमा नदि गरिनेछ। यी दुई वटै कार्यक्रमको लागि रू. ११ करोड ६३ लाख बजेट विनियोजन गर्ने । | प्रदेशको राजधानी सुर्खेतमा प्रदेशमा प्रादेशिक रिफरल भेटेरिनरी अस्पताल निर्माणका लागि टेन्डर प्रक्रियामा रहेको। तरल नाईट्रोजन प्लान्टस्थापना भइ संचालन हुने प्रक्रियामा रहेको |
| ३४ | व्यावसायिक, प्रतिस्पर्धात्मक तथा बजारमुखी उत्पादनको लागि रोडकरिडोर केन्द्रित बाली तथा पशुपन्छी विशेष ठुला उत्पादन पकेट क्षेत्र विकास कार्यक्रम, मागमा आधारित युवा लक्षित कार्यक्रम र कृषि यान्त्रिकीकरण लगायत कृषि क्षेत्रको प्रवर्द्धनको लागि उत्थानशील उच्च मूल्य कृषि कार्यक्रम कार्यान्वयनको लागि रू. २८ करोड विनियोजन गर्ने। | हरेक जिल्लामा रोडकरिडोर कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालन गरिएको |
| ३५ | सन् २०३० सम्म नेपालबाट उन्मूलन गरिने लक्ष्य राखेका खोरेत, पिपिआर र रेबिज लगायतका संक्रामक रोगहरू नियन्त्रणका लागि सर्भिलेन्स एवम् खोप अभियान सञ्चालनकार्यक्रमलाई निरन्तरता। यसबाट प्रदेशमा उत्पादित पशुपन्छीजन्य स्वस्थ्यउत्पादन भइ अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनमा सघाउ पुग्ने। | पशुपन्छीमा लाग्ने महामारी रोगहरूको नियन्त्रणको लागि खोरेत, लम्पी, PPR, रेबिज आदिको खोप लगाउने सालबसाली भइरहेको |
| ३६ | स्वस्थ माटो, स्वस्थ बाली, स्वस्थ जीवन भन्ने मान्यतामा आधारित रही व्यावसायिक कृषि पकेट क्षेत्रमा माटोको अवस्था सुधार अभियान सञ्चालन कार्यक्रम र रासायनिक विषादीको प्रयोगलाई नियमन, न्यूनीकरण र निरुत्साहित द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला सञ्चालन कार्यक्रमको लागि आवश्यक रकमको व्यवस्था । | प्रत्येक जिल्ला माटो सुधारका लागि चुन वितरण तथा प्रांगारिक मलमा अनुदान। रासायनिक विषादीको प्रयोगलाई नियमन, न्यूनीकरण र निरुत्साहित गर्न सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला सञ्चालनमा आउने प्रक्रियामा रहेको । |
| ३७ | किसानले उत्पादन गरेकोदुधको मूल्य-शृङ्खला वृद्धि गर्न आवश्यक पर्ने चिलिङ भ्याट, डिप फ्रिज, मिल्क एनालाईजर जस्ता यन्त्र उपकरणहरू दुध सङ्कलन केन्द्रलाई सहुलियत दरमा उपलब्ध गराईनेछ। कृषि उपजको उत्पादन लागत घटाउन सहयोग गर्ने कृषि यन्त्र, उपकरण खरिदमा किसानलाई अनुदान सुविधाको व्यवस्था । | जिल्लागतरुपमा आवश्यक अनुरुप सो कार्य भइरहेको |

| | | |
|---|---|---|
| ३८ | गाईभैसी पालन गर्ने कृषकलाई दुध उत्पादन तथा बिक्री वितरणमा प्रोत्साहन गर्न प्रति लिटर दुधमा प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता | उक्त कार्यक्रम निरन्तर लागु भइरहेको |
| ३९ | खेतबारीमा सिँचाइ सुविधा पुर्‍याई कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि साना सिँचाइनिर्माण तथा मर्मत कार्यक्रम अन्तर्गत सानातिना कुला र पोखरी निर्माण तथा मर्मत सम्भारका लागि रू. ३३ करोड ३२ लाख विनियोजन। | सिँचाइ निर्माण तथा मर्मतसम्भार कार्यक्रम सञ्चालनमा रहेको । |
| ४० | प्राकृतिकप्रकोप, विभिन्न रोग तथा भवितव्यबाट हुन सक्ने आर्थिक क्षतिमा वित्तीय सुरक्षाकालागि सबै किसानलाई बिमाको दायरामा ल्याइनेछ। प्राकृतिक प्रकोप तथा महामारी रोगकोकारण कृषि क्षेत्रमा हुने क्षतिपूर्तिको लागि राहत कार्यक्रम, बाली तथा पशुपन्छी बिमा र कृषि तथा पशुपन्छीका लागि एक स्थानीय तह एक बिमक कार्यक्रम सञ्चालन गर्ने। | विमा कार्यक्रम अनिवार्य नरहेको र किसानहरुले स्वइच्छाले विमा कार्यक्रममा भाग लिएको। कृषि तथा पशुपन्छीमा क्षेत्रमाप्रकोप तथा महामारीका लागि प्राकृतिक प्रकोपराहत कार्यक्रमका लागि बजेट विनियोजन भएको |
| ४१ | आगामी आर्थिक वर्षमा कर्णाली प्रदेश भू-उपयोग नीति तर्जुमा गरिनेछ। प्रदेशका सबै जिल्लामा रहेकोसरकारी जग्गाको लगत सङ्कलन गर्ने व्यवस्था। | भू- उपयोग नीतिको मस्यौदा तयारी अवस्थामा रहेको |
| ४२ | कर्णाली प्रदेशमा भएका गुठी जग्गाहरूको नियमनका लागि गुठीको संरक्षण तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिनेछ। नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा नीति, कानुन, मापदण्डबनाई गुठी व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्दै लग्ने । | कर्णालीप्रदेशमा रहेका गुठी जग्गाको लागत संकलन कार्य संचालनमा रहेको |
| ४३ | सहकारी संस्थामा रहेको बचत रकमलाई उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिनेछ। वित्तीय कारोबार गर्ने सहकारी सङ्घसंस्था मार्फत वित्तीय साक्षरता प्रवर्द्धनका लागि प्रेरित गरिनेछ। समय सहकारी क्षेत्रको विकास र सुदृढीकरण गर्न सहकारीको नियमन व्यवस्थालाई सुदृढ गर्ने। | सहकारीका संचालक तथा पधादिकारीलाई क्षमता अभिबृधि तालिम संचालन । सहकारीक्षेत्रको विकास र सुदृढीकरण नियमितरुपमा अन्य कार्यक्रम संचालन भइरहेको |

**८. मन्त्रालय र मातहतका निकायबाट चालु आ.व. को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका प्रमूख कार्यहरूबाट हासिल भएका मुख्य उपलब्धिहरुः**

| क्र.स | उपलब्धिहरु |
|---|---|
| १ | NAFHA परियोजना मार्फत ११६.४५ हेक्टर क्षेत्रफलमा सुन्तला जात फलफूलको बगैचा स्थापना भएको। |
| २ | सहकारी रजिष्टारको कार्यालय मार्फत ३ वटा तालिम संचालन गरि सहकारी संस्थाको क्षमता विकास गरिएको साथै COPOMIS Lab निर्माण गरी सञ्चालनमा ल्याईएको। |
| ३ | २५९२ वटा पशु (गाई, भैसी र बाख्रा) मा कृत्रिम गर्भाधान गरि नश्लसुधार गरिएको। |
| ४ | ९ वटा पशुस्वास्थ्य शिविर मार्फत २८५०४ पशुपंन्छीको उपचार गरिएको। |
| ५ | बराहताल गाउँपालीका वडा नं १ तेलपानीमा स्थानीय जातको आलु करिव २०० रोपनीमा खेती भै १७० मे टन आलु उत्पादन भई करिव ८५ लाख बराबर आम्दानी। |

| | |
|---|---|
| ६ | वीरेन्द्रनगर नगरपालिका वडा नं ०४ मा स्ट्रवेरीको करिव १४ रोपनी बरावर क्षेत्र विस्तार गरिएको। |
| ७ | वीरेन्द्रनगर नगरपालिका वडा नं १३ को मेवा बालीको करिव ८ रोपनीमा थप क्षेत्र विस्तार । |
| ८ | गहुँ बालीको करिव ६.५ मेटन मुल वीउ वितरण गरि करिव ५४ हेक्टरमा बिजबृद्धि भई करिव१६२.५ मे टन उन्नत वीउ उत्पादन हुने। |
| ९ | बनगाड कुपिण्डे नगरपालिका, सल्यानमा मा १५० बोटको लो चिलिंग स्याउ बगैंचा स्थापना भएको। |
| १० | सल्यान जिल्लाका ५० वटा सुन्तला बगैंचा तथा नर्सरीको CITRUS GREENING TEST (PCR) परिक्षण गरिएको |
| ११ | सल्यान र रुकुमपश्चिम जिल्लाबाट २४०० मे.ट. सुन्तला निर्यात गरि करिव १४ करोड ८० लाख बराबर आम्दानी भएको। |
| १२ | डोल्पा ४०० मेटन स्याउ जिल्ला बाहिर निर्यात भएको र करिब २ करोड (रु.५० प्रतिकेजी) आम्दानी भएको। |
| १३ | जुम्ला जिल्लाबाट ४२ करोड २९ लाख बराबरको स्याउ निर्यात भएको |
| १४ | हुम्ला जिल्लाबाट करिव १८ मे. टन स्याउ स्ट्याण्डर कार्टुनको प्रयोग गरि बजारीकरण भएको र जिल्लाबाट ८०० मे. टन निर्यात भई करिव ८ करोड बराबरको आम्दानी भएको |
| १५ | १७२ वटा माटोको नमुना परिक्षण गरि आवश्यक सिफारिस गरिएको। |
| १६ | ३ वटा घुम्ति बालि उपचार शिविर संचालन १७० कृषक, प्रदेश तथा स्थानीय तहमा कार्यरत २५३ जना कर्मचारी र ७९ जना कृषकलाई तालिम संचालन गरि क्षमता अभिवृद्धि भएको। |
| १७ | जुम्ला जिल्लाका ८ वटै पालिकाका २६ वटा व्यवसायिक स्याउ वगैचा धनिहरुलाई ११ हजार स्याउ प्याकेजिङ्ग स्टेण्डर काटुन वितरण गरिएको। |

## ९. समस्या र चूनौतीहरु:

| क्र.स | समस्या र चुनौतीहरु |
|---|---|
| १ | हिमाली जिल्ला हुम्ला र डोल्पामा कार्यालयबाट संचालित कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्न सवारी साधन नभएकोले असहजता भएको |
| २ | कम जनशक्ति मार्फत कार्यसम्पादन गर्नुपर्ने भएको |
| ३ | सामुदायिक कृषि पूर्वाधार निर्माण (साना सिचाई, रष्ट्रिक स्टोर, संकलन केन्द्र, हाटबजार लगायत) कार्यक्रममा लागत सहभागीता स्पष्ट नहुनु |
| ४ | ब्याज अनुदान कार्यक्रममा ब्याजमा अनुदान रकम भूक्तानी दिन समस्या |
| ५ | मन्त्रालय र मन्त्रालय अन्तरगतका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा (विषादी द्रुत विश्लेषण प्रयोगशाला -हर्रे सुर्खेत र कपुरकोट सल्यान, तरल नाइट्रोजन प्लान्ट संचालन, रिफरल भेटनरी अस्पताल) |

## २.६ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

### १.पृष्ठभूमिः

प्रदेशलाइ औद्योगिकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजि, स्वदेशी, तथा बिदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रसोधन गरि निर्यात जन्य पदार्थको उत्पादन गरि निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरुको माध्यम बाट गरिबी न्युनिकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउदै, वाणिज्य क्षेत्रलाइ सबल तुल्याउदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य ब्यापारको सहजीकरण, प्रवर्दन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मुर्त तथा अमुर्त सांस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकाश र समुन्नतीमा टेवा पुर्याउदै, वन, वातावरण तथा जलाधार क्षेत्रको संक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृदि, पानीमुहान, बन्यजन्तु र जैविक बिबिधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुर्याउने लक्ष्यका साथ यो मन्त्रालयको स्थापना मिति २०७४/११/०३ गते भएको हो।

### २. दिर्घकालिन सोच :

दिगो वन ब्यवस्थापन, उद्योग, उद्यमशीलता, पर्यटन र सन्तुलित पर्यावरण मार्फत प्रदेशको सम्बृदि।

### ३. ध्येय :

व्यवस्थित वन क्षेत्र, उद्योग, उद्यमशीलता, पर्यटनको विकास र सन्तुलित पर्यावरण मार्फत प्रदेशको आर्थिक, सामाजिक, संस्कृतिक सम्बृदिमा योगदान पुर्याउने।

### ४. रणनीतिक उदेश्यहरुः

- जनसहभागितामूलक तथा वैज्ञानिक व्यवस्थापन पद्दति अवलम्बन गर्दै वन, वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट वनक्षेत्रको उत्पादकत्व वृद्धि गर्ने।
- सामुदायिक वन मार्फत वातावरणमैत्री हरित अर्थतन्त्र विकास गर्न उच्चमूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोटबिरुवाहरू वृक्षारोपण अभियानकै रुपमा सञ्चालन गर्ने।
- निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडिबुटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्धन, विविधिकरण र बजारीकरण गर्ने।
- प्रदेशमा रहेका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्वद्र्धन गर्ने।
- जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकूलनका उपायहरू अवलम्बन गर्दै हिमाली क्षेत्रमा वनबुट्यान, बीऊ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्ने
- स्वच्छ वातावरण जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाई गर्दै सार्वजनिक स्थल, नदी किनार, सडकछेउ, खोल्सा—खोल्सीमा बाँस, अम्रिसो, फलफुल लगायतका आयमुलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोगका सबै स्थानीय तहका केन्द्रहरूलाई हरित नगरको रुपमा विकसित गर्ने।
- हवाई यातायातको सुविधाका लागि आवश्यक समन्वयात्मक कार्य गर्ने।

**५. कार्यक्षेत्र :**

मन्त्रालयको कार्यक्षेत्र जिम्मेवारीहरु(प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ वमोजिम) देहायानुसार रहेका छन्:

१. ब्यापार वाणिज्य र बजार प्रतिष्पर्धा सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा,कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण ।

२. प्रादेशिक ब्यापार सम्वन्धी पूर्वाधार निर्माण, प्रवद्र्धन, सहजिकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, वौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन ।

३. ढुवानी, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन ।

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता ।

५. ब्यापारिक फर्महरूको दर्ता, नविकरण, खारेजी र नियमन ।

६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा संचालन र संघसंग समन्वय ।

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्शा सम्वन्धी ।

८. कल कारखाना र औद्योगिकिकरण सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जूमा, कार्यान्वयन र नियमन

९. उद्योग दर्ता, अनुमति, नविकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन।

१०. प्रदेश स्तरको उद्योग क्षेत्रको भौतिक पुर्वाधार विकास सम्वन्धी योजना तर्जूमा र कार्यान्यिन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना संचालन र विस्तार ।

११. औद्योगिक वस्तुको निर्यात प्रवद्र्धन ।

१२. सार्वजानिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपुर्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन ।

१३. उपभोक्ताहरुको अधिकार संरक्षण तथा प्रवद्र्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुुमा, कार्यान्वयन तथा अनुगमन।

१४. मुल्य र कालोवजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन ।

१५. संघिय मापदण्ड अनुसार स्टाण्डार्ड वर्गीकरण, गुणस्तर परिक्षण र नियमन ।

१६. उपभोक्ता अदालत गठन र संचालन ।

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपुर्ति सम्वन्धी सुचना संकलन, विश्लेषण, प्रक्षेपण र आपुर्ति ब्यवस्था, मौज्दातको ब्यवस्था र आपुर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहवीच समन्वय ।

१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन ।

१९. करार, साझेदारी र एजेन्सी सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यन्वयन र नियमन ।

२०. संघसंगको समन्वयमा कम्पनी स्थापना सम्वन्धी नीति तथा कानून तर्जूमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन ।

२१. दामासाहिमा परेका उद्योग, व्यावसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन ।

२२. प्रदेश स्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन ।
२३. प्रदेश स्तरमा इन्धनको गुणस्तर अनुगमन ।
२४. संघिय कानून वमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्वन्धी ।
२५. प्रदेश भित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्धन सम्वन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन ।
२६. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन ।
२७. उद्योगमाश्रममुलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग ।
२८. स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र ब्यवसाय प्रवद्र्धन सहायता ।
२९. प्रादेशिक पर्यटन विकासको नीती, कानून, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास, प्रवद्र्धन र नियमन
३०. पर्यटक प्रहरी व्यवस्थापन ।
३१. पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ¥याफ्टिङ्ग आदीको दर्ता, अनुमति, नविकरण र नियमन ।
३२. प्रदेश स्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
३३. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण ।
३४. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्वन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन ।
३५. प्रदेश स्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको ब्यवस्थापन ।
३६. हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन ।
३७. जडीबुटीखेती प्रविधि प्रवद्र्धन, विस्तार तथा वजारीकरण सम्वन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन ।
३८. वन तथा वातावरण सम्वन्धी विषयमा प्राविधिक सुचना तथा सेवा प्रवाह ।
३९. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग ।
४०. प्रदेश स्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यावस्थापन ।
४१. प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एंव लाभांश बाँडफाड
४२. प्रदेश स्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन ।
४३. प्रदेश भित्र भू–स्खलन नियन्त्रण।
४४. प्रदेश स्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकाश र व्यवस्थापन ।
४५. प्रदेश स्तरमा वातावरण सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
४६. प्रदेश स्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना।
४७. प्रदेश स्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार ।
४८. प्रदेश स्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, संचालन र व्यवस्थापन ।
४९. प्रदेश स्तरमा ठोस, बायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण ।
५०. प्रदेश स्तरमा न्यून कार्वनमुखी तथा वातारणमैत्री विकाश प्रक्रिया र हरित क्षेत्र प्रवद्र्धन ।

५१. प्रदेश स्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वद्र्धन ।
५२. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परिक्षण
५३. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान , बर्गीकरण, संरक्षण र ब्यवस्थापन ।
५४. संरक्षण क्षेत्र पहिचान र ब्यवस्थापकीय पद्धति निर्धारण ।
५५. अन्तर प्रदेशीय नदि उकास तथा सडक किनार बृक्षारोपण ब्यवस्थापन ।
५६. बृक्षारोपणको लागि दिगो तथा गुणस्तरिय बीउ उत्पादन, वीउ वगैंचा स्थापना र ब्यवस्थापन ।
५७. प्रदेश भित्र बृक्षारोपण तथा सम्भार सम्बन्धि नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
५८. प्रदेश भित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धि ब्यवस्थापन ।
५९. बन्यजन्तु र चराचुरुङ्गी सम्बन्धि प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जूमा, कार्यान्वयन र नियमन ।
६०. प्रदेश स्तरमा विज्ञान प्रविधिको विकाश तथा विस्तार, सो सम्वन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकाश र उपयोग ।
६१. वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास ।
६२. विज्ञान संग्रहालय र प्लोटोरियमको स्थापना र संचालन र ब्यवस्थापन ।

## ६. अर्धवार्षिक वित्तिय र भौतिक प्रगति विवरण

### ६.१ कुल विनियोजन र अर्धबार्षिक खर्चको अवस्था

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण

(रु. हजारमा)

| शिर्षक | आ.व. २०८२/०८३ | | | आ.व. २०८१/०८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | ९९,७६,६७ | ३१,२५,११ | ३१.३२ | ८२,९८,२५ | २७,३०,६२ | ३२.९१ |
| पुंजिगत | १,४३,०३,३१ | ४९८,९६ | ३.४९ | १,११,४९,६१ | ५,२५,९६ | ४.७२ |
| जम्मा | २,४२,७९,९८ | ३६,२४,०७ | १४.९३ | १,९४,४७,८६ | ३२,५६,५८ | १६.७५ |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यलय, कर्णाली प्रदेश।*

### ६.२ राजस्व परिचालको अवस्था

तालिकाः आ.व.२०८१/८२ र २०८२/८३ को पौष मसान्तसम्म संकलित राजस्वको विवरण

| राजस्व शिर्षक | आ.व. २०८२/०८३ | आ.व. २०८१/०८२ |
|---|---|---|
| ११६११-व्यवसायले भुक्तानी गर्ने | | ५४९३५० |
| १४१५१-सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ८३२६३६.६ | ५१६८१५ |
| १४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | १००० | ३४५५० |
| १४२१३-अन्य विक्रीबाट प्राप्त रकम | ३३३२७ | ४७२०८ |
| १४२१९-अन्य सेवा शुल्क तथा बिक्री | | १०२३० |
| १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ४१९२११५ | ४५१८९०३.४ |

| | | |
|---|---|---|
| १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३१३४८७० | ३४५६५६० |
| १४२६४-वन क्षेत्रको अन्य आय | २६२०८३५१.७६ | ९७८६७०५.८ |
| १४३११-न्यायिक दण्ड,जरिवाना र जफत | १११२५ | १३००२५ |
| १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | २२६०० | ४२७८३८ |
| १४३१३-धरौटी सदरस्याहा | १२०४२५१.६६ | |
| १४५२९-अन्य राजस्व | ५९९५० | ७२०० |
| १५१११-बेरूजू | २३०३६३८.७ | ४६१३२६४ |
| ३३३६१-वन क्षेत्रको रोयल्टी | ३३७३८७३५.६४ | ४७७९४४१९.५ |
| कुल जम्मा | **७१७४२६०१.३६** | **७१८९३०६८.७** |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय*

## ६.३ बहुवर्षिय आयोजनाको प्रगति

तालिकाः मन्त्रालय अन्तर्गतका बहुबर्षिय आयोजनाको आ.व. २०८२/८३ पौष मसान्तसम्मको वित्तीय प्रगती विवरण

| कार्यालय | सम्झौता रकम | वित्तिय खर्च | वित्तिय प्रगति |
|---|---|---|---|
| डिभिजन वन कार्यालय, सुर्खेत | ११८५४२५६२१५ | ५४९०२३८७ | ४६।३१ |
| डिभिजन वन कार्यालय, मुगु | ४५२९१०४७९.६५ | १२४१८८०५३१५ | २७।४२ |
| डिभिजन वन कार्यालय, कालिकोट | ७५५०८३२७२५ | ६७२३२६१४१५८ | ८९।०४ |
| डिभिजन वन कार्यालय, कालिकोट | ५७८८६६२९।३२ | ४९१३९९५९।६३ | ८४।८९ |
| डिभिजन वन कार्यालय, कालिकोट | ६८९९९७९९।९७ | ६५६७८२४९।६८ | ९५।१९ |
| डिभिजन वन कार्यालय, रुकुम पश्चिम | १२८,९२६,७९३।६१ | ६२१६५९९१।९२ | ४८।२२ |
| भू तथा जलाधार व्यवस्थापन कार्यालय, सुर्खेत | ११२३६८६३.८७ | ६३८३७४७८८ | ५६।८१ |
| डिभिजन वन कार्यालय सुर्खेत | २२७०००००० | २४९०३२ | ५।०० |
| जम्मा | ९३६७११४५६.१४ | ४२९९४००३६.२१ | ५६।६१ |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय*

## ६.४ चालु आ.व. मा भौतिक पूर्वाधार सम्बन्धि आयोजनाहरूको कार्यान्वयन अवस्था

| कार्यालयको नाम | २०८२ पौष मसान्तसम्म सालवसाली आयोजना कार्यान्वयन सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्नुपर्ने आयोजना संख्या | हालसम्म कार्यान्वयनमा गएका आयोजना संख्या | कार्यान्वयन हुन बाँकी आयोजना संख्या | समर्पण गर्न सकिने आयोजना संख्या | समर्पण गर्न सकिने रकम (रु. हजारमा) |
| डिभिजन वन कार्यालय रुकुम पश्चिम | १५ | ११ | ४ | | |
| डिभिजन वन कार्यालय सल्यान | ७४ | ५५ | १९ | | |
| डिभिजन वन कार्यालय डोल्पा | १५ | १ | १४ | | ९००० |
| डिभिजन वन कार्यालय जुम्ला | ९ | ८ | १ | १ | ३००० (सशर्त) |
| डिभिजन वन कार्यालय मुगु | ८ | २ | ६ | | |
| डिभिजन वन कार्यालय हुम्ला | १३ | ८ | ५ | | |
| डिभिजन वन कार्यालय कालिकोट | १६ | १२ | ४ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| डिभिजन वन कार्यालय जाजरकोट | ८ | ६ | २ | | |
| डिभिजन वन कार्यालय दैलेख | १८ | १२ | ६ | २ | ३००० |
| डिभिजन वन कार्यालय सुर्खेत | २६ | | | | |
| डिभिजन वन कार्यालय भेरी | ७ | २ | ५ | | |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय*

## ७. बेरुजुको विवरण

तालिकाः मन्त्रालय र मातहतका निकायहरुको बेरूजुको अवस्था (२०८२ पौष मसान्त सम्म)

| हाल सम्मको जम्मा वेरुजु | कुल असुल उपर गर्नुपर्ने वेरुजु रु. | चालु आ.व.मा असुल भएको वेरुजु रु. | असुल गर्न बाँकी रु. |
|---|---|---|---|
| ३५४४७६५३४.८४ | ७३२५६४४.४७ | ८३२९७२१ | ६४९२६७२३.४७ |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय*

## ८. नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनको अवस्था

८.१ मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रममा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरुः

| बुँदा नं. | निति तथा कार्यक्रममा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ३१ | निजी क्षेत्रका रोजगारदाताको सहकार्यमा बजार मागमा आधारित उद्यमशीलता विकास एवम् सिप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशमा नवप्रवर्तनशील सोच भएका युवा लक्षित नयाँ उद्यम विकासको वातावरण निर्माण गर्न स्टार्टअप फण्ड र बिजनेस इन्क्युबेसन सेन्टर स्थापनाको कार्यलाई अगाडि बढाइनेछ। यस्ता उद्योगबाट उत्पादित वस्तु तथा सेवाको गुणस्तरीयता कायम गरी बजारीकरणका लागि सहयोग र सहजीकरण गरिनेछ । | अनुदान कार्यविधी बमोजिम बैंक सुचि दर्ताको चरणमा रहको |
| ३२ | भूकम्प प्रभावित क्षेत्रका युवालाई लक्षित गरी उद्यमशीलतामा आधारित कर्जामा व्याज अनुदान कार्यक्रम सञ्चालन गरिनेछ। मध्यमस्तर व्यवसाय रणनीति तर्जुमा गरी साना तथा मझौलास्तरका उद्यम व्यवसाय (एस एम इ) लाई प्रवर्द्धन गर्न व्याज अनुदान, सहुलियत तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। | अनुदान कार्यविधी बमोजिम बैंक सुचि दर्ताको चरणमा रहको |
| ३३ | विदेशको अनुभव स्वदेशमा अवसर (रिटर्नी रिटेन) भन्ने सोचका साथ वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिसँग भएको ज्ञान, सिप, अनुभव, पुँजीको अभिलेखीकरण गरी सिप प्रमाणीकरण मार्फत सोको उपयोग गरिनेछ । रिटर्नी युवाहरूलाई प्रदेशमै उद्यम व्यवसाय सञ्चालन गर्न कर्जामा सहजीकरण र व्याज अनुदान दिने नीति लिइनेछ। | अनुदान कार्यविधी बमोजिम बैंक सुचि दर्ताको चरणमा रहको |

| | | |
|---|---|---|
| ३४ | नवप्रवर्तन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न आवश्यक सहयोग र सहुलियत प्रदान गरिनेछ । प्रदेशमा भएका बहुमूल्य स्लेट, पत्थर र खरिढुङ्गाको उपयोग बढाउन सम्भाव्यता अध्ययन गरी उद्योग सञ्चालनका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । | कार्यान्वयन नभएको |
| ३५ | दलित समुदायको परम्परागत ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्दै पेसाको आधुनिकीकरण तथा व्यावसायीकरण मार्फत उनीहरूको जीविकोपार्जन, आर्थिक उन्नति, सामाजिक प्रतिष्ठा र सम्मान अभिवृद्धि गर्ने मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम कार्यान्वयन सम्बन्धी कानूनलाई समसामयिक बनाइनेछ। | मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम कार्यान्वयनमा रहेको |
| ३६ | " मेक इन कर्णाली" लाई प्रवर्द्धन गर्न आवश्यक पूर्वाधार तथा सिप विकास कार्यक्रममा जोड दिइनेछ । "मेक इन कर्णाली" र "मेड इन कर्णाली" अभियान अन्तर्गत निजी लगानीकर्ताको आकर्षण र प्रदेशभित्र स्थापना हुने उत्पादनमूलक उद्योगको स्थायित्व तथा वस्तुको उत्पादन एवम् उपभोग अभिवृद्धिका लागि त्यस्ता उत्पादनलाई प्रदेश सरकारका निकायबाट खरिद गर्दा प्राथमिकता दिइनेछ । प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीलाई शुक्रबार प्रदेशमै उत्पादित कर्णालीको पहिचान झल्किने पोसाक लगाउन प्रोत्साहन गरिनेछ । "प्रादेशिक औद्योगिक क्षेत्र" निर्माणका लागि जग्गा प्राप्ति र सोको पूर्वाधार निर्माण सम्बन्धी कार्यहरू सञ्चालन गरिनेछ । | औद्योगिक क्षेत्र प्राप्तिका लागि छलफल भईरहेको |
| ३७ | प्रदेशमा तुलानात्मक लाभ भएका क्षेत्र पहिचान गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै उद्योग क्षेत्रको विकास र विस्तार तथा उत्पादित वस्तु तथा सेवाको बजारीकरणमा जोड दिइनेछ । प्रदेशको भौगोलिक विशिष्टता, कच्चा पदार्थको उपलब्धता, बजारको संरचना, श्रम र प्रविधिको उपलब्धता, उत्पादन तथा निर्यातको सम्भावनाका आधारमा सम्भाव्यता अध्ययन गरी औद्योगिक नक्साङ्कन गरिनेछ । ई-कमर्स मार्फत व्यवसाय विस्तार र प्रवर्द्धन गर्ने नीति लिइनेछ । | कार्यान्वयनमा रहेको |
| ४१ | प्रदेशको चुरे क्षेत्रमा संवेदनशील जलाधार व्यवस्थापन तथा भू-संरक्षणका क्रियाकलाप सञ्चालन गरिनेछ। जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि भू-तथा जलाधार संरक्षणका कार्यक्रमलाई समुदायमुखी र एकीकृत जलाधार व्यवस्थापन पद्धतिबाट सञ्चालन गरिनेछ। पानी मुहान क्षेत्र पहिचान गरी सुकेका पानीका मूलहरू पहिलेकै अवस्थामा फर्काउन आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ । ठूला पूर्वाधार संरचना निर्माण गर्दा जमिनमा जल पुनर्भरणलाई प्रोत्साहन गरिनेछ । | जलाधार संरक्षण कार्यक्रम संचालनमा रहेको |
| ४२ | प्राकृतिक रुपमा वर्षे पानी सङ्कलन, पानी स्रोत संरक्षण तथा व्यवस्थापनका लागि प्राकृतिक रिचार्ज पोखरी निर्माणलाई प्राथमिकतामा राखिनेछ । कर्णाली र भेरी नदी प्रणाली एकीकृत जलाधार व्यवस्थापन योजना बमोजिम माथिल्लो र तल्लो तटीय सम्बन्धका आधारमा जलाधार क्षेत्रमा सञ्चालन भएका कार्यक्रमलाई निरन्तरता दिइनेछ । | जलाधार संरक्षण कार्यक्रम संचालनमा रहेको |

| | | |
|---|---|---|
| ४३ | जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी नीति, रणनीति तथा कार्ययोजना तर्जुमा गरिनेछ। जलवायु परिवर्तन संवेदनशील उच्च हिमाली तथा पहाडी जिल्लामा परम्परागत अनुकूलनका उपायहरूको पहिचान तथा प्रवर्द्धनमा जोड दिइनेछ । जलवायु सङ्कटासन्न समुदाय, क्षेत्रको पहिचान गरी प्रभाव न्यूनीकरण र जलवायु उत्थानशील कार्यक्रम सञ्चालन गरिनेछ। वातावरण प्रदूषण नियन्त्रणका कार्यक्रम सञ्चालन गर्दै वातावरणीय स्वच्छता कायम गरिनेछ । | जलवायु अनुकुलन रणनिति तयारी मस्यौदा भएको |
| ४४ | समुदायमा आधारित वन व्यवस्थापन पद्धतिलाई अनुशरण गर्दै वन तथा वातावरण संरक्षण गरिनेछ। व्यवस्थित बन क्षेत्र तथा सामुदायिक वनमा वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन पद्धति लागू गरी प्रदेशलाई काठ दाउरामा आत्मनिर्भर बनाइनेछ। पाटन, खर्क तथा महत्त्वपूर्ण जैविक विविधतायुक्त क्षेत्रहरूको पहिचान, नक्साङ्कन तथा उपयोग गरी प्रदेशको आर्थिक समृद्धिमा टेवा पुर्‍याइनेछ । | दिगो वन व्यवस्थापन कार्यान्वयनमा रहेको |
| ४५ | संरक्षित क्षेत्र बाहिर बासस्थान भएका हिउँचितुवा, रेडपाण्डा, कस्तुरी मृग लगायतका पारिस्थितिकीय रूपले महत्त्वपूर्ण प्रजातिको संरक्षण तथा प्रचारप्रसार मार्फत पर्यटक आकर्षण गरिनेछ । सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको संरक्षण साथै मानव र वन्यजन्तुको द्वन्द्व नियन्त्रण गरी सहअस्तित्व कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ । | रेडपाण्डा संरक्षण तथा लोपउन्मुख बन्यजन्तु संरक्षण कार्यक्रम संचालनमा रहेको |
| ४६ | जडिबुटी तथा कृषिजन्य उद्योगको स्थापना र उत्पादित कृषि उपजको मूल्य श्रृङ्खला, बजारीकरण र उपयोगिता विस्तारका लागि शीतभण्डार लगायतका पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । खोटो प्रशोधन, प्लाइउड तथा पार्टिकलबोर्ड, कृषिजन्य उद्योग, काष्ठ उपचार (उड सिजनिङ्ग) तथा जडिबुटी प्रशोधन उद्योग लगायतका उद्योग स्थापना र सञ्चालनका लागि व्याज अनुदानको नीति लिइनेछ । | जडीबुटी प्रशोधन तथा प्रवर्द्धन उद्योग संचालनका लागि छलफल भैरहेको |
| ४७ | कर्णालीको जडिबुटी, प्रदेशको ढुकुटी भन्ने अभिप्रायले सुगन्धित वनस्पति तथा जडिबुटी संरक्षण, संकलन, प्रशोधन, मूल्य श्रृङ्खला अभिवृद्धि तथा बजारीकरण गर्दै कर्णाली प्रदेशलाई जडिबुटी हबका रुपमा विकास गर्न जडिबुटी सङ्कलनको प्रमुख गन्तव्यको रुपमा रहेका पाटन तथा खर्कहरूको दिगो व्यवस्थापनका लागि "लेक तथा पाटन खर्क संरक्षण कार्यक्रम" सञ्चालन गरिनेछ । | पाटन खर्क रणनिती तयार भई स्विकृतिको चरणमा रहेको |
| ४८ | विपद्का कारणले हुन सक्ने वन विनाशलाई रोक्न आधुनिक प्रविधि तथा नवप्रवर्तनकारी कार्यक्रम सञ्चालन गरिनेछ । सहरी नदी किनारा संरक्षण, सहरी सौन्दर्यता, स्वच्छता कायम गरी सहरी हरियाली प्रवर्द्धन गरिनेछ। | जालाधार व्यवस्थापन तथा सहरि हरियालि प्रवर्द्धन कार्यक्रम संचालनमा रहेका |
| ४९ | सङ्घीय सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थललाई विस्तार र थप पूर्वाधार विकास गरिनेछ । विमानस्थल विस्तार गर्दा विद्यालय, सडक लगायतका भौतिक संरचना स्थानान्तरण तथा निर्माणको आवश्यक व्यवस्था मिलाइनेछ । दीर्घकालीन आवश्यकतालाई सम्बोधन गर्न सुर्खेतमा प्रादेशिक विमानस्थल निर्माणका लागि सङ्घीय सरकारसँग आवश्यक पहल गरिनेछ। प्रदेशभित्रको हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सुर्खेत | हवाई सहुलियत कार्यक्रमका लागि संघ सरकार संघ छलफल समन्वय भैरहेको |

| | | |
|---|---|---|
| | विमानस्थललाई केन्द्र बनाएर प्रदेशभित्रका विमानस्थलमा नियमित उडान गर्ने हवाई सेवा प्रदायकलाई सहुलियत प्रदान गर्ने नीति लिइनेछ । | |
| ५० | निजी क्षेत्र र अन्य सरोकारवाला समेतको सहयोग र सहकार्यमा कर्णाली प्रदेश पर्यटन गुरुयोजना अनुरूप कार्ययोजना तर्जुमा गरी कर्णालीलाई "सुरक्षित पर्यटन गन्तव्य" को रुपमा विकास गरिनेछ । मनोरञ्जनात्मक पर्यटन, सहरी सुन्दरता अभिवृद्धि, खुला क्षेत्रको प्रवर्द्धन तथा पर्यापर्यटनको विकासका लागि सम्भावित स्थानमा हरित उद्यान तथा पार्क निर्माण गर्ने नीति लिइनेछ । बुलबुले उद्यान क्षेत्र लगायत अन्य सम्भाव्य क्षेत्रलाई इकोलोजिकल गार्डेनिङ्गको रूपमा विकास गर्दै लगिनेछ । कुपिण्डे दह, स्यार्पु ताल लगायतका जलाधार क्षेत्र संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ। | कुपिण्डे, स्यार्पु ताल संरक्षण तथा व्यवस्थापन कार्य संचालनमा रहेको |
| ५१ | निजी क्षेत्र र स्थानीय तहसमेतको समन्वय र साझेदारीमा रक क्लाइम्बिङ्ग, प्याराग्लाइडिङ्ग, बन्जी जम्प, र्‍याफ्टिङ्ग, अल्ट्रा म्याराथुन, हिमालयन ट्रेल रेस, स्नो स्की, भिरमौरी हार्भेस्टिङ्ग लगायतका साहसिक पर्यटकीय तथा होमस्टे गोठस्टे प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । | जुम्ल रारा अल्ट्रा म्याराथुन कार्यान्वयनमा रहेको |
| ५२ | पर्यटकीय क्षेत्रको विकासका लागि पर्यटन सूचना तथा अभिलेख केन्द्र स्थापना र डिजिटल म्याप एप निर्माण गरी सञ्चालनमा ल्याइनेछ । कर्णाली प्रदेशमा रहेका प्रमुख पर्यटन सम्पदाको बारेमा जानकारीमूलक पर्यटक गाइड बुक तयार गरिनेछ । पर्यटकलाई निर्भयका साथ घुमफिर गर्ने वातावरण निर्माण गर्न पर्यटकको सुरक्षा र अप्ठ्यारो परिस्थितिमा तत्काल सहयोग गर्ने नीति लिइनेछ । | ToR तयारी भएको |
| ५३ | महत्त्वपूर्ण पर्यटकीय सम्पदा र स्थललाई पहुँचयोग्य **बनाई "संसारको गन्तव्य नेपालः नेपालको गन्तव्य कर्णाली"** भन्ने अभियानका साथ प्रदेशका मुख्य पर्यटकीय गन्तव्यलाई विश्व पर्यटनको मूल्य श्रृङखलासँग आबद्ध गर्न पर्यटन क्षेत्रको विकासमा लगानी वृद्धि गरिनेछ । गैरआवासीय नेपाली मार्फत प्रदेशका पर्यटकीय क्षेत्रको प्रचारप्रसार एवम् पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ । धार्मिक, सांस्कृतिक र आरोग्य पर्यटन प्रवर्द्धन गरिनेछ । शे-फोक्सुण्डो तथा रारा ताल जस्ता अनुपम प्राकृतिक सम्पदासम्मको सुरक्षित पहुँचमार्ग निर्माण र विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक पहल गरिनेछ । | ToR तयारी भएको |

**८.२ मन्त्रालयसँग सम्बन्धित बजेट वक्तब्यमा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरुः**

| बुँदा नं. | बजेट वक्तव्यमा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ३१ | साना तथा मझयौला उद्योगलाई व्यवसाय संचालनको लागि व्याज अनुदान र Business Incubation Center स्थापना, सञ्चालनमा सहयोग तथा प्रविधि खरिद, स्टार्टप फन्ड | अनुदान कार्यविधी बमोजिम बैंक सुचि दर्ताको चरणमा रहको |
| ३२ | भुकम्प प्रभावित क्षेत्रका युवा उद्यमीलाई कर्जा व्याज अनुदान कार्यक्रम | अनुदान कार्यविधी बमोजिम बैंक सुचि दर्ताको चरणमा रहको |

| | | |
|---|---|---|
| ३३ | रिटर्नी युवाहरुलाई उद्यम व्वसाय सञ्चालन गर्न कर्जा व्याज अनुदान कार्यक्रम | अनुदान कार्यविधी बमोजिम बैंक सुचि दर्ताको चरणमा रहको |
| ३५ | मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम | मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम कार्यान्वियनमा रहेको |
| ३६ | प्रादेशिक औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्ती | औद्योगिक क्षेत्र प्राप्तिका लागि छलफल भईरहेको |
| ३८ | वस्तु तथा सेवा निर्यात प्रर्वद्धन सम्वन्धमा संघिय सरकारसँगको समन्वयमा अन्तरक्रिया तथा छलफल | वस्तु तथा सेवा निर्यात प्रर्वद्धन सम्वन्धमा संघिय सरकारसँगको समन्वयमा अन्तरक्रिया तथा छलफल भईरहेको |
| ४१ | जलाधार संरक्षण कार्यक्रम | जलाधार संरक्षण कार्यक्रम संचालनमा रहेको |
| ४४ | सामुदायिक वनको दिगो व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन | दिगो वन व्यवस्थापन कार्यान्वियनमा रहेको |
| ४५ | रेडपाण्डा संरक्षण कार्यक्रम | रेडपाण्डा संरक्षण तथा लोपउन्मुख बन्यजन्तु संरक्षण कार्यक्रम संचालनमा रहेको |
| ४६ | जडीबुटी प्रशोधन तथा प्रवर्द्धन उद्योग | जडीबुटी प्रशोधन तथा प्रवर्द्धन उद्योग संचालनका लागि छलफल भैरहेको |
| ४८ | उत्तरी जलाधार गुरुयोजना कार्यान्वयन | जालाधार व्यवस्थापन तथा सहरि हरियालि प्रवर्द्धन कार्यक्रम संचालनमा रहेका |
| ४९ | सुर्खेत विमानस्थनको स्तरोन्नतिको लागि साझेदारी र सुर्खेतवाट हुम्ला, मुगु, डोल्पा, जुम्ला र कालिकोटमा हुने हवाई उडानमा सहुलियत | हवाई सहुलियत कार्यक्रमका लागि संघ सरकार संघ छलफल समन्वय भैरहेको |
| ५० | कुपिण्डे विषेश अनुदान | कुपिण्डे, स्यार्पु ताल संरक्षण तथा व्यवस्थापन कार्य संचालनमा रहेको |
| ५१ | जुम्ला रारा अल्ट्रा म्याराथुन | जुम्ला रारा अल्ट्रा म्याराथुन तयारीम्रा रहेको |
| ५२ | पर्यटन प्रबर्द्धनका लागि प्रचारप्रसार सामाग्री उत्पादन तथा प्रकाशन र वितरण | ToR तयारी भएको |
| ५३ | प्रमुख पर्यटकीय गन्तव्य झल्कने पर्यटकिय नक्सा, गन्तव्य कर्णाली एपको अध्याविधक गर्ने | ToR तयारी भएको |

**९. मन्त्रालय र मातहतका निकायबाट चालु आ.व. को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका प्रमूख कार्यहरू र सो बाट हासिल भएका मुख्य उपलब्धिहरुः**

**क. ऐन/नियमावली तथा कार्यविधिको निर्माण**

<u>स्वीकृत कार्यविधीः</u>

- ✓ वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधी २०८२
- ✓ कर्णाली प्रदेश बिजनेस ईन्क्युवेसन सेन्टर स्थापना संचालन तथा व्यवस्थापन कार्यविधि २०८२
- ✓ व्याज अनुदान कार्यक्रम कार्यविधि २०८२
- ✓ कर्णाली प्रदेश वन सेवाका कर्मचारिको फिल्ड स्तरमा प्रयोग हुने पोशाक सम्वन्धी ड्रेसकोड कार्यविधि २०८२

- ✓ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि २०८२
- ✓ वन संरक्षण तथा व्यवस्थापन सम्वन्धी तथ्याङ्क व्यवस्थापन दिग्दर्शन २०८२

**<u>मस्यौदा चरणमा रहेका कार्यविधीः</u>**

- ✓ पर्यटन सुचना केन्द संचालन सम्वन्धी कार्यविधी २०८२
- ✓ पर्यटकीय क्षेत्रको पूर्वाधार विकास एवं संरक्षण, संचालन र व्यवस्थापन कार्यविधी २०८२
- ✓ कर्णाली प्रदेशको जलवायु परिवर्तन रणनीति तथा कार्ययोजनाको २०८२
- ✓ काठ दाउरा संकलन तथा बिक्री सम्वन्धी निर्देशिका २०८२

**ख. अन्य क्रियाकलाप**

- ✓ ५ वटा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत भएको छ ।
- ✓ कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम कर्मचारीहरुको स्तरवृद्धि गरिएको।
- ✓ १४.८३ हेक्टर वनक्षेत्रमा भएको अतिक्रमण नियन्त्रण गरिएको ।
- ✓ ४४०३४ क्यू फिट काठ उत्पादन भई विक्रि वितरण भएको
- ✓ विरुवा उत्पादन कार्य जारी रहेको ।
- ✓ ३६ हेक्टर क्षेत्रफलमा वृक्षारोपण (Including Winter Plantation) भएको, थप क्षेत्रफलमा वृक्षारोपणका कार्यहरु भइरहेका ।
- ✓ काक्रेविहार वरिपरि कम्पाउण्ड वाल निर्माण आयोजनको म्याद थप गरी वाँकी निर्माणको कार्य अगाडी बढाउन पहल भएको।
- ✓ पहिरो रोकथाम, नदि कटान नियन्त्रण, भू संरक्षण लगायतका कार्यहरु गरिएको, प्राकृतिक रिचार्ज पोखरीहरु निर्माण, पानि मुहानहरुको संरक्षण तथा सिमसार क्षेत्रको व्यवस्थापन गरिएको।
- ✓ बुलबुले गुरुयोजना कार्यान्वयन मार्फत बुलबुले डक एण्ड फिस पोन्डको कार्य संचालन गरिएको ।
- ✓ उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयशरुबाट सवै जिल्लाहरुमा सीप प्रतियोगिता, उद्यमशिलता विकास तथा सिप विकास तालिमहरु संचलान गरिएको, मेसिनरी औजारहरु वितरण भएको तथा बजार अनुगमनका कार्यहरु तिब्र रुपमा संचालन गरिएको ।
- ✓ लक्षित वर्ग विशेष कार्यक्रमहरु संचालन भएका, मेला महोत्सवमा उत्पादित वस्तुहरु प्रदर्शन गर्न उद्यमी/उद्योगिहरुलाई सहयोग गरीएको।

पर्यटन तर्फ

| क्र.स. | विवरण | यस आ.व. | गत आ.व. सम्म | जम्मा |
|---|---|---|---|---|
| १ | फनपार्क इजाजत | १ | ० | १ |
| २ | रिभर गाइड अनुमति | २ | १३ | १५ |
| ३ | ट्राभल एजेन्सी अनुमति | ० | ५ | ५ |

## १०. चालु  आ.व. को बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरुः

- ✓ यस मन्त्रालय मातहत कार्यान्वयनको चरणमा रहेका स्वीकृत ८ वटा वहुवर्षिय आयोजनाहरु मध्ये ३ वटा आयोजनाहरुको सम्पन्न हुने अवस्थामा रहेको यसै आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्ने गरी कार्य अगाडी बढाइएको।
- ✓ वार्षिक स्वीकृत कार्यक्रमको कार्यान्वयन

## ११. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतिहरुः

- २ ओटा भू तथा जलाधार कार्यलयको कार्यक्षेत्र ठुलो भएकोले प्रभावकारी कार्यक्रम कार्यान्वयन कठिनाई।
- डिभिजन वन कार्यलयमा पर्यटन सम्वन्धि कार्यक्रम कार्यान्वयन गर्न कठिनाई।
- साना तथा मझौला उद्योगलाइ व्यवसाय संचालनको लागि व्याज अनुदान कार्यविधि र भुकम्प प्रभावित क्षेत्रको युवा उद्यमीलाइ कर्जा व्याज अनुदान कार्यक्रम निर्माण भइ बैंक सुचिकरणका लागि सुचना आह्वान भएको तर हाल बैंक सम्पर्कमा रहेका तर सुचिकरण नभएका ।
- मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रमको नियमावली संशोधन नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई।
- सव डिभिजन वन कार्यालयको आफ्नै भवन नभएकोले कार्यालय संचालनमा कठिनाई।

## १२. आगामी दिनमा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सुझावहरु

- २ ओटा भू तथा जलाधार कार्यलयको कार्यक्षेत्र ठुलो भएकोले प्रभावकारी कार्यक्रम कार्यान्वयन कठिनाई।
- डिभिजन वन कार्यलयमा पर्यटन सम्वन्धि कार्यक्रम कार्यान्वयन गर्न कठिनाई।
- साना तथा मझौला उद्योगलाइ व्यवसाय संचालनको लागि व्याज अनुदान कार्यविधि र भुकम्प प्रभावित क्षेत्रको युवा उद्यमीलाइ कर्जा व्याज अनुदान कार्यक्रम निर्माण भइ बैंक सुचिकरणका लागि सुचना आह्वान भएको तर हाल बैंक सम्पर्कमा रहेका तर सुचिकरण नभएका ।
- मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रमको नियमावली संशोधन नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई।
- सव डिभिजन वन कार्यालयको आफ्नै भवन नभएकोले कार्यालय संचालनमा कठिनाई।

## २.७ सामाजिक विकास मन्त्रालय

### १. परिचय

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेटने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भई संचालनमा रहेको छ । प्रदेश सरकार मन्त्रीपरिषदको मिति २०७६/०५/०६ को निर्णय अनुसार यस मन्त्रालय र अन्तर्गतका २६ वटा कार्यालयमा कुल जम्मा १०७० स्थायी दरवन्दी स्वीकृत भएको थियो । हाल यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ सामाजिक विकास कार्यालयहरू, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश संग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालयहरू र कुल ११३६ स्विकृत दरवन्दी रहेका छन् । मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम श्रेणी) को नेतृत्वमा ५ महाशाखा र १२ शाखाहरूमा गरि जम्मा ५२ स्थायी दरबन्दी रहेको छ ।

### २. दिर्घकालिन सोच

कर्णाली प्रदेशको स्वास्थ्य शिक्षा र मानव संसाधन विकासमा सुधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा सशक्तिकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धन गरी कर्णालीबासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने ।

### ३. ध्येय

- कर्णालीवासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,
- सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा शिक्षामा पहुँच  सुनिश्चित गर्दै गुणस्तर अभिबृद्धि गर्ने,
- समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने,
- उद्यमशील, सिपयुक्त, उत्पादनमूलक तथा स्वरोजगार उन्मुख मानव संशाधन विकासमा जोड दिने,
- स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने,
- कर्णालीको विशिष्ट साँस्कृतिक सम्पदा र धरोहरको संरक्षण र सम्वर्धन गर्ने,

### ४. रणनैतिक उद्देश्यहरू

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पृवाधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,
- विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,
- आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सीप युक्त, जीवनपयोगी, रोजगार मूलक र उत्पादन मूलक बनाउने,

- उच्चशिक्षाको पहुँचलाई विस्तार गरी वैज्ञानिक, खोज मूलक, उद्यमशील र अनुसन्धानमूलक बनाउदै आत्मनिर्भर नागरिक तयार गर्ने,
- वालअधिकार, लैङ्गिक समानता, र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,
- विकासका विभिन्न आयामहरूमा अपाङ्गतामैत्री, वालमैत्री, ज्येष्ठ नागरिकमैत्री लैङ्गिकमैत्री रणनीति अवलम्वन गर्दै लोपोन्मुख, सीमान्तकृत तथा वन्चितिकणमा परेका जोखिमयुक्त वर्ग तथा समुदायको उत्थान गर्ने,
- युवालाई ज्ञान, सिप, प्रविधियुक्त, उद्यमशील र स्वाबलम्बी बनाउदै कर्णाली विकासको सम्वाहक शक्तिको रूपमा विकास गर्ने,
- कर्णालीको मानव संशाधन विकास ढाँचा विकास गर्दा भातृत्व, कर्णाली प्रदेशमा नै काम गर्ने र लगानी गर्ने लगाव सबैका लागि खेलकुदको अभिप्राय वमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यवसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको संस्थागत विकास गर्ने ।
- कर्णालीमा अवस्थित भाषिक, साहित्यिक, साँस्कृतिक, पुरातात्विक वहुमूल्य सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने।

## ५. मन्त्रालयको कार्यक्षेत्र

१. स्वास्थ्य तथा जनसङ्ख्या
२. शिक्षा तथा मानव संशाधन
३. महिला बालबालिका तथा समाज कल्याण
४. युवा तथा खेलकुद
५. भाषा धर्म तथा संस्कृति
६. पोषण तथा सरसफाई

## ६. अर्धवार्षिक वित्तिय र भौतिक प्रगति विवरण

### ६.१ कुल विनियोजन र अर्धबार्षिक खर्चको अवस्था

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण

(रु. हजारमा)

| बजेट शिर्षक | आ.व. २०८२/८३ | | | आ.व. २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च % | विनियोजन | खर्च | खर्च % |
| चालु | २,९९,२३,७३ | ८५,६७,४४ | २८.६ | २,९९,०९,४२ | ८९,८७,९४ | ३०.१ |
| पुंजीगत | २,७८,३३,१६ | १८,६८,४७ | ६.७ | २,७२,८५,४३ | ४०,७२,०३ | १४.९ |
| जम्मा | ५,७७,५६,८९ | १,०४,३५,९१ | १८.०७ | ५,७१,९४,८५ | १,३०,५९,९७ | २२.८ |

**स्रोतः** *प्रदेश लेखा नियन्त्रक कार्यलिय, कर्णाली प्रदेश।*

## ६.२ बजेट उपशिर्षकगत वित्तीय प्रगति

**तालिकाः** आ.व. २०८२/८३ को उपशीर्षकगत विनियोजन र अर्धबार्षिक खर्चको विवरण (रु. हजारमा)

| बजेट उपशीर्षक | चालु आ.व. २०८२/८३ पौष मसान्तसम्म | | |
|---|---|---|---|
| | बजेट | खर्च | वित्तीय प्रगति (%) |
| अस्पतालहरु | ४८८७२५ | १५९४२६ | ३३ |
| आयुर्वेद औषधालयहरु | ३०६६९७ | ६४७४२ | २१ |
| प्रदेश खेलकूद परिषद् | २२२२६० | ० | ० |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १७६६१ | ४३४८ | २५ |
| प्रदेश संग्रहालय तथा अभिलेखालय | २६४८१ | ५२६० | २० |
| प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र | ३८४५५८ | ८४६० | २ |
| मानव संशाधन विकास केन्द्र | ३३८०४ | ११६४३ | ३४ |
| शिक्षा विकास निर्देशनालय | ३५१९९९ | ४४४१० | १३ |
| संघिय शसर्त (खेलकुद ) | ९०००० | ० | ० |
| संघिय शसर्त (रोजगार प्रवर्द्धन) | ८९४९ | ४७४ | ५ |
| संघिय शसर्त (शिक्षा ) | ४७८३०० | ९१३८१ | १९ |
| संघिय शसर्त (सामाजिक विकास कार्यक्रम) | ११८०० | ० | ० |
| संघिय शसर्त (स्वास्थ्य) | ६८३४०० | १७७९८४ | २६ |
| सामाजिक विकास कार्यालयहरु | १४०३५०० | १६३२५१ | १२ |
| सामाजिक विकास मन्त्रालय | ६११०२१ | ७३२२४ | १२ |
| स्वास्थ्य सेवा कार्यालयहरु | ५८७८०३ | २१२१६१ | ३६ |
| स्वास्थ्य सेवा निर्देशनालय | ६८७३१ | २६८२९ | ३९ |
| जम्मा | ५७७५६८९ | १०४३५९३ | १८.०७ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ६.३ कार्यालयगत वित्तीय प्रगती

**तालिकाः** मन्त्रालय अन्तर्गतका कार्यालयको विनियोजन र अर्धबार्षिक खर्चको विवरण (रु. हजारमा)

| कार्यालय | बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| प्रदेश अस्पताल, सुर्खेत | ५९४२७९ | २०२३६७.०५५ | ३४ |
| सामाजिक विकास मन्त्रालय, सुर्खेत | ७४८६२४ | ८०८०१.६८८ | ११ |
| शिक्षा विकास निर्देशनालय | ४२४६०९ | ५३५९६.४२५ | १३ |
| स्वास्थ्य सेवा कार्यालय, दैलेख | १३२९७० | ४८९१४.१४२ | ३७ |
| स्वास्थ्य सेवा कार्यालय, डोल्पा | १०७५९७ | ४८२९८.६०९ | ४५ |
| स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत | १३४३९६ | ४३००१.४८४ | ३२ |
| सामाजिक विकास कार्यालय हुम्ला | २१८७२१ | ३९८२७.१८ | १८ |
| स्वास्थ्य सेवा कार्यालय, सल्यान | ११८०५९ | ३८७६१.६१८ | ३३ |
| स्वास्थ्य सेवा कार्यालय, मुगु | ११२९४७ | ३५००८.२९२ | ३१ |

| | | | |
|---|---|---|---|
| स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | १०६०४८ | ३३२८०.६३३ | ३१ |
| स्वास्थ्य सेवा कार्यालय, कालिकोट | ९४४१४ | ३३१८८.४७३ | ३५ |
| सामाजिक विकास कार्यालय दैलेख | ४२१६८३ | ३२९१६.२ | ८ |
| स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | १०३४१९ | ३२४०८.०३१ | ३१ |
| प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र | १४४९६४ | २८३१८.४५६ | २० |
| सामाजिक विकास कार्यालय कालिकोट | १५७६५१ | २७६६५.०१७ | १८ |
| स्वास्थ्य सेवा कार्यालय, हुम्ला | ९७६७३ | २६१३०.२३१ | २७ |
| जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | ४८७४८ | १७७७०.०६२ | ३६ |
| मानव संसाधन विकास केन्द्र, कर्णाली प्रदेश | ८०४५५ | १५६५८.५४६ | १९ |
| सामाजिक विकास कार्यालय जाजरकोट | १२१५६४ | १५०३०.८४ | १२ |
| सामाजिक विकास कार्यालय डोल्पा | ९६१८५ | १३७३६.९६ | १४ |
| सामाजिक विकास कार्यालय जुम्ला | १०९२१८ | ११५२१.०७३ | ११ |
| सामाजिक विकास कार्यालय रूकुम पश्चिम | ८९४२२ | १११८०.५३३ | १३ |
| सामाजिक विकास कार्यालय सल्यान | ११६७९८ | १०४१५.२८९ | ९ |
| जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | ३६५१४ | ९७४९.११३ | २७ |
| प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्र, कर्णाली प्रदेश | ४५१३७४ | ८४९२.४१२ | २ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | ३७१८७ | ८१५५.८६ | २२ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा | १६१५६ | ७७७८.२९५ | ४८ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, जाजरकोट | २२२२९ | ७७२३.४०७ | ३५ |
| मेहेलकुना अस्पताल | २५४९४ | ६८९९.३८६ | २७ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, रुकुम | १४८७६ | ६१०७.१६१ | ४१ |
| सामाजिक विकास कार्यालय मुगु | ९८२९८ | ६०७०.५५४ | ६ |
| प्रदेश संग्रहालय तथा अभिलेखालय, वीरेन्द्रनगर | २६४८१ | ५८८७.७०७ | २२ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | २८१३२ | ५१२४.४५९ | १८ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख | ३७७५५ | ४४२७.५३१ | १२ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान | ३५१९८ | ३५९६.१७१ | १० |
| आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला | १४१२४ | ३५५८.७२ | २५ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | १४६२६ | ३३०२.७६२ | २३ |
| आयुर्वेद औषधालय, जुम्ला | १६६३१ | ३२५०.९३१ | २० |
| प्रदेश खेलकुद परिषद् | ३२२२६० | ० | ० |

***स्रोतः*** *सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

## ६.४ बहुवर्षिय आयोजनाको प्रगति

तालिकाः मन्त्रालय अन्तर्गतका बहुबर्षिय आयोजनाको आ.व. २०८२/८३ पौष मसान्तसम्मको वित्तीय प्रगती विवरण

(रु. हजारमा)

| आयोजनाको नाम | ठेक्का सम्झौता रकम | हाल सम्म भुक्तान रकम | भुक्तानी बाँकी दायित्व | वित्तीय प्रगति प्रतिशत | सम्पन्न हुनुपर्ने मिति |
|---|---|---|---|---|---|
| प्रदेश अस्पताल सुर्खेतको भवनको तला थप | १,०६,९५,१४ | ८९,२२,१५ | १७,७२,९९ | ८३ | २०८२/०८/३० |
| सल्यान अस्पताल भवन निर्माण | १७,७८,८३ | १०,७१,२१ | ७,०७,६२ | ६० | २०८३/०३/२५ |
| Upgrading of Rukum west hospital | २३,१५,०५ | १९,४४,८३ | ३,७०,२२ | ८४ | २०८२/०७/२८ |
| दैलेख जिल्ला अस्पतालको भवन निर्माण | १८,२४,०० | ९,५१,१३ | ८,७२,८७ | ५२ | २०८२/११/३० |
| हुम्ला जिल्ला अस्पताल भवन निर्माण | २३,९६,५५ | २३,१६,६७ | ७९,८८ | ९७ | २०८२/०३/२३ |
| श्री अमरज्योति मावि विद्यालय, वीरेन्द्रनगर, गुसिपुर को डिपिआर अनुसार विद्यालय भवन निर्माण | ५,८९,२४ | २,१०,४१ | ३,७८,८३ | ३६ | २०८३/०९/१५ |

***स्रोतः*** *सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

## ६.५ चालु आ.व. मा भौतिक पूर्वाधार सम्बन्धि आयोजनाहरूको कार्यान्वयन अवस्था

| कार्यालय | जम्मा आयोजना संख्या | कार्यान्वयनमा गएका योजना संख्या | कार्यान्वयन प्रक्रिया सुरु नभएका योजना संख्या |
|---|---|---|---|
| सामाजिक विकास कार्यालय दैलेख | १२४ | १०० | २४ |
| शिक्षा विकास निर्देशनालय | ७६ | ४५ | ३१ |
| सामाजिक विकास कार्यालय हुम्ला | ६७ | ६७ | ० |
| सामाजिक विकास कार्यालय कालिकोट | ४९ | ४० | ९ |
| सामाजिक विकास कार्यालय जाजरकोट | ४५ | ३४ | ११ |
| सामाजिक विकास कार्यालय सल्यान | ४१ | ३२ | ९ |
| सामाजिक विकास कार्यालय रूकुम पश्चिम | ३४ | ३३ | १ |
| सामाजिक विकास कार्यालय जुम्ला | ३१ | ३१ | ० |
| सामाजिक विकास कार्यालय डोल्पा | २८ | २८ | ० |
| सामाजिक विकास कार्यालय मुगु | २८ | २१ | ७ |
| सामाजिक विकास मन्त्रालय | ८ | ७ | १ |
| प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र | ७ | ५ | २ |
| प्रदेश अस्पताल | ३ | १ | २ |

| | | | |
|---|---|---|---|
| स्वास्थ्य सेवा कार्यालय, सल्यान | ३ | ३ | ० |
| स्वास्थ्य सेवा कार्यालय, हुम्ला | ३ | ३ | ० |
| आयुर्वेद स्वास्थ्य केन्द्र, सल्यान | २ | २ | ० |
| प्रदेश खेलकुद परिषद् | २ | २ | ० |
| मानव संसाधन विकास केन्द्र | २ | ० | २ |
| स्वास्थ्य सेवा निर्देशनालय | २ | ० | २ |
| स्वास्थ्य सेवा कार्यालय, दैलेख | १ | १ | ० |
| मेहेलकुना अस्पताल | १ | ० | १ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, जाजरकोट | १ | ० | १ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख | १ | ० | १ |
| आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु | १ | १ | ० |
| स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | १ | १ | ० |
| स्वास्थ्य सेवा कार्यालय, मुगु | १ | १ | ० |
| जम्मा | ५६२ | ४५८ | १०४ |

***स्रोतः*** *सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

## ७. बेरुजुको विवरण

तालिकाः मन्त्रालय र मातहतका निकायहरुको बेरूजुको अवस्था (२०८२ पौष मसान्त सम्म)

**(रकम रू हजारमा)**

| हालसम्मको जम्मा बेरुजु | कुल असुल उपर गर्नुपर्ने बेरुजु | चालु आ.व. मा असुल भएको बेरुजु | असुल गर्न बाँकी बेरुजु |
|---|---|---|---|
| १,०८,१२,१८ | २२,५०,६५ | ५०,७६ | १६,३०,४५ |

***स्रोतः*** *सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

**बेरूजु व्यवस्थापनका लागि भएका प्रयासहरू**

- मातहतका कार्यालयहरूलाई कर्णाली बेरूजु व्यवस्थापन प्रणालीमा अध्यावधिक गर्न लगाईएको ।
- फछ्यौटका लागि ताकेता गरिएको
- मन्त्रालयमा बेरूजु फछ्यौट आन्तरिक नियन्त्रण गठन गरिएको र मातहतका कार्यालयलाई पनि गर्नका लागि परिपत्र गरिएको ।
- बेरूजु कार्ययोजना तयार गरिएको।

## ८. नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनको अवस्था

८.१ मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रममा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरुः

| बुँदा नं. | नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था/प्रमुख उपलब्धि |
|---|---|---|
| ६७. | कर्णाली प्रदेश शिक्षा नीति तथा दस वर्षे शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। | • कर्णाली प्रदेशको शिक्षा नीति र दश बर्षे योजनाको मस्यौदा तयार भएको। |

| | | |
|---|---|---|
| | प्रदेशमा सञ्चालित सामुदायिक विद्यालयको पूर्वाधार विस्तार तथा सुधार र शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालन गरिनेछ। अङ्ग्रेजी, गणित तथा विज्ञान विषयमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेका विद्यालयका लागि अनुदान उपलब्ध गराउने कार्यक्रमलाई विस्तार गरिनेछ। विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालय मर्ज गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ। | • प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको ५ बर्षे रणनीतिक योजनाको मस्यौदा तयार भएको।<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको कर्णाली प्रदेश प्रोफाइल तयार भएको।<br>• सामुदायिक विद्यालयको पूर्वाधार विस्तार तथा सुधार कार्यक्रम अन्तरगत सम्झौता भइ कार्यान्विन भैरहेको।<br>• अङ्ग्रेजी, गणित तथा विज्ञान विषयमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेका विद्यालयका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यान्वयनको प्रक्रियामा रहेको।<br>• विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालय मर्ज गर्न स्थानीय तहलाई प्रोत्साहन कार्यक्रम संचालन भैरहेको। |
| ६८. | युवाको प्राविधिक ज्ञान र सिप विकास गरी दक्ष र सिपयुक्त जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शिक्षण संस्थाहरूको गुणस्तर सुधारलाई उच्च प्राथमिकता दिइनेछ। रोजगारी प्रवर्द्धनको लागि श्रम बजारको माग अनुसारको जनशक्तिको सिप तथा क्षमता विकास गरिनेछ सिप परीक्षण र प्रमाणीकरणको व्यवस्था मिलाइनेछ । | • प्राविधिक शिक्षालयका ५० जना प्रशिक्षकहरुलाई प्राविधिक प्रशिक्षण प्रतिष्ठान मार्फत तिन-हप्ते प्रामाणिकृत तालिम प्रदान।<br>• प्राविधिक शिक्षालयका ३० जना प्रशिक्षक/प्रमूखलाई ICT तालिम प्राप्त गरेका।<br>• ४३ जनालाइ लैंगिक समानता तथा सामाजिक समावेसीकरण सम्बन्धि क्षमता विकास तालिम प्रदान गरिएको।<br>• २५ वटा प्राविधिक शिक्षालयहरुमा स्व-मुल्यांकन संचालन भइ सोको आधारमा २२ वटा शिक्षलायहरुले विद्यालय/शिक्षालय सुधार योजना निर्माण गरेको।<br>• प्राविधिक शिक्षालयहरूको लागि सम्भावित स्तर निर्धारण तथा प्रत्यायन प्रक्रियामा सहभागीताको लागि सहयोग गर्ने उद्देश्यले विद्यालय सुधार योजना कार्यान्वयन र नमुना टिभेट शिक्षालय विकास सहयोग जारि रहेको।<br>• विद्यालयका कक्षा ९ र १० का वालवालिकाहरुलाई वृत्ती मार्गनिर्देशन कार्यक्रम अन्तर्गत २०६५ (११९४ छात्रा, ८७१ छात्र) जना लाभान्वित भएका। |

| | | |
|---|---|---|
| | | • वृत्ती मार्गनिर्देशन सेवा केन्द्र स्थापना तथा संचालन भएको जसबाट १३५२ (२४९ व्यक्तिगत, ११०३ सामुहिक) ले वृत्ती मार्गनिर्देशन सेवा गरेको।<br>• ३ वटा शिक्षालयमा निशुल्क २४ महिने औद्योगिक प्रशिक्षण तालिम (Pre-Diploma Course) संचालन भैरहेको।<br>• उद्योगहरुमा काम गरीरहेका २०० कामदारहरुलाई थप तालिम प्रदान गरि आम्दानीमा वृद्धि गर्न सहयोग भएको।<br>• सीप परीक्षण प्रक्रियामा १४०० जना सामेल भएको र हाल सम्म ६४० जनाले सीप परीक्षण प्रमाणपत्र प्राप्त गरेका।<br>• सीप परीक्षण तथा राष्ट्रिय योग्यता प्रणालीको उपयोगिताको बारेमा १००,००० जनाले सूचना प्राप्त गरेको छन्।<br>• सीप परीक्षण मूल्यांकनकर्ता विकास ६० जना भएको छन्।<br>• २० जना तालिम प्राप्त सीप परीक्षण परामर्शकर्ता तयार गरिएको छ।<br>• ३२ वटा स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम समन्वय समिति गठन भई RPL विधिबाट सीप परीक्षणका लागि हालसम्म २० स्थानीय तहले सहकार्य गरेको छन्।<br>• रोजगारी प्रवर्द्धनको लागि श्रम बजारको माग अनुसारको जनशक्तिको सिप तथा क्षमता विकास तालिम संचालन भैरहेको।<br>• सिप परीक्षण र प्रमाणीकरण कार्य मार्फत बिभिन्न पेशागत सीप भएका ६४० जना प्रमाणिकण भएको। |
| ६९. | मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्थानीय तहको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक आवासीय सुविधा सहितका ठूला विद्यालय विकास कार्यक्रम सञ्चालन गरिनेछ। | • मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम कार्यान्वयनका लागि फाइल आर्थिक तथा योजना मन्त्रालयमा पठाइएको।<br>• स्थानीय तहको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक आवासीय सुविधा सहितका ठूला विद्यालय विकास कार्यक्रम सञ्चालनका लागि सम्झौता भइ कार्य अगाडी बढेको |

| | | |
|---|---|---|
| | सार्वजनिक शिक्षामा सुधार गरी नतिजामुखी बनाउँदै गुणस्तर अभिवृद्धि गर्न कक्षा १० का विद्यार्थीहरूका लागि एसईई विद्यार्थी डिजिटल शिक्षा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। हप्तामा एक दिन किताब रहित शुक्रबार जीवन उपयोगी शैक्षिक कार्यक्रमलाई थप जिल्लामा विस्तार गरिनेछ। | • कक्षा १० का विद्यार्थीहरूका लागि एसईई विद्यार्थी डिजिटल शिक्षा सहयोग कार्यक्रम संचालनका लागि फाइल आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट बाँडफाँटका लागि पेश भएको<br>• एक दिन किताब रहित शुक्रबार जीवन उपयोगी शैक्षिक कार्यक्रम निरन्तर रुपमा संचालन भैरहेको |
| ७०. | प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अवसर दिलाउन प्राविधिक शिक्षामा छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, सीमान्तकृत समूहलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य, इन्जिनियरिङ्ग, कृषि, भेटेनरी, पर्यटन र सूचना प्रविधि क्षेत्रमा स्नातक एवम् उच्च शिक्षा अध्ययनरत प्रदेशका गरिब तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गरिने छ। | • छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, सीमान्तकृत, स्वास्थ्य, इन्जिनियरिङ्ग, कृषि, भेटेनरी, पर्यटन र सूचना प्रविधि क्षेत्रमा स्नातक एवम् उच्च शिक्षा अध्ययनरत प्रदेशका गरिब तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गर्न दशवटै जिल्लाबाट सुचना प्रकाशित भइ प्रक्रिया अगाडी बढेको |
| ७१. | शिक्षालय सुधार योजना कार्यान्वयन सहयोग, औद्योगिक प्रशिक्षार्थी र वृति मार्ग निर्देशन कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशलाई शैक्षिक गन्तव्यको रुपमा विकास गर्नका लागि उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यक सहयोग प्रदान गरिनेछ। आङ्गिक र साझेदारी शैक्षिक संस्थाहरू मार्फत विभिन्न निकायसँगको साझेदारीमा सिटिइभिटीका स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । | • शिक्षालय सुधार योजना कार्यान्वयन सहयोग कार्यक्रमका लागि प्रस्ताव आहवान भइ सम्झौताको चरणमा रहेको औद्योगिक प्रशिक्षार्थी र वृति मार्ग निर्देशन कार्यक्रमहरु निरन्तर रुपमा संचालनमा रहेको |
| ७२. | प्रदेशमा सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय सञ्चालनको लागि कार्यक्रममा आधारित सहायता प्रदान गर्ने नीति लिइनेछ। अपाङ्गता भएका बालबालिकाहरूको लागि सञ्चालित विद्यालय तथा स्रोत केन्द्रहरूको व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ। हामी सुधाछौं हाम्रो विद्यालय अभियान सञ्चालन मार्फत अभिभावक, शिक्षक र विद्यार्थीबिच त्रिपक्षीय सम्बन्ध सुदृढीकरण गरिनेछ। स्थानीय तह र विद्यालयको लागत साझेदारीमा | • प्रदेशमा सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय भवन निर्माणका लागि गर्न रकम विनियोजन भएको<br>• अपाङ्गता भएका बालबालिकाहरूको लागि सञ्चालित विद्यालय तथा स्रोत केन्द्रहरूको व्यवस्थापनमा आवश्यक सहयोगको प्रक्रिया अगाडी बढेको<br>• हामी सुधाछौं हाम्रो विद्यालय अभियान सञ्चालन मार्फत अभिभावक, शिक्षक र विद्यार्थीबिच त्रिपक्षीय सम्बन्ध सुदृढीकरणका लागि बजेट विनियोजन भएको |

| | | |
|---|---|---|
| | कृषि उत्पादनमा आधारित हरित विद्यालय विकास कार्यक्रम सञ्चालन गरिनेछ । | • स्थानीय तह र विद्यालयको लागत साझेदारीमा कृषि उत्पादनमा आधारित हरित विद्यालय विकास कार्यक्रम सञ्चालन प्रक्रिया अगाडी बढेको |
| ७३. | बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रमलाई कर्णालीका छोरीहरुको शिक्षा स्वास्थ्य लगाएतका क्षेत्रमा सवलीकरण सशक्तिकरणतर्फ परिलक्षित गरी परिमार्जित रुपमा सञ्चालन गर्ने नीति लिइनेछ।कर्णाली सामाजिक सशक्तिकरण कार्यक्रम मार्फत बालमैत्री छाउपडीमुक्त छुवाछुतमुक्त बालविवाहमुक्त स्थानीय तह घोषणा गर्न प्रोत्साहन गरिनेछ। | • कर्णाली प्रदेशलाई बालविवाह मुक्त प्रदेशको रुपमा निर्माण गर्नका लागी बालविवाह अन्त्यका लागी कर्णाली रणनीति २०८२ जारी गरिएको।<br>• बालविवाह अन्त्यका लागी २३ पालिकामा किशोर किशोरी तथा अभिभावक रुपान्तरण कार्यक्रम सञ्चालन गर्नका लागी ६२ जना सहजकर्तालाई १० दिने TOT तालिम सञ्चालन गरिएको।<br>• कर्णालीका स्थानीय तहलाई बालमैत्री बनाउन CPIMS सम्बन्धमा ५ दिने तालिम प्रदान गरिएको। |
| ७४. | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय दलित पछाडिपरेको वर्ग लोपोन्मुख तथा सिमान्तकृत वर्ग र समुदायको सशक्तिकरणका कार्यक्रम सञ्चालन गरनेछ।लैङ्गिक हिसांमा परेका बालबालिकाको उद्धार संरक्षण तथा पुनर्स्थापनाका लागी समुदायको सहभागीतामा प्रदेशस्तरीय दीर्घकालिन पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ।अल्पकालिन सेवा केन्द्रलाई थप व्यवस्थित बनाईनेछ। लैङ्गिक हिसां प्रभावितका लागि प्रेषण प्रक्रिया र घटना व्यवस्थापन सम्बन्धी कानुन बनाईनेछ। | • लैङ्गिक हिसां प्रभावितहरुका लागी प्रेषण प्रणाली घटना व्यवस्थापन सम्बन्धी निर्देशिका निर्माण गरिएको।<br>• लैङ्गिक हिसांमा परेका महिला तथा बालबालिकाको उद्धार संरक्षण र पुनर्स्थापनाका लागि दीर्घकालीन पुनस्थापना केन्द्र स्थापनाका लागि वीरेन्द्रनगर नगरपालिकालाई बजेट उपलब्ध गराईएको।<br>• कर्णाली प्रदेशमा रहेका १० वटा अल्पकालिन सेवा केन्द्रलाई व्यवस्थित गर्नका लागि बजेट उपलब्ध गराईएकोछ। |
| ७५ | प्रदेश अस्पताल स्तरोन्नति सम्बन्धमा अध्ययन गर्ने उच्चस्तरीय अध्ययन समितिको प्रतिवेदन बमोजिम प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गरिनेछ । सुर्खेत मेडिकल कलेज स्थापना गर्न सङ्घीय सरकारसँग पहल गरिनेछ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यलाई निरन्तरता दिइनेछ । सङ्घ सरकारको समन्वयमा प्रदेश अस्पतालमा मृगौला प्रत्यारोपण तथा क्यान्सरको किमोथेरापी र जलन उपचार युनिट स्थापना गरिनेछ । स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनको लागि जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको सुनिश्चितता गरिनेछ। | • मा. मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकले स्वास्थ्य सेवा महाशाखा प्रमुख ज्युको अध्यक्षता एक स्वास्थ्य विज्ञान प्रतिष्ठान कार्यदल गठन भइ प्रारम्भिक प्रतिवेदन लेखनको अन्तिम चरणको रहेको ।<br>• प्रदेश अस्पतालमा मृगौला प्रत्यारोपण सरुवात भएको, तथा क्यान्सरको किमोथेरापी सेवाको हकमा बालबालिकाको क्यान्सर उपचारका लागि कान्ति बाल अस्पतालसँग MoU भैसकेको, अन्य क्यान्सरको लागि भवन निर्माण गरि हस्तान्तरण हुन बाँकि संचालनको लागिर जलन उपचार युनिट संचालन गर्न किर्तिपुर बर्न अस्पतालसँग सम्झौता भइ शिघ्र सेवा संचालन गर्ने क्रममा रहेको । |

| | | |
|---|---|---|
| | सार्वजनिक बिदाको दिन पनि कर्णाली प्रदेश अस्पतालबाट ओपिडी सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । | • स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनको लागि जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको सुनिश्चितता गर्न प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट निः शुल्क खरिदको कार्य भैरहेको र उपकरणको हकमा खरिद प्रक्रियाको सुरुवात भएको । |
| ७६ | तहगत सरकार र अस्पताल विकास समितिको सहकार्य र समन्वयमा प्रदेशमा सञ्चालनमा रहेका अस्पतालहरूको स्तरवृद्धि गरिनेछ । प्रदेश अस्पताल सुर्खेतमा छुट्टै ओपिडी ब्लक निर्माण गरिनेछ । सङ्घीय निर्वाचन क्षेत्र, भूगोल, जनसङ्ख्या र रोगको भारको आधारमा सञ्चालनमा रहेका स्वास्थ्य संस्थालाई सङ्घ, प्रदेश र स्थानीय तहबिचको साझेदारीमा रणनीतिक अस्पतालका रूपमा स्तरोन्नति गरिनेछ । जिल्लास्थित अस्पतालमा गुणस्तरीय विशेषज्ञ सेवाको सुनिश्चितता गरिनेछ । | • तहगत सरकार र अस्पताल विकास समितिको सहकार्य र समन्वयमा प्रदेशमा सञ्चालनमा रहेका अस्पतालहरूको स्तरवृद्धि गर्न अस्पताल विकास (आर्थिक प्रशासन) समिति विनियमावली २०८२ नमुना कानुन निर्माण गरिएको ।<br>• प्रदेश अस्पताल सुर्खेतमा छुट्टै ओपिडी ब्लक निर्माणाधीन अवस्थामा रहेको ।<br>• रणनीतिक स्थानमा रहेका स्वास्थ्य संस्थालाई रणनीतिक अस्पतालका रूपमा स्तरोन्नति गर्न रणनीतिक अस्पताल सम्बन्धी कार्यविधि मस्यौदा तयार गरिएको |
| ७७ | कर्णाली प्रदेशका सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउन अभियान सञ्चालन गरिनेछ। एकीकृत विद्यालय स्वास्थ्य कार्यक्रम लागू गरिनेछ । स्वास्थ्य सेवाको पहुँच बाहिरका नागरिकलाई समेट्ने गरी स्वास्थ्य नमूना स्थानीय तह अवधारणा अनुसार सर्वव्यापी पहुँच वृद्धि गरिनेछ। प्रदेश अन्तर्गतका अस्पतालहरूमा "पेन क्लिनिक" सञ्चालन गरिनेछ । | • कर्णाली प्रदेशका सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्न ख वर्गमा अपाङ्गता भएका व्यक्ति, लोपउन्मुख तथा सिमान्तिकृत समुदायका नागरिक लगायतलाई समेट्ने गरी जन/स्वास्थ्य सेवा कार्यालयबाट कार्य भैरहेको । |
| ७८ | प्राकृतिक उपचार पद्धतिको विकास तथा प्रवर्द्धन गर्न आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्बन्धी राष्ट्रिय सम्मेलन आयोजना गरिनेछ। आयुर्वेद तथा प्राकृतिक चिकित्सा विधिको थप सुदृढीकरण गरिनेछ। पथ्यआहार, स्वस्थ जीवनशैली र भान्सा घर औषधालय कार्यक्रम लागू गरिनेछ। | • कार्यान्वयनको चरणमा रहेको |
| ७९ | मातृ तथा बाल स्वास्थ्य र नसर्ने रोगलाई प्राथमिकता दिई अनुसन्धान कार्य गरिनेछ। घुम्ती नागरिक स्वास्थ्य परीक्षण तथा उपचार | • स्वास्थ्य सेवा निर्देशनालयबाट क्यान्सर, मुटु, मिर्गौला, अल्जाइमर, पार्किन्सन, एनिमिया, रिकेट्स, सिकलसेल एनिमिया, स्पाईनल ईन्जुरी र अटिजम |

| | | |
|---|---|---|
| | सेवा सञ्चालन गरिनेछ। महिला स्वास्थ्य स्वयंमसेविकाहरूको क्षमता विकास, प्रोत्साहन, स्वास्थ्य उपचारमा विशेष व्यवस्था मिलाईनेछ । क्यान्सर, मुटु, मिर्गौला, अल्जाइमर, पार्किन्सन, एनिमिया, रिकेट्स, सिकलसेल एनिमिया, स्पाईनल ईन्जुरी र अटिजम जस्ता दीर्घ रोगबाट पीडित बिरामीको उपचारमा सहायता प्रदान गरिनेछ । | जस्ता दीर्घ रोगबाट पीडित बिरामीको उपचारमा सहायता स्वरुप ८८ जनालाई ८२ लाख रकम प्रदान गरिनेछ। साथै सामाजिक विकास मन्त्रालयबाट ७३ जनालाई १३ लाख रकम यातायात स्वरुप प्रदान ।<br>• महिला स्वास्थ्य स्वयंमसेविकाहरूलाई स्थानीय तह मार्फत १२००० प्रति व्यक्ति प्रदान गरिएको । |
| ८० | मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्य अवस्थाको शीघ्र पहिचान, व्यवस्थापन र पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक स्वास्थ्य इकाई र एम्बुलेन्स सेवा सञ्चालन सहयोगलाई निरन्तरता दिइनेछ । इ-हेल्थ र दुर चिकित्सा सेवालाई थप सुदृढीकरण गरिनेछ। | • मनोसामाजिक तालिम (३८ जना), बालबालिका तथा किशोरकिशोरी सम्बन्धी मानसिक स्वास्थ्य तालिम (४० जना), चिकित्सक र स्वास्थ्यकर्मी (४० जना) लाई मानसिक स्वास्थ्य मोडुल 2A र 2B तालिम संचालन ।<br>• इ-हेल्थ र दुर चिकित्सा सेवालाई पाँच जिल्लामा संचालनमा रहेको र थप जिल्लामा बिस्तारको क्रममा रहेको । |
| ८१ | आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्रको न्यूनतम आवश्यक भौतिक संरचना निर्माण गरिनेछ। प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको आयुर्वेद अनुसन्धान इकाईलाई स्तरोन्नति गरी छुट्टै आयुर्वेदिक औषधी उत्पादन केन्द्रको विकास गरिनेछ। | • आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्रको न्यूनतम आवश्यक भौतिक संरचना निर्माणाधीन अवस्थामा रहेको । |
| ८२ | होमोप्याथिक, आम्ची, प्राकृतिक, अकुपञ्चर जस्ता वैकल्पिक चिकित्सा सेवालाई नागरिकको जीवनशैलीसँग आबद्ध गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । आध्यात्मिक संस्थाहरूको समन्वयमा स्वजागरण र योग ध्यान लगायत आध्यात्मिक क्रियाकलापलाई विस्तार गर्न जिल्लास्तरसम्म योग प्रशिक्षकको व्यवस्था गरिनेछ । प्रतिरोधात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक विधि अपनाई सक्षम स्वास्थ्य प्रणालीको विकास गरिनेछ । | • जुम्ला, रुकुम र मुगु आम्ची सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालनमा रहेको |
| ८३ | जनस्वास्थ्य प्रयोगशालालाई थप सुदृढीकरण गरिनेछ। विश्वविद्यालय तथा अनुसन्धानमा क्रियाशील स्वास्थ्य संस्थासँगको सहकार्यमा स्वास्थ्य अनुसन्धान कार्य अघि बढाइनेछ। हालसम्म भएका स्वास्थ्य सम्बन्धी | • कार्यान्वयनको चरणमा रहेको |

| | | |
|---|---|---|
| | अनुसन्धानहरूको डिजिटल अभिलेखीकरण गरिने । | |
| ८४ | अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाका लागि शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्न अन्तरक्षेत्र समन्वय गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। मानव सेवा आश्रम, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र वृद्धाश्रम लगायतका कल्याणकारी सामुदायिक संस्थाहरूको सञ्चालन तथा भौतिक संरचना निर्माणमा आवश्यक सहयोग गरिनेछ । | • जेष्ठ नागरिकको सहज सरल र सम्मानपुर्ण जीवनयापनका लागि कर्णाली प्रदेशमा रहेका जेष्ठ नागरिक सेवा केन्द्रहरुलाई सञ्चालन सहयोग कार्यक्रम गरिएको।<br>• कर्णाली प्रदेशमा रहेको मानव सेवा आश्रमको लागी १ करोड ५० लाख रुपैया कार्यान्वयनको लागी आश्रम र मन्त्रालय बिच सम्झौता भई कार्यान्वयनको चरणमा रहेको।<br>• अपाङ्गता भएका व्यक्तिको लागि सहायक सामग्री र मर्मत सम्भार सहयोग कार्यक्रम सञ्चालनका लागि साझेदार संघसंस्थासगँ समन्वय गरी विवरण तयार पारी सहायता सामग्री वितरण गर्न तयारी रहेकोछ। |
| ८५ | खेलकुदमा ५ प (पूर्वाधार, प्रशिक्षण, प्रतियोगिता, पुरस्कार, प्रोत्साहन) को नीति अवलम्बन गरिनेछ । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका सबै खेलहरू कर्णाली प्रदेशमै सम्पन्न गर्ने गरी भौतिक संरचना निर्माण तथा मागमा आधारित आवश्यक खेल पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ । प्रदेशबाट प्रतिनिधित्व गर्ने पदक विजेता खेलाडीलाई नगद सहित प्रोत्साहनको व्यवस्था मिलाइनेछ । व्यावसायिक खेलाडी उत्पादन गर्न प्रोत्साहन गरिनेछ । खेलाडीको वर्गीकरणका आधारमा बीमा गरिनेछ । | • प्रदेश खेलकुद विकास परिषद मार्फत खेलकुदमा ५ प (पूर्वाधार, प्रशिक्षण, प्रतियोगिता, पुरस्कार, प्रोत्साहन) कार्यक्रमहरु कार्यान्वयन हुदै ।<br>• दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता तयारीको लागि रंगशाला तयार भएको । |
| ८६ | मेरो स्वास्थ्य मेरो कर्तव्य बोध गर्दै स्वस्थ र सिर्जनशील जीवनयापनका लागि खेलकुद, योग, व्यायाम, ध्यान लगायतका कार्यक्रमलाई क्रमशः विद्यालय तहसम्म विस्तार गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा विद्यालयमा अध्ययनरत विद्यार्थीलाई स्काउट र आत्मरक्षा सम्बन्धी तालिमको सुरुवात गरिनेछ । | • कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहहरसंगको सहकार्यमा स्काउट र आत्मरक्षा मार्फत युवा नेतृत्व तथा अनुशासन विकास गर्ने कार्यकम सञ्चालनको तयारी गरिएको । |
| ८७ | ग्रामीण क्षेत्रमा बसोबास गर्ने युवालाई उत्पादन र सेवा क्षेत्रमा उल्लेखनीय योगदान दिन सक्ने गरी आवश्यक सहयोग र सहुलियत प्रदान गर्न युवा नीति तर्जुमा गरिनेछ । युवा महोत्सव तथा | • प्रदेश युवा नीतिको मस्यौदा तयार गरिएको ।<br>• प्रदेश नमूना सभा अभ्यास कार्यक्रम, युवा वैज्ञानिक सम्मेलन, प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रम, युवा |

| | | |
|---|---|---|
| | युवा वैज्ञानिक जस्ता कार्यक्रम मार्फत युवाको प्रतिभा पहिचान, स्वरोजगार सिर्जना, उद्यमशीलता तथा नेतृत्व विकास गरिनेछ । | उद्यमशिलता पुरस्कार कार्यक्रम कार्यान्वयन चरणमा रहेका । |
| ८८ | विश्वविद्यालयको सहकार्यमा नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिंजा र दुल्लु लगायत भाषाको अभिलेख भएका अन्य स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ । कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना मार्फत कला, साहित्य, संस्कृति, लोक जीवनको संरक्षण तथा प्रवर्द्धनमा योगदान पुर्‍याउने सर्जक सष्टाहरूलाई पुरस्कृत गरिनेछ । स्थानीय मौलिक संस्कृतिको संरक्षणका लागि नवप्रवर्तन कार्यक्रम मार्फत संस्कृति पुस्तान्तरण गरिनेछ। भाषा आयोगबाट सिफारिस भई आएका खस र मगर ढूट भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाको रूपमा समावेश गर्दै लैजाने नीति लिइनेछ । | • कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापनाको लागि ऐन संसदमा प्रस्तुत भएको ।<br>• नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिंजा र दुल्लु लगायत भाषाको अभिलेख भएका अन्य स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने तयारी चरणमा रहेको।<br>• कला, साहित्य, संस्कृति, लोक जीवनको संरक्षण तथा प्रवर्द्धनमा योगदान पुर्‍याउने सर्जक सष्टाहरूलाई पुरस्कृत गर्नका लागि कार्यविधि तयार भई कार्यान्वयनको चरणमा रहेका । |
| ८९ | स्थानीय तहसँगको साझेदारीमा कर्णाली प्रदेशमा रहेका सम्पदाहरूको अभिलेखीकरण, संरक्षण, विकास र प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । प्रदेशभित्रका महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक पहल गरिनेछ । योगी नरहरिनाथको योगदानलाई उच्च कदर गर्दै प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय सुर्खेतमा उहाँका कृतिहरूको डिजिटलाइजेसन गरी राखिनेछ । योगी नरहरिनाथलाई राष्ट्रिय विभूति घोषणाका लागि नेपाल सरकारसँग समन्वय गरिनेछ। | • कर्णाली प्रदेशमा रहेका सम्पदाहरूको अभिलेखीकरण, संरक्षण, विकास र प्रवर्द्धनको कार्यक्रम तयारी भईरहेको। |

**८.२ मन्त्रालयसँग सम्बन्धित बजेट वक्तब्यमा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरु:**

| बुँदा | बजेट बक्तब्य | कार्यन्वयनको अवस्था/प्रमुख उपलब्धिहरु |
|---|---|---|
| १०८ | उपयुक्त शैक्षिक पूर्वाधार निर्माण, नवीनतम् प्रविधिको उपयोग र शैक्षिक सामग्रीको व्यवस्थापन गरी | शैक्षिक पूर्वाधार निर्माण, नवीनतम् प्रविधिको उपयोग र शैक्षिक सामग्रीको व्यवस्थापन गरी शिक्षालाई गुणस्तरीय, उद्यमशील, रोजगारमुखी र जीवन |

| | | |
|---|---|---|
| | शिक्षालाई गुणस्तरीय, उद्यमशील, रोजगारमुखी र जीवन उपयोगी बनाइनेछ । | उपयोगी बनाउन कार्यक्रमहरु संचालन भइरहेका छन। |
| १०९ | सामुदायिक विद्यालयको पठन-पाठनलाई सहज बनाई गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिकस्तर सुधार गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु। आगामी आर्थिक वर्षमा ३९० वटा विद्यालयको भौतिक पूर्वाधारको सुधार तथा विकासमा सहयोग गरिनेछ । | सामुदायिक विद्यालयको पूर्वाधार विस्तार तथा सुधार कार्यक्रम अन्तरगत सम्झौता भइ कार्यान्वन भैरहेको छ। |
| ११० | विगतमा प्रदेश सरकारले सुरु गरी निर्माण सम्पन्न हुन नसकेका सामुदायिक विद्यालयका अधुरा भवन पहिचान गरी निर्माण सम्पन्न गर्न रू. १५ करोड बिनियोजन गरेको छु। | विगतमा प्रदेश सरकारले सुरु गरी निर्माण सम्पन्न हुन नसकेका सामुदायिक विद्यालयका अधुरा भवन निर्माणको लागि रकम सामाजिक विकास कार्यालय पठाउने कार्य अगाडि बढिरहेको छ। |
| १११ | सार्वजनिक शिक्षामा सुधार गरी नतिजामुखी बनाउदै गुणस्तर अभिवृद्धि गर्न कक्षा १० का विद्यार्थी लक्षित एसईई विद्यार्थी डिजिटल शिक्षा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक विद्यालयलाई डिजिटल प्रविधियुक्त बनाई प्रतिस्पर्धी एवम् दक्ष जनशक्ति उत्पादन गर्न मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ। दुवै कार्यक्रमका लागि रू. १६ करोड व्यवस्था गरेको छु। | • कक्षा १० का विद्यार्थी लक्षित एसईई विद्यार्थी डिजिटल शिक्षा सहयोग कार्यक्रम सञ्चालनका लागि मापदण्ड बनाइ बिद्यालय छनोटको प्रक्रिया अगाडी बढेको छ<br>• सामुदायिक विद्यालयलाई डिजिटल प्रविधियुक्त बनाई प्रतिस्पर्धी एवम् दक्ष जनशक्ति उत्पादन गर्न मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रमका लागि मापदण्ड बनाइ विद्यालय छनोट कार्य अगाडी बढेको छ |
| ११२ | स्थानीय तहको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक आवासीय सुविधा सहितका ठुला विद्यालय विकास कार्यक्रम सञ्चालनको लागि रू. ६ करोड बिनियोजन गरेको छु। | स्थानीय तहको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक आवासीय सुविधा सहितका ठुला विद्यालय विकास कार्यक्रम सञ्चालनको प्रक्रिया अगाडी बढेको छ |
| ११३ | युवाको प्राविधिक ज्ञान र सिप विकास गरी दक्ष सिपयुक्त जनशक्ति उत्पादन गर्न, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शिक्षण संस्थाहरूको गुणस्तर सुधार्न, परम्परागत तथा धार्मिक विद्यालय सञ्चालन गर्न तथा "हामी सुधाछौं हाम्रो विद्यालय" अभियानका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। | • युवाको प्राविधिक ज्ञान र सिप विकास गरी दक्ष सिपयुक्त जनशक्ति उत्पादन गर्न, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शिक्षण संस्थाहरूको गुणस्तर सुधार्न ६ करोड ५४ लाख एसडिसि सहयोग अन्तरगत कार्यक्रमहरु संचालन मा रहेको छन।<br>• प्रदेशमा सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय भवन निर्माणका लागि गर्न रकम विनियोजन भएको<br>• अपाङ्गता भएका बालबालिकाहरूको लागि सञ्चालित विद्यालय तथा स्रोत केन्द्रहरूको |

| | | |
|---|---|---|
| | | व्यवस्थापनमा आवश्यक सहयोगको प्रक्रिया अगाडी बढेको<br>• हामी सुधाछौं हाम्रो विद्यालय अभियान सञ्चालन मार्फत अभिभावक, शिक्षक र विद्यार्थीबिच त्रिपक्षीय सम्बन्ध सुदृढीकरणका लागि बजेट विनियोजन भएको |
| ११४ | प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अवसर दिलाउन प्राविधिक शिक्षामा स्वास्थ्य, इन्जिनियरिङ्ग, कृषि, भेटेनरी, पर्यटन र सूचना प्रविधि क्षेत्रमा उच्च शिक्षा अध्ययनरत प्रदेशका गरिव तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु। छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, सीमान्तकृत समूहलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु। | • छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, सीमान्तकृत, स्वास्थ्य, इन्जिनियरिङ्ग, कृषि, भेटेनरी, पर्यटन र सूचना प्रविधि क्षेत्रमा स्नातक एवम् उच्च शिक्षा अध्ययनरत प्रदेशका गरिब तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गर्न दशवटै जिल्लाबाट सुचना प्रकाशित भइ प्रक्रिया अगाडी बढेको |
| ११५ | विद्यार्थी-शिक्षक अनुपात उच्च रहेका सामुदायिक विद्यालयका लागि अङ्ग्रेजी, गणित तथा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नका लागि एकमुष्ट अनुदान सहयोग उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु। | विद्यार्थी-शिक्षक अनुपात उच्च रहेका सामुदायिक विद्यालयका लागि अङ्ग्रेजी, गणित तथा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नका लागि एकमुष्ट अनुदान सहयोग उपलब्ध गराइएको छ |
| ११६ | मध्यपश्चिम विश्वविद्यालयको इन्जिनियरिङ्ग सङ्कायमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत बिद्यार्थीहरुको सिकाइ उपलब्धि बढाउन र प्रदेशमा प्रयोग हुने निर्माण सामग्री तथा निर्मित संरचनाको गुणस्तरीयता परीक्षण गर्न प्रयोगशाला सुदृढीकरणको लागि यन्त्र उपकरण खरिद कार्यमा सहयोगको लागि रू. ४ करोड विनियोजन गरेको छु। | मध्यपश्चिम विश्वविद्यालयको इन्जिनियरिङ्ग सङ्कायमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धि बढाउन र प्रदेशमा प्रयोग हुने निर्माण सामग्री तथा निर्मित संरचनाको गुणस्तरीयता परीक्षण गर्न प्रयोगशाला सुदृढीकरणको लागि यन्त्र उपकरण खरिद कार्यमा सहयोगको लागि प्रक्रिया अगाडी वढेको |
| ११७ | उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रदान गरिँदै आएको सहयोग तथा विद्यार्थीलाई जीवन उपयोगी ज्ञान र सिप सिकाउन विद्यालयमा अतिरिक्त क्रियाकलापको रुपमा "हप्ताको एकबारः किताब रहित शुक्रबार" कार्यक्रम लाई निरन्तरता दिएको छु। | "हप्ताको एकबारः किताब रहित शुक्रबार" कार्यक्रम लाई निरन्तर रुपमा संचालन भैरहेको छ |
| ११८ | प्रदेश अस्पताल स्तरोन्नति सम्बन्धमा अध्ययन गर्ने उच्चस्तरीय समितिको प्रतिवेदन बमोजिम प्रदेश | छुट्टै ओपिडि ब्लक निर्माणाधीन अवस्थामा रहेको |

| | | |
|---|---|---|
| | अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गरिनेछ। अस्पतालबाट प्रदान गरिने विशेषज्ञ स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको व्यवस्था मिलाइनेछ। अस्पतालको छुट्टै ओपिडि ब्लक निर्माण लगायतका पूर्वाधार विकासको लागि रू. १० करोड ५० लाख विनियोजन गरेको छु। | |
| ११९ | आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच स्थापित गर्न, विरामीको उपचार खर्चमा सहुलियत प्रदान गर्न तथा अपाङ्ग एवम् असहाय नागरिकका लागि प्रदान गर्दै आएको स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिएको छु। कर्णाली प्रदेशका सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गराउन अभियान सञ्चालन गरिनेछ । | जिल्लास्थित जन/स्वास्थ्य सेवा कार्यालयबाट कार्यक्रम संचालन भैरहेको |
| १२० | रणनितिक स्थानमा रहेका अस्पतालको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिएको छु। प्रदेशका सबै जिल्लामा नियमित रूपमा आधारभूत औषधी, गुणस्तरीय स्वास्थ्य सामग्री र उपकरणको आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु। | रणनीतिक स्थानमा रहेका ३ वटा अस्पताल/स्वास्थ्य संस्थाको स्तरोन्नतिका लागि प्रति सँस्था रु १ करोड गरी जम्मा ३ करोड प्रदान गरिएको । |
| १२१ | क्यान्सर, मुटु, मृगौला, अलजाइमर, पार्किन्सन, एनिमिया, रिकेट्स, सिकलसेल एनिमिया, स्पाइनल इञ्जुरी, हेड इन्जुरी, अटिजम जस्ता दीर्घ रोगबाट पिडित विरामीको उपचार सहायताको लागि रू. १ करोड विनियोजन गरेको छु । | स्वास्थ्य सेवा निर्देशनालयबाट ८२ लाख रकम वितरण भैसकेको । |
| १२२ | नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुर्‍याउन इ-हेल्थ सेवा, टेलिमेडिसिन विशेषज्ञ सेवा, विशेषज्ञ स्वास्थ्य शिबिर, अस्पताल एवम् प्रयोगशाला सुदृढीकरण गर्दै लगिनेछ । | पाँच जिल्लामा टेलिमेडिसिन विशेषज्ञ सेवा संचालन भैरहेको । |
| १२३ | सम्भावित महामारी तथा आकस्मिक स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु। | मन्त्रालयमा महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन कोषको स्थापना । |
| १२४ | सार्वजनिक स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई पोषणको लागि प्रदेशका "क" वर्गका स्थानका लागि रू. २ हजार ५ सय र "ख" वर्गको स्थानका लागि | कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहहरुलाई सशर्त अनुदानको रुपमा प्रदान गरिएको । |

| | | |
|---|---|---|
| | रू. २ हजार सुत्केरी पोषण भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छु। | |
| १२५ | कर्णाली प्रदेश सरकारले विगतदेखि स्वास्थ्य स्वयंसेविकालाई दिइदै आएको प्रोत्साहन भत्ता वृद्धि गरी रू. १२ हजार पुर्‍याएको छु। यस्तो प्रोत्साहन भत्तालाई स्वयंसेविकाबाट प्रदत्त सेवासँग प्रविधिमार्फत आवद्ध गर्ने र यसबाट महिला स्वास्थ्य स्वयंसेविकाहरू आफ्नो जिम्मेवारीप्रति थप उत्तरदायी भइ स्वास्थ्य सेवा प्रभावकारी हुने अपेक्षा लिएको छु। | कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहहरुलाई सशर्त अनुदानको रुपमा प्रदान गरिएको । |
| १२६ | दुर्गम ग्रामीण क्षेत्रका स्थानीय बासिन्दालाई नजिकको स्थानबाट न्यूनतम् आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा सामुदायिक स्वास्थ्य इकाईहरूको सञ्चालनलाई प्रभावकारी बनाइनेछ । | कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहहरुलाई सशर्त अनुदानको रुपमा प्रदान गरिएको । |
| १२७ | प्राकृतिक उपचार पद्धतिको विकास तथा प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्बन्धी राष्ट्रिय सम्मेलन आयोजना गरिनेछ। प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको स्तरोन्नति गरी छुट्टै आयुर्वेदिक औषधी उत्पादन केन्द्रको रुपमा विकास गरिनेछ। जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रहरूको सुदृढीकरण गरी आयुर्वेद उपचार सेवाका लागि नागरिकलाई प्रोत्साहन गरिनेछ। | • प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रबाट १३ प्रकार औषधि उत्पादन कार्यलाई भैरहेको।<br>• जिल्लास्तरमा जडिबुटी सङ्कलन कार्य भईरहेको। |
| १२८ | होमोप्याथिक, आम्ची, प्राकृतिक, अकुपञ्चर जस्ता वैकल्पिक चिकित्सा सेवालाई नागरिकको जीवनशैलीसँग आवद्ध गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। आध्यात्मिक संस्थाहरूको समन्वयमा स्वजागरण र योग ध्यान लगायत आध्यात्मिक क्रियाकलापलाई विस्तार गर्न जिल्लास्तरसम्म योग प्रशिक्षणको लागि आवश्यक रकमको व्यवस्था गरेको छु। | जुम्ला, रुकुम र मुगु आम्ची सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालनमा रहेको। |
| १३२ | बालवालिका, किशोरी, प्रजनन उमेरका तथा सुत्केरी महिलाको मानसिक तथा शारीरिक स्वास्थ्यका लागि सुत्केरी पोषण कोसेली कार्यक्रम र पोषिलो पिठो (सुपर सेरल प्लस) वितरण गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु। | सुत्केरी पोषण कोसेली कार्यक्रम स्थानीय तहबाट संचालन भैरहेको ।<br>पोषिलो पिठो (सुपर सेरल प्लस) सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार भई स्वीकृती हुन बाँकी रहेको। |

| | | |
|---|---|---|
| १३३ | संघीय सरकारको सहकार्यमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। प्रतियोगिताका सबै खेलहरु प्रदेशमै आयोजना गर्ने गरी भौतिक संरचना निर्माण तथा खेल पुर्वाधार विकासको लागि रू. १८ करोड विनियोजन गरेको छु। | कर्णाली प्रदेश खेलकुद विकास परिषद अन्तर्गत कार्यान्वयन हुने व्यवस्था गरिएको। |
| १३४ | दशौं राष्ट्रिय खेलकुद पूर्व तयारीका कार्य, अन्तर प्रदेश कप प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा प्रदेशवाट पदक विजेता खेलाडीलाई नगद पुरस्कार सहित प्रोत्साहनको व्यवस्थाको लागि कुल रू. १० करोड विनियोजन गरेको छु। | कर्णाली प्रदेश खेलकुद विकास परिषद मार्फत कार्यान्वयन हुने व्यवस्था । |
| १३५ | खेलकुद विकासका लागि आवश्यक पूर्वाधार र उपयुक्त वातावरण निर्माण गरी खेलकुदसँग सम्बन्धित आधिकारिक सङ्घसंस्थाको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । | कर्णाली प्रदेश खेलकुद विकास परिषद मार्फत कार्यान्वयन हुने व्यवस्था । |
| १३६ | "मेरो स्वास्थ्य मेरो कर्तव्य" बोध गर्दै स्वस्थ र सिर्जनशील जीवनयापनका लागि खेलकुद, योग, व्यायाम, ध्यान लगायतका कार्यक्रमलाई क्रमशः विद्यालय तहसम्म विस्तार गरिनेछ। प्रदेशभित्रै व्यावसायिक खेलाडी उत्पादन गर्न आवश्यक सहयोग मिलाइनेछ । | कर्णाली प्रदेश खेलकुद विकास परिषद मार्फत कार्यान्वयन हुने व्यवस्था । |
| १३७ | विकासको मूलप्रवाहबाट पछि परेका वर्ग, लोपोन्मुख, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूहलाई सिप विकास तथा सशक्तीकरण मार्फत क्षमता विकासका कार्यक्रम सञ्चालन गरी मूलप्रवाहीकरण गर्दै लगिनेछ। | लोपोन्मुख राउटे समुदायको मुलप्रवाहीकरण नीति निर्माण प्रक्रिया अन्तिम चरणमा रहेको |
| १३८ | सिपसँग सहयोग कार्यक्रम सञ्चालन गरी उद्यमशीलता विकास, रोजगारमूलक तालिम र प्रविधि हस्तान्तरणमार्फत उद्यमीहरूलाई उत्प्रेरित एवम् क्षमतावान बनाउन कार्यक्रम सञ्चालन गरिनेछ । | महिला उद्यमी तथा महिला उद्यमी समुहलाई प्रविधि सहयोग कार्यक्रमको सुचना प्रकासन गरी स्थानियतह मार्फत प्रस्तावनाहरु संकलन गरिएको छ। |
| १३९ | लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार संरक्षण र पुनर्स्थापनाका लागि समुदायको सहभागितामा प्रदेशस्तरमा दीर्घकालीन पुनरुथापना केन्द्र स्थापना गरिनेछ। अल्पकालीन सेवा केन्द्रलाई थप व्यवस्थित बनाइनेछ । लैङ्गिक हिंसा प्रभावितका | लैङ्गिक हिसांमा परेका महिला तथा बालबालिकाको उद्धार संरक्षण र पुनर्स्थापनाका लागि दीर्घकालीन पुनस्थापना केन्द्र स्थापनाका लागि वीरेन्द्रनगर नगरपालिकालाई बजेट उपलब्ध गराईयको छ। |

| | | |
|---|---|---|
| | लागि प्रेषण प्रणाली तथा बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था गरिनेछ । | |
| १४० | कर्णाली प्रदेश सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश कार्यान्वयन गर्न मानव सेवा आश्रम लगायतका संघ-संस्थालाई सेवा सङ्ख्याका आधारमा अनुदान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ। वीरेन्द्रनगरमा सञ्चालित मानव सेवा आश्रमको पूर्वाधार विकासका लागि रू. १ करोड ५० लाख विनियोजन गरेको छ। | कर्णाली प्रदेशमा रहेको मानव सेवा आश्रमको लागी १ करोड ५० लाख रुपैया कार्यान्वयनको लागी आश्रम र मन्त्रालय बिच सम्झौता भई २० प्रतिशत रकम प्राप्त गरी आश्रमले कामलाई अगाडि बढायको छ। |
| १४१ | कोही र केही नभएका ज्येष्ठ नागरिकको सहज, सरल र सम्मानपूर्ण जीवनयापनको लागि व्यवस्थित वृद्धाआधम सञ्चालन सहयोगमा निरन्तरता दिएको छ। ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र वृद्धाश्रम लगायतका कल्याणकारी सामुदायिक संस्थाहरूको संचालन र भौतिक संरचना निर्माणमा वित्तीय सहयोग गरिनेछ । | जेष्ठ नागरिकको सहज सरल र सम्मानपुर्ण जीवनयापनका लागि कर्णाली प्रदेशमा रहेका जेष्ठ नागरिक सेवा केन्द्रहरुलाई सञ्चालन सहयोगका लागि सुचना प्रकासन गरी प्रस्तावहरु संकलनको कार्य सम्पन्न भएकोछ। |
| १४५ | महिला सशक्तीकरण तथा संरक्षणका लागि समर्पित कार्यक्रमहरूलाई प्राथमिकतामा राखी हिंसा पिडित, एकल महिला, द्वन्द्वपिडित तथा सन्तानको शिक्षाको लागि अस्थायी वसोवास गरिरहेका आमाको लागि सिपविकास, आश्रय व्यवस्थापन तथा जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ । | वीरेन्द्रनगरमा सन्तान पढाउन अस्थायी बसोबास गरेका आमाहरुको लागी सीप विकास तालिम सञ्चालन गर्न सुचना प्रकासन भई तालिम सञ्चालन अन्तिम चरणमा पुगेकोछ। |
| १४६ | नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिंजा र दैलेखको दुल्लु लगायत भाषाको अभिलेख भएका अन्य स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ । | नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिंजा र दुल्लु लगायत भाषाको अभिलेख भएका अन्य स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने तयारी चरणमा रहेको। |
| १४७ | प्रदेशको मौलिक कला, संस्कृति, भाषा, साहित्य र पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण, प्रवर्द्धन, सम्वर्द्धनका लागि कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ। यसवाट प्रदेशको कला, साहित्य, संस्कृति, लोक जीवनको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा लिएको छ। | कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापनाको लागि ऐन संसदमा प्रस्तुत भएकोले उक्त ऐन स्वीकृत भए संगै अन्य कार्यक्रम कार्यान्वयन हुने |
| १४८ | नेपाली भाषाको मातृ भाषाको रुपमा रहेको खस भाषालाई संरक्षण र प्रवर्द्धन गर्न रेडियो नेपाल लगायतका सञ्चार माध्यमबाट सो सम्बन्धी कार्यक्रम प्रसारण र प्रकाशन गर्ने व्यवस्था मिलाएको छ। | तयारी तथा छलफल भएको |

| | | |
|---|---|---|
| १४९ | स्थानीय तहसँगको साझेदारीमा कर्णाली प्रदेशमा रहेका सम्पदाहरूको अभिलेखीकरण, संरक्षण, विकास र प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । योगी नरहरिनाथको योगदानलाई उच्च कदर गर्दै प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय सुर्खेतमा कृतिको अभिलेखीकरणका लागि आवश्यक व्यवस्था मिलाएको छु। | सामाजिक विकास मन्त्रालय तथा प्रदेश संग्रहालय तथा अभिलेखालय मार्फत कार्यक्रम सञ्चालन चरणमा रहेको । |
| १५० | सामाजिक विकास मन्त्रालयको लागि जम्मा रू. ५ अर्ब ७७ करोड विनियोजन गरेको छु। | नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिंजा र दुल्लु लगायत भाषाको अभिलेख भएका अन्य स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने तयारी चरणमा रहेको। |

## ९. मन्त्रालय र मातहतका निकायबाट चालु आ.व. को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका प्रमूख कार्यहरू र सो बाट हासिल भएका मुख्य उपलब्धिहरुः

### ९.१ आ.व. को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका प्रमूख कार्यहरू

**स्वास्थ्य, पोषण तथा सरसफाई क्षेत्रः**

- प्रदेश अस्पताललाई प्रतिष्ठान बनाउन मन्त्रालयका स्वास्थ्य सेवा महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यदल गठन भइ कार्य भैरहेको
- पूर्ण संस्थागत सुत्केरी कार्यविधिको मस्यौदा स्वीकृत गरिएको
- अस्पताल विकास समिति (आर्थिक प्रशासन) विनियमावली स्वीकृत गरिएको
- महिनावारी स्वास्थ्य तथा न्याय सम्बन्धी मार्गदर्शन स्वीकृत गरिएको
- प्रदेशलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको
- स्वास्थ्यका कार्यक्रमको साझेदारी कार्यविधिको मस्यौदा तयार गरिएको
- मानसिक स्वास्थ्य सचेतना अभियान २०८२ अन्तर्गत मानसिक स्वास्थ्यका तालिम लगायत विभिन्न कार्यक्रमहरु आयोजना गरिएको

**शिक्षा क्षेत्रः**

- प्रधानाध्यापक/शिक्षालय प्रमुखहरुको लागि टिभेट व्यवस्थापन तालिम (रिफ्रेसर तालिम) सम्पन्न ।
- टिभेट शिक्षण संस्थाको संयुक्त अनुगमन तथा सुपरिवेक्षण ।
- वृत्ति मार्गनिर्देशन सम्बन्धि शिक्षकहरुलाई पुनर्ताजगी तालिम संचालन ।
- परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक ।
- परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक, अनुगमन, सुपरिवेक्षण ।
- RPL को लागि सहलागानी गर्ने पालिकाहरू र परीक्षण केन्द्रहरूलाई सीप परीक्षण डाटाबेस व्यवस्थापनमा क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न।

**सामाजिक क्षेत्रः**

- बालविवाह अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी तथा अभिभावक रुपान्तरण प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएकोछ।
- अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला उद्यमी पुरस्कार प्रदान कार्यक्रम सञ्चालनको लागी सुचना प्रकासन गरिएकोछ।
- बादी समुदायको लागि सिप विकास तालिम पहिलो चरणको बैठक बसी निर्णय गरिएकोछ।
- स्थानीय तहमा कार्यरत महिला तथा बालबालिका क्षेत्रका कमर्चारीहरूका बाल संरक्षण घटना व्यवस्थापन सुचना प्रणाली संचालनका लागि क्षमता विकास तालिम सम्पन्न गरिएकोछ।
- बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ सुदृढीकरण सञ्चालन तथा व्यवस्थापन कार्यक्रमको सञ्चालनको लागि टिप्पणी उठान भई प्रक्रिया अगाडि बढेको।
- अल्पकालिन आश्रय सहितको जिल्ला सेवाकेन्द्र, मानव सेवा आश्रम, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा बृद्धाश्रम सामाजिक विकास क्षेत्रको समीक्षा कार्यक्रम सम्पन्न गरिएको।
- बालविवाह अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी तथा अभिभावक रुपान्तरण कार्यक्रम साझेदारी कार्यक्रम सम्पन्न गरिएको थियो।
- महिला बालबालिका अपाङ्गता जेष्ट नागरिक दलित पिछडिएको वर्ग सम्बन्धी बिभिन्न सूचना तथा सचेतनामूलक सामग्रीको निर्माण, प्रकाशन, प्रसारण तथा वितरणका लागि टिप्पणी उठान भई अगाडि बढेको।

**युवा, खेलकुद, भाषा, धर्म तथा संस्कृतिः**

- कर्णाली प्रदेश युवा नीतिको मस्यौदा तयार गरिएको ।
- कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान ऐनको मस्इदा तयार गरी प्रदेश सभामा पेश भएको ।
- भाषा, धर्म, संस्कृति लगायतका कार्यक्रमहरुमा पुरस्कार तथा प्रोत्साहन प्रदान गर्न विभिन्न कार्यविधिहरु तयार गरी कार्यान्वयनको चरणमा रहेका ।
- कर्णाली प्रदेश खेलकुद विकास परिषदको पूर्णताका लागि सिफारिस गरिएको ।
- अन्य विभिन्न कार्यक्रमहरु कार्यान्वयनका लागि कार्यविधि अनुसारका कार्यक्रम गरिएको ।

**९.२ आ.व २०८२/८३ को अर्धबार्षिक अवधिमा बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धिहरुः**

**स्वास्थ्य, पोषण तथा सरसफाई क्षेत्रः**

- प्रदेशलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको
- अस्पताल विकास समिति (आर्थिक प्रशासन) विनियमावली स्वीकृत गरिएको
- महिनावारी स्वास्थ्य तथा न्याय सम्बन्धी मार्गदर्शन स्वीकृत गरिएको

**शिक्षा क्षेत्र**

- प्राविधिक शिक्षालयहरुको गुणस्तर सुधार गर्नको लागि प्राविधिक शिक्षालयका प्रमुखहरुको क्षमता विकास अन्तर्गत २२ वटा शिक्षालयका प्रमुखहरुको सहभागितामा प्राविधिक शिक्षालय व्यवस्थापन तालिम सम्पन्न।
- CTEVT कर्णाली प्रदेश र १८ वटा पालिका बीच समझदारी भई १००० जनाको सीप परीक्षण आवेदन खुलेको र हालसम्म ४०० आवेदन संकलन भएको ।

- १८ पालिकाको ३६ जना र CTEVT कर्णाली प्रदेशको २ जना गरी ३८ जनाको सीप परीक्षण डाटा प्रविष्टिसम्बन्धि क्षमता विकास भएको ।
- ६ वटा PICC, PPCU र STFC बैठक बसी विभिन्न विषयमा छलफल र कार्यन्वयन भएको ।
- ४ वटा फिल्ड अनुगमन मार्फत स्थानीय सरकारसँग सहकार्यमा RPL कार्यान्वयन भएको ।
- २ वटा TVET समन्वय समिति गठन तथा कार्यात्मक अभिमुखीकरणमार्फत १६ वटा स्थानीय तहमध्ये ८ वटा स्थानीय तहमा TVET समन्वय समिति गठन भएको र बाँकि १० वटामा गठन प्रक्रियामा रहेको
- शिक्षलायहरुको स्थलगत अनुगमन गरि शिक्षालयहरुको वार्तावान अवस्था, सक्षम तथा सुधार गर्नु पर्ने पक्ष हरु पहिचान गरियो । सोको आधारमा आगामी दिन शिक्षालय हरुलाई स्तर निर्धारण तथा प्रत्यायन प्रक्रियामा प्राविधिक सहयोग गरिनेछ।

**सामाजिक क्षेत्रः**

- बालविवाह अन्त्य सम्बन्धी रणनीतिले प्रदेशको लक्ष्य, प्राथमिकता र मार्गदर्शन स्पष्ट भएको छ।
- प्रदेश सरकार प्रति जनविश्वास अभिवृद्धि भएकोछ।
- सामाजिक रुपान्तरण तालिमले किशोर किशोरी तथा अभिभावक लक्षित विषयमा दक्ष जनशक्ति उत्पादन भएको।
- सचेतना अभिबृद्धिभई जोखिमपुर्ण व्यवहारमा कमी भएको छ।
- स्थानिय स्रोत व्यक्तिको विकास भई कार्यक्रमको समुदायस्तरमा दिगो प्रभावले सामाजिक रुपान्तरण सम्भव भएकोछ।
- बालविवाह मुक्त सामाजिक कुरिति कुसंस्कारको रुपान्तरणमा सहयोग भएको छ।
- प्रदेश तथा स्थानीय सरकारका लक्ष्य हासिल गर्न योगदान भएको छ।
- समिक्षा कार्यक्रमले वास्तविक अवस्था र आवश्यकता पहिचान भएको छ।
- कार्यक्रम सुधारका लागि ठोस सुझाब प्राप्त भएको छ।
- सरोकारवालाहरुमा मन्त्रालय प्रतिको अपन्त्व बढेको छ।
- कामको प्रगति र परिमाणका बारेमा जानकारी प्राप्त भई तथ्यमा आधारित योजना र बजेट निर्माण गर्न सहयोग भएको छ।
- महिला उद्यमी प्रविधि सहयोग कार्यक्रमले महिला उद्यमशिलता प्रवर्द्धन भई प्रविधिमा महिलाको पहुँच बढ्दा उत्पादन र बिक्रिमा बृद्धि भई महिलालाई आर्थिक रुपमा आत्मनिर्भर हुन सहयोग भएको छ।
- स्थानीय तहका कर्मचारीको तालिमले कर्मचारीको क्षमता विकास भएको छ।
- तिनैतहबिच समन्वय सहकार्य र सहअस्तित्वको सिद्वान्त कार्यान्वयन भएको छ।
- प्रदेश तथा संघीय नीतिहरु, कार्यक्रमहरु, सफट्वयरहरु स्थानीयतहहरुमा सही रुपमा लागु गर्न सहयोग भएकोछ।

**युवा, खेलकुद, भाषा, धर्म तथा संस्कृतिः**

- युवा नीति लगायतका सवालमा युवाहरुको पृष्ठपोषण प्राप्त भएको ।
- कर्णाली प्रदेश खेलकुद विकास परिषदको सदस्य सचिव नियुक्ति सम्बन्धी मापदण्ड २०८२ निर्माण तथा कार्यान्वयन ।
- प्रदेश खेलकुद परिषदको नियुक्तिका लागि सिफारिस गरिएको ।
- कर्णाली प्रदेश खेलकुद विकास ऐन संशोधनका लागि सिफारिस ।

- विभिन्न विधामा प्रोत्साहन तथा पुरस्कार प्रदान गर्नका लागि कार्यविधिहरु तयार भएको ।

## १०. चालु आ.व. को बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरुः

**स्वास्थ्य, पोषण तथा सरसफाई क्षेत्रः**

- आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्बन्धी राष्ट्रिय सम्मेलनको आयोजना गर्ने
- औषधि तथा उपकरणको खरिद गर्न
- साझेदारी सँग सम्बन्धीत कार्यक्रमहरु

**शिक्षा क्षेत्रः**

- वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालित विद्यालयहरुका लागि कार्यपुस्तिका तथा अन्य सामग्री छपाई तथा वितरण
- वृत्ति मार्गनिर्देशन सम्बन्धि शिक्षकहरुलाई ७ दिने प्रशिक्षण तालिम संचालन
- प्रधानाध्यापक/शिक्षालय प्रमुखहरुको लागि टिभेट व्यवस्थापन तालिम (रिफ्रेसर तालिम)
- आ.व. २०८१/८२ मा छनोट भइ प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) संचालन निरन्तरता
- औधोगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालन
- विभिन्न क्षेत्रका सीप मूल्याङ्कनकर्ता तालिम सञ्चालन
- भौचर कार्यक्रममार्फत पूर्वसिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण
- क्षमता अभिवृद्धि तालिम संचालन (PSU संगको सहकार्यमा गर्ने तालिमहरु)
- पालिकाहरूमा TVET Network स्थापना र समितिको सक्रियता
- परियोजना संचालित टिभेट शिक्षण संस्थाहरुको लागि अध्ययन र अवलोकन भ्रमण
- मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको PSU तथा अन्य संघिय निकायद्वारा आयोजित तालिम तथा गोष्ठीहरुमा सहभागिता खर्च
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसग सम्बन्धित बैठक तथा गोष्ठी, समिक्षा बैठक, फिल्डमा अनुगमन सुपरिवेक्षण पृष्ठपोषण, प्रतिबेदन तथा विविध कार्यका लागि आबश्यक खर्च
- पालिकाहरूमा दक्ष कामदारहरूको नक्साङ्कन र तिनीहरूको दर्ता
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनसँग सम्बन्धित अनुभव आदान प्रदानका लागि अवलोकन तथा अध्ययन भ्रमण
- परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक, अनुगमन, सुपरिवेक्षण तथा प्रशासनिक कार्य
- वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र संचालन तथा व्यवस्थापन
- औद्योगिक प्रशिक्षार्थीहरु बीच सिप प्रतिस्पर्धा एवम नव प्रवर्धन सहयोग
- छनोट भएका शिक्षण संस्थाहरुको छात्रवृत्ति निर्देशिका परिमार्जन तथा निर्माण को लागि सहजीकरण
- स्थानीय तहमा शिक्षा शाखा प्रमुखहरुको लागी गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन सम्बन्धि क्षमता अभिबृद्धि कार्यक्रम
- टिभेट शिक्षालयहरुलाई स्तर निर्धारणको लागि सहजीकरण
- पालिका प्रमुखहरुको सहभागितामा टिभेट सम्बन्धि समिक्षा
- सीप परीक्षण केन्द्रहरूको सवलीकरण (मानब संसाधन बिकाश, औजार उपकरण आदि साझेदारी सहयोग)
- परियोजना प्रगति समीक्षा र योजना तर्जुमा सम्बन्धि बैठक र कार्यशाला गोष्ठी
- टिभेट शिक्षालयहरुमा रहेका GESI Focal Person को क्षमता अभिवृद्धि
- टिभेट शिक्षालयहरुलाई संचार योजना निर्माणको लागि क्षमता अभिवृद्धि

- RPL को लागि co-funding गर्ने पालिकाहरू र परीक्षण केन्द्रहरूलाई सीप परीक्षण डाटाबेस व्यवस्थापनमा क्षमता अभिवृद्धि
- परियोजनाका विभिन्न समितिहरुको बैठक सञ्चालन
- प्रादेशिक टीएसएसपी निर्माण, कार्ययोजना तयारी र सरोकारवालाहरुलाई अभिमुखिकरण
- टिभेट महाशाखा व्यवस्थापनको लागि आवश्यक सहयोग
- व्यावसायिक योग्यता प्रणालीसँग सम्बन्धित सूचना तथा प्रचार प्रसारका लागि औधोगिक मेला, रोजगार मेलाहरुमा स्टल राख्ने
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि सरोकारवाला निकायका कर्मचारीहरूको क्षमता अभिवृद्धि
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसम्बन्धी प्रचार सामग्री निर्माण, प्रकाशन, प्रशारण एवम् वितरण
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजना संचालनार्थ मन्त्रालयलाई आबस्यक उपकरण तथा भैपरी खर्च
- TVET Profile सूचना अध्यावधिक गर्ने
- शिक्षालय र औधोगिक प्रतिष्ठानमा औधोगिक प्रशिक्षार्थी तालिमको अभिमुखीकरण र समीक्षा
- औद्योगिक प्रशिक्षार्थी तालिम सम्बन्धी सूचना प्रचार-प्रसार
- टिभेट शिक्षण संस्थाको संयुक्त अनुगमन तथा सुपरिवेक्षण
- शिक्षालय सुधार योजना कार्यान्वयनका लागि सहयोग
- नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग

**सामाजिक क्षेत्रः**

- बैङ्क खाता छोरीकोः सुरक्षा जीवन भरीको कार्यक्रम छोरी बचत खाता
- अपाङ्गता भएका व्यक्तिको लागि कृतिम अंग उत्पादन साझेदारी कार्यक्रम
- सांकेतिक भाषाको तालिम संचालन ३ महिने (दश जिल्लाबाट सहभागी हुने)
- अपाङ्गता भएका व्यक्तिको लागि सहायक सामग्री र मर्मत सम्भार सहयोग कार्यक्रम
- बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ को लागि सहजकर्ता पारिश्रमिक
- राउटे समुदायको करिडर निर्माण तथा आवश्यकतामा आधारित कार्यक्रम
- सामाजिक क्षेत्रका विषयमा सरोकारवालासँग सभा सम्मेलन, बहस महोत्सवहरुमा साझेदारी कार्यक्रम
- महिला बालबालिका अपाङ्गता सम्बन्धी समिति बैठक सञ्चालन सहयोग
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक संगको अन्तरक्रिया कार्यक्रम
- प्रदेशस्तरीय लैससास सम्पर्क व्यक्तिहरुका लागि क्षमता विकास कार्यक्रम
- प्रदेश स्तरीय बालक्लब र किशोरी संजालका पदाधिकारीहरूको क्षमता विकास
- प्रदेशस्तरीय बालबालिकाको स्थिति प्रतिवेदन अद्यावधिक तथा प्रकाशन तथा वितरण
- प्रादेशिकस्तरमा महिला, बालबालिका, अपाङ्गता, जेष्ट नागरिक, दलित, पिछडिएको वर्ग सम्बन्धी दिवसीय कार्यक्रम संचालन तथा व्यवस्थापन
- बालबालिका अस्थायी संरक्षण केन्द्रको अनुगमन तथा अन्तक्रिया कार्यक्रम
- प्रदेशस्तरीय संरक्षण विषयगत क्षेत्रको समन्वय बैठक (विपद व्यवस्थापन)
- लैससास समिति बैठक

**युवा, खेलकुद, भाषा, धर्म तथा संस्कृतिः**

- प्रदेश युवा नीति, प्रदेश रंगशाला निर्माण सम्बन्धी कार्यविधि, प्रदेश प्रज्ञा प्रतिष्ठान ऐनको स्वीकृति तथा कार्यान्वयन।
- कर्णाली प्रदेश खेलकुद विकास परिषदको समितिलाई पूर्णता दिई सदस्य सचिवको नियुक्त गर्ने ।
- विश्वविद्यालयहरु तथा युवाहरुको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- स्काउटको सहकार्यमा युवा नेतृत्व सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- ज्वाला,सिंजा, कर्णाली सभ्यता लगायतको अध्ययन अनुसन्धान गर्ने ।

## ११. बजेट कार्यान्वयनको क्रममा देखिएका समस्या तथा चुनौतीहरुः

**स्वास्थ्य, पोषण तथा सरसफाई क्षेत्रः**

- कार्यक्रम कार्यन्वयनको लागि आवश्यक कार्यविधिहरु निर्माण नहुनु (पूर्ण संस्थागत सुत्केरी सम्बन्धि कार्यविधि, स्वास्थ्य साझेदारी कार्यविधि, सुपर सिरिवल्स सम्बन्धि मार्गदर्शन)
- केहि औषधि उपकरणहरु स्टक आउट हुने गरेको
- Functional Reverse logistic system पूर्ण रुपमा कार्यान्वयन गर्न नसकिएको
- करारका जनशक्तिको सेवाबाट हटाउनु तथा लोक सेवाको विज्ञापन नहुनु जसले गर्दा जनशक्तिको अभाव
- केहि विशेष कार्यक्रममा न्यून बजेट उपलब्ध हुनु

**शिक्षा क्षेत्र**

- कार्यक्रम संचालन गर्दा प्रक्रियागत ढिलाई।

**सामाजिक क्षेत्रः**

- प्रदेश स्थानीय तह तथा अन्य सरोकारवालाहरुबीच समन्वयको अभाव रहेको।
- Follw-up, mentoring र refresher तालिमको अभाव
- ईन्टरनेट, उपकरण र डिजिटल साक्षरताको कमी
- सामाजिक क्षेत्रका प्रगती मापनका सुचकहरु/ सफ्टवयर नहुँदा प्रगति देखाउन नसकिएको।

**युवा, खेलकुद, भाषा, धर्म तथा संस्कृतिः**

- कर्णाली प्रदेश खेलकुद विकास परिषदको सदस्य सचिवको नियुक्ति नभएकाले दैनिक कार्य सञ्चालनमा नै कठिनाई भएको ।
- कर्मचारीको ओ एण्ड एम नभएकाले पुरातत्व तर्फ कार्य गर्ने कर्मचारी उपलब्ध नभएको ।
- संघ प्रदेश र स्थानीय तहसंग समन्वय प्रभावकारी बनाउन नसिकएको ।
- प्रदेशका खेलकुद पुर्वाधार तथा नियमित रुपमा खेलकुद कार्यक्रमहरु सञ्चालन गर्न नसिकएको ।
- दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका ढिलाई भएको ।

## १२. सुधार गर्नुपर्ने क्षेत्रहरुः

**स्वास्थ्य, पोषण तथा सरसफाई क्षेत्रः**

- कार्यक्रम कार्यन्वयनको लागि नीतिगत व्यवस्था गर्नुपर्ने
- खरिद प्रक्रियालाई सहजीकरण गर्नु पर्ने
- जनशक्तिको पर्याप्त उपलब्धता हुनुपर्ने
- कार्यक्रमलाई पर्याप्त बजेट विनियोजन गर्नुपर्ने

**शिक्षा क्षेत्र**

- क्रियाकलाप संचालन तालिका निर्माण गरि कडाइका साथ् कार्यान्वयन गर्नुपर्ने।
- विद्यालय/शिक्षालयहरुलाई वितिय व्यवस्थापन, प्रस्तावना लेखन, दस्तावेजीकरण जस्ता बिषयमा क्षमता विकास तालिम सम्पन्न।

**सामाजिक क्षेत्रः**

- कार्यक्रमको महत्व अनुरुप बजेटको व्यवस्थापन हुनुपर्ने।
- सामाजिक विकास महाशाखाले गर्ने कार्यहरुको प्रगति मापनका लागि केही सुचकहरु र सफ्टवयर निर्माण गरी लागु गर्नुपर्ने।
- कार्यसम्पादनको प्रक्रिया जटिल रहेको यसलाई समाधान गर्नुपर्ने देखिएको ।
- काम गर्ने कर्मचारीलाई समस्या आउछ, प्रश्न गरिन्छ तर काम नै नगर्ने कर्मचारीलाई केहि समस्या हुदैन यसलाई पनि सुधार गर्नुपर्ने देखिएको छ।
- कार्यक्रम कार्यान्वयन गर्ने विधि र प्रक्रियामा पनि स्पष्टता हुनुपर्ने।
- कर्मचारीको उच्च मनोबल कायम नरहेको अवस्था छ यसलाई पनि सुधार गर्नुपर्ने देखिन्छ।
- कार्य वातावरण उपयूक्त नरहेको काम गर्ने स्थान पर्याप्त नभई काम गर्न असहज छ जसलाई सुधार गर्नुपर्ने देखिन्छ।

**युवा, खेलकुद, भाषा, धर्म तथा संस्कृतिः**

- तत्काल प्रदेश खेलकुद परिषद ऐन संशोधन गर्नु पर्ने ।
- प्रदेश खेलकुद परिषदमा सदस्य सचिवको नियुक्त गरी तत्काल दैनिक कार्य सञ्चालन गर्नु पर्ने साथै परिषदका कर्मचारीको ओ एण्ड एम गरी कर्मचारी पदपुर्ति गर्नु गर्ने।
- कर्णाली प्रदेश युवा नीति स्वीकृत गरी प्रदेश युवा परिषद गठन गरी युवाका गतिविधिहरु सञ्चालन गर्नु पर्ने।
- कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन स्वीकृत गरी भाषा धर्म संस्कृतिको संरक्षण सम्बन्धी कार्यहरु तत्काल गर्नु पर्ने।
- प्रदेश स्तरमा विभिन्न खेलकुद युवा सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय तहहरुलाई अनुदान प्रदान गर्नु पर्ने ।

## २.८ प्रदेश सभा सचिवालय

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा ५६(२) बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले कानुन बमोजिम हुने व्यवस्था रहेको र धारा १७५ बमोजिम पहिलो हुने निर्वाचित र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यबाट प्रदेश सभाको गठन हुने प्रावधान बमोजिम संविधानको अनुसूची-४ मा उल्लिखित कर्णाली प्रदेशको १० जिल्ला (सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम-पश्चिम, कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा) का ४० जना माननीय सदस्यहरु सम्मिलित कर्णाली प्रदेश सभा गठन भएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित २४ जना, समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित १६ जना गरी जम्मा ४० जना माननीय प्रदेश सभा सदस्यहरुको प्रतिनिधित्व रहेको छ। यस प्रदेश सभाको पहिलो बैठक २०७५ साल माघ २१ गते बसेको थियो।

कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालमा नेपाली काँग्रेसबाट १४ जना, नेपाली कम्यूनिष्ट पार्टी बाट १४ जना, नेकपा (एमाले) बाट १० जना, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट १ जना र स्वतन्त्रबाट १ गरी जम्मा ४० जना माननीय सदस्यहरुको प्रतिनिधित्व रहेको छ। कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालमा सभामुख माननीय श्री नन्दा गुरूङ र उपसभामुख माननीय श्री यसोदा न्यौपाने रहनु भएको छ।

### २. दीर्घकालीन सोच

जनमुखी र जवाफदेही प्रदेशसभा।

### ३. ध्येय

३.१ जनप्रतिनिधिमूलक संस्थाको हैसियतले जनचाहाना अनुरुपको कानुन निर्माण गर्ने,

३.२ प्रदेश सरकारलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने कार्यमा सहयोग गर्ने।

### ४. कार्यक्षेत्र

प्रदेश सरकारसँग सम्बद्ध सम्पूर्ण विषयहरु नै प्रदेश सभाको कार्यक्षेत्र रहेको छ। यसका साथै प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको काम कारबाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारका विषय प्रदेश सभामा छलफल गर्नु रहेको छ। नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका, भाग १४ मा प्रदेश व्यवस्थापिका, भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि र भाग १६ मा प्रदेश आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्थामा उल्लेख भए अनुसार प्रदेश सभाले आवश्यक कानुन बनाउनु पर्ने हुन्छ।

प्रदेश सभाले संविधानको विभिन्न भागमा उल्लेख भएका माथिका विषयको कानुनका साथसाथै संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा पनि कानुन बनाउनु पर्ने हुन्छ।

## ५. विनियोजन र खर्चको विवरण

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को बजेट विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शिर्षक | आ.व. २०८१/८२ | | | आ.व. २०८२/८३ | | |
|---|---|---|---|---|---|---|
| | विनीयोजन | खर्च | खर्च प्रतिशत | विनीयोजन | खर्च | खर्च प्रतिशत |
| **चालु** | १३,६३,५० | ४,४८,६५ | ३२.९० | १३,४७,८७ | ३,९०,६६ | २८.९८ |
| **पुँजीगत** | ८६,५० | ३३,०७ | ३८.२४ | ९९,३३ | ८,८८ | ८.९४ |
| **जम्मा** | १४,५०,०० | ४,८१,७५ | ३३.२२ | १४,४७,२० | ३,९९,५४ | २७.६१ |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ६. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरुः

- भरबेटिभ उतार तथा प्रकाशन।
- सचिवालयका कर्मचारीहरुमार्फत विधेयक उपर छलफल र सुझाव संकलन।
- प्रदेश सभाका कर्मचारीहरुबीच अन्तरक्रिया गोष्ठी।
- सभा र समितिका बैठक संचालन र व्यवस्थापन

## ७. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्याः

- जेन जेड आन्दोलनका क्रममा प्रदेश सभा भवन र सचिवालयका अन्य भौतिक संरचना आगलागीका कारण ध्वस्त हुदा सभा संचालन र नियमती कार्य सम्पादनमा कठीनाई भएको।
- आफ्नै प्राविधिक जनशक्ति नहुँदा पूँजीगत खर्च तोकिएको समयमा अपेक्षित रुपमा हुन नसकेको।

## ८. बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरुः

- जेन जेड आन्दोलनका क्रममा आगलागीका कारण ध्वस्त प्रदेश सभा भवन र सचिवालयका अन्य भौतिक संरचनाको पूनः निर्माण र बैकल्पिक व्यवस्था गर्ने।
- जिल्लास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम, प्रदेश सभा दिवस, प्रदेश तथा स्थानीय सरकारबाट संचालित योजनाहरुको अनुगमन तथा मूल्याङ्कन।

## ३.९ प्रदेश लोक सेवा आयोग

### १. पृष्ठभूमि

नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने र प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने व्यवस्था गरिएको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको प्रयोजनका लागि सङ्घीय संसदले कानुन बनाइ आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था गरिएको छ।

प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी गरिएको छ । यस ऐनमा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने कुरा उल्लेख छ। यसको लागि प्रदेश लोक सेवा आयोग ऐन, २०७५ जारी भएको छ।

यस आयोगको कार्य सञ्चालनका लागि प्रमुख आधारको रूपमा रहेको प्रदेश लोक सेवा आयोग ऐन, २०७५ मा प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको गठन तथा पदाधिकारीहरूको नियुक्ति र पदावधि समाप्तिको सम्बन्धमा व्यवस्था गरिएको छ । यस ऐनमा आयोगको काम, कर्तव्य र अधिकार, आयोगले लिने परीक्षाहरू सञ्चालनको तरिका एवम् आयोगले दिने परामर्शको व्यवस्था गरिएको छ। साथै लोक सेवा आयोगले पदपूर्तिमा अपनाएको सिद्धान्त र मापदण्डलाई प्रदेश लोक सेवा आयोगले समेत अवलम्बन गर्नुपर्ने र नगरेमा आयोगले गरेका काम कारबाहीहरू स्वतः बदरभागी हुने व्यवस्था पनि गरिएको छ। प्रदेश लोक सेवा आयोगले आफ्नो कामकारबाही सञ्चालनको सिलसिलामा सहयोग लिन चाहेमा प्रदेश सरकार मार्फत लोक सेवा आयोगसँग अनुरोध गर्न सक्ने व्यवस्था गरिएको छ । त्यसैगरी आयोगको परीक्षा सञ्चालन सम्बन्धी कामको लागि सरकारी निकाय, शिक्षण संस्था र अन्य संस्थाले भवन, जनशक्ति उपलब्ध गराइ सहयोग गर्नुपर्ने व्यवस्था छ।

### २. दिर्घकालीन सोच

"योग्यता, निष्पक्षता र स्वच्छता, प्रदेश लोक सेवा आयोगको प्रतिवद्धता"

### ३. लक्ष्य

योग्यता, निष्पक्षता र स्वच्छताको मूल मर्मलाई आत्मसात् गर्दै प्रदेश निजामती सेवा र स्थानीय सेवाका पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउनु ।

## ४. उद्देश्य

**प्रदेश लोक सेवा आयोगको उद्देश्य देहाय बमोजिम रहेका छन्ः-**

(क) प्रदेश सेवाका रिक्त पदको पदपूर्तिको लागि उपयुक्त उम्मेदवार छनोट गर्ने ।

(ख) प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने विषयमा परामर्श दिने।

## ८. कार्यक्षेत्र

- प्रदेश सेवा र स्थानीय सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनोट गर्न परीक्षा सञ्चालन गर्ने,
- प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने,
- प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने,
- प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने,
- प्रदेश सेवाको पदमा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनुपर्ने।
- देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश सेवाको शर्त सम्बन्धी कानुनको विषयमा,

(ख) प्रदेश सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ग) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेशका अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

## ५. विनियोजन र खर्चको विवरण

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शिर्षक | आ.व. २०८१/८२ | | | आ.व. २०८२/८३ | | |
|---|---|---|---|---|---|---|
| | विनीयोजन | खर्च | खर्च प्रतिशत | विनीयोजन | खर्च | खर्च प्रतिशत |
| **चालु** | ९,७०,०० | ३,४३,७७ | ३५.४४ | ८,११,०४ | २,५५,९३ | ३१.५६ |
| **पुंजीगत** | २०,०० | ० | ० | ८५,९० | १,४४ | १.६८ |
| **जम्मा** | ९,९०,०० | ३,४३,७७ | ३४.७२ | ८,९६,९४ | २,५७,३७ | २८.६९ |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरुः**

- गत आ.व. विज्ञापन भई पदपूर्ती प्रकियामा रहेका पदहरुको नतिजा प्रकाशन र सिफारिस।
- कच्चा प्रश्नपत्र तथा प्रश्नहरुको मोडेरेशन सम्बन्धी कार्य गरेको।

**६. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या र चुनौतीहरुः**

- प्रदेश सरकारबाट माग नहुदा नयाँ बिज्ञापन हुन नसकेको।
- बिज्ञापन नहुदा लक्ष्य अनुसार राजस्व संकलन हुन नसकेको।
- सुर्खेतमा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्राप्त गर्न कठिनाई रहेको।

## ३.१० मुख्य न्यायाधिवक्ताको कार्यालय

### १. पृष्ठभुमि

नेपालको संविधानको धारा १६० (१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक व्यवस्था रहेको छ। प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने, प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने। प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यन्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यन्वयनको अनुगमन गर्ने। प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बानाउनु पर्ने वा भैरहेको कानुन संशोधन गर्नु परेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने। प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी लिखतमा स्तर कायम गर्न आवश्यक समन्वय गर्ने। प्रदेश भित्र रहेका हिरासत थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहित छन् । मुख्य न्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध गराएका सरकारी वकिलहरु र प्रदेश सरकारबाट समायोजन भई आएको जनशक्तिबाट कार्यालयमा कार्यसम्पादन हुदै आएको छ। मुख्य न्यायाधिवक्तामा निहित अधिकारहरू मातहतका अधिकृत कर्मचारीहरूलाई सुम्पन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

### २. दिर्घकालिन सोच

संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने, प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई सम्बन्धित अदालतमा वहस पैरवी र प्रतिरक्षा गर्ने , मानव अधिकारको संरक्षण गर्दे कानुनी शासनको सुनिश्चतता कायम गर्नु समेत दिर्घकालिन सोच रहेको छ ।

### ३ लक्ष्य

संवैधानिक र कानुनी विषयमा अध्ययन अनुसन्धान, प्रशिक्षण, अन्तर्किया, छलफल गर्ने र प्रहरी हिरासत र कारागारमा रहेका थुनुवा तथा कैदीहरुको मानव अधिकारको अवस्थाबारे जानकारी लिई सुधारका लागि संघ तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

### ४. कार्यक्षेत्र

४.१ प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट सम्बन्धित अदालतमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने,

४.२ सरकार र मातहतका निकायका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय, विभागका कार्यालयलाई पचाचार गरी कानुन कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

४.३ प्रचलित प्रदेश कानुनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बनाउनु पर्ने वा भइरहेको कानुन संशोधन गर्न वा बनिरहेको कानुन लागु गर्नुपर्ने देखिएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

४.४ प्रदेश सरकारका मन्त्रात्तय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी मत्स्यौदामा स्तरियता कायम गर्न त्यस्ता कार्यालय वीच आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने,

४.५ प्रदेशस्थित हिरासत चुनुवा कक्षमा रहेका धुनुवालाई आफन्तसँग भेटघाट गर्न र आफूले रोजेका कानुन व्यवसायीसंग कानूनी परामर्श लिन नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

४.६ प्रदेश सरकारको सरोकार पर्ने मुद्दामा प्रतिरक्षाको माग भइ आएमा प्रतिरक्षा गर्ने,

४.७ प्रदेश सरकारको हक हित वा सार्वजनिक हितमा असर पर्नेगरी भएको निर्णय वा आदेश विरुद्ध मुद्दा दायर, पुनरावेदन वा पुनरावलोकनका लागि निवेदन दिन वा उपचार प्राप्त गर्न कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको कर्मचारीले गर्न सक्ने,

४.८ प्रदेश कानुन बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानुनको उल्लङ्घन वा सार्वजनिक हित विपरित भएको छ भन्ने लागेमा कानुनी उपचार प्राप्त गर्न सक्ने,

४.९ बहस, पैरवी तथा प्रतिरक्षा गरेका सम्बन्धित मुद्दाको फैसला/आदेशको कार्यान्वयन भए नभएको अवलोकन गर्ने।

## ५. विनियोजन र खर्चको विवरण

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शिर्षक | आ.ब.२०८२/०८३ | | | आ.ब.२०८१/०८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | १,७२,०० | ६९,३७ | ४०.३३ | १,७२,०० | ७०,९४ | ४१.२४ |
| पुजीगत | ५,०० | १,८० | ३५.९ | ५,०० | ० | ० |
| जम्मा | १,७७,०० | ७१,१७ | ४०.२१ | १,७७,०० | ७०,९४ | ४०.०८ |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ६. आ. व. २०८२/०८३ को पौष सम्म सम्पादन भएका प्रमुख कार्यहरुः

- प्रदेशभित्र कारागार तथा हिरासत कक्ष निरीक्षण र कारागारहरुसंग अन्तर्क्रिया।
- लिखित जवाफ सम्बन्धी समन्वयात्मक बैठक तथा अन्तर्क्रिया कार्यक्रम ।
- सर्वोच्च, उच्च र जिल्ला अदालतमा परेका रिट प्रतिरक्षा ।

## ७. बाँकी अवधिमा सम्पादन गर्नुपर्ने कार्यहरु

- प्रदेशभित्र कारागार तथा हिरासत कक्ष निरीक्षण र कारागारहरुसंग अन्तर्क्रिया।
- सर्वोच्च, उच्च र जिल्ला अदालतमा परेका बाँकी रिटको प्रतिरक्षा ।

**८. अर्ध बार्षिक अवधिमा  बजेट कार्यान्वयनवाट हासिल भएका प्रमुख उपलव्धिहरु**

- प्रदेश भित्रका कारागार तथा हिरासत कक्ष निरीक्षणवाट त्यहाँको भौतिक, थुनुवा तथा  कैंदी वन्दिको संख्या, सेवा सुविधाको  वारेमा जानकारी लिई सुझाव सहित प्रतिवेदन पेश भएको ।
- आ.ब. २०८१/०८२ को बार्षिक प्रतिवेदन प्रदेश प्रमुखज्यू समक्ष पेश भएको ।

**९. वजेट कार्यान्वयनमा देखिएका समस्या/चुनौतीहरु**

- तहगत, निकायगत र कार्यगत समन्वय प्रभाबकारी हुन नसक्दा मुद्दाको प्रतिरक्षामा कठिनाई ।
- क्षमता बिकास सम्बन्धी तालिमको व्यबस्था नहुदा कार्य सम्पादनमा जटिलता ।

**१०. सुधार गर्नुपर्ने क्षेत्रहरु**

- तहगत, निकायगत र कार्यगत समन्वय प्रभाबकारी हुनु पर्ने ।
- क्षमता बिकास सम्बन्धी तालिमको व्यबस्था गर्नु पर्ने ।

## ३.११ कर्णाली प्रदेश योजना आयोग

### १. पृष्ठभूमि

प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन भएको छ। आयोगले प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवं मुल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी सुझाव दिने जिम्मेवारी रहेको छ।

### २. दुरगामी सोच

कर्णाली प्रदेश सरकारको दुरगामी विकास अवधारणा तयार गरी नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्गन गरी प्रदेश सरकारलाई सल्लाह र सुझाव दिने।

### ३. ध्येय

प्रदेश सरकारको योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि विज्ञ समूहको रुपमा प्रदेश सरकारलाई नीतिगत सल्लाह र सहजीकरण गर्ने।

### ४. उद्देश्य

- प्रदेशको समग्र आर्थिक अवस्था, चालू योजना, प्रदेश प्राथमिकता आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र ती समस्या समाधानका उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,
- प्रदेश मन्त्रालयहरुसँग समन्वय गरि प्रभावकारी ढंगले कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,
- प्रदेशको विकास सम्बन्धि नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने।
- तहगत समन्वयका लागि सहजीकरण गर्ने,
- अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्य गर्ने,
- लगानीका लागि वातावरण तयार गर्न सहजीकरण गर्ने।
- प्रदेशको समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमामा सहजीकरण गर्ने,
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनितिक प्रकृतिका आवधिक नीति तयार गर्न सहजीकरण गर्ने,
- आयोजना बैक तयार गर्ने,
- प्रादेशिक स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक,सामाजिक,वित्तीय, प्रविधि र वातावरणीय विश्लेषणका लागि मापदण्ड तयार गर्न सहजीकरण गर्ने,

- प्रादेशिक योजनाको अध्यावधिक विवरण खुल्ने स्थिति पत्र तयार गर्ने,
- योजनाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

**५. कार्यक्षेत्र**

- दीर्घकालीन सोच तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कन सम्वन्धी कार्य,
- तहगत समन्वय सम्बन्धी कार्य,
- अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्य,
- लगानीका क्षेत्रहरु पहिचान गरी, लगानीको वातावरण तयार गर्न प्रदेश सरकारलाई सल्लाह सुझाव दिने।

## ६. विनियोजन र खर्चको विवरण

तालिकाः आ.व. २०८१/८२ र २०८२/८३ को विनियोजन र अर्धबार्षिक खर्चको तुलनात्मक विवरण (रु. हजारमा)

| बजेट शिर्षक | आ.व. २०८२/८३ | | | आ.व. २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| **चालु** | ३७१३३ | ११११०९ | २९.९२ | ४१००० | ९३८४ | २२.८९ |
| **पुजीगत** | ६६५० | ४६७ | ७.०१ | १००० | ६२१ | ६२.०८ |
| **जम्मा** | ४३७८३ | ११५७६ | २६.४४ | ४२००० | १०००५ | २३.८२ |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ७. नीति तथा कार्यक्रम र बजेट कार्यन्वयनको अवस्था

आयोगसंग सम्बन्धित बजेट वक्तव्यमा उल्लेखित बिषयहरु कार्यान्वयनको अवस्था र हासिल भएका प्रमुख उपलब्धिहरुः

| बुदा नं. | नीति तथा कार्यक्रमा उल्लेख भएको बिषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १९१ | प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका निर्माण सँग सम्बन्धित आयोजनाहरुको पहिचान तथा छनोट प्रक्रिया थप व्यवस्थित बनाउदै लगिनेछ । यसको लागि प्रदेश सरकारले संचालनमा ल्याएको प्रदेश आयोजना बैंक व्यवस्थापन प्रणालीलाई थप सरलीकृत, स्वचालित एवम् प्रणालिबद्ध गर्दै लगिनेछ। | आयोजना बैंक व्यवस्थापन प्रणालीलाई थप सरलीकृत, स्वचालित एवम् प्रणालिबद्ध बनाउने कार्य भईरहेको। |
| १९२. | प्रदेश सरकारले यस आर्थिक वर्षदेखि शुरु गरेको आयोजना छनोट सम्बन्धि व्यवस्थाको प्रदेश सरकारका निकाय तथा अन्य सरोकारवालाको बुझाइमा स्पष्ट र एकरुपता ल्याउन | प्रदेशस्तर र सबै जिल्लास्तरमा कार्यक्रम संचालन गरिएको। |

| | | |
|---|---|---|
| | मन्त्रालय र योजना आयोगको सहकार्यमा प्रदेश तथा जिल्लास्तरमा आयोजना शिक्षा कार्यक्रम संचालन गरिनेछ। | |
| १९४. | विषयगत मन्त्रालय र प्रदेश योजना आयोगको सहकार्यमा आयोजना बैंकमा रहेका सबै आयोजनाको उपयुक्तताको परीक्षण तथा मूल्यांकन गरी मापदण्ड बमोजिमका प्रक्रिया पूरा गर्न नसक्ने अनुपयुक्त आयोजनाहरु प्रणालीबाट हटाई कार्यन्वयन योग्य र उच्च प्रतिफल युक्त आयोजना मात्र आयोजना बैंक प्रणालीमा रहने व्यवस्था मिलाइनेछ । | आवश्यक व्यवस्था मिलाइएको |

## ८. आ.व . २०८२/८३ को पौष मसान्तसम्म सम्पादित मुख्य मुख्य क्रियाकलापहरु

क. मिति २०८२ श्रावण ५ गते आ व २०८१ र आयोजना बैङ्क सञ्चालन सम्बन्धी मापदण्ड २०८१ संशोधन सम्बन्धी मस्यौदा तयारीका लागि विषयगत मन्त्रालयका सचिव तथा योजना छनोट प्रकृया सम्बन्धी कार्यविधि महाशाखा प्रमुखसँग छलफल सम्पन्न।

ख. मिति २०८२ श्रावण १५ गते प्रदेश योजना आयोगको आव ०८१/८२ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न।

ग. मिति २०८२ श्रावण २० गते आयोजना छनोट प्रकृया सम्बन्धी कार्यविधि २०८१ र आयोजना बैङ्क सञ्चालन सम्बन्धी मापदण्ड २०८१ संशोधन सम्बन्धी मस्यौदा उपर प्रदेश सभा सदस्यहरुसँग छलफल कार्यक्रम सम्पन्न।

घ. मिति २०८२ भाद्र १ गतेदेखि कर्णाली प्रदेश योजना आयोग कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको साविकको भवनमा सरी कार्यसञ्चालन सुरु गरिएको ।

ङ. मिति २०८२ भाद्र १ गते प्रदेश विकास समस्या समाधान उपसमितिको बैठक सम्पन्न।

च. मिति २०८२ भाद्र २ गते प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्पन्न।

छ. मिति २०८२ भाद्र १८ गते आयोजना छनोट प्रकृया सम्बन्धी कार्यविधि २०८१ को संशोधन सम्बन्धी मस्यौदा प्रदेश योजना आयोगबाट स्वीकृत।

ज. मिति २०८२ आश्विन २४ र २७ गते आयोजनाको बहुवर्षीय ठेक्का स्रोत सहमती सम्बन्धी निर्देशक समितिको बैठक कुल पूँजीगत बजेटको ३० प्रतिशत भन्दा बढी आगामी वर्षमा दायित्व सिर्जना नहुने गरी र कुल लागत ६० प्रतिशत भन्दा बढी नहुने गरी सीमा निर्धारण गरिएको।

झ. मिति २०८२ आश्विन २८ गते आयोजनाको बहुवर्षीय ठेक्का स्रोत सहमती सम्बन्धी निर्देशक समितिको बैठक (४ मन्त्रालयहरु समेतको) बसी ४४ वटा आयोजनाहरुको बहुवर्षीय ठेक्काको स्रोत सहमतीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गरिएको।

ञ. आयोजनाको प्रस्ताव तथा छनोट प्रकृया सम्बन्धी कार्यविधि २०८१ संशोधन सम्बन्धी मस्यौदा मिति २०८२ आश्विन २८ गते बसेको कर्णाली प्रदेश मन्त्रिपरिषद्बाट पारित भई प्रकाशन गरिएको।

ट. २०८२ मंसिर २ गते दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन अभिमुखिकरण कार्यक्रम तथा कार्ययोजना निर्माण सम्बन्धी अभिमुखिकरण कार्यक्रमः हुम्लाको सिमकोट

ठ. मिति २०८२ मंसीर ७ गते कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८२ स्वीकृत

ड. २०८२ मंसिर ८ गते विषयगत मन्त्रालयका योजना महाशाखा प्रमुख र KPPBMIS का सम्पर्क व्यक्तिका लागि आयोजनाको प्रस्ताव तथा छनोट र आयोजना बैङ्क सम्बन्धी कानून कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रम

ढ. आयोजनाको प्रस्ताव तथा छनोट र आयोजना बैङ्क सम्बन्धी कानून कार्यान्वयन सम्बन्धी जिल्लास्तरीय अभिमुखिकरण कार्यक्रम

ण. प्रदेशस्तरीय पोषण कार्यक्रम तेस्रो (आ व २०८१/८२) प्रदेश स्तरीय समिक्षा कार्यक्रम

त. २०८२ पौष २४ गते SDG Acceleration Visioning Workshop सञ्चालनका लागि सरोकारवालासँग पूर्व तयारी सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम

थ. २०८२ पौष २८ र २९ गते कर्णाली प्रदेशमा पोषण सुशासन सुदृढीकरणका लागि पैरवी नागरिक समाज संगठनहरूका लागि पोषण सम्बन्धी नीति कानून र अधिकार सम्बन्धी अभिमुखिकरण तथा बहुक्षेत्रीय पोषण योजना तेस्रोको कार्यान्वयनका लागि नीति संवाद कार्यक्रम

## ९. आर्थिक बर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने कार्यहरु

क. कर्णाली प्रदेश लगानी पोर्टल निर्माण

ख. विकासका लागि विधायक कार्यक्रम अन्तर्गत प्रदेश सभा सदस्यका लागि योजना तथा बजेट सम्बन्धि अन्तरक्रिया गोष्ठी

ग. लगानी योग्य परियोजना विकासका लागि विज्ञ परामर्श

घ. लगानी प्रवर्द्धन तथा सहजीकरण विज्ञ परामर्श

ङ. MTEF MIS नवीकरण

च. MTEF अद्धावधिक

छ. प्रदेश विकास परिषद बैठक

ज. आवधिक योजना, आयोजना बैंक र मध्यमकालीन खर्च संरचना प्रणाली बीच अन्तरआवद्धता सम्बन्धि कार्यशाला गोष्ठी

झ. मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली सम्बन्धि अभिमुखीकरण

ञ. कर्णाली प्रदेश तथ्यांक पोर्टल निर्माण

## १०. बजेट कार्यान्वयनबाट अर्धबार्षिक अवधिमा हासिल भएका मुख्य उपलब्धिहरु

क. दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन अभिमुखिकरण

ख. आयोजनाको प्रस्ताव तथा छनोट र आयोजना बैङ्क सम्बन्धी कानून कार्यान्वयन सम्बन्धी अभिमुखिकरण

ग. SDG ACCELERATION VISIONING WORKHOP

## ११. बजेट कार्यान्वयनको क्रममा देखिएका समस्या तथा चुनौतीहरु

क. मन्त्रालयगत समन्वय अभाव

ख. सिमित श्रोत साधन

## १२. आगामि दिनमा सुधार गर्नुपर्ने क्षेत्रहरु

क. पत्राचारमा हुने ढिलाइले कार्यक्रम कार्यान्वयनमा प्राविधिक तथा प्रशासनिक जटिलता उत्पन्न हुने भएकाले, यथाशीघ्र पत्राचार गर्ने व्यवस्था मिलाउनुपर्ने।

ख. विषयगत मन्त्रालय वा निकायबाट हुने पत्रव्यवहारमा आवश्यक कागजात र तोकिएको रित पुगेको सुनिश्चित गरेर मात्र पत्राचार गर्नुपर्ने

ग. फिल्डस्तरका कार्यक्रमहरू सञ्चालन गर्दा सोही प्रकृतिका कार्यजिम्मेवारी भएका अन्य सरकारी निकायहरूसँग प्रभावकारी समन्वय गरी सञ्चालन गर्दा थप प्रभावकारी हुने।

# परिच्छेद - तीन
# स्थानीय तहमा वित्तीय हस्तान्तरण

## ३.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण

चालू आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश भित्रका स्थानीय तहहरुलाई वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान गरी कुल रू. ४ अर्व ५९ करोड ९८ लाख ४१ हजार वित्तीय हस्तान्तरण गर्ने अनुमान गरिएको छ। प्रदेश सरकारबाट चालू आ.व. को अर्धवार्षिक अवधिमा भएको वित्तीय हस्तान्तरणको विवरण विवरण देहायको तालिका उल्लेख गरिएकोछ।

तालिका : स्थानीय तहमा वित्तीय हस्तान्तरण (रू.हजारमा)

| अनुदानको प्रकार | विनियोजित रकम | पौष मसान्तसम्मको हस्तानतरण | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | ९५०००० | ३७५१०५ | ३९.४८ |
| सशर्त अनुदान | २५१७२४१ | ६८३५२० | २७.१५ |
| समपुरक अनुदान | ७६४६०० | ४६७४३ | ६.११ |
| विशेष अनुदान | ३६८००० | २५२१६ | ६.८५ |
| जम्मा | ४५९९८४१ | ११३०५८६ | २४.५७ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

- चालू आर्थिक वर्षको अर्धवार्षिक अवधिमा वित्तीय हस्तान्तरण अन्तरगत विनियोजित कुल रकमको २४.५७ प्रतिशत रकम हस्तान्तरण भएको छ। गत आ.व.को सोही अवधिमा विनियोजित रकमको कुल २६.३७ प्रतिशत रकम हस्तान्तरण भएको थियो। चालु आ.व. मा भएको वित्तीय हस्तान्तरण स्थानियतहगत रुपमा अनुसूचीमा ५ उल्लेख गरिएको छ।
- वित्तीय हस्तान्तरण अन्तरगतका योजना/कार्यक्रमहरुको पहिलो किस्ता बाहेकका अन्य किस्ता रकम निकाशा गर्दा खर्च प्रगतिका आधारमा गरिने भएकोले अख्तियारी प्रदान रकम भन्दा निकासा रकम कम देखिएको छ।
- सशर्त अनुदानको हकमा सम्बन्धित विषयगत मन्त्रालय/निकायहरुबाट प्रस्ताव भई आएका योजनाहरुमा विनियोजित कुल रकम २ अर्व ५१ करोड ७२ लाख ४१ हजार मध्ये राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधारमध्ये तपसिलका आधारमा तपसिल बमोजिमको रकम विनियोजन गरिएको छ।

## ३.२ स्थानीय तहमा राजस्व बाँडफाँट

- सवारी साधन कर वापत संकलित रकम प्रदेश विभाज्य कोषमा राखि प्रदेश र स्थानीय तहलाई प्रचलित कानून बमोजिम बाँडफाँट गरिएको।

## ३.३ वित्तीय संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा

- कर्णाली प्रदेश सरकारले आफ्नो स्थापना काल देखि नै यस प्रदेश भित्रका स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण गरिरहेको छ। वित्तीय हस्तान्तरणका योजना/कार्यक्रम छनौट तथा सोको कार्यान्वयनका

सम्बन्धमा कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५, प्रदेश समपुरक तथा विशेष अनुदान कार्यविधि, २०८१ (संशोधन सहित) र प्रदेश सशर्त अनुदान कार्यविधि,२०८२ तर्जुमा भएको।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, नेपाल सरकार अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका निकायहरुसँग अनुदान तथा राजस्व बाँडफाटँका सम्बन्धमा समन्वय, सहकार्य भईरहेको।
- राष्ट्रिय योजना आयोगको समन्वय र सहकार्यमा समपुरक तथा विशेष अनुदानको प्रस्तावका लागि विद्युतीय प्रणाली विकासको गरी सोही बमोजिम योजना/कार्यक्रम प्रस्ताव गर्ने गरि स्थानीय तहहरुलाई सुचना तथा जानकारी प्रदान हुदै आएकोछ।
- वित्तीय हस्तान्तरण अन्तरगत विभिन्न अनुदानहरु हस्तान्तरणका सम्बन्धमा हासिल भएको उपलब्धी सन्तोषजनक रहेको भएतापनि योजना तर्जुमा, सोको कार्यान्वयन तथा वित्तीय अनुशासनको पालना लगायतका विषयहरुमा आगामी दिनमा थप कार्य गर्नुपर्ने देखिन्छ।
- विभिन्न योजना/कार्यक्रमको कार्यान्वयनको गुणस्तरीयता, प्रभावकारीताको विषयमा पर्याप्त अनुगमन मुल्याङ्कन हुन आवश्यक रहेको। यसका लागि आगामी दिनमा अनुगमन तथा मुल्याङ्कन संयन्त्रहरुलाई बलियो बनाउन जरुरी देखिन्छ।
- नेपालको संविधानले परिकल्पना गरेको तीन तहको राज्यको संरचनाको समन्वय, सहकार्यको एक महत्वपुर्ण औजारको रुपमा वित्तीय संघीयतालाई लिईन्छ। सोको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहको सरकारहरुबीच निरन्तर रुपमा समन्वय सहकार्य हुनुपर्ने तथा विभिन्न तहका सरकारबाट निर्धारित कार्यक्षेत्रअनुरुप मात्र योजना/कार्यक्रम छनौट भई बजेट विनियोजन हुनुपर्ने आवश्यकता रहेको।

### ३.४ वित्तीय संघीयताको कार्यान्वयनमा देखा परेका समस्याहरु:

- वित्तीय संघीयताको कार्यान्वयन तथा वार्षिक बजेट कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहमा पर्याप्त जनशक्तिको अभावका कारण अपेक्षित लक्ष्य हासिलमा कठिनाई भएको।
- प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदशर्नको पालनामा ध्यान नपुगेको। कतिपय स्थानीय तहहरुले वित्तीय हस्तान्तरण अनुदानका योजनाहरुको आर्थिक वर्ष समाप्त भएपछि विनियोजन ऐन अनुसार फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेको।
- समपूरक अनुदानको योजनाहरुको हकमा कतिपय स्थानीय तहले आयोजना प्रस्ताव गर्दा महत्वकांक्षी ढङ्गले गर्ने तर साझेदारी गर्न नसक्दा व्यवहारमा आयोजना कार्यान्वयन नै नहुने वा ढिलाई हुने तथा संशोधनको लागि समेत अनुरोध गर्ने देखिएको।
- समपुरक र विशेष अनुदानका आयोजनामा पूर्व तयारीका चरण सम्पन्न भईसकेका आयोजना प्रस्ताव गर्नुपर्नेमा सो नगरी आयोजना अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरि कार्यान्वयनमा ढिलाई गर्ने लगायतका कारण उक्त आयोजना/कार्यक्रमको दायित्व अर्को आर्थिक वर्षमा सरि आयोजना/कार्यक्रम अधुरो रहने स्थिति देखिएको।
- प्रदेश विनियोजन ऐन तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा समेत जुन आयोजना/कार्यक्रमको लागि बजेट विनियोजन भएको हो सोही आयोजना/कार्यक्रममा खर्च गर्नुपर्ने र बचत रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था हुँदाहुदै बचत रकम स्वीकृत आयोजना/कार्यक्रम बाहेकका आयोजना/कार्यक्रमा खर्च गर्ने गरेको।

- सशर्त अनुदान तर्फ आयोजना छनौटको निश्चित मापदण्ड नहुँदा टुक्रे प्रकृतिका आयोजनाको संख्या बढदै गई स्रोत र साधनको प्राथमिकतापूर्ण र दक्षतापूर्ण उपयोग हुन नसकेको।
- कतिपय स्थानीय तहमा सःशर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम तहाँ निकायको आवश्यकता बमोजिम नभएको भनि उक्त आयोजना/कार्यक्रम कार्यान्वयनमा तदारूकता नहुँदा सोको सट्टामा अन्य योजना/कार्यक्रममा सो रकम रकमान्तर गर्नका लागि अनुरोध गर्ने गरेको।
- सशर्त अनुदानका योजनाहरुको कार्यान्वयनका सन्दर्भमा विषयगत मन्त्रालयहरुबाट पनि समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित नहुँदा आयोजना/कार्यक्रम कार्यान्वयनको विधि र प्रक्रियाका सम्बन्धमा द्विविधा भएको।
- आर्थिक ऐन, २०८२ मा तोकिएको समयमा सबै स्थानीय तहबाट राजस्व बाँडफाँटको रकम प्रदेश सञ्चित कोषमा दाखिला नभएको। यसका साथै स्थानीय तहबाट दहत्तर बहत्तर शुल्क वापत संकलन भएको राजस्व कतिपय स्थानीय तहले प्रदेश सञ्चित कोषमा प्रदेश आर्थिक ऐन बमोजिम दाखिला नगरेको।
- वार्षिक बजेट तर्जुमा पश्चात समेत योजना/कार्यक्रममा गैर बजेटरी रकमका लागि प्रस्ताव गर्ने प्रवृत्ति देखिएको।
- प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली (PLMBIS) र SUTRA (Sub national treasury regulatory application) बीच Real time आबद्धता नहुँदा प्रतिवेदन प्राप्तमा समस्या देखिएको।
- कतिपय स्थानीय तहले SUTRA प्रणाली मा पुर्ण रुपमा बजेट तथा खर्च प्रविष्टि नगर्दा स्थानीय तहमा वित्तीय हस्तान्तरणको रूपमा उपलब्ध गराईएको रकमको यथार्थ खर्च विवरण प्राप्त तथा सोका आधारमा खर्च विश्लेषण तथा प्रतिवेदन प्रणाली व्यवस्थापनमा कठिनाई भएको।
- स्थानीय तहले कार्यान्वयन गर्ने कतिपय योजनाहरुमा दोहोरोपना देखिएकोले सो आयोजना/कार्यक्रममा विनियोजित रकम नयाँ आयोजना/कार्यक्रममा रकमान्तरका लागि प्रस्ताव गर्ने गरेको।

### ३.५ समाधानका उपायहरू

- प्रदेश तथा स्थानीय तहको कार्यान्वयन कुशलता अभिवृद्धिका लागि पर्याप्त र दक्ष जनशक्तिको परिचालन गर्नुपर्ने। यसका लागि कर्मचारीको पदपुर्ति, क्षमता अभिवृद्धि लगायतका विषयमा ध्यान दिनुपर्ने।
- प्रचलित कानून बमोजिम उपलब्ध गराउनुपर्ने प्रतिवेदन समयमै प्रदान गर्न सम्बन्धित सबै निकाय जिम्मेवार हुनुपर्ने।
- प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदशर्न लगायत प्रचलित कानूनको पालनामा ध्यान दिई वित्तीय अनुशासन कायम गर्नुपर्ने।
- वित्तीय हस्तान्तरण अन्तरगतका विभिन्न अनुदानहरुको कार्यान्वयनका सम्बन्धमा सम्बन्धित ऐन, कानून, कार्यविधि, मापदण्डमा तोकिएको कार्यान्वयन विधि लगायतका विषयहरुको अधिनमा रहि आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने।
- वित्तीय हस्तान्तरण अन्तर्गत अनुदानका कार्यक्रमहरुको माग/छनौट कार्यलाई प्रणालीसँग आवद्ध गर्दै लैजाने र स्वचालित प्रतिवेदन प्रणालीको विकास गर्ने।
- वित्तीय हस्तान्तरणका अनुदानहरु हस्तान्तरण गर्दा मानव विकास सुचकाङ्क, राजस्व उठाउने क्षमता, कार्यान्वयन दक्षता लगायतका विषयमा ध्यान दिई दुर्गम स्थानीय तहहरुलाई प्राथमिकता दिनुपर्ने।
- स्वीकृत आयोजना/कार्यक्रम तोकिएको समयमै सम्पन्न गर्नका लागि सोको कार्यान्वयनमा  तदारुकताका साथ लाग्नुपर्ने।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सशर्त अनुदान प्रदान गर्दा पालना गर्नुपर्ने आधार तथा सिफारिसको अधिनमा रहि स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा हस्तान्तरण गर्नुपर्ने।
- सशर्त अनुदानका आयोजना/कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सम्बन्धित विषयगत मन्त्रालयहरुबाट समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित गरि आयोजना/कार्यक्रम कार्यान्विनयको विधि र प्रक्रियाका सम्बन्धमा स्पष्ट गर्नुपर्ने।
- प्रचलित आर्थिक ऐन बमोजिम राजस्वको बाँडफाँट तोकिएको समयमै सम्बन्धित सञ्चितकोषमा दाखिला गरि राज्यका विभिन्न तहहरुबीच समन्वय र सम्पर्क बढाउनुपर्ने।
- विपतजन्य अवस्थाको व्यवस्थापन बाहेक अन्य आयोजना/कार्यक्रमका लागि वार्षिक बजेट तर्जुमाको समयमा नै बजेट प्रस्ताव र विनियोजन गर्ने परिपाटिको विकास गर्नुपर्ने।
- वार्षिक बजेट तर्जुमा, सोको कार्यान्वयनका सम्बन्धमा हुने खर्च/प्रगति, राजस्व संकलन लगायतका विषयलाई थप व्यवस्थित गर्नका लागि विकास गरिएको प्रणालीहरुमा अनिवार्य रुपमा विवरण प्रविष्टि गरि प्रतिवेदन प्रणालीको सुदृढिकरणका लागि सबै तहले ध्यान दिनुपर्ने।
- योजना/कार्यक्रममा देखिएका दोहोरोपना हटाउनका लागि केन्द्रिय तथ्याङक प्रणाली/परियोजना बैङको विकास गर्नुका साथै पूर्वतयारी, सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्याङ्कन लगायतका चरण पुरा भएका आयोजना/कार्यक्रममा मात्र सबै तहले आफ्नो कार्यजिम्मेवारी अनुरुप बजेट विनियोजन गर्नुपर्ने।
- कार्य सम्पादनमा आधारित अनुदान प्रणालीको अवलम्वन गरी स्थानीय तहमा आर्थिक अनुशासन र खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्ने।
- अन्तरसरकारी वित्त हस्तान्तरण अन्तरगत हस्तान्तरित आयोजना/कार्यक्रम, राजस्व बाडँफाट लगायतका विषयहरु र सोको कार्यान्वयन प्रचलित कानून बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन मुल्याङकन गरि सो को पृष्ठपोषणका आधारमा कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नु पर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहबीचको समन्वय र सहकार्य चुस्त दुरुस्त बनाउनका लागि संविधान, प्रचलित कानून बमोजिम व्यवस्था भएका अन्तर समन्वय परिषदहरुको समयमै बैठक हुनुपर्ने र तीनै तहमा देखिएका नीतिगत तथा कार्यात्मक बाधा व्यवधानका विषयमा अन्तरक्रिया र छलफलबाट बाधा फुकाउनु पर्ने।

# परिच्छेद – चार

## बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने प्रयासहरु

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो ६ महिनाको बजेट कार्यान्वयनको आधारमा कर्णाली प्रदेशको बजेट तर्जुमा र कार्यान्वयनका क्रममा महसुस गरिएका कमजोरीहरू हटाई सार्वजनिक स्रोतको कुशलता परिचालन गरी दक्षता अभिवृद्धि गर्न देहाय बमोजिमका सुधार गर्नु पर्ने देखिन्छ।

४.१ तत्काल गर्नुपर्ने कार्यहरु

४.१.१ बजेट कार्यान्वयन

- चालू आ.व. को पहिलो ६ महिनाको खर्च प्रगतिको हेर्दा अत्यन्त न्युन देखिएकोले आगामी महिनाहरूको लागि संशोधित कार्य योजना बनाई बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने।
- विना अध्ययन र पूर्व तयारी बजेट विनियोजन गरिएका कार्यक्रम र आयोजना कार्यान्वयनमा जान सक्ने वा नसक्ने सम्बन्धमा तत्काल निक्यौंल गरी कार्यान्वयनमा जान नसक्ने देखिएका आयोजना/कार्यक्रममा विनियोजित बजेट समर्पण गर्ने वा कुनै आयोजना वा कार्यक्रममा बजेट नपुग भएमा प्रचलित कानून बमोजिम रकमान्तर प्रस्ताव गर्ने।
- आयोजना कार्यान्वयनका क्रममा कुनै समस्या देखिएको अवस्थामा तत्काल समाधानका उपाय खोज्ने/आयोजना प्रमुखबाट समस्या समाधान हुन नसक्ने भएमा मन्त्रालय वा विकास समस्या समाधान समितिबाट समाधानको उपाय खोज्ने।
- आयोजना/कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि, निर्देशिका आवश्यक पर्ने भएमा यथासिघ्र तर्जुमा गरी कार्यान्वयनमा लैजानु पर्ने।
- कार्यक्रम/आयोजनाको मासिक रुपमा समीक्षा गर्ने।
- चालू आर्थिक बर्षमा सिर्जित दायित्व यसै बर्ष भुक्तानीको व्यवस्था मिलाउने।
- आयोजनाको स्थलगत अनुगमनमा जोड दिने।
- आर्थिक मामिला तथा योजना मन्त्रालयले विभिन्न मन्त्रालयहरुबाट माग गरिएको थप निकासा/रकमान्तर/कार्यक्रम संशोधनमा तत्काल निर्णय दिने। कार्यविधि, निर्देशिकामा समेत तत्काल राय उपलब्ध गराउने।
- रणनीतिक महत्वका आयोजना/कार्यक्रममा विनियोजित बजेटमा मात्र थप रकम आवश्यक भएमा रकमान्तर/थप निकासा माग गर्ने।
- ठूला रणनीतिक महत्वको आयोजना/कार्यक्रमबाट साना/खुद्रे कार्यक्रम/आयोजनामा रकमान्तर प्रस्ताव नगर्ने।
- संघीय सरकारबाट सशर्त अनुदानमा संचालित आयोजनामा थप रकम आवश्यक पर्ने भए सो को विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा तत्काल अनुरोध गर्ने।
- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति विना दीर्घकालीन दायित्व सिर्जना हुने गरी कार्यक्रम संचालन नगर्ने।
- प्रदेश स्तरीय बजेट व्यवस्थापन सूचना प्रणाली (PLMBIS) लाई स्तरोन्नती गरी वेभमा आधारित बनाउने र TSA तथा CGASS संग Integration गर्ने।

४.१.२ स्रोत व्यवस्थापन

४.१.२.१ राजस्व व्यवस्थापन

- गैरकर राजस्व वा संभावित क्षेत्रहरुको पहिचान गरी संकलनको अवस्था बारे अनुगमन गर्ने।
- घर जग्गा रजिष्ट्रेशन शुल्क संकलनमा देखिएका समस्या र आवश्यकताबारे मालपोत कार्यालयहरुसंग समन्वय गरी समाधानका प्रयास गर्ने।
- भुक्तानी बाँकि संघीय सशर्त अनुदान आयोजनाको लागि थप बजेट माग गर्ने।
- प्रदेश आर्थिक ऐन  को परिपालना भए नभएको सम्बन्धमा सम्बद्ध निकायहरुको अनुगमन गर्ने।
- सवारी साधन कर र यातायात क्षेत्रबाट संकलन हुने राजस्व संकलनमा चुहावट र अनियमितता हुन नदिन निरन्तर अनुगमन गर्ने।
- समपुरक अनुदान र विशेष अनुदान तर्फ खर्च नभएको रकम नियमानुसार प्रदेश संचित कोषमा फिर्ता नगर्ने स्थानीय तहहरूलाई तत्काल सम्पर्क गरी फिर्ता गर्न लगाउने।
- ढुंगा, गिटी, बालुवा, हदत्तर, बहत्तर वापतको स्थानीय तहले संकलन गरेको राजस्वको ४०% प्रदेश संचित कोषमा जम्मा नगर्ने स्थानीय तहको नियमित अनुगमन गर्ने।
- मनोरञ्जन कर र विज्ञापन कर वापतको प्रदेश संचित कोषमा जम्मा हुनुपर्ने रकम प्राप्त प्राप्त भएको देखिदैन। सोको अनुगमन गर्ने।

४.२ दीर्घकालमा गर्नुपर्ने कार्यहरु

४.२.१ बजेट तर्जुमा

- आवश्यक पूर्वतयारी भएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने। परियोजना बैङ्कलाई कार्यान्वयनमा ल्याई सो बैङ्कमा नपरेका आयोजनामा बजेट विनियोजन नगर्ने नीति लिने।
- संचालन विधि स्पष्ट भएका कार्यक्रमहरुलाई मात्र बजेटमा समावेश गर्ने।
- विगतमा बहुवर्षिय ठेक्का,क्रमागत र अधुरा आयोजनामा आवश्यक पर्ने रकम पर्याप्त विनियोजन गरेर मात्र नयाँ कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- बजेट छलफल गर्दा प्रदेश तहबाट स्थानीय तहलाई सशर्त अनुदान दिनुपर्ने आयोजना/कार्यक्रमको समेत पर्याप्त तयारी गरी बजेट विनियोजन गर्ने।
- आयोजना प्रस्ताव गर्दा मध्यकालीन खर्च संरचनामा समावेश गरी तीन वर्षको खर्च अनुमान गर्ने।
- बजेट तर्जुमा र आयोजना छनौट सम्बन्धमा प्रदेश आर्थिक कार्यविधि ऐनको व्यवस्था पूर्ण परिपालना गर्ने।
- विनियोजन गर्दा संवैधानिक दायित्व, सोह्रौ योजना, प्रदेशको आवधिक योजनाका उद्देश्यहरु हासिल हुने गरी बजेट विनियोजनमा कुशलता हासिल गर्ने।
- बजेट प्रस्ताव गर्दा अवण्डा राख्ने गरी प्रस्ताव नगर्ने। स्थानीय तह मार्फत गर्नुपर्ने कामको लागि बजेट तर्जुमा गर्दा नै वित्तीय हस्तान्तरण प्रस्ताव गर्ने।
- औचित्य नभई नयाँ संगठन स्थापना र दरबन्दी सिर्जना नगर्ने। दोहोरो जिम्मेवारी देखिएका निकायहरु एक आपसमा गाभ्ने वा खारेज गर्ने।
- कुनै खास आयोजना/कार्यक्रम संचालन गर्न स्थायी संस्था खडा नगरी अस्थायी संरचना खडा गर्ने।

- नतिजा वा उत्पादनसंग आवद्ध गरेर पारदर्शी तरिका अपनाउने गरी मात्र संचालन, पुँजीगत र व्याज अनुदान दिने नीति अवलम्बन गर्ने।
- प्रदेश स्तरीय बजेट सूचना प्रणालीलाई वेभमा आधारित बनाई एकल खाता कोष प्रणालीसंग अन्तर आबद्धता गर्ने।

४.२.२ बजेट कार्यान्वयन

- प्रदेश सभामाबाट  बजेट स्वीकृत हुनु अगावै बजेट कार्यान्वयन कार्ययोजना बनाउने र पूर्व तयारीका कामहरु शुरु गर्ने। बजेट कार्यान्वयनका लागि तयार गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु यथासिघ्र स्वीकृत गराउने।
- अवण्डा राखिएका रकमहरु श्रावण महिना भित्र बाँडफाँट गरि सक्नुपर्ने।
- वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका बाहेक कुनैपनि नयाँ आयोजना/कार्यक्रम प्रस्ताव नगर्ने। आकस्मिक र विशेष परिस्थिति बाहेक नयाँ आयोजना नदिने र रकमान्तर/ कार्यक्रम संशोधन नगर्ने।
- कर्णाली प्रदेश योजना आयोग, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय र विषयगत मन्त्रालयको संयुक्तअ अनुगमन टोली बनाई ठूला आयोजना/ कार्यक्रमको नियमित अनुगमन गर्ने। यसरी अनुगमनका क्रममा देखिएका समस्याको तत्काल समाधान गर्ने।
- बजेट कार्यान्वयनमा अन्तर निकाय समन्वय र सहजीकरण लाई प्रभावकारी बनाउने।
- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति विना कुनैपनि निकायले विनियोजित बजेट भन्दा बढीको दायित्व सिर्जना नगर्ने।
- व्यक्ति, समुदाय, सहकारी लाई अनुदान दिंदा बिगतको कार्य प्रभावकारिताको राम्ररी समीक्षा गर्ने।
- आयोजनाको सिर्जित दायित्व भुक्तानी समयमा नगरी अर्को बर्ष दायित्व सार्ने कर्मचारी उपर कारवाही गर्ने।
- क्रियाकलापमा आधारित बजेट तर्जुमा तथा खर्च प्रणालीलाई थप व्यवस्थित र उपयोगमैत्री बनाउने।
- बहुबर्षीय र ठेक्कामा रहेको आयोजनामा खर्च हुन नसक्ने बजेट अन्य आयोजनामा खर्चको लागि सिफारिस गर्ने प्रबृत्तिको निरुत्साहन गर्ने।
- स्थानीय तहहरुबाट समपुरक अनुदानमा सञ्चालित आयोजनाहरुमा स्थानीय तहको योगदान गरे नगरेको अनुगमन गर्ने।
- निर्माण सामग्री परीक्षणको लागि प्रादेशिक गुणस्तर परीक्षण प्रयोगशालाको व्यवस्था गर्नुपर्ने।
- प्रदेश निजामती सेवा ऐन तर्जुमा तथा जनशक्ति व्यवस्थापनको पहल गर्नुपर्ने।
- बजेट कार्यान्वयन कार्ययोजना, खरिद योजना/गुरुयोजना अनुसार कतिपय निकायको कार्य प्रारम्भ गर्नुपर्ने।

४.२.३ स्रोत व्यवस्थापन

- प्रदेशको क्षेत्राधिकारमा परेका नयाँ कर, गैरकरका क्षेत्रहरु पहिचान गरि दायरा विस्तार गर्ने।
- प्रदेशको आर्थिक क्रियाकलापलाई प्रोत्साहन गर्ने वा प्रणालीको माध्यमबाट उत्प्रेरणा दिने नीति लिने।
- कर दाखिलालाई  सुत्र प्रणालीमा आवद्ध गर्ने।

- समपुरक र विशेष अनुदान आर्थिक वर्षको अन्त्यमा फिर्ता नगर्ने स्थानीय तहलाई अर्को वर्ष समानीकरण दिंदा कट्टा गर्ने।
- राजस्व बाँडफाँटबाट स्थानीय तहले प्रदेश संचित कोषमा राजस्व जम्मा नगर्ने स्थानीय तहलाई सशर्त अनुदानका आयोजना नदिने प्रणाली विकास गर्ने।
- गैरकर राजस्वका दरहरु पुनरावलोकन गरी समसामयिक बनाउने।
- आन्तरिक आयको क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने।
- नेपालको संविधानमा भएको व्यवस्था, प्रदेशको एकल अधिकार वा साझा अधिकार सूचिमा रहेका राजस्व संकलन र प्राप्तिमा पहलकदमी बढाउनुपर्ने।
- संघीय कायक्रम संशोधन तर्फ प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उद्देश्यमा फरक नपर्ने गरी कार्यक्रम संशोधन गर्नसक्ने अनुमति प्राप्त हुनुपर्ने।
- मनोरञ्जन कर, विज्ञापन करको दायरा विस्तार गर्ने।
- वन पैदावर बिक्रि शुल्क र पर्यटन शुल्कमा विविधिकरण गर्नु पर्ने।
- कृषि आयमा लाग्ने करको अध्ययन गर्नुपर्ने।
- स्थायी राजस्व परामर्श समिति तथा चुहावट नियन्त्रणका लागि समिति/कार्यदल गठन गर्नु पर्ने।
- प्रदेशको आन्तरिक राजस्व सीमित भएको र खर्चको आवश्यकता बढिरहेको अवस्थामा प्रदेशलाई दिने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउन पहल गर्नुपर्ने।
- वैदेशिक स्रोत समावेश भएका आयोजना वा कार्यक्रम कार्यान्वयन, बजेट रोक्का/फुकुवा, प्रगति विवरण र शोधभर्ना माग सम्बन्धमा सशर्त अनुदान प्रदान गर्न सम्बन्धित निकाय र कार्यान्वयन गर्ने प्रदेश अन्तर्गतका कार्यालयहरु बीच पर्याप्त समन्वय हुनुपर्ने।
- स्थानीय तह र राजस्व संकलन गर्ने सरकारी कार्यालयको राजस्वको तथ्यांक अद्यावधिक र नियमन गर्ने प्रणालीको व्यवस्थापन गर्ने।
- प्रदेशमा पहिचानमा रहेका पर्यटकीय स्थलहरुमा आन्तरिक तथा वाह्य पर्यटन विकास र पर्यटन तथा पदयात्रा शुल्क संकलनका लागि स्थानीय तहसँग साझेदारी गर्ने।
- बैंङ्क तथा वित्तीय संस्था, बिमा, धितोपत्र लगायतमा प्रदेशको कार्यक्षेत्र र समन्वय स्पष्ट हुनुपर्ने।
- मालपोतबाट हुने घरजग्गा रजिष्ट्रेशन शुल्क निर्धारण वास्तविक कारोबार मूल्यमा मूल्याङ्कन गर्ने व्यवस्था गरिनुपर्ने।
- कर्णाली प्रदेशको राजस्व परिचालनमा प्राप्त प्रतिवेदनका सुझावहरु कार्यान्वयनमा ल्याउने।

### ४.२.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना

- विनियोजित बजेट भन्दा बढीको बाहेकको खरिद प्रक्रिया अगाडि नबढाउने।
- आर्थिक दायित्व हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपमा लिने।
- आम्दानी, खर्च, अनुदानको विवरण मासिक रुपमा सार्वजनिक गर्ने।
- आयोजना कार्यान्वयन कार्ययोजना, आयोजनाको विवरण सार्वजनिक गर्ने।
- भौतिक प्रगतिको आधारमा मात्र भुक्तानी गरिने व्यवस्था कार्यान्वयन गर्ने।

- कार्यक्रम संशोधन, स्रोत व्यवस्था र PLMBIS प्रविष्टि स्वीकृत भएपछि मात्र कार्य सुरु गर्ने।
- विनियोजन ऐन र बजेट कार्यान्वयनका लागि जारी भएको मार्गदर्शनको परिपालना गर्ने।
- सबै निकायले बजेट कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन गर्ने।
- चौमासिक रुपमा मन्त्रालयको विकास समस्या समाधान समितिको बैठक बसी समाधान गर्न नसकिने समस्याहरु प्रदेशस्तरीय विकास समस्या समाधान समितिमा पेश गर्ने।
- बेरुजु फछ्र्यौट अनुगमन तथा मूल्यांकन समितिको निर्देशन अनुसार आ-आफ्नो निकायको बेरुजु फछ्र्यौटका लागि पहल गर्ने।

४.२.५ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउनः

- वार्षिक बजेट, नीति तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्य प्राप्तिको लागी कार्यान्वयन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने।
- कार्यालय र दरबन्दी संख्यालाई छरितो बनाउन र सूचना प्रवधिको प्रयोग गरी समय/लागत घटाउन पहल गर्नुपर्ने।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा खर्च नगर्ने।
- क्षेत्रगत कार्यक्रम कार्यान्वयनको लागी विषयगत मन्त्रालयहरुसँगको समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने
- अनुगमन र मुल्याङ्कनलाई विकास मापनको प्राथमिकतामा राखी अनुगमन संयन्त्रको विकास गरी नियमित र प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने।
- मातहतका कार्यलय नभएका र प्राविधिक जनशक्ति आवश्यक पर्ने मन्त्रालय/निकायको कार्यक्रम प्रभावकारी कार्यान्वयका लागि अन्तर निकाय समन्वय गर्नुपर्ने।
- अन्तर निकाय समन्वयका लागि अन्तर निकाय ,अन्तर मन्त्रालय नियमित समन्वय बैठक गरी सहजीकरण गर्नु पर्ने।
- पुराना सवारी साधन, मेशिनरी, फर्निचर लगायतका सामाग्रीको लिलाम प्रक्रिया अगाडि बढाउने।

४.२.४ सूचना प्रविधिको प्रयोग

- डिजिटल प्रदेशको अवधारणा कार्यान्वयन गर्न प्रणालीहरुको Integration मा समन्वय गर्ने।
- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) को स्तरोन्नति, क्षमता विकास र सेक्युरेटी अडिट गर्नुपर्ने।
- प्रदेशको एकीकृत सम्पत्ति विवरण तयार गर्न Public Asset Management System (PAMS) को प्रयोगलाई प्रभावकारी बनाउने।
- स्थानीय तहमा बजेट व्यवस्थापनका लागि प्रयोगमा रहेको Sub-National Treasury Regulatory Application (SuTRA) र प्रदेशले प्रयोग गर्ने प्रणाली बीच Application Programming Interface(API) विकास गर्ने। राजस्व, बजेट एवम् लेखांकन सम्बन्धी सूचना प्रणालीहरुबीच एक अर्कासँग आवद्धता कायम गर्ने।
- बजेट तर्जुमा गर्दा तयार गरिने वार्षिक खरिद योजनालाई Public Procurement Monitoring Office (PPMO) को विद्युतीय सरकारी खरिद प्रणाली (e-GP) सँग आवद्धता गर्न पहल गर्ने।

- प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीमा बेरुजुको सबै अभिलेख अद्यावधिक गर्ने।
- प्रदेशका सबै कार्यालयमा प्रयोग हुने समान प्रकृतिका सामग्री खरिदमा एकरुपता कायम गर्न, सामग्रीको गुणस्तर सुनिश्चित गर्न र खरिद कार्यलाई सहजीकरण गर्नका लागि त्यस्ता सामग्रीहरुको Specification Bank तयार गर्ने।
- प्रदेशको बजेट, लेखांकन तथा प्रतिवेदनको लागि Database तयार गर्नुपर्ने वा प्रयोगमा रहेको प्रणालीहरुमा उच्चतहको पहुँच प्राप्त गर्ने।
- प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित सबै सूचना प्रणालीहरु एकीकृत गर्ने।

## अनुसूची-१

## खर्च शिर्षकगत अर्धबार्षिक खर्चको विवरण

| क स | खर्च शिर्षक | आ.व. २०८२/८३ | | |
|---|---|---|---|---|
| | | विनीयोजन | खर्च | खर्च प्रतिशत |
| १ | २११११ पारिश्रमिक कर्मचारी | १,७२४,२५९,०००.०० | ६७८,४००,३९५.३० | ३९.३४ |
| २ | २१११२ पारिश्रमिक पदाधिकारी | ५७,११४,०००.०० | २६,२१९,६६०.०० | ४५.९१ |
| ३ | २११२१ पोशाक | २८,५००,०००.०० | - | - |
| ४ | २११२२ खाद्यान्न | ५१,७२०,०००.०० | २२,१२६,३९८.०० | ४२.७८ |
| ५ | २११३१ स्थानीय भत्ता | ११४,६०६,०००.०० | ४४,७२२,६३८.३२ | ३९.०२ |
| ६ | २११३२ महंगी भत्ता | १३१,५४४,०००.०० | ५४,५४७,३८४.३२ | ४१.४७ |
| ७ | २११३४ कर्मचारीको बैठक भत्ता | १९,२३०,०००.०० | ३,४०३,८५०.०० | १७.७० |
| ८ | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २०८,९२१,०००.०० | ८३,५३५,१४३.१९ | ३९.९८ |
| ९ | २११३९ अन्य भत्ता | २०,२८५,०००.०० | ४,७०७,०२०.८५ | २३.२० |
| १० | २११४१ पदाधिकारी बैठक भत्ता | ४,५१०,०००.०० | १,१०५,५०४.०० | २४.५१ |
| ११ | २११४२ पदाधिकारी अन्य सुबिधा | २७,२९३,०००.०० | ६,१३०,४२६.०० | २२.४६ |
| १२ | २११४९ पदाधिकारी अन्य भत्ता | १,६२०,०००.०० | ७२०,०००.०० | ४४.४४ |
| १३ | २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १८,२१५,०००.०० | ३,५७२,०२५.४५ | १९.६१ |
| १४ | २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | ११,१००,०००.०० | ३,३५०,८७१.४८ | ३०.१९ |
| १५ | २२१११ पानी तथा बिजुली | ५९,०७५,०००.०० | २१,९४७,०५७.२७ | ३७.१५ |
| १६ | २२११२ संचार महसुल | ३३,३५५,०००.०० | ८,३३२,४४४.०२ | २४.९८ |
| १७ | २२२११ इन्धन (पदाधिकारी) | ८,९५१,०००.०० | ३,००१,९२४.०० | ३३.५४ |
| १८ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ८०,५८६,०००.०० | २५,४५५,२१४.७६ | ३१.५९ |
| १९ | २२२१३ सवारी साधन मर्मत खर्च | ७८,३२९,०००.०० | २३,२४३,४०१.६५ | २९.६७ |
| २० | २२२१४ बिमा तथा नवीकरण खर्च | १९,५४७,०००.०० | ५,७१२,२९४.०५ | २९.२२ |
| २१ | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३२,०६५,०००.०० | ७,८२४,२१३.५० | २४.४० |
| २२ | २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २९,२०९,०००.०० | ४,०३०,७३३.९१ | १३.८० |
| २३ | २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ८,१४३,०००.०० | १,७६४,५०४.०० | २१.६७ |
| २४ | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ८६,१८२,०००.०० | ३२,४९९,१६५.२० | ३७.७१ |
| २५ | २२३१२ पशुपंक्षीहरूको आहार | २०८,०००.०० | ६९,२००.०० | ३३.२७ |
| २६ | २२३१३ पुस्तक तथा सामग्री खर्च | ४,०७२,०००.०० | ५९६,३४९.०० | १४.६५ |
| २७ | २२३१४ इन्धन - अन्य प्रयोजन | १३,३३८,०००.०० | २,६३९,८१०.०० | १९.७९ |

| | | | | |
|---|---|---|---|---|
| २८ | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५४,७१३,000.00 | ११,६५०,२८८.२० | २१.२९ |
| २९ | २२३१९ अन्य कार्यालय संचालन खर्च | ११,६८१,000.00 | ४,३२०,८६४.२५ | ३६.९९ |
| ३० | २२४११ सेवा र परामर्श खर्च | १३८,७४२,000.00 | २६,८११,२८२.00 | १९.३२ |
| ३१ | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ९,२५१,000.00 | ४५८,१०२.00 | ४.९५ |
| ३२ | २२४१३ करार सेवा शुल्क | ३६६,९३३,000.00 | १६९,३८०,२२२.४१ | ४६.१६ |
| ३३ | २२४१९ अन्य सेवा शुल्क | ६९,३७४,000.00 | २५,६११,२५०.५१ | ३६.९२ |
| ३४ | २२५११ कर्मचारी तालिम खर्च | ६७,७३७,000.00 | १४,५५०,१९७.00 | २१.४८ |
| ३५ | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १८९,२९५,000.00 | २३,६२१,५६९.00 | १२.४८ |
| ३६ | २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ७,२३५,000.00 | २,१८०,५00.00 | ३0.१४ |
| ३७ | २२५२२ कार्यक्रम खर्च | २,७९०,७४३,000.00 | २८०,४२९,५१६.३0 | १0.05 |
| ३८ | २२५२९ विविध कार्यक्रम खर्च | ३0,४५१,000.00 | १,३७८,२९३.00 | ४.५३ |
| ३९ | २२६११ अनुगमन, मूल्यांकन खर्च | ८१,७५८,000.00 | २८,४0२,७९८.00 | ३४.७४ |
| ४0 | २२६१२ भ्रमण खर्च | ५७,१२३,000.00 | १८,0६६,४६५.00 | ३१.६३ |
| ४१ | २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ७,७00,000.00 | २,८१0,१३७.५0 | ३६.५0 |
| ४२ | २२६१९ अन्य भ्रमण खर्च | ३२२,000.00 | ३५,000.00 | १0.८७ |
| ४३ | २२७११ विविध खर्च | ८३,३१0,000.00 | ३३,0५९,३३७.१५ | ३९.६८ |
| ४४ | २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २६,४३0,000.00 | - | - |
| ४५ | २६३३१ समानिकरण अनुदान | ९५0,000,000.00 | ३७५,१0५,७५0.00 | ३९.४८ |
| ४६ | २६३३२ शसर्त अनुदान | १५८,६४१,000.00 | ४६,0६२,५00.00 | २९.0४ |
| ४७ | २६३३३ विषेश अनुदान | ३६८,000,000.00 | २५,२१६,१0१.४८ | ६.८५ |
| ४८ | २६३३४ समपुरक अनुदान | ७६४,६00,000.00 | ४६,७४३,४४६.00 | ६.११ |
| ४९ | २६३३६ सशर्त अनुदान ( पुँजीगत) | २,३५८,६00,000.00 | ६३७,४५८,४0४.00 | २७.0३ |
| ५0 | २६४१३ अन्य संस्थालाई अनुदान' सःशर्त | १६३,२00,000.00 | - | - |
| ५१ | २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ८८,000,000.00 | ४३,0३0,८00.00 | ४८.९0 |
| ५२ | २७१११ सामाजिक सुरक्षा | १0७,२४0,000.00 | १६,५१९,१0१.३१ | १५.४0 |
| ५३ | २७११२ अन्य सामाजिक सुरक्षा | २,५00,000.00 | १८४,५१0.00 | ७.३८ |
| ५४ | २७२११ छात्रवृत्ति | ४५,९३६,000.00 | १५,५५२,१३२.00 | ३३.८६ |
| ५५ | २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ६,९00,000.00 | - | - |
| ५६ | २७२१३ औषधी खरिद खर्च | ८३,१९५,000.00 | ११,0४१,६७८.00 | १३.२७ |
| ५७ | २७२१९ अन्य सामाजिक सहायता | १,९0८,000.00 | १२२,२२१.00 | ६.४१ |
| ५८ | २७३१२ उपदान | २५0,000.00 | - | - |

| | | | | |
|---|---|---|---|---|
| ५९ | २७३१३ सेवा निवृत्तको संचित विदा | ५५०,०००.०० | - | - |
| ६० | २७३१४ सेवा निवृत्तको औषधी उपचार | ७००,०००.०० | - | - |
| ६१ | २८१४१ जग्गाको भाडा | २००,०००.०० | ७९,९९५.०० | ४०.०० |
| ६२ | २८१४२ घर भाडा | ७१,३९५,०००.०० | २१,९१४,५१४.५५ | ३०.६९ |
| ६३ | २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ७,२६२,०००.०० | १,८२२,४८९.०० | २५.१० |
| ६४ | २८१४९ अन्य भाडा | ३,६९०,०००.०० | १,१५२,९११.०० | ३१.२४ |
| ६५ | २८९११ भैपरी आउने चालु खर्च | ३५१,४००,०००.०० | - | - |
| ६६ | ३१११ आवासीय भवन निर्माण/खरिद | ३८,१५०,०००.०० | २,४५६,७५५.०० | ६.४४ |
| ६७ | ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २,९१८,२३३,०००.०० | १९१,५२६,५९७.०७ | ६.५६ |
| ६८ | ३११२१ सवारी साधन | ११८,५४६,०००.०० | १९,०७६,८९८.४९ | १६.०९ |
| ६९ | ३११२२ मेशिनरी तथा औजार | ५७३,७३६,०००.०० | ३०,५४२,३६७.०६ | ५.३२ |
| ७० | ३११२३ फर्निचर तथा फिक्चर्स | ६२,१३१,०००.०० | १९,१९९,०१९.८४ | ३०.९० |
| ७१ | ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ९,७००,०००.०० | - | - |
| ७२ | ३११३५ पूँजीगत परामर्श खर्च | १६७,८०८,०००.०० | १०,७८८,४०६.२० | ६.४३ |
| ७३ | ३११५१ सडक तथा पूल निर्माण | ७,७७९,७१७,०००.०० | ८१४,६९०,९६२.४५ | १०.४७ |
| ७४ | ३११५२ रेलमार्ग तथा हवाई मैदान निर्माण | २,०००,०००.०० | - | - |
| ७५ | ३११५३ विद्युत संरचना निर्माण | ६८,७००,०००.०० | ९५५,४२७.०० | १.३९ |
| ७६ | ३११५४ तटबन्ध तथा बाँध निर्माण | ९५६,८५५,०००.०० | ४०,७२२,९०७.०० | ४.२६ |
| ७७ | ३११५५ सिंचाई संरचना निर्माण | १,८०४,२१४,०००.०० | ६५,३१४,९१३.०० | ३.६२ |
| ७८ | ३११५६ खानेपानी संरचना निर्माण | १,३४१,८००,०००.०० | ९५,८८६,२४८.०० | ७.१५ |
| ७९ | ३११५७ वन तथा वातावरण संरक्षण | २०३,२४१,०००.०० | ७,११५,७९९.०० | ३.५० |
| ८० | ३११५८ सरसफाई संरचना निर्माण | ५,०००,०००.०० | - | - |
| ८१ | ३११५९ अन्य सार्वजनिक निर्माण | २,६६५,७३७,०००.०० | २४६,१२६,६८४.७१ | ९.२३ |
| ८२ | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १२५,८४६,०००.०० | १६,०१४,५८५.०० | १२.७३ |
| ८३ | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १४९,५००,०००.०० | १८,४३५,७०९.५० | १२.३३ |
| ८४ | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ७,०००,०००.०० | १५०,०००.०० | २.१४ |
| ८५ | ३१४११ जग्गा प्राप्ति | ४८,०००,०००.०० | - | - |
| ८६ | ३१५११ भैपरी आउने पूँजीगत | ९३६,७९९,०००.०० | - | - |
| ८७ | ३२१५२ अन्य संस्थामा शेयर लगानी | ६१५,०००,०००.०० | - | - |

## अनुसूची-२

## सेवा तथा कार्यक्रमगत अर्धबार्षिक खर्चको विवरण

| सेवा/कार्यक्रम | चालु | पुजीगत | वितिय व्यवस्था | जम्मा खर्च | बाँकी |
|---|---|---|---|---|---|
| कर्णाली प्रदेश | २,९५४,४३०,००३.९३ | १,५७९,००३,२७९.३२ | ०.०० | ४,५३३,४३३,२८३.२५ | २७,८४८,२२१,७१६.७५ |
| ०१ सामान्य सार्वजनिक सेवा | १,७८०,१८३,०६०.६७ | १५१,०३५,०२०.८० | ०.०० | १,९३१,२१८,०८१.४७ | ७,१२०,४७२,०३८.५३ |
| ०१.१ कार्यकारी र विधायिकाको निकाय, वित्तिय र वैदेशिक मामिला | ५१९,१३४,८९३.३८ | २१,०८३,९३०.०० | ०.०० | ५४०,२१८,८२३.३८ | २,०६०,८३१,१७६.६२ |
| ०१.३ सामान्य सेवा | ११२,१०८,२३४.२३ | १२८,७४८,५४४.८० | ०.०० | २४०,८५६,७७९.०३ | १,४१९,१९३,३४०.९७ |
| ०१.५ सामान्य अनुसन्धान तथा विकास सेवा | १७,८८०,०७८.५८ | १,२०२,५४६.०० | ०.०० | १९,०८२,६२४.५८ | १५०,९१७,३७५.४२ |
| ०१.८ विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | १,१३१,०५९,८५४.४८ | ०.०० | ०.०० | १,१३१,०५९,८५४.४८ | ३,४८९,५३०,१४५.५२ |
| ०३ सार्वजनिक शान्ति सुरक्षा | २८,१३५,७६३.०१ | २,३४७,११३.९० | ०.०० | ३०,४८२,८७६.९१ | २२५,२७७,००३.०९ |
| ०३.३ न्यायालय | ६,९३७,१४१.२८ | १७९,५१४.०० | ०.०० | ७,११६,६५५.२८ | १०,५८३,३४४.७२ |
| ०३.६ सार्वजनिक शान्ति सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | २१,१९८,६२१.७३ | २,१६७,५९९.९० | ०.०० | २३,३६६,२२१.६३ | २१४,६९३,६५८.३७ |
| ०४ आर्थिक मामिला | ३९३,५७९,७२३.६२ | ४८३,३८७,१८३.७७ | ०.०० | ८७६,९६६,९०७.३९ | ८,४१५,९५३,०९२.६१ |
| ०४.२ कृषि, वन , मत्स्यपालन तथा शिकार | २३५,३७८,७७१.६४ | ८६,२९३,०२४.४९ | ०.०० | ३२१,६७१,७९६.१३ | ३,९४३,८६३,२०३.८७ |
| ०४.३ इन्धन तथा उर्जा | ०.०० | ९५५,४२७.०० | ०.०० | ९५५,४२७.०० | ६५,२४४,५७३.०० |
| ०४.४ खानी , उत्पादन तथा निर्माण | ०.०० | ४,०६५,७३०.०० | ०.०० | ४,०६५,७३०.०० | १३६,४३४,२७०.०० |
| ०४.५ यातायात | ९३,९९३,१३४.८० | ३८८,७६३,८२९.२८ | ०.०० | ४८२,७५६,९६४.०८ | ३,९६९,५९३,०३५.९२ |
| ०४.७ अन्य उद्योगहरु | ६४,२०७,८१७.१८ | ३,३०९,१७३.०० | ०.०० | ६७,५१६,९९०.१८ | ३००,८१८,००९.८२ |
| ०५ वातावरण संरक्षण | २०,१५२,७८२.०० | ५३,५२५,०५९.०० | ०.०० | ७३,६७७,८४१.०० | १,३२२,११२,१५९.०० |
| ०५.४ जैविक विविधता र भू-संरक्षण | २०,१५२,७८२.०० | ५३,३७५,०५९.०० | ०.०० | ७३,५२७,८४१.०० | १,२६४,७६२,१५९.०० |
| ०५.५ अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | ०.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | ६,८५०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ०५.६ वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ०.०० | ०.०० | ०.०० | ०.०० | ५०,५००,०००.०० |
| ०६ आवास तथा सामुदायिक | **१०३,००१,०१३.८६** | **७९८,४७३,४३४.५८** | **०.००** | **९०१,४७४,४४८.४४** | **७,१५०,९६८,५५१.५६** |
| ०६.१ आवास विकास | ०.०० | ६२,६५०,७५१.०० | ०.०० | ६२,६५०,७५१.०० | ६२०,०४९,२४९.०० |
| ०६.३ खानेपानी | ९९,०९८,९०३.२६ | १०४,८९२,९३५.०० | ०.०० | २०३,९९१,८३८.२६ | १,४२९,१९४,१६१.७४ |
| ०६.४ सडक विद्युतीकरण | ३,९०२,११०.६० | ६२६,२२२,६३४.५८ | ०.०० | ६३०,१२४,७४५.१८ | ४,९००,४३२,२५४.८२ |
| ०६.६ आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको | ०.०० | ४,७०७,११४.०० | ०.०० | ४,७०७,११४.०० | २०१,२९२,८८६.०० |
| ०७ स्वास्थ्य | **४९६,४९९,३२६.१८** | **२८,०३१,३५८.००** | **०.००** | **५२४,५३०,६८४.१८** | **२,०५७,१२६,३१५.८२** |
| ०७.१ औषधी उत्पादन,उपकरण तथा औजार | ४,८७९,४९८.०० | ०.०० | ०.०० | ४,८७९,४९८.०० | २३,०२०,५०२.०० |
| ०७.२ वहिरंङ्ग सेवा | १०,१८७,५२०.५० | ०.०० | ०.०० | १०,१८७,५२०.५० | ४८,७१२,४७९.५० |
| ०७.३ अस्पताल सेवा | १५३,७८१,१४६.६२ | २,६९१,१४७.०० | ०.०० | १५६,४७२,२९३.६२ | ५४९,०२४,७०६.३८ |
| ०७.४ सार्वजनिक स्वास्थ्य सेवा | २८,२४१,५२३.१६ | ०.०० | ०.०० | २८,२४१,५२३.१६ | ४८४,४७७,४७६.८४ |
| ०७.५ अनुसन्धान सेवा | २०१,५४०,५७०.८२ | २३,११९,१६९.०० | ०.०० | २२४,६५९,७३९.८२ | ३८२,२२९,२६०.१८ |
| ०७.६ स्वास्थ्य - अन्यत्र वर्गिकृत नभएको | ९७,८६९,०६७.०८ | २,२२१,०४२.०० | ०.०० | १००,०९०,१०९.०८ | ५६९,६६१,८९०.९२ |
| ०८ मनोरंजन,संस्कृति तथा धर्म | **४,३०४,०९९.००** | **२७,५९३,९५५.००** | **०.००** | **३१,८९८,०५४.००** | **८१०,८४२,९४६.००** |
| ०८.१ मनोरंजनात्मक र खेलकुद सेवाहरु | ०.०० | ०.०० | ०.०० | ०.०० | ३१२,२६०,०००.०० |
| ०८.२ सांस्कृतिक सेवा | ४,३०४,०९९.०० | ९५५,४९२.०० | ०.०० | ५,२५९,५९१.०० | २१,२२१,४०९.०० |
| ०८.५ अनुसन्धान तथा विकास ,संस्कृतिक र धार्मिक | ०.०० | २६,६३८,४६३.०० | ०.०० | २६,६३८,४६३.०० | ४७७,३६१,५३७.०० |
| ०९ शिक्षा | **११८,०२७,६३२.५९** | **३४,६१०,१५४.२७** | **०.००** | **१५२,६३७,७८६.८६** | **७११,४६५,२१३.१४** |
| ०९.५ तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | १००,१५०,३१०.१५ | ४,९०१,१५५.०० | ०.०० | १०५,०५१,४६५.१५ | ४०७,०५२,५३४.८५ |
| ०९.६ शिक्षाको लागि सहायक सेवाहरु | १७,८७७,३२२.४४ | २९,७०८,९९९.२७ | ०.०० | ४७,५८६,३२१.७१ | ३०४,४१२,६७८.२९ |
| १० सामाजिक सुरक्षा | **१०,५४६,६०३.००** | **०.००** | **०.००** | **१०,५४६,६०३.००** | **३४,००४,३९७.००** |
| १०.५ बेरोजगार | १०,५४६,६०३.०० | ०.०० | ०.०० | १०,५४६,६०३.०० | ३४,००४,३९७.०० |

# अनुसूची-३

## स्रोतगत विनियोजन र अर्धबार्षिक खर्चको विवरण

| श्रोत | अन्तिम बजेट | | | | निकासा /खर्च | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुजीगत | वितिय व्यवस्था | जम्मा बजेट | चालु | पुजीगत | वितिय व्यवस्था | जम्मा खर्च |
| कर्णाली प्रदेश | १२,३९८,९४२,०००.०० | १९,९८२,७१३,०००.०० | ६१५,०००,०००.०० | ३२,९९६,६५५,०००.०० | २,९५४,४३०,००३.९३ | १,५७९,००३,२७९.३२ | ०.०० | ४,५३३,४३३,२८३.२५ |
| नगद (आन्तरिक स्रोत) | ८,९४३,७७७,०००.०० | ७,८७८,४७८,०००.०० | ११५,०००,०००.०० | १६,९३७,२५५,०००.०० | २,२०३,८८६,०४०.९९ | ५८६,८६९,८१९.४१ | ०.०० | २,७९०,७५५,८६०.४० |
| वित्तीय समानिकरण अनुदान | १,५६४,१६१,०००.०० | ८,४९६,२३९,०००.०० | ५००,०००,०००.०० | १०,५६०,४००,०००.०० | ४३२,८९९,००९.६४ | ६०६,५०५,३७३.८० | ०.०० | १,०३९,४०४,३८३.४४ |
| सशर्त अनुदान | १,६६२,३०४,०००.०० | २,७८३,६९६,०००.०० | ०.०० | ४,४४६,०००,०००.०० | ३१०,७५१,४३३.३० | २५९,३७३,४८९.९६ | ०.०० | ५७०,१२४,९२३.२६ |
| समपुरक अनुदान | ०.०० | ५३९,७००,०००.०० | ०.०० | ५३९,७००,०००.०० | ०.०० | ६७,८७५,८०७.१५ | ०.०० | ६७,८७५,८०७.१५ |
| विशेष अनुदान | २१०,०००,०००.०० | २८४,६००,०००.०० | ०.०० | ४९४,६००,०००.०० | ६,८९३,५२०.०० | ५८,३७८,७८९.०० | ०.०० | ६५,२७२,३०९.०० |
| सोझै भुक्तानी अनुदान | १८,७००,०००.०० | ०.०० | ०.०० | १८,७००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

## अनुसूची ४

## आ.व. २०८२/८३ र २०८१/८२ को आयको लक्ष्य र पौष मसान्तसम्म प्राप्तीको

| क्र.सं | श्रोत | आ.व. २०८२/८३ पौष मसान्तसम्म | | | आ.व. २०८१/८२ पौष मसान्तसम्म | | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्राप्ती | प्रगती प्रतिशत | लक्ष्य | प्राप्ती | प्रगती प्रतिशत |
| १ | समानिकरण अनुदान | १०,५६०,४००,०००.०० | ५,२८०,२००,०००.०० | ५०.०० | १०,३६६,३००,०००.०० | ५,१८३,१५०,०००.०० | ५०.०० |
| २ | समपुरक अनुदान | ५३९,७००,०००.०० | १३४,९२५,०००.०० | २५.०० | १,२८५,०००,०००.०० | - | - |
| ३ | विशेष अनुदान | ४९४,६००,०००.०० | १२३,६५०,०००.०० | २५.०० | ६७२,५००,०००.०० | - | - |
| ४ | सशर्त अनुदान | ४,४४६,०००,०००.०० | ९१२,३१९,९००.०० | २०.५२ | ३,७१५,०००,०००.०० | ६२३,५६२,११७.०० | १६.७८ |
| ५ | राजस्व बाडफाँट (संघ) | १०,२७३,०००,०००.०० | ४,२९१,४८६,२८८.४० | ४१.७७ | १६,०३८,८००,०००.०० | ५,८०६,७१२,११७.०० | ३६.२० |
| ६ | राजस्व बाडफाट (स्थानिय) | ७३,०३८,०००.०० | ४,५९७,४८१.५२ | ६.२९ | २७,९०२,०००.०० | १२,८१५,३७४.०० | ४५.९३ |
| ७ | आन्तरिक राजस्व | ८९४,३७३,०००.०० | ३०५,६७०,३०१.३० | ३४.१८ | ८३४,२६५,०००.०० | २२४,३८०,८६१.४० | २६.९० |
| ८ | नगद मौजदात | ५,६९६,८४४,०००.०० | ७,८५५,६३६,९९१.५९ | | ५,१३८,१२६,०००.०० | ६,४८२,९६२,९४३.३६ | १२६.१७ |

## अनुसूची-५
## पालिका अनुसारको अर्धबार्षिक वित्तीय हस्तान्तरणको विवरण

| स्थानिय तह | समानीकरण | सशर्त चालु | सशर्त पूँजीगत | विशेष | समपुरक चालु | जम्मा |
|---|---|---|---|---|---|---|
| **कर्णाली प्रदेश** | **३७५,१०५,७५०.००** | **४६,०६२,५००.००** | **६३७,४५८,४०४.००** | **२५,२१६,१०१.४८** | **४६,७४३,४४६.००** | **१,१३०,५८६,२०१.४८** |
| **प्र.ले.ई.का. - रुकुम** | **२८,९२२,०००.००** | **४,००२,०००.००** | **८,०००,०००.००** | **७५०,०००.००** | **७,४२६,९०३.००** | **४९,१००,९०३.००** |
| आठबिसकोट नगरपालिका | ७,३९१,०००.०० | १,५१५,०००.०० | ०.०० | ०.०० | २,५०१,९०३.०० | ११,४०७,९०३.०० |
| चौरजहारी नगरपालिका | ६,६१०,५००.०० | ७३४,०००.०० | ८,०००,०००.०० | ७५०,०००.०० | ४,९२५,०००.०० | २१,०१९,५००.०० |
| मुसिकोट नगरपालिका | ३,८३९,२५०.०० | ७७०,०००.०० | ०.०० | ०.०० | ०.०० | ४,६०९,२५०.०० |
| त्रिवेणी गाउँपालिका | २,६९५,०००.०० | २९५,०००.०० | ०.०० | ०.०० | ०.०० | २,९९०,०००.०० |
| बाँफिकोट गाउँपालिका | २,६२२,२५०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,६२२,२५०.०० |
| सानीभेरी गाउँपालिका | ५,७६४,०००.०० | ६८८,०००.०० | ०.०० | ०.०० | ०.०० | ६,४५२,०००.०० |
| **प्र.ले.ई.का. - सल्यान** | **५१,०६०,०००.००** | **२,५८३,५००.००** | **४,४०८,४०४.००** | **६५०,०००.००** | **६३१,०००.००** | **५९,३३२,९०४.००** |
| बागचौर नगरपालिका | ३,८१४,०००.०० | ०.०० | ०.०० | ६५०,०००.०० | ०.०० | ४,४६४,०००.०० |
| बनगाँड कुपिण्डे नगरपालिका | ३,८४६,५००.०० | १,५८१,०००.०० | ०.०० | ०.०० | ०.०० | ५,४२७,५००.०० |
| शारदा नगरपालिका | ७,७२३,०००.०० | ०.०० | ४,४०८,४०४.०० | ०.०० | ०.०० | १२,१३१,४०४.०० |
| कपुरकोट गाउँपालिका | ५,२१४,०००.०० | ४४०,०००.०० | ०.०० | ०.०० | ६३१,०००.०० | ६,२८५,०००.०० |
| कालिमाटी गाउँपालिका | ६,३५३,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६,३५३,५००.०० |
| कुमाख गाउँपालिका | ६,२०९,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६,२०९,०००.०० |
| छत्रेश्वरी गाउँपालिका | ५,८४१,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,८४१,०००.०० |
| सिद्ध कुमाख गाउँपालिका | ४,१९९,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,१९९,५००.०० |
| त्रिवेणी गाउँपालिका | २,४६३,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,४६३,०००.०० |
| दार्मा गाउँपालिका | ५,३९६,५००.०० | ५६२,५००.०० | ०.०० | ०.०० | ०.०० | ५,९५९,०००.०० |

| स्थानिय तह | समानीकरण | सशर्त चालु | सशर्त पूँजीगत | विशेष | समपुरक चालु | जम्मा |
|---|---|---|---|---|---|---|
| **प्र.ले.ई.का. - डोल्पा** | **१३,९८१,०००.००** | **१,७५५,२५०.००** | **४६,८७५,०००.००** | **८,०५८,०००.००** | **२,०६३,०००.००** | **७२,७३२,२५०.००** |
| ठूलीभेरीनगरपालिका | २,७१६,७५०.०० | ४०१,७५०.०० | ८,८७५,०००.०० | ०.०० | ०.०० | ११,९९३,५००.०० |
| त्रिपुरासुन्दरी नगरपालिका | २,८५९,५००.०० | ५२४,५००.०० | ७,६२५,०००.०० | ०.०० | ०.०० | ११,००९,०००.०० |
| काईके गाउँपालिका | १,७०४,५००.०० | १४९,७५०.०० | ७,५००,०००.०० | ०.०० | ०.०० | ९,३५४,२५०.०० |
| छार्का ताङसोङ गाउँपालिका | १,०९३,५००.०० | २७९,५००.०० | ७,७५०,०००.०० | ०.०० | ०.०० | ९,१२३,०००.०० |
| जगदुल्ला गाउँपालिका | २,५२६,०००.०० | १४९,७५०.०० | ३,५००,०००.०० | ८,०५८,०००.०० | २,०६३,०००.०० | १६,२९६,७५०.०० |
| डोल्पो बुद्ध गाउँपालिका | १,१५३,२५०.०० | ७१,५००.०० | ४,७५०,०००.०० | ०.०० | ०.०० | ५,९७४,७५०.०० |
| मुड्केचुला गाउँपालिका | १,९२७,५००.०० | १७८,५००.०० | ६,८७५,०००.०० | ०.०० | ०.०० | ८,९८१,०००.०० |
| शे फोक्सुन्डो गाउँपालिका | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **प्र.ले.ई.का. - जुम्ला** | **५१,५८०,०००.००** | **२,९३४,२५०.००** | **३६,५००,०००.००** | **०.००** | **३,०८२,२२३.००** | **९४,०९६,४७३.००** |
| चन्दननाथ नगरपालिका | ८,६४४,५००.०० | ४४२,०००.०० | ५,५००,०००.०० | ०.०० | ०.०० | १४,५८६,५००.०० |
| कनकासुन्दरी गाउँपालिका | ६,२७४,५००.०० | ४४२,२५०.०० | ५,३७५,०००.०० | ०.०० | ०.०० | १२,०९१,७५०.०० |
| गुठिचौर गाउँपालिका | ५,६४९,५००.०० | २३०,५००.०० | ३,१२५,०००.०० | ०.०० | ०.०० | ९,००५,०००.०० |
| तातोपानी गाउँपालिका | ६,९३७,०००.०० | ३७९,२५०.०० | ५,७५०,०००.०० | ०.०० | ०.०० | १३,०६६,२५०.०० |
| तिला गाउँपालिका | ६,१२६,५००.०० | ५५४,५००.०० | ५,०००,०००.०० | ०.०० | ३,०८२,२२३.०० | १४,७६३,२२३.०० |
| पातारासी गाउँपालिका | ६,६५१,५००.०० | ३०७,२५०.०० | ३,२५०,०००.०० | ०.०० | ०.०० | १०,२०८,७५०.०० |
| सिंजा गाउँपालिका | ५,८९९,०००.०० | ३२५,२५०.०० | ४,३७५,०००.०० | ०.०० | ०.०० | १०,५९९,२५०.०० |
| हिमा गाउँपालिका | ५,३९७,५००.०० | २५३,२५०.०० | ४,१२५,०००.०० | ०.०० | ०.०० | ९,७७५,७५०.०० |
| **प्र.ले.ई.का. - मुगू** | **१७,१११,२५०.००** | **२,१२८,५००.००** | **३८,३७५,०००.००** | **०.००** | **०.००** | **५७,६१४,७५०.००** |
| छायाँनाथ रारा नगरपालिका | ८,४६९,०००.०० | ७०७,०००.०० | १६,७५०,०००.०० | ०.०० | ०.०० | २५,९२६,०००.०० |
| खत्याड गाउँपालिका | ३,६१३,५००.०० | ६६१,०००.०० | ७,६२५,०००.०० | ०.०० | ०.०० | ११,८९९,५००.०० |
| मुगुमकार्मारोंग गाउँपालिका | १,९६८,२५०.०० | २४९,२५०.०० | ५,५००,०००.०० | ०.०० | ०.०० | ७,७१७,५००.०० |
| सोरु गाउँपालिका | ३,०६०,५००.०० | ५११,२५०.०० | ८,५००,०००.०० | ०.०० | ०.०० | १२,०७१,७५०.०० |

| स्थानिय तह | समानीकरण | सशर्त चालु | सशर्त पूँजीगत | विशेष | समपुरक चालु | जम्मा |
|---|---|---|---|---|---|---|
| **प्र.ले.ई.का. - हुम्ला** | **२७,२१३,०००.००** | **५,३८३,०००.००** | **७१,१२५,०००.००** | **०.००** | **०.००** | **१०३,७२१,०००.००** |
| अदानचुली गाउँपालिका | ४,०९२,०००.०० | ५४५,५००.०० | ११,०००,०००.०० | ०.०० | ०.०० | १५,६३७,५००.०० |
| खार्पुनाथ गाउँपालिका | ४,२७७,५००.०० | १,१०३,५००.०० | ६,५००,०००.०० | ०.०० | ०.०० | ११,८८१,०००.०० |
| चंखेली गाउँपालिका | ०.०० | ३८८,०००.०० | ५,१२५,०००.०० | ०.०० | ०.०० | ५,५१३,०००.०० |
| ताँजाकोट गाउँपालिका | ३,७९९,५००.०० | ५४२,०००.०० | १०,७५०,०००.०० | ०.०० | ०.०० | १५,०९१,५००.०० |
| नाम्खा गाउँपालिका | ३,३२६,५००.०० | ८४३,५००.०० | ८,०००,०००.०० | ०.०० | ०.०० | १२,१७०,०००.०० |
| सर्केगाड गाउँपालिका | ५,२१९,०००.०० | ९११,५००.०० | १६,७५०,०००.०० | ०.०० | ०.०० | २२,८८०,५००.०० |
| सिमकोट गाउँपालिका | ६,४९८,५००.०० | १,०४९,०००.०० | १३,०००,०००.०० | ०.०० | ०.०० | २०,५४७,५००.०० |
| **प्र.ले.ई.का. - कालिकोट** | **५७,७७९,०००.००** | **५००,०००.००** | **७,८००,०००.००** | **५००,०००.००** | **१,०९७,३२०.००** | **६७,६७६,३२०.००** |
| खाँडाचक्र नगरपालिका | ७,९५६,५००.०० | ५००,०००.०० | ४,६५०,०००.०० | ०.०० | ०.०० | १३,१०६,५००.०० |
| तिलागुफा नगरपालिका | ६,७७८,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६,७७८,५००.०० |
| रास्कोट नगरपालिका | ६,५२९,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६,५२९,०००.०० |
| शुभ कालिका गाउँपालिका | ५,९६८,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,९६८,५००.०० |
| नरहरिनाथ गाउँपालिका | ७,८७९,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७,८७९,०००.०० |
| पचालझरना गाउँपलिका | ५,६२७,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,६२७,५००.०० |
| पलाता गाउँपालिका | ६,३६४,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६,३६४,५००.०० |
| महावै गाउँपालिका | ४,८७४,०००.०० | ०.०० | ३,१५०,०००.०० | ५००,०००.०० | १,०९७,३२०.०० | ९,६२१,३२०.०० |
| सान्नी त्रिवेणी गाउँपालिका | ५,८०१,५००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,८०१,५००.०० |
| **प्र.ले.ई.का. - जाजरकोट** | **२४,६६६,०००.००** | **११,०६०,०००.००** | **५८,१२५,०००.००** | **१३,६००,०००.००** | **२८,२७५,०००.००** | **१३५,७२६,०००.००** |
| छेडागाड नगरपालिका | ३,६६५,२५०.०० | ५,४८४,२५०.०० | १०,२५०,०००.०० | २,३७५,०००.०० | ०.०० | २१,७७४,५००.०० |
| नलगाड नगरपालिका | ३,०५३,२५०.०० | ५२५,७५०.०० | ८,५००,०००.०० | ०.०० | ४,५००,०००.०० | १६,५७९,०००.०० |
| भेरीमालिका नगरपालिका | ७,४९९,५००.०० | ३८३,०००.०० | ९,८७५,०००.०० | ०.०० | ०.०० | १७,७५७,५००.०० |
| कुसे गाउँपालिका | २,७५५,५००.०० | ३,६९५,२५०.०० | ३,३७५,०००.०० | ३,८००,०००.०० | ८,१७५,०००.०० | २१,८००,७५०.०० |
| जुनीचाँदे गाउँपालिका | २,७९६,७५०.०० | ३१४,२५०.०० | ११,२५०,०००.०० | ३,५००,०००.०० | ५,२५०,०००.०० | २३,१११,०००.०० |
| बारेकोट गाउँपालिका | २,६१८,५००.०० | ३५५,०००.०० | ६,०००,०००.०० | १,०००,०००.०० | ३,५००,०००.०० | १३,४७३,५००.०० |

| स्थानिय तह | समानीकरण | सशर्त चालु | सशर्त पूँजीगत | विशेष | समपुरक चालु | जम्मा |
|---|---|---|---|---|---|---|
| शिवालय गाउँपालिका | २,२७७,२५०.०० | ३०२,५००.०० | ८,८७५,०००.०० | २,९२५,०००.०० | ६,८५०,०००.०० | २१,२२९,७५०.०० |
| **प्र.ले.ई.का. - दैलेख** | **५६,५७१,०००.००** | **८,३७७,२५०.००** | **१३५,३७५,०००.००** | **१,६५८,१०१.४८** | **१,३६८,०००.००** | **२०३,३४९,३५१.४८** |
| आठबीस नगरपालिका | ६,४१२,०००.०० | १,०१२,०००.०० | १६,२५०,०००.०० | ०.०० | ०.०० | २३,६७४,०००.०० |
| चामुण्डा बिन्द्रासैनी नगरपालिका | ५,९७६,०००.०० | ७८४,५००.०० | १३,५००,०००.०० | १,२८८,१०१.४८ | ०.०० | २१,५४८,६०१.४८ |
| दुल्लु नगरपालिका | ८,३२०,५००.०० | १,५८४,५००.०० | ३०,०००,०००.०० | ०.०० | ०.०० | ३९,९०५,०००.०० |
| नारायण नगरपालिका | ६,८३२,५००.०० | ८४६,०००.०० | १५,०००,०००.०० | ३७०,०००.०० | ९०३,०००.०० | २३,९५१,५००.०० |
| गुराँस गाउँपालिका | २,९३५,७५०.०० | ३७१,५००.०० | ७,२५०,०००.०० | ०.०० | ०.०० | १०,५५७,२५०.०० |
| ठाँटीकाँध गाउँपालिका | ४,९४३,५००.०० | ६५०,०००.०० | ८,७५०,०००.०० | ०.०० | ०.०० | १४,३४३,५००.०० |
| डुंगेश्वर गाउँपालिका | ४,९६८,०००.०० | ६९८,५००.०० | ९,७५०,०००.०० | ०.०० | ४६५,०००.०० | १५,८८१,५००.०० |
| नौमुले गाउँपालिका | २,७७२,२५०.०० | ३६०,७५०.०० | ३,८७५,०००.०० | ०.०० | ०.०० | ७,००८,०००.०० |
| भगवतीमाई गाउँपालिका | ५,२०६,५००.०० | ७५५,०००.०० | ९,०००,०००.०० | ०.०० | ०.०० | १४,९६१,५००.०० |
| भैरवी गाउँपालिका | ५,५१८,०००.०० | ९१९,०००.०० | १५,७५०,०००.०० | ०.०० | ०.०० | २२,१८७,०००.०० |
| महाबु गाउँपालिका | २,६८६,०००.०० | ३९५,५००.०० | ६,२५०,०००.०० | ०.०० | ०.०० | ९,३३१,५००.०० |
| **प्र.ले.नि.का. - सुर्खेत** | **४६,२२२,५००.००** | **७,३३८,७५०.००** | **२३०,८७५,०००.००** | **०.००** | **२,८००,०००.००** | **२८७,२३६,२५०.००** |
| गुर्भाकोट नगरपालिका | ४,५६३,०००.०० | ७४३,०००.०० | ६,८७५,०००.०० | ०.०० | ०.०० | १२,१८१,०००.०० |
| पञ्चपुरी नगरपालिका | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भेरीगंगा नगरपालिका | ८,६८८,०००.०० | ६९६,०००.०० | ७,२५०,०००.०० | ०.०० | ०.०० | १६,६३४,०००.०० |
| लेकबेसी नगरपालिका | ३,७२०,२५०.०० | ५०७,५००.०० | ६,१२५,०००.०० | ०.०० | २,८००,०००.०० | १३,१५२,७५०.०० |
| बीरेन्द्रनगर नगरपालिका | १६,७२६,५००.०० | ३,५६८,०००.०० | १८४,५००,०००.०० | ०.०० | ०.०० | २०४,७९४,५००.०० |
| चिङ्गाड गाउँपालिका | २,४९०,२५०.०० | ४१८,५००.०० | ४,६२५,०००.०० | ०.०० | ०.०० | ७,५३३,७५०.०० |
| चौकुने गाउँपालिका | ३,२७०,७५०.०० | ४६७,२५०.०० | ६,६२५,०००.०० | ०.०० | ०.०० | १०,३६३,०००.०० |
| बराहताल गाउँपालिका | ३,४३३,२५०.०० | ४०४,५००.०० | ९,३७५,०००.०० | ०.०० | ०.०० | १३,२१२,७५०.०० |
| सिम्ता गाउँपालिका | ३,३३०,५००.०० | ५३४,०००.०० | ५,५००,०००.०० | ०.०० | ०.०० | ९,३६४,५००.०० |